# नेपाली

## कक्षा १०


नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प्रकाशक
नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© सर्वाधिकार पाठ्यक्रम विकास केन्द्र

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरमा निहित रहेको छ । पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

प्रथम संस्करण : वि.सं. २०८०
पुनर्मुद्रण : वि.सं. २०८१

मुद्रण: जनक शिक्षा सामग्री केन्द्र लि.
सानोठिमी, भक्तपुर ।

मुल्य रु.:

*पाठ्यपुस्तकसम्बन्धी पाठकका कुनै पनि प्रकारका सुझाव भएमा पाठ्यक्रम विकास केन्द्र, समन्वय तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ । पाठकबाट आउने सुझावलाई केन्द्र हार्दिक स्वागत गर्दछ ।*

# हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा ज्ञानको खोजी गरी सिकाइ र वास्तविक जीवनबिच सम्बन्ध स्थापित गर्ने, सिद्धान्त र व्यवहारको समन्वय गर्ने, स्वपरावर्तित हुँदै ज्ञान, सिप र क्षमतालाई अद्यावधिक गर्ने सक्षमताको विकास हुनु आवश्यक छ । विद्यार्थीमा अधिकार, स्वतन्त्रता र समानताको प्रवर्धन गर्ने, स्वस्थ जीवनको अभ्यास गर्ने, तार्किक विश्लेषण गरी निर्णय गर्ने, वैज्ञानिक विश्लेषणका आधारमा व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सरिक हुने सक्षमताको विकास पनि शिक्षाले गर्नुपर्छ । विद्यार्थीमा नैतिक आचरण प्रदर्शन गर्ने, सामाजिक सद्भावप्रति संवेदनशील हुने, पर्यावरणीय सन्तुलनप्रति संवेदनशील हुने, द्वन्द्व व्यवस्थापन गर्दै दिगो शान्तिका लागि प्रतिबद्ध रहने सक्षमताको विकास पनि माध्यमिक तहको शिक्षाबाट अपेक्षित छन् । यस तहको शिक्षाबाट आधुनिक ज्ञान, सिप, सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, स्वावलम्बी र व्यवसायमुखी सिपको अभ्यास गर्ने, राष्ट्र, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गर्ने, समाज स्वीकार्य आचरण र कार्य संस्कृतिको अवलम्बन गर्ने, सहिष्णुभाव राख्ने सक्षमता भएको नागरिक तयार गर्ने अपेक्षा रहेको छ । त्यस्तै, सिर्जनशील, कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शमा आधारित व्यवहार गर्ने, समसामयिक चुनौतीहरूको सफल व्यवस्थापन गर्नेलगायतका विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षमतासहितको नागरिक तयार गर्नु माध्यमिक शिक्षाको लक्ष्य रहेको छ । यही लक्ष्य पूर्तिका लागि माध्यमिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गदर्शन सिद्धान्तअनुरूप विकास भएको विद्यालय शिक्षा (कक्षा ९-१०) को पाठ्यक्रमअनुसार तयार पारिएको पाठ्यपुस्तकलाई देशका विभिन्न विद्यालयमा परीक्षण गरी प्राप्त पृष्ठपोषणसमेत समायोजन गरी यो पाठ्यपुस्तक तयार पारिएको हो ।

यस पाठ्यपुस्तकको लेखन प्रा.डा. ऋषिराम शर्मा, डा. दिनेश घिमिरे र श्री उमेश काफ्लेबाट भएको हो । पाठ्यपुस्तकलाई यस रूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक श्री वैकुण्ठप्रसाद अर्याल, विषय समितिका पदाधिकारीहरू प्रा.डा. गोपीन्द्रकुमार पौडेल, डा. धनप्रसाद सुवेदी, डा.केशव भुसाल, डा. जानुका नेपाल, डा. सीता सुवेदी पन्थी, श्री बुद्धिसागर अधिकारी र श्री टुकराज अधिकारीलगायतका महानुभावको विशेष योगदान रहेको छ । यसको विषयवस्तु सम्पादन श्री इन्दु खनाल, भाषा सम्पादन श्री चिनाकुमारी निरौला र कला सम्पादन श्री श्रीहरि श्रेष्ठबाट भएको हो । यसमा रचना उपलब्ध गराउने रचनाकार तथा पुस्तकको विकास कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्छ ।

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी, अनुभवकेन्द्रित, उद्देश्यमूलक र रुचिकर बनाउने प्रयत्न गरिएको छ । सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिकाको अपेक्षा गरिएको छ । पाठ्यपुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्छ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

वि. सं. २०८०

# विषयसूची


| क्र.स. | शीर्षक | विधा | पृष्ठसङ्ख्या |
|---|---|---|---|
| १. | उज्यालो यात्रा | कविता | १ |
| २. | घरझगडा | कथा | १२ |
| ३. | चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा | निबन्ध | २५ |
| ४. | यस्तो कहिल्यै नहोस् | मनोवाद | ३९ |
| ५. | लक्ष्मीप्रसाद देवकोटा | जीवनी | ५१ |
| ६. | अधिकार ठुलो कि कर्तव्य ठुलो ? | वादविवाद | ६८ |
| ७. | शत्रु | कथा | ८९ |
| ८. | नेपाली हाम्रो श्रम र सिप | कविता | १०३ |
| ९. | मेरो देशको शिक्षा | निबन्ध | ११४ |
| १०. | व्यावसायिक चिठी | चिठी | १२९ |
| ११. | कर्तव्य | कथा | १४१ |
| १२. | पाब्लो पिकासो | जीवनी | १५९ |
| १३. | पख्नोस् | निबन्ध | १७६ |
| १४. | घरको माया | एकाङ्की | १८८ |
| १५. | गाउँमाथि एउटा कविता | कविता | २०७ |
| १६. | आयाम | कथा | २१८ |
| १७. | सन्दुक रुइत | जीवनी | २३५ |

पाठ १

# उज्यालो यात्रा

*रामप्रसाद ज्ञवाली*

कर्ममा छ भने शक्ति जङ्गलै बन्छ नन्दन
घोटिएर सयौँपल्ट दाउरो बन्छ चन्दन ।

भएमा उच्च सङ्कल्प छैन केही असम्भव
सङ्कल्पैले बनेका हुन् महान् मान्छेहरू सब ।

जसका कर्मले बन्छन् जिन्दगी हँसिला सुखी
अरूको लिनुमा भन्दा दिनुमा बन्छ जो खुसी ।

ईर्ष्याद्वेष हटाएर जो छर्छन् प्रेम सौरभ
तिनै मान्छेहरू बन्छन् विश्वका निम्ति गौरव ।

जसका भावना हाँस्छन् मनमा रागिनी भरी
जसका जिन्दगी बाँच्छन् रातमा चाँदनी छरी ।

जसका कर्मले लिन्छन् उच्च जीवनका पथ
तिनैका पथमा हिँड्छन् मान्छेहरू सगौरव ।

जुटेका ज्ञानले जो छन् पार्दै धर्ती मनोहर
उठेका कर्मले जो छन् गर्दै निर्माण सुन्दर ।



नन्दन : स्वर्गको बगैँचा
सङ्कल्प : कुनै काम, इच्छा आदि पूरा गर्ने अठोट, दृढ निश्चय
द्वेष : डाह, शत्रुता
सौरभ : सुगन्ध, सुवास वा बास्ना
रागिनी : सङ्गीत शास्त्रअनुसार स्वर र गायन प्रक्रियाद्वारा सुन्दर र आकर्षक ध्वनिको विशेष संयोजन
मनोहर : मनलाई लोभ्याउने खालको, आकर्षक

समर्पित भएका छन् जो सदा न्यायखातिर
संसारमा उठेका छन् तिनैका विजयी शिर ।

लोभलालचमा छैनन् जसका मनमस्तक
जो सदैव हुने गर्छन् त्यागका निम्ति उद्यत ।

उदात्त कर्मको यात्रा गर्दछन् जो सधैँ सधैँ
आदर्श नमुना मान्छे बन्दछन् विश्वमा तिनै ।

यस्तो आदर्श यात्रामा कहिले चलुँला नि म ?
चन्द्रसूर्य बनी आफैँ कहिले बलुँला नि म ?

आफ्नै पौरखले बाटो कहिले खनुँला नि म ?
सर्वोच्च कविता आफैँ कहिले बनुँला नि म ?

मस्तक : माथ, शिर
उद्यत : तयार भएको, तत्पर
उदात्त : महान्, उदार
पौरख : कमाइ, आर्जन

## *शब्दभण्डार*

१. **दिइएका अर्थ आउने शब्द 'उज्यालो यात्रा' कविताबाट खोजेर लेख्नुहोस् :**

(क) मनमा उत्पन्न हुने भाव वा विचार

(ख) श्रीखण्ड घोटेर बनाइएको लेप

(ग) गौरवले भरिएको

(घ) आफ्नो स्वामित्व वा अधिकार छोड्ने काम

(ङ) सबैभन्दा उच्च वा अग्लो

२. **दिइएको अनुच्छेदबाट दुई जोडी पर्यायवाची शब्द पहिचान गर्नुहोस् :**

गाई मानिसले पाल्ने घरपालुवा जनावर हो । यो चौपाया वर्गभित्र पर्छ । मानवका लागि गाईको दुध निकै पोसिलो हुन्छ । शरीर स्वस्थ राख्न तागतिला कुरा खानुपर्छ । दुग्ध र दुग्धजन्य पदार्थ बिक्री गरेर मान्छेले आर्थिक उपार्जन पनि गर्छन् । गाईपालनलाई व्यवसायका रूपमा प्रयोग गरेर धेरै आम्दानी गर्न सकिन्छ ।

३. **दिइएका शब्दको पर्यायवाची शब्द लेख्नुहोस् :**

शक्ति, प्रेम, धर्ती, शिर, कर्म, सुन्दर, जिन्दगी, महान्, हावा, आकाश, नयन

४. **'उज्यालो यात्रा' कविताबाट खोजेर तल दिइएका शब्दको विपरीतार्थी शब्द लेख्नुहोस् :**

निम्न, दुःखी, अज्ञान, सम्भव, आफ्नो, अन्याय

५. **उदाहरणमा दिए जस्तै कुनै पाँच जोडी विपरीतार्थी शब्द खोजी वाक्यमा प्रयोग गर्नुहोस् :**

| | | |
|---|---|---|
| उदाहरण : | धारिलो | भुत्ते |
| | धेरै | थोरै |

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

असम्भव, उच्च, निर्माण, संसार, लालच, सदैव, उद्यत, यात्रा, आदर्श, विश्व

२. **दिइएको कवितांश आठ आठ अक्षरमा विश्राम गरी वाचन गर्नुहोस् :**

| ८ अक्षर | ८ अक्षर |
|---|---|
| जसका कर्मले बन्छन् | जिन्दगी हँसिला सुखी |
| अरूको लिनुमा भन्दा | दिनुमा बन्छ जो खुसी |
| ईर्ष्याद्वेष हटाएर | जो छर्छन् प्रेम सौरभ |
| तिनै मान्छेहरू बन्छन् | विश्वका निम्ति गौरव । |

३. **'उज्यालो यात्रा' कविता पालैपालो लयबद्ध वाचन गर्नुहोस् ।**

४. **दिइएको अनुच्छेद पढी अनुष्टुप छन्दबारे साथीबिच छलफल गर्नुहोस् :**

अनुष्टुप छन्दका चार पाउ हुन्छन् । यसका प्रत्येक पाउमा आठ अक्षर हुन्छन् । यस छन्दमा हरेक श्लोकको प्रत्येक पाउको पाँचौँ अक्षर लघु (ह्रस्व) हुन्छ र छैटौँ अक्षर गुरु (दीर्घ) हुन्छ । पहिलो र तेस्रो पाउको सातौँ अक्षर गुरु अनि दोस्रो र चौथो पाउको सातौँ अक्षर लघु (ह्रस्व) हुन्छ । यसरी प्रत्येक पाउमा सातौँ अक्षर क्रमश: गुरु लघु बनिरहन्छ अर्थात् पहिलो पाउमा गुरु, दोस्रो पाउमा लघु, तेस्रो पाउमा गुरु र चौथो पाउमा लघु हुन्छ । प्रत्येक आठौँ वर्णपछि यति वा विश्राम हुन्छ ।

५. **'उज्यालो यात्रा' कविताबाट लेखन र उच्चारण फरक हुने कुनै पाँचओटा शब्द टिपी तिनको शुद्ध उच्चारण गर्नुहोस् ।**

६. **उदाहरणमा दिए जस्तै जोडी अनुप्रासयुक्त शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

उदाहरण : चन्दन नन्दन

७. **दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

जसका भावना हाँस्छन् मनमा रागिनी भरी

जसका जिन्दगी बाँच्छन् रातमा चाँदनी छरी ।

**प्रश्नहरू**

(अ) यस कवितांशका चार पाउ छुट्याएर लेख्नुहोस् ।

(आ) कवितांशका चारै पाउको पाँचौँ ह्रस्व वर्ण रेखाङ्कन गर्नुहोस् ।

(इ) कवितांशका चारै पाउको छैटौँ दीर्घ वर्ण रेखाङ्कन गर्नुहोस् ।

(ई) कवितांशका चारै पाउका सातौँ वर्ण क्रमशः लेख्नुहोस् ।

८. **दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

जुटेका ज्ञानले जो छन् पार्दै धर्ती मनोहर
उठेका कर्मले जो छन् गर्दै निर्माण सुन्दर ।

समर्पित भएका छन् जो सदा न्यायखातिर

संसारमा उठेका छन् तिनैका विजयी शिर ।

**प्रश्नहरू**

(क) धर्तीलाई केले मनोहर बनाएको छ ?

(ख) कर्म गर्नेको जिन्दगी कस्तो बन्छ ?

(ग) कवितांशमा कस्ता मानिसको शिर उचो हुन्छ भनिएको छ ?

(घ) कवितांशबाट के सन्देश पाइन्छ ?

९. **दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) 'उज्यालो यात्रा' कविताको सुरुका दुईओटा श्लोकको आशय वर्णन गर्नुहोस् ।

(ख) जीवन सार्थक पार्न के के गर्नुपर्छ ?

(ग) कवितामा कविले कस्तो आदर्श जीवन यात्राको कल्पना गरेका छन् ?

(घ) 'उज्यालो यात्रा' कविताको मूल भाव के हो ?

१०. **कविताको दोस्रो श्लोकलाई व्याकरणिक पदक्रम मिलाई गद्यमा रूपान्तरण गर्नुहोस् ।**

११. **भाव विस्तार गर्नुहोस् :**

(क) ईर्ष्याद्वेष हटाएर जो छर्छन् प्रेम सौरभ
तिनै मान्छेहरू बन्छन् विश्वका निम्ति गौरव ।

(ख) उदात्त कर्मको यात्रा गर्दछन् जो सधैँ सधैँ
आदर्श नमुना मान्छे बन्दछन् विश्वमा तिनै ।

१२. **कर्मशील बन्न कसरी सकिन्छ, 'उज्यालो यात्रा' कविताका आधारमा लेख्नुहोस् ।**

१३. **कविले कविताको अन्तिम श्लोकमा आफू कस्तो बन्ने अनुमान गरेका छन्, लेख्नुहोस् ।**

१४. **दिइएका विषयमा साथीबिच छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् :**

(क) परिश्रमको फल मिठो हुन्छ ।

(ख) मानवीय सेवाको भावना राख्नु पवित्र कर्म हो ।

१५. **दिइएका अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

गुरुकुल भनेको गुरुको सान्निध्यमा विद्यार्थीले आवासीय रूपमा शिक्षा ग्रहण गर्ने स्थान हो । प्राचीन कालमा शिक्षकलाई आचार्यका रूपमा लिइन्थ्यो र त्यहाँ पढ्ने विद्यार्थीलाई उनको परिवार समान मानिन्थ्यो । त्यसैले त मातापिता र आचार्यलाई अति उच्चकोटिमा राखी; मातृदेवो भव, पितृदेवो भव र आचार्य देवो भव भनिन्छ ।

गुरुकुलमा अहिलेको शिक्षा प्रणाली जस्तो निश्चित समयमा विद्यालय आएर पढ्ने समय तालिका हुँदैनथ्यो । गुरुकुलमा सबै शिष्य एउटै उमेरका हुँदैनथे तर उनीहरूको सिकाइ एउटै समूहमा हुन्थ्यो । गुरुले शिष्यको उमेरअनुसार शिक्षा दिने व्यवस्था थियो । ठुला शिष्यबाट सानाले सिक्ने परिपाटी पनि गुरुकुलमा हुन्थ्यो । गुरु र शिष्य प्रायः सँगसँगै हुने भएकाले गुरुले अह्राएका वेलामा काममा जानुपर्ने हुन सक्थ्यो । जुनसुकै वेलामा पनि औपचारिक कक्षा सुरु हुन सक्थ्यो । सामान्यतया गुरुकुलका छात्र बिहान सबेरै उठ्ने र अध्ययनका साथसाथै काममा पनि सक्रिय हुने गर्थे । गुरुकुलमा सैद्धान्तिक अध्ययनभन्दा व्यावहारिक अध्ययनलाई बढी महत्त्व दिने गरिन्थ्यो । यो शिक्षा प्रणालीमा औपचारिक परीक्षा हुँदैनथ्यो । हरेक समय नीति, व्यवहार र उसको व्यावसायिक कौशलको परीक्षा भइरहन्थ्यो । यसरी प्राचीन कालमा दीक्षान्तको समयमा केही कठिन परीक्षा लिने गरिन्थ्यो । त्यस्ता कठिन

परीक्षा विभिन्न खालका हुन्थे । परीक्षाका क्रममा गोप्य रूपले गुरुले शिष्यलाई नियालिरहेका हुन्थे । शिष्यले छिचोल्न नसक्ने खालको बिघ्न पऱ्यो भने गुरु अगि सर्थे । त्यो परीक्षा पूरा गर्न सकेमा शिष्य दीक्षित हुन्थे ।

**(क) प्रश्नहरू**

(अ) गुरुकुल भनेको के हो ?

(आ) गुरुकुलमा कस्तो शिक्षालाई प्राथमिकता दिइन्थ्यो ?

(इ) गुरुकुलमा किन जुनसुकै समयमा पनि औपचारिक कक्षा सुरु हुन्थ्यो ?

(ई) गुरुकुलमा शिष्य कसरी दीक्षित हुन्थे ?

**(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :**

(अ) पहिलो अनुच्छेदको पहिलो वाक्यबाट एक एकओटा नाम, विशेषण र क्रियापद लेख्नुहोस् ।

(आ) 'पढ्' धातुबाट एक एकओटा नाम र क्रियायोगी शब्द निर्माण गर्नुहोस् ।

(इ) अनुच्छेदबाट सुरु, बिच र अन्तिममा ह्रस्व इकार प्रयोग भएका दुई दुईओटा शब्द टिपोट गर्नुहोस् ।

**१६. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

(ठेलामा तरकारी विक्रेता र क्रेताबिच कुराकानी हुँदै छ ।)

क्रेता : नमस्ते हजुर, यो काउलीको दाम कति हो ?

विक्रेता : नमस्ते, हेर्नुस् न ! हिजोदेखि दाम बढेर आएको छ । आज काउली किलाको १०० रुपियाँ छ ।

क्रेता : ए ! मलाई एक किलो काउली दिनुहोस् न !

विक्रेता : (काउली जोख्दै) अँ अरू के के लिनुहुन्छ ?

क्रेता : आधा किलो गोलभैँडा पनि दिनुहोस् न !

विक्रेता : हुन्छ हजुर ! (गोलभैँडा जोख्दै) ल लिनुस् हजुर !

क्रेता : नयाँ र ताजा कुनै तरकारी आयो भने मलाई खबर गर्नु ल !

विक्रेता : हस् हजुर ! म भनिहाल्छु नि ! हजुर जस्ता ग्राहक भएर त मेरो गुजारा चलेको छ ।

क्रेता : तपाईंले आफ्नो पेसा गर्नुभएको छ, यसरी स्वरोजगारी गर्ने मान्छे मलाई मन पर्छ ।

विक्रेता : हस् हजुर ! सबै व्यवसायीलाई हौसला दिने हजुर जस्ता व्यक्ति हुने हो भने त हामीलाई पनि काम गर्न प्रेरणा मिल्छ ।

क्रेता : ल त, अहिले म गएँ, फेरि भेटेर गफ गरौँला ।

विक्रेता : हवस्, हजुरसँग कुराकानी गर्न पाउँदा खुसी लाग्छ । आउँदै गर्नुहोला ।

(क्रेता सामान लिएर बाटो लाग्छन् ।)

माथिको अनुच्छेदमा जस्तै तपाईं पनि कक्षाका साथीसँग मिलेर एक जना पसले र अन्य दुई जना ग्राहक बनेर विनयशीलतापूर्वक कुराकानी पालैपालो कक्षामा प्रस्तुत गर्नुहोस् ।

## *सुनाइ र बोलाइ*

१. **सुनाइ पाठ १ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) चुली बिहान रातो बन्नुको कारण के हो ?

(ख) ऊर्जा बल केले बढ्छ ?

(ग) उम्दा कलाकार केलाई भनिएको हो ?

(घ) अलङ्कारको माला कसरी बन्छ ?

२. **सुनाइ पाठ १ का आधारमा नेपालको सुन्दरताको वर्णन गर्नुहोस् ।**

## *भाषिक संरचना र वर्णविन्यास*

१. **दिइएको अनुच्छेदबाट रेखाङ्कित शब्दको पदवर्ग पहिचान गरी छलफल गर्नुहोस् :**

फुर्वा असल विद्यार्थी हुन् । उनी सोलुखुम्बु जिल्लाको जनजागृति माविमा १० कक्षामा पढ्दै छन् । उनी सधैँ विद्यालय जान्छन् । उनी मिहिनेतपूर्वक पढ्छन् । उनी बिहान सबेरै उठ्छन् र आफूले पढ्नुपर्ने पाठ नियमित रूपमा पढ्छन् । कक्षामा गुरुले दिएको कक्षाकार्य सधैँ गर्छन् ।

२. **दिइएको सन्दर्भ पढ्नुहोस् र पदवर्ग विचलनबारे साथीसँग छलफल गर्नुहोस् :**

### पदवर्ग विचलनसम्बन्धी बैठक

पदवर्गको टोलमा एउटा बैठक बसेको छ । उक्त बैठकको मुख्य विषयवस्तु 'पदवर्ग विचलन एक विमर्श' रहेको छ। उक्त बैठकमा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, विस्मयादिबोधक, संयोजक र निपातलाई निम्त्याइएको छ । आफ्नो वर्गका शब्द अर्को वर्गमा प्रवेश गरे भनेर विशेषणले उजुरी गरेको रहेछ । 'गरिब', 'धनी', 'नेपाली', 'दु:खी', 'सुखी' जस्ता विशेषणका पद घरी नामको वर्गमा प्रवेश गर्ने र घरी विशेषणका पद नै हौँ भन्ने गरेर हैरान पारे भनेर विशेषणले उजुरी गरेको रहेछ। पदवर्गले सबै उजुरी हेरेछन् ।

'गरिब', 'धनी', 'नेपाली', 'दु:खी', 'सुखी' जस्ता विशेषण शब्दले बयान दिँदै भनेछन्, "हामी वाक्यमा प्रयोग हुँदा हामीलाई कहिलेकाहीँ नामको काम गर्नुपर्ने भयो । हाम्रा अगाडि नाम बसिदिएको अवस्थामा भने हामी त्यै नामको विशेषता बताउँछौँ र विशेषण बन्छौँ । हाम्रा अगाडि नाम नभएमा हामीले नामको काम गर्नुपर्ने रहेछ ।" सर्वनामले पनि भनेछ, "हो यो समस्या हामीलाई पनि छ, जस्तै : 'त्यो गयो । त्यो केटो आयो ।' यहाँ पहिलो वाक्यमा 'त्यो' सर्वनाम र दोस्रो वाक्यमा 'त्यो' विशेषण भएर दुवै रूपमा प्रयोग हुनुपरेको छ । हामी नामका सट्टामा आउने हो तर नाम हामीसँगै आयो भने हामीले नामको विशेषता बताउनै पर्ने र विशेषण बन्नै पर्ने हुन्छ ।" त्यस्तै समस्या क्रियायोगी र नामयोगीमा पनि रहेछ । माथि, तल, वारि, पारि जस्ता क्रियायोगी नामसँग जोडिएर आउँदा नामयोगी हुँदा रहेछन् । त्यस्तै 'र' लाई चाहिँ कहिले निपात त कहिले संयोजक बन्नुपर्ने बाध्यता रहेछ ।

'लौ, मैले आजको बैठकको चुरो कुरा बुझेँ' भन्दै नामले जुरुक्क उठेर भनेछ, "आफू जुन वर्गको भए पनि वाक्यमा प्रयोग हुँदा सन्दर्भअनुसार अर्को वर्गमा जान सकिन्छ । त्यस्तो अवस्था पदवर्ग विचलन हो भनेर बुझौँ है, साथी हो ।" विशेषणले पनि चित्त बुझाएछ, सर्वनाम, नामयोगी अरू सबैले ताली बजाएछन् ।

**३. दिइएको अनुच्छेद पढी रेखाङ्कित पदको पदवर्ग छुट्याउनुहोस् :**

गरिब वर्गको उत्थान नभई देश समृद्ध बन्दैन । गरिबलाई राज्यले विशेष ध्यान दिनुपर्छ । धनी व्यक्ति वा सम्पन्न व्यक्तिबाट कर लिनुपर्छ । साथै धनी र सम्पन्नको व्यवसायको संरक्षण र त्यसका लागि उचित वातावरण पनि राज्यले तयार गर्नुपर्छ । गरिबीको रेखामुनि वा रेखातल अवस्थित समुदायलाई सधैँ तल रहने वातावरण सिर्जना हुनुहुँदैन । यसो भयो भने यो देशका असङ्ख्य विपन्न व्यक्तिको उत्थान हुने छ किनकि विपन्नलाई सम्पन्न नबनाई देश कहिल्यै विकसित हुँदैन ।

**४. 'उज्यालो यात्रा' कविताको चौथो श्लोकबाट एक एकओटा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी र नामयोगी वर्गका शब्द टिपोट गरी वाक्यमा प्रयोग गर्नुहोस् ।**

**५. कोष्ठकमा दिइएको सङ्केतअनुसार तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

(क) .........................। (र : संयोजक)

.........................। (र : निपात)

(ख) .........................। (भित्र : नामयोगी)

.........................। (भित्र : क्रियायोगी)

(ग) .........................। (तर : क्रिया)

.........................। (तर : संयोजक)

.........................। (तर : नाम)

(घ) .........................। (यो : सर्वनाम)

.........................। (यो : विशेषण)

(ङ) .........................। (वृद्ध : नाम)

.........................। (वृद्ध : विशेषण)

**६. पदवर्ग विचलन भएका कुनै तीनओटा शब्द पर्ने गरी छोटो अनुच्छेद लेख्नुहोस् ।**

७. **दिइएको अनुच्छेदबाट शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व इकार प्रयोग भएका शब्द पहिचान गर्नुहोस् :**

निरन्तर घोटिएर मात्र दाउरो चन्दन बन्छ भनिन्छ । मिहिनेत गरियो र पढियो भने मात्र आफूले चाहेको लक्ष्य प्राप्त गर्न सजिलो हुन्छ । विद्यार्थीले चाहेको लक्ष्यअनुसार भविष्यमा चिकित्सक, इन्जिनियर, शिक्षक अनि साहित्यकार आदि बन्न सक्छन् । आज कर्म गर्नेले भोलि फल प्राप्ति गरेरै छाड्छन् ।

८. **शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व इकार प्रयोग भएका १० ओटा शब्द पर्ने गरी आफूलाई मन पर्ने विषयमा एउटा अनुच्छेद तयार गर्नुहोस् ।**

## *सिर्जना र परियोजना कार्य*


१. **'विद्यार्थी जीवन' शीर्षकमा छोटो कविता लेख्नुहोस् ।**

२. **पुस्तकालय वा अन्य स्रोतबाट कुनै एउटा पद्य कविता खोजी लयबद्ध वाचन गरेर कक्षामा सुनाउनुहोस् ।**

पाठ २

# घरझगडा

*बदरीनाथ भट्टराई*



बडो मुस्किलसँग नजरबन्दबाट छुटेपछि लामो सास फेरेर राजेन्द्रलक्ष्मीले भनिन्, "दयाको फल मैले पाएँ । कुपात्रमा परेको अमृत पनि विष बन्दोरहेछ । देवर भनेर यी बहादुर शाहलाई मैले हुनेसम्म गरेकी हुँ । घरमा पनि यी बाघ बने, अस्मानमा पुऱ्याउँदा पनि बाजको रूप लिए । अब पातालमा पुऱ्याउँदा के हुने हुन्, हेरौँ । नाग बनेर आए पनि यिनीसँग म डराउन्नँ । यिनको विष शमन गर्ने वैद्यहरूको सहायता नपाएकी भए अहिले पनि म उम्कन सक्ने थिइनँ । मेरो व्यक्तित्वको प्रभावमा आकर्षित भएका र न्यायका बाटामा हिँड्ने भारदारहरू जति भने पनि छन् । यस्तोमा हरेस खानु कमजोरी हो । शङ्काको डोरीमा पिङ खेल्नु नादानी हो, जुम्सो बन्नु बेकुफी हो ।"

खास आफ्नो बच्चामाथि अरूले जाइलाग्न लागेको देखेपछि कुन चाहिँ सिंहिनी कानमा तेल हालेर बस्ली ? यदि बसी भने पनि साराले उसलाई थुकिदिनेछन् । मेरो उही हालत हो । अरू त के, समझदार भएपछि यही छोरो रणबहादुर शाहले पनि के भन्ला ! उसैले यसको बचाउका निमित्त आगामा कुद्नु र पानीमा हामफाल्नु परे पनि तयार छु । मेरो धन, जन, तन, मन अर्थात् जे भने पनि सर्वस्व नै यही एउटा छोरो हो । यदि

अस्मान : धेरै माथिको ठाउँ, आकाश

शमन : शान्त पार्ने काम, शान्ति

नादानी : हिम्मत नभएको

पुत्रस्नेहलाई सजीव तुल्याउन सकिनँ भने मातृत्वलाई पनि तिलाञ्जली दिए हुन्छ । हुन त तीन वर्षअगाडि नै मुर्कट्टा बनिसकेकी छु । त्यस बखतमा सती गइनँ भनेर कतिले कुरा काटे, कतिले थुरे, कतिले षड्यन्त्रमा फसाउनसमेत खोजे तर सन्तान र देशका लागि पृथ्वी झैँ क्षमा र स्थिरताको अवतार बनेर आफ्नो आदर्शलाई कार्यरूपमा ढालेँ । हो, त्यो वेलामा बेतियाबाट आएर यिनले मदत दिएका हुन् तर यसरी शासन नै हत्याउन आँट गर्ने यिनको कालो मनलाई आँसुको पर्दाले छोपिएको हुँदा मैले देख्न सकिनँ । खास दाजुमाथि समेत दलजित शाहसँग मिलेर जाल बुन्न सक्ने यिनले नाबालक भतिजमाथि पुत्रस्नेह राख्लान् भनी आशाको पासामा फस्ने म कस्ती ग्वाँग्री ! त्यही अपराधमा न हो यिनलाई मातृभूमिले गलहत्ती दिएको । हुन त विष संशोधन गरेपछि रसायन बन्छ भन्ने प्रयत्न गरेकी हुँ । त्यो माटामा मिल्यो अनि केही सिप नलागेर यिनलाई नजरबन्द गराइदिएँ ।

बाहिरी शत्रुलाई उठ्न दिनाको मूल कारण घरझगडा हो भन्ने वाक्यको ठुलो टीकाटिप्पणीसमेत गुरु गजराज मिश्रले गर्नुभएपछि मेरो मनले पनि त्यसमा पुस्ट्याइँ गऱ्यो । यता चौबिसीहरूले सङ्गठन गर्न थालेको गुप्ती खबर सुनियो । हुँदाहुँदै पाल्पा, पर्वत र तनहुँको सङ्गठनको बल्दो अग्निमा हाम्रा सरदार बलि बानियाँ र केही फौजले समेत देशका निमित्त बलिदान दिएको कुरा हुरी बनेर आयो । चितवनको रक्षाका निम्ति बसेका रामकृष्ण कुँवर केही फौज लिई तनहुँतिर गएको खबरले केही आश्वासन दियो । त्यसपछि मानवता र परिस्थितिको समेत ख्याल राखी यी देवरलाई नुवाकोटबाट छुटाई यहाँ ल्याएर भनेँ, "राजकुमार, यसरी हामीले आगो पानी बन्नु ठिक होइन । आपसी फुट नै जातिको पतनको चिह्न हो । यसले गर्दा व्यक्ति र समाजलाई मात्र होइन किन्तु देशलाई पनि गहिरो चोट लाग्ला जस्तो देखिन्छ । यदि ससुराज्यूबाट उठाइबक्सेको एकताको र राष्ट्रियताको जगमा मन्दिर खडा गर्न सकेनौँ भने हामीले बाँच्नु मर्नु हो । उसैले अब अतीतका सारा विरोधी विचारलाई बिर्सेर खालि देशभक्तिको सोझो बाटो लागौँ ।"

त्यो वेला एकछिन वाल्ल परेर बहादुर शाहले भने, "मेरो पनि त्यही विचार हो । आमा समानकी हजुरलाई पूजा गरेर जन्मभूमिलाई शिरमा राखी सिँगार्दै उन्नत शिखरमा

तिलाञ्जली : त्याग गर्नु

मुर्कट्टा : शिर नभएको

रसायन : एक धातुलाई गालेर अर्को वस्तुमा बदल्ने विज्ञान

नजरबन्द : कुनै निश्चित ठाउँबाट बाहिर निस्कन नपाउने गरी नियन्त्रणमा राखिएको अवस्था

गुप्ती : गोप्य रूपमा जानकारी पत्ता लगाउने व्यक्ति, गुप्तचर

पतन : उन्नति, वैभव, पद, मर्यादा आदिबाट तल झरेको अवस्था, अवनति

पुऱ्याउने नै मेरो मनसाय हो । यदि योबाहेक कुनै कुभावना लिएको मात्र रहेछु भने पनि हजुर हत्या गरेको पाप मलाई लागोस्, तर के गरूँ ? कनसुत्ला जस्ता कुरौटेले नै हाम्रो वैमनस्य बढाइदिएका हुन् । उनीहरू तिललाई पहाड बनाइदिन्छन् त्यसैले थिचिएका हुँदा घाममा बसेर धोइफोई हामी गर्दैनौँ अनि त्यही नै विस्फोट बनेर निस्कन्छ ।"

काँडा झरेको गुलाफको बोट भए होलान् भन्ने आशा गरेकी थिएँ तर झन् फूल झरेर काँडा मात्र बाँकी रहेका बनेर आएछन् । बालुवाले तिललाई पनि बालुवा नै सम्झन्छ भने झैँ उनका आँखामा म बिझाउन थालेँ । मैले बर्साएका अमृतका कण कणमा उनले विष देख्न थाले, दिएको चिनीलाई गेगर सम्झे, पथ्य वचनले पनि तिखो वाणको रूप लियो । उसैले घात प्रतिघात चल्दै गयो । अन्त्यमा उनले बुनेको जालमा म पो परेँ । थुनुवा कैदी जस्तो भएर बस्नुपर्दा खसमले त्यागेकालाई घरभित्र हुलेको पापको फल हो भनी चित्त बुझाएँ ।

भोजमाथि काका मुञ्जले गरेको दानवी व्यवहारको कथा सम्झँदा मेरो मनमा झन् झन् औडाहा छुट्यो । छोराको रक्षाका लागि गहन किल्ला फोरेर मैदानमा उत्रिरहेकी छु । हुन त तरबारको धारमा हिँड्दा मलाई निकै कष्ट होला तर व्याधाले खेदिएकी बघिनी झैँ जस्तोसुकै दु:साहसमा पनि पछि हट्दिनँ तर बाहिरी शत्रुलाई नदबाई घरमा रडाको मच्चाउनु ठिक होइन । उसैले घनघोर जङ्गलमा एक्लै छोडिदिने लक्ष्मणसँग पछि सीताले गरेको व्यवहारलाई फेरि दोहऱ्याउँ कि अथवा अर्कै बाटो लिऊँ ।

राजेन्द्रलक्ष्मीले बहादुर शाहलाई डाकेर भनिन्, "क्या हो राजकुमार, मिलेर काम गर्छु भनी शपथ गरेको कहाँ गयो ? नायवीमा राल काढेर सोझी भाउज्यूलाई छक्याउनु के राजनीति हो ? शाही कुलमा ऐरेलु बन्नुहुन्छ भने तितो अनुभव आफैँ भोग्नुहोला । सुतेकी सिंहको टाउकामा टेक्नु के बुद्धिमानी हो । कमलपित्त भएको दृष्टिले आइमाई भनेर तपाईंले

मनसाय : अभिप्राय

वैमनस्य : शत्रुता, दुस्मनी

गेगर : मसिना ढुङ्गा वा खस्रो बालुवाका कण

पथ्य : खानयोग्य हलुका किसिमको खाना

खसम : पति, श्रीमान्

औडाहा : चिन्ता, व्यथा आदिबाट मनमा हुने जलन, छटपटी

व्याधा : सिकारी

ऐरेलु : जङ्गलमा पाइने तितो स्वाद भएको काँक्रो आकारको फल

कमलपित्त : कलेजोमा हुने एक प्रकारको घातक रोग, जन्डिस

हेर्नुभएको होला तर यो तपाईंको भुल हो । डोरीले हात्तीलाई हलचल गर्न दिँदैन भन्ने तपाईंलाई थाहा छैन ? कम्मर कस्यौँ भने छहरा, पहरा, ढाल, तरबार अनि हिउँ र ज्वाला पनि बन्न सक्छौँ । आँधी भएर उडाउन सक्छौँ अनि व्याधि भएर पछार्न पनि, नागिनी बनेर पातालमा पस्न सक्छौँ अनि गरुडनी भएर आकाशमा उड्न पनि । शक्ति नभएका भए महाकाली, महालक्ष्मी, महासरस्वतीलाई कसैले पुज्ने थिएनन् । खेलौना सम्झी आगो खेलाउनेको कुन गति हुन्छ आफैँ विचार गर्नुहोस् ।"

एकछिन वाल्ल परेर बहादुर शाहले भने, "खुब विचार गरिरहेको छु । खास जननीकै रूपमा नारी जातिलाई पाएको हुँ । नारी सिर्जना र शक्तिको अवतार हो भन्ने खुद मलाई थाहा छ । के गरूँ उज्यालाका निम्ति बालेको बत्तीले आगलागी हुने सम्भावना देखिएपछि देश बचाउनका लागि उपचार गर्नैपर्ने रहेछ । व्यक्तिगत विरोधलाई अँगालेर यसो गरेको होइन । मुमाको मूर्ति सम्झेर हजुरमाथि मेरो पूरा श्रद्धा छ । हाम्रो आपसी घात प्रतिघातले मातृभूमिको अँध्यारो भविष्य देखापर्दा बाध्य भएर नै यो काम मैले गरेको हुँ । वास्तवमा नायबी सिनोको निम्ति मरिमेट्ने गिद्ध म होइन । यदि छोड्दे भन्ने हुकुम हुन्छ भने अहिले नै तयार छु ।"

बहादुर शाह बेतिया पुगेको खबर राजेन्द्रलक्ष्मीको कानमा कनसुत्लो पसे जस्तै भयो । एकछिन अल्तालिएर उनले विचार गरिन् । अब तेल हालेर बस्ने वेला छैन । बरु कसरी कुन चाहिँ ओखतीको प्रयोग गर्ने हो ? कुन जाल रच्नलाई उनी गएका हुन् त्यो पनि त पत्तो छैन । यदि हुरी भएर आए भने धेरै भारदार पतिङ्गर बनेर उनलाई पछ्याउने छन् । यदि आएनन् भने पनि आफ्नो हातको ढाल तरबार मैले गुमाएँ । कदरका साथ राख्नुपर्ने हिरालाई हुत्याउनेको चहक बढ्न सक्दैन । सदुपयोग गर्न नजान्नु ठुलो भुल हो । अहिले ठिक ठाउँमा राखेर तेल बेसार घसिएका वचनले लडाइँमा खटाइदिएको भए धेरै बेस हुन्थ्यो । उनी बाहिर सभा समाल्थे, म भित्र मिलाउँथे । वास्तवमा देवर खराब होइनन् । यदि यिनले मानवताको साँध नाघेको भए उहिले नै सती जानुपर्ने भासमा फसाइदिन्थे । त्यो

खुद : वास्तविक, खास

श्रद्धा : मान्यजनप्रतिको आस्था, विश्वास, भक्तिभाव

पतिङ्गर : भुइँमा झरेका पात

चहक : प्रकाश, कान्ति

साँध : सिमाना, सीमा

भास : भासिने वा गाडिने खालको हिलो वा फुको ठाउँ

वेला यिनले सहायता नदिएको भए मेरो के दैया चल्थ्यो ? अर्कै पासामा पार्न पनि सक्थे, सधैँ गुन लाउन कल्ले सक्छ र ? तर जताको जित होला जस्तो देखिन्छ उतैतिर गएर चोचोमोचो मिलाउने यी चमेराले नै भँड्खारो पारेका हुन् । स्वार्थसिद्धिका लागि उनीहरूले रचेको षड्यन्त्रको भेउ पाउन सकेको भए यसरी निःसहाय हुनुपर्ने थिएन । अब झन् फुकी फुकी मैले पाइला चलाउनुपर्छ । घरझगडाको बिउ निभाउन खोज्ने मैले झन् राँको सल्काएँ, मनमा पाकेको जौ तिललाई डढेलो बनाइदिएँ, वेदनाको एक धारालाई समुद्र तुल्याइदिएँ ।

उता पर्वत, लमजुङ, तनहुँ मिलेर गोरखामा हमला गर्न लागेको खबर आइरहेछ । पाल्पा पनि आफ्नो हात नपारिभएको छैन । पूर्वतिर पनि उस्तै हालत छ । अब गर्ने के ?

दैया : पैतृक सम्पत्ति आदिका निमित्त सम्बन्धित व्यक्तिमा रहेको हक वा अधिकार, दाबी

हमला : आक्रमण, युद्ध

## शब्दभण्डार

१. **शब्दकोश प्रयोग गरी दिइएका शब्दको अर्थ लेख्नुहोस् :**

पाताल, टीका, अतीत, किल्ला, घनघोर, शपथ, अवतार, राँको, हालत

२. **'घरझगडा' कथामा प्रयोग भएका निम्नलिखित टुक्कालाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस्:**

कानमा तेल हाल्नु, आँखामा बिझाउनु, कम्मर कस्नु, आगो खेलाउनु, वाल्ल पर्नु, तेल घस्नु, भासमा फस्नु, चोचोमोचो मिलाउनु

३. **दिइएका उखान र तिनको अर्थ पहिचान गरी पाँचओटा उखानलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

| उखान | अर्थ |
|---|---|
| अकबरी सुनलाई कसी लाउनु पर्दैन | परिश्रम गर्नेले लाभ लिनु |
| इन्द्रका अगाडि स्वर्गको बयान | नामअनुसारको काम नहुनु |
| जसले मह काढ्छ उसले हात चाट्छ | अप्ठ्यारो पर्दा आफूसँग भएकै कुराबाट काम चलाउनु |
| नाच्न नजान्ने आँगन टेढो | भविष्यमा राम्रो हुने लक्षण सानैदेखि देखिनु |
| मेरो गोरुको बाह्रै टक्का | अर्काको प्रगतिमा अनावश्यक डाहा गर्नु |
| अड्को पड्को तेलको धूप | आफ्नो कुरामा जिद्दी गर्नु |
| हुने बिरुवाको चिल्लो पात | आफू कमजोर भएर पनि अरूलाई दोष दिनु |
| जुन गोरुको सिङ छैन त्यसको नाम तिखे | असल कुराको परीक्षण आवश्यक नपर्नु |
| काग कराउँदै छ, पिना सुक्दै छ | मिहिनेतअनुसारको लाभ नपाउनु |
| | जान्ने मान्छेका अगाडि कम बुझ्नेकाले भनेका कुरा अप्रभावकारी हुनु |
| | अरूले जे भने पनि आफ्नो काममा निरन्तर लाग्नु |

४. **दिइएको अनुच्छेदबाट अनुकरणात्मक शब्द पहिचान गरी लेख्नुहोस् :**

विश्वास आँगनको छेउमा बसेर लटरम्म फलेका सुन्तला हेर्दै थिए । एउटा यात्रुबाहक बस घरनजिकै आएर घ्याच्च रोकियो । उनी हस्याङफस्याङ गर्दै त्यहाँ पुगे । चिटिक्क परेर आएका साथीलाई देखेर उनी छक्क परे । साथीले विदेशलाई चटक्क छोडेर स्वदेश आएकामा उनी गद्गद भए ।

५. **शब्दकोशको प्रयोग गरी दिइएका शब्दलाई क्रम मिलाएर लेख्नुहोस् :**

सिर्जना, आँसु, त्याग, क्षमा, ज्वाला, गुलाफ, थुनुवा, अंश, कक्ष, ज्ञानी, त्रिलोचन, ऋण

## *बोध र अभिव्यक्ति*

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

व्यक्तित्व, षड्यन्त्र, गलहत्ती, प्रयत्न, आश्वसन, देशभक्ति, चित्त, उज्यालो, मूर्ति

२. **'घरझगडा' कथा पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) 'घरझगडा' कथा कति अनुच्छेदमा संरचित छ ?

(ख) कथाको प्रारम्भ कुन घटनाबाट भएको छ ?

(ग) कथामा कुन कुन पात्रको प्रत्यक्ष भूमिका देखिएको छ ?

(घ) बहादुर शाह वाल्ल परेको घटना कुन अनुच्छेदमा छ ?

४. **दिइएको कथांश मौन पठन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

काँडा झरेको गुलाफको बोट भए होलान् भन्ने आशा गरेकी थिएँ तर झन् फूल झरेर काँडा मात्र बाँकी रहेका बनेर आएछन् । बालुवाले तिललाई पनि बालुवा नै सम्झन्छ भने झैँ उनका आँखामा म बिझाउन थालेँ । मैले बर्साएका अमृतका कण कणमा उनले विष देख्न थाले, दिएको चिनीलाई गेगर सम्झे, पथ्य वचनले पनि तिखो वाणको रूप लियो । उसैले घात प्रतिघात चल्दै गयो । अन्त्यमा उनले बुनेको जालमा म पो परेँ । थुनुवा कैदी जस्तो भएर बस्नुपर्दा खसमले त्यागेकालाई घरभित्र हुलेको पापको फल हो भनी चित्त बुझाएँ ।

### प्रश्नहरू

(क) माथिको कथांश कुन सन्दर्भमा आएको हो ?

(ख) म पात्र उनका आँखामा बिझाउनुको कारण के हो ?

(ग) अमृतको कणमा विष देख्नुको तात्पर्य के हो ?

(घ) कथांशमा घात प्रतिघात किन चल्दै गयो ?

**५. कथाअनुसार दिइएका घटनालाई क्रम मिलाएर लेख्नुहोस् :**

(क) राजेन्द्रलक्ष्मीले बहादुर शाहको सकारात्मक भूमिकाको वर्णन गर्नु

(ख) बालुवाले तिललाई पनि बालुवा नै सम्झन्छ भने झैँ उनका आँखामा म बिझाउन थाल्नु

(ग) गोरखामा हमला गर्न लागेको खबर आउनु

(घ) राजेन्द्रलक्ष्मी नजरबन्दबाट छुट्नु

(ङ) बहादुर शाहले कुरौटेले वैमनस्य बढाइदिएको बताउनु

(च) हुन त विष संशोधन गरेपछि रसायन बन्छ भन्ने प्रयत्न गरेकी हुँ भन्नु

(छ) चौबिसीहरूले सङ्गठन गर्न थालेको गुप्ती खबर सुन्नु

(ज) शक्ति नभएका भए महाकाली, महालक्ष्मी, महासरस्वतीलाई कसैले पुज्ने थिएनन् भन्नु

(झ) नाग बनेर आए पनि यिनीसँग म डराउन्नँ भन्नु

(ञ) आपसी फुट नै जातिको पतनको चिह्न हो भन्नु

**६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) 'घरझगडा' कथाका पात्र राजेन्द्रलक्ष्मी र बहादुर शाहका चारित्रिक विशेषताको तुलना गर्नुहोस् ।

(ख) कथामा वर्णन गरिएको सन्दर्भका आधारमा उक्त समयको राजनीतिक परिवेश वर्णन गर्नुहोस् ।

(ग) बहादुर शाह बेतिया पुगेपछि राजेन्द्रलक्ष्मी किन आत्तिइन् ?

(घ) कथाको मुख्य सन्देश लेख्नुहोस् ।

**७. कथाको 'राजेन्द्रलक्ष्मीले .... गर्नुहोस्' कथांशबाट चारओटा प्रश्न बनाई तिनको उत्तर साथीसँग छलफल गर्नुहोस् ।**

**८. राजेन्द्रलक्ष्मी र बहादुर शाहका बिच कुराकानी भइरहेको समयमा तपाईँ पुग्नुभएको भए के सल्लाह दिनुहुन्थ्यो, कारणसहित वर्णन गर्नुहोस् ।**

**९. व्याख्या गर्नुहोस् :**

(क) बाहिरी शत्रुलाई उठ्न दिनाको मूल कारण घरझगडा हो ।

(ख) शङ्काको डोरीमा पिङ खेल्नु नादानी हो ।

**१०. 'घरझगडा' कथाको सार एक अनुच्छेदमा लेख्नुहोस् ।**

**११. राजेन्द्रलक्ष्मीले गरेका सबै कार्य राष्ट्रियता र स्वाधीनताका लागि मात्र छन् त, कथाका आधारमा तर्क दिनुहोस् ।**

**१२. सत्ता प्राप्तिका लागि हुने सङ्घर्षलाई कथाले कुन रूपमा देखाएको छ, समीक्षा गर्नुहोस् ।**

**१३. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

प्रत्येक जीवका शरीरमा एउटा अत्यन्त सूक्ष्म मन हुन्छ । यो अत्यन्त तीव्र र गतिवान् हुन्छ । यसले इन्द्रियलाई नियन्त्रण गरेको हुन्छ । यसको आत्मासँग सम्बन्ध विच्छेद भयो भने अचेतन भएर सुप्त रहन्छ । प्रत्येक व्यक्तिका मनमा सत्त्व, रज र तम गरी तीन प्राकृतिक गुण हुन्छन् । यीमध्ये सामान्यतया कुनै एउटा प्रबल हुन्छ । व्यक्तिमा तीन गुणमध्ये जुन गुण प्रबल रहन्छ, व्यक्तिको आचरण र आनीबानी पनि सोही गुणका विशेषता अनुरूपकै हुने गर्छ । समय समयमा आहार, आचरण र परिस्थितिको प्रभावले गर्दा अन्य गुण पनि जागृत हुन्छन् । आशक्ति र द्वेष शून्य वास्तविक मन सात्त्विक मन हो । रागयुक्त, सचेत र चञ्चल मन राजस मन हो । क्रोधी र अज्ञानी मनलाई तामस भनिन्छ । त्यसैले सात्त्विक मनलाई शुद्ध, सत्त्व वा प्राकृतिक मानिन्छ भने राजस र तामसलाई दोषपूर्ण मानिन्छ । आत्माबाट चेतना प्राप्त गरेपछि स्वाभाविक वा दोषपूर्ण मनले आफ्ना गुणअनुसार इन्द्रियलाई

आआफ्ना वस्तुमा संलग्न गराउँछ । त्यहीअनुसार शारीरिक कार्य सम्पन्न हुन्छन् । आत्माले मनद्वारा इन्द्रियलाई अर्थात् शरीरका अङ्गलाई उत्तेजित गर्छ किनभने मन नै आत्माको साधन हो । मनको सम्पर्क जुन इन्द्रियसँग हुन्छ, ज्ञान पनि त्यही इन्द्रियद्वारा प्राप्त हुन्छ ।

(क) **प्रश्नहरू**

(अ) व्यक्तिका मनमा कुन कुन गुण रहेका हुन्छन् ?

(आ) मन र इन्द्रियबिचको सम्बन्ध देखाउनुहोस् ।

(इ) राजस र तामस मनको तुलना गर्नुहोस् ।

(ई) व्यक्तिका व्यवहार कसरी निर्धारण हुँदा रहेछन् ?

(ख) **भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :**

(अ) अनुच्छेदका 'गर्छ' र 'मानिन्छ' क्रियापदको धातु पहिचान गर्नुहोस् ।

(आ) अनुच्छेदबाट सकर्मक क्रिया भएका कुनै दुई धातु टिपी अनुच्छेदमा प्रयोग भएका भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् ।

(इ) अनुच्छेदबाट दीर्घ ईकार प्रयोग भएका चारओटा शब्द पहिचान गर्नुहोस् ।

१४. **दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

खेतमा रोपाइँको समय छ । घरमुली खेतराजले घरका सबै सदस्यलाई विभिन्न काममा खटाउँदै छन् । उनले जेठा छोरालाई भने, "बाबु तिमी खेतमा पानीको बन्दोबस्त गर्न जाऊ" । यसै गरी कान्छा छोरालाई खेतमा आली लगाउने काम गर्न खटाए । छोरीलाई धानको बिउ काढ्न पठाए । बुहारी र माइला छोरालाई धान रोप्ने काममा जान भने ।

माथिको अनुच्छेदमा जस्तै तपाइँमध्ये एक जना घरमुली र अरू परिवारका सदस्य बन्नुहोस् । घरमुलीले घरका सबै सदस्यलाई विभिन्न काम गर्न अह्राएको अभिनय गर्नुहोस् ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ २ सुन्नुहोस् र दिइएका प्रश्न ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) सुनको चरो देखेर बुढीऔँलालाई लोभ लागेछ ।

(ख) चरो निकै कमजोर रहेछ ।

(ग) माहिलीऔँलाले मलाई किन अग्ले भनेको भनेर निहुँ खोजेछ ।

(घ) हत्केलाको अनुरोधपछि पाँचओटै औँलाले सुनको चरो मुठीभित्र पक्रेर राखेको राख्यै गरेछन् ।

२. **सुनाइ पाठ २ का आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) सुनको चरो कहाँ गएर बसेछ ?

(ख) हत्केलाले कतिओटा औँलालाई चरो समात्न भनेको छ ?

(ग) हत्केलाले साहिँली औँलालाई के भनेर फकाएछ ?

(घ) हत्केला र औँलाहरूको संवादबाट कस्तो शिक्षा पाइन्छ ?

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

उमाले किनेको किताब हरिले पनि किने । उमा पसलबाट निस्केर घर जाँदै गरेको देखेर हरि पनि पसलबाट निस्के । उनी घर गए र पढ्ने काम गरे । उमाले पनि घर गएर किताब पढिन् । उमा र हरि रमाए ।

प्रश्नहरू

(क) माथिका अनुच्छेदमा रेखाङ्कित किने, निस्के, गए, गरे, पढिन्, रमाए क्रियापदका धातु पहिचान गर्नुहोस् ।

(ख) माथिका अनुच्छेदमा रेखाङ्कित किनेको, निस्केर, जाँदै, गरेको, देखेर, पढ्ने र गएर कृदन्त शब्द कुन कुन धातुबाट बनेका हुन् ?

(ग) माथि प्रयोग भएका किने, गरे, पढिन् कर्म लिने सकर्मक क्रियापद र निस्के, गए, रमाए पद कर्म नलिने अकर्मक क्रियापद कुन कुन धातुबाट बनेका हुन् ?

२. **उदाहरणमा दिए झैँ 'लेख्, उठ्, दि, समाउ' धातुबाट क्रियापद निर्माण गर्नुहोस् :**

उदाहरण

रु - रुन्छ, रोयो, रुने छ, रोला, रुँदै थियो, रोएको थियो, रुन्थ्यो, रोएछ, रोओस्

३. **'घरझगडा' कथाको 'काँडा झरेको .... चित्त बुझाएँ' कथांशमा भएका कृदन्त धातु तथा सकर्मक र अकर्मक क्रियाका रूप पहिचान गर्नुहोस् ।**

४. **सकर्मक र अकर्मक क्रियायुक्त वाक्यको प्रयोग गरी विद्यालयमा सम्पन्न कुनै अतिरिक्त क्रियाकलापको वर्णन गर्नुहोस् ।**

५. **दिइएको अनुच्छेद पढी सुरु, बिच र अन्तिममा दीर्घ ईकार प्रयोग भएका शब्दको अलग अलग सूची बनाउनुहोस् :**

डोटीका रवीन्द्र धामी स्याङ्जाका सन्दीप ज्ञवालीलाई भेट्न काली गण्डकीको तीरनिर रहेको रिडी पुगे । उनले गण्डकीको तीरमा रहेको केलादी तीर्थस्थलको पनि निरीक्षण गरे । कास्कीका कवीन्द्र अधिकारी पनि त्यही रहेछन् । रवीन्द्र, सन्दीप र कवीन्द्र मिलेर रुपन्देही गए । उनीहरूले पर्यटकीय र तीर्थस्थलसमेत रहेको लुम्बिनीको भ्रमण गरे । त्यसपछि उनीहरू कोसी नदीको समीपमा रहेको सुनसरीमा पुगी चतरातिर लागे । उनीहरूले पुनीत तीर्थस्थल वराहक्षेत्रको भ्रमण पनि गरे ।

६. **'घरझगडा' कथाबाट सुरु, बिच र अन्तिममा दीर्घ ईकार प्रयोग भएका शब्द पहिचान गरी साथीसँग छलफल गर्नुहोस् ।**

## *सिर्जना र परियोजना कार्य*

१. **दिइएका बुँदालाई आधार मानी थप घटना निर्माण गरेर छोटो कथा तयार पार्नुहोस् :**

(क) पाण्डव वनबास रहेको समय हुनु

(ख) एक जना ब्राह्मण आएर मृगले पाण्डवसँग सिङमा उनेर लगेको छोरी बचाइदिन आग्रह गर्नु

(ग) पाण्डव मृगलाई खोज्न हिँड्नु

(घ) उनीहरूलाई धेरै तिर्खा लाग्नु

(ङ) युधिष्ठिरले भाइ सहदेवलाई पानी खोज्न पठाउनु

(च) सहदेवले पोखरीमा पानी खान लागेको वेला यक्ष उत्पन्न हुनु

(छ) यक्षले आफ्ना प्रश्नको उत्तर नदिई पानी नखान भन्नु तर सहदेवले नटेरी पानी खानु


(ज) सहदेवले एक घुड्का पानी खानासाथ बेहोस हुनु

२. **ऐतिहासिक विषयवस्तुमा आधारित कुनै एउटा कथा खोजी त्यसलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।**

पाठ ३

# चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा

स्वस्थ तनलाई खुसी मनको आधार मानिन्छ । मानिसका आफ्नै असावधानीका कारण रोगव्याधिले शरीरमा अनधिकृत रूपमा प्रवेश पाउँछन् र तिनले शारीरिक शक्ति र मनका खुसी लुट्न पुग्छन् । मान्छेले त्यसबाट मुक्ति पाउन प्रयत्न गर्छ । मानव शरीर र मनमाथि आक्रमण गर्ने ती रोगव्याधि विरुद्ध प्रत्याक्रमण गरी त्यसलाई दमन र शमन गर्न चिकित्सा विज्ञानको प्रादुर्भाव भएको मानिन्छ । यस विज्ञानले मानिसको तन र मनलाई रोगमुक्त पार्ने प्रयत्न गर्छ । चिकित्सा विज्ञानका एलोप्याथिक चिकित्सा र आयुर्वेद चिकित्सा दुई किसिमका उपचार पद्धति सबैभन्दा बढी प्रयोगमा छन् । पाश्चात्य विज्ञानले दिएको अद्वितीय वरदान एलोप्याथिक चिकित्सा पद्धति हो भने आयुर्वेद चिकित्सा पूर्वीय वैदिक एवम् प्राच्य सभ्यताले दिएको अभूतपूर्व उपहार हो ।



आधुनिक चिकित्सा र आयुर्वेद चिकित्साका अनेकौँ अर्थ छन् । चिकित्सा शब्दको व्युत्पत्तिमूलक अर्थ 'रोग हटाउने इच्छा' हो । यसै अर्थभित्र औषधोपचार, इलाज, ओखती गर्ने काम, रोगको पहिचान, रोग निरूपण र रोग निदान जस्ता उस्तै उस्तै अनेक अर्थ समाविष्ट हुन्छन् । यसरी सामान्य अर्थमा रोगले सताउँदा रोगबाट मुक्ति पाउनका लागि गरिने उपचारलाई चिकित्सा भनिन्छ । व्यापक अर्थमा भने रोग लाग्नु अगावै स्वास्थ्यलाई जोगाउन र रोग लाग्न नदिनका लागि गरिने विविध खालका उपायसमेत चिकित्सा शब्दभित्रै समेटिन्छन् । चिकित्सा विज्ञानका लागि आयुर्विज्ञान

व्याधि : शारीरिक रोग, व्यथा, वेदना

अनधिकृत : अधिकारपूर्वक नगरिएको, आधिकारिक नभएको

शमन : कुनै बाधा, विकार आदिलाई शान्त पार्ने काम

प्राच्य : प्राचीन, पहिलेको, पुरातन

आयुर्विज्ञान : आयुसम्बन्धी वस्तुगत ज्ञान

शब्दको पनि प्रयोग हुन्छ । चिकित्सा शब्दले रोगको मूल जरो पत्ता लगाएर विविध प्रकारका परीक्षण गरी उपचारबाट निर्मूल गर्ने विधिलाई जनाउँछ। आयुर्वेद शब्द 'आयुष' र 'वेद' मिलेर बनेको हो । यसको शाब्दिक अर्थ 'जीवनको ज्ञान' भन्ने हुन्छ । यसलाई 'आयुर्वेदको सार' का रूपमा पनि लिइन्छ। जीवनको मर्म बुझेर मानव शरीरमा रोग लाग्नै नदिन वा रोग लाग्नुपूर्व अपनाउनुपर्ने खानपान र रहनसहनगत सावधानीमा रहन मदत गर्ने विज्ञानका रूपमा पनि आयुर्वेद चिकित्सा पद्धतिलाई अर्थ्याउन सकिन्छ ।

चिकित्साका निरोधात्मक, प्रवर्धनात्मक र उपचारात्मक पद्धति छन् । रोग नियन्त्रणका लागि रोग लाग्नुपूर्व नै प्रदान गरिने स्वास्थ्य सेवा निरोधात्मक चिकित्सा हो । स्वास्थ्य स्थिति सुधार गर्न प्रदान गरिने पोषण कार्यक्रम, स्वास्थ्य शिक्षा, वातावरणीय सरसफाइ कार्यक्रम जस्ता सेवा प्रवर्धनात्मक स्वास्थ्य सेवा हुन् । रोग लागेपछि निको पार्नका लागि प्रदान गरिने स्वास्थ्य सेवालाई उपचारात्मक स्वास्थ्य सेवा भनिन्छ। उपचारात्मक स्वास्थ्य सेवाका पनि आधुनिक चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा पद्धतिबाहेकका होमियोप्याथी, प्राकृतिक चिकित्सा, योग चिकित्सा, मनो चिकित्सा, अकुप्रेसर, युनानी चिकित्सा जस्ता अनेकौँ उपचार पद्धति पनि रहेका छन्। तीमध्ये युनानी, एलोप्याथिक, होमियोप्याथिक र आयुर्वेदिक गरी चार चिकित्सा पद्धति प्रचलित छन्। युनानी चिकित्सा पद्धति अरबमा प्रचलित प्राचीन चिकित्सा पद्धति हो । अरब मूलका मानिस र इरानीद्वारा ११ औँ शताब्दीतिर यो पद्धति भारतमा प्रचलनमा ल्याइएको थियो। भारतमा ब्रिटिस शासनका समयमा एलोप्याथिक प्रणाली सुरु भएपछि युनानी प्रणालीको औषधीय शिक्षा, अनुसन्धान र अभ्यास प्रक्रियामा कमी आयो। होमियोप्याथिक शब्दको अर्थ सदृश रोग चिकित्सा भन्ने हुन्छ। यसअनुसार रोगका सदृश वा समान लक्षण उब्जाउने औषधीय पदार्थद्वारा नै कुनै रोगको निदान गर्नु भन्ने बुझिन्छ। काँडालाई काँडाले झिक्नुपर्छ भने झैँ विषको औषधी विष नै हो भन्ने यसको मान्यता हो। यो सिद्धान्त 'समानताले समानताको उपचार' को मान्यतामा आधारित छ ।

एलोप्याथिक उपचार पद्धति हाल सर्वाधिक र लोकप्रिय चिकित्सा पद्धति मानिन्छ। यसलाई आधुनिक चिकित्सा विज्ञानको पर्यायका रूपमा समेत हेरिएको छ । होमियोप्याथी चाहिँ वैकल्पिक चिकित्सा पद्धतिका रूपमा प्रचलित छ । होमियोप्याथीमा रोग निको पार्नका लागि सुरुमा रोग बढाउने खुराक दिइन्छ र क्रमशः निको पारिन्छ भने एलोप्याथीमा

सदृश : उस्तै देखिने, एकनासे

वैकल्पिक : विकल्पमा आउने

रोग निको पार्नका लागि सुरुमै रोग घटाउने औषधी दिइन्छ । एलोप्याथी र आयुर्वेद दुवै चिकित्सा शास्त्र हुन् तर व्यावहारिक रूपमा चिकित्साको पूर्वीय वैदिक र प्राचीन चिकित्सा पद्धतिलाई आयुर्वेद चिकित्सा भनिन्छ । एलोप्याथिक प्रणाली वा पाश्चात्य आधुनिक चिकित्सा प्रणालीलाई चिकित्सा पद्धति भन्ने बुझिन्छ । आम रूपमा र प्रचलित धारणाअनुसार डाक्टरी उपचारका नामले चिनिने चिकित्सा पद्धति आधुनिक चिकित्सा पद्धति वा एलोप्याथिक पद्धति हो ।

आयुर्वेद चिकित्सा शास्त्रमा उपचारका आठओटा शाखा छन् जसलाई अष्टाङ्ग आयुर्वेदका नामले चिनिन्छ । यसमा मानव शरीरमा रोग लाग्ने मुख्य आठ अङ्गको उपचारबारे वर्णन पाइन्छ । आयुर्वेदका ती अष्टाङ्ग हुन्; काय चिकित्सा, शल्य चिकित्सा, शालाक्य चिकित्सा, कौमारभृत्य चिकित्सा, अगदतन्त्र, रसायन चिकित्सा, वाजीकरण चिकित्सा र भूतविद्या चिकित्सा । श्वासप्रश्वास, हाडजोर्नी तथा पाचन प्रणालीसम्बन्धी उपचार एवम् पञ्च कर्म जस्ता विशिष्ट उपचार पद्धति काय चिकित्साअन्तर्गत पर्छन् । त्यस्तै चिरफार गरेर उपचार गरिने फिस्टुला, पायल्स आदि उपचार पद्धति शल्य चिकित्साअन्तर्गत पर्छन् । आँखा, नाक, कान, मुख र घाटीको रोगसँग सम्बन्धित चिकित्सालाई शालाक्य चिकित्सा तथा प्रसव र बालरोगसँग सम्बन्धित उपचार पद्धतिलाई कौमारभृत्य चिकित्सा भनिन्छ । सबै प्रकारका विष, सर्पको टोकाइ आदिमा उपचार हुने पद्धतिलाई अगदतन्त्र भनिन्छ । मानिसलाई निरोगी राख्ने वा रोगसँग लड्ने क्षमता बढाउने आयुर्वेदिक पद्धति रसायन चिकित्सा हो । त्यसै गरी स्वस्थ सन्तान प्राप्तिका लागि एवम् शारीरिक शक्ति वा तागत वृद्धिका लागि अपनाइने उपचार विधि वाजीकरण हो । यस्तै मनोरोगसँग सम्बन्धित उपचारका लागि भूतविद्या आयुर्वेद चिकित्सामा प्रचलित छन् ।

आयुर्वेदिक उपचारका अनेकौँ विशिष्ट पक्ष छन् । यसमा बिरामीको आत्मा, मन, शारीरिक प्रकृति र दोष, मल र धातुको अवस्थालाई पनि ध्यानमा राखेर मानिसका समग्र पक्षको उपचार गरिन्छ । रोगको उपचार गर्दा मन र शरीरलाई पूर्ण रूपमा छुट्याउन सकिँदैन भन्ने मान्यताअनुसार रोगीको मन र शारीरिक प्रकृतिअनुरूप उपचार गरिनु पनि यसको विशेषता हो । आयुर्वेदिक औषधीले आफैँमा तागत वा रसायनको पोषण प्रदान गर्ने, बिरामी र स्वस्थ व्यक्तिले पनि प्रयोग गर्न सक्ने, स्वस्थ व्यक्तिको पोषण र रोग प्रतिरोधात्मक क्षमताको विकास गर्ने यसको अर्को महत्त्वपूर्ण पक्ष हो । आहार, विहार र आचार संहितामार्फत रोगले आक्रमण नगरोस् भनी रोग प्रतिरोधी औषधी र

आहारमा जोड दिनु पनि यसको विशेषता हो । रोगको प्रकृतिविरुद्ध आहारमा पथ्यापथ्यको निर्देश गरी स्वस्थ व्यक्तिलाई रोगको आक्रमणबाट जोगाउनु र रोगीको रोग चाँडै हटाउने काम यसमा हुन्छ। यसमा दक्ष चिकित्सकले रोगीको नाडी, मलमूत्र आदि अष्टविध अर्थात् आठ प्रकारका परीक्षा, प्रकृति, विकृति, व्यायाम आदि दशविध अर्थात् दश प्रकारका परीक्षाबाट रोगको निदान गर्छन् । आधुनिक प्रक्रियाबाट आयुर्वेदिक औषधीलाई परीक्षण गरेर मात्र उपचारमा प्रयोग गर्न सकिने हुँदा निदान गर्न सरल र सस्तो तरिका हुनु यसको सबल पक्ष हो । रोग नियन्त्रणका साथसाथै रोगलाई पूर्ण रूपमा निर्मूल पार्ने अनि कुनै पनि किसिमको पाश्र्वप्रभावबाट बचाउने प्रयास गर्नु पनि यसको विशिष्ट पक्ष हो ।

आयुर्वेद चिकित्साका धेरै सकारात्मक पक्ष हुनाका साथै यसको लोकप्रियता दिनानुदिन बढ्दै गएको हुँदा यसको वर्तमान सुन्दर र भविष्य उज्यालो देखिन्छ । यसमा पञ्चकर्म आयुर्वेदको महत्त्वपूर्ण उपचार प्रक्रिया हो । शरीरको शुद्धीकरण एवम् रोग प्रतिरोधात्मक क्षमता बढाउनका लागि यसको उपयोग गरिन्छ । यसमा विभिन्न पाँच चिकित्सा विधिको सम्मिश्रण हुन्छ । यसअन्तर्गत वमन अर्थात् उपचारात्मक उल्टी, विरेचन अर्थात् परिष्करण चिकित्सा, वस्ति अर्थात् पेटसम्बन्धी चिकित्सा पर्छन् । त्यस्तै नश्य अर्थात् नाकबाट औषधी राखेर गरिने उपचार, रक्तमोक्षण अर्थात् रगत बग्ने दिने उपचारसमेत यस पञ्च कर्ममा पर्छन् । त्यस्तै आयुर्वेदका अनुसार शरीरका शारीरिक एवम् मानसिक क्रियाकलाप त्रिदोषमा निर्भर हुन्छन् । वात, पित्त र कफ तीनैओटामा सन्तुलन भयो भने मानिस स्वस्थ रहन्छ । यसमा असन्तुलन हुँदा मानिस बिरामी पर्छ । यी त्रिदोषका प्रभावक तत्त्व मौसम, जलवायु, स्थान, आयु र मानसिक अवस्था हुन् । यसको उपचार पद्धतिमा प्रयोग हुने जडीबुटी नेपालमै पाइनु, रोगको लक्षणका आधारमा उपचार गरिनु, चिरफार कम हुनु यसका विशेषता हुन् । त्यस्तै रोगको नियन्त्रण मात्र नभई निर्मूल गरिनु, उपचारका विभिन्न उपकरणको आवश्यकता नपर्नु, औषधीको नकारात्मक प्रभाव कम हुनु र कम खर्चिलो हुनु पनि यस उपचार पद्धतिका विशेषता हुन् ।

नेपाल आयुर्वेदिक औषधीका लागि भूस्वर्ग मानिन्छ । नेपालका आयुर्वेदिक महत्त्वका जडीबुटी नेपालको समृद्धिको ढोका खोल्न सक्छन् । नेपाल बहुमूल्य र घातक रोग निको

| | | |
|---|---|---|
| पथ्यापथ्य | : | सजिलैसँग पच्ने र नपच्ने |
| पाश्र्वप्रभाव | : | सँगसँगै आउने असर |
| भूस्वर्ग | : | पृथ्वीमा रहेको सुन्दर ठाउँ |
| समृद्धि | : | उन्नति वा सम्पन्न हुनाको भाव |

पार्ने जडीबुटीको अजस्र भण्डार हो । रामायणमा वर्णन भएअनुसार युद्धमा लक्ष्मण घाइते हुँदा सञ्जीवनी बुटी लिन नेपालको हिमालय क्षेत्रमा पठाइएको प्रसङ्ग पनि स्मरणीय छ । हनुमानले अनेकौँ जडीबुटीबिच सञ्जीवनी बुटी चिन्न नसकेर सिङ्गै पहाड उठाएर लगेका र त्यो जडीबुटी खुवाएपछि लक्ष्मणलाई सञ्चो भएको थियो । यसबाट परापूर्व कालदेखि नै नेपाल आयुर्वेदिक जडीबुटीको भूस्वर्ग रहेको पुष्टि हुन्छ ।

आयुर्वेद चिकित्सासम्बन्धी अध्ययन, अध्यापन र अनुसन्धान प्रविधिलाई व्यापक र व्यावहारिक बनाउने उद्देश्यका साथ विभिन्न शैक्षिक संस्था स्थापना भएका छन् । हाल कीर्तिपुरस्थित राष्ट्रिय आयुर्वेद अनुसन्धान केन्द्रसँगको समन्वयमा विभिन्न जडीबुटीका लागि औषधीय अनुसन्धान कार्यक्रम अगाडि बढिरहेको छ। त्रिभुवन विश्वविद्यालयअन्तर्गत आयुर्वेद क्याम्पस र नेपाल संस्कृत विश्वविद्यालयमा पनि आयुर्वेदको अध्ययन भइरहेको छ । आयुर्वेद चिकित्सक एवम् स्वास्थ्यकर्मीको दर्ता नेपाल आयुर्वेद चिकित्सक परिषद्मा हुन्छ। आयुर्वेद चिकित्सासम्बन्धी अनुगमन, गुणस्तर नियन्त्रण आयुर्वेद चिकित्सा परिषद्ले गर्छ ।

यति हुँदाहुँदै पनि आयुर्वेदिक उपचार पद्धतिमा व्यवस्थापन, सङ्गठन र निदानमा समेत केही सीमा रहेका छन् । दुर्घटनामा परी अङ्गभङ्ग भएको साथै एपेन्डिसाइटिस, हृदयाघात, पक्षाघात आदि रोगबाट पीडित बिरामी, शल्यक्रियाबाट गरिने उपचार, सघन उपचार आदिमा राखेर गरिने उपचारमा एलोप्याथीको सहयोग लिनुपर्ने अवस्था छ। साथै आयुर्वेद उपचारका नाममा जसले पनि औषधी बेच्नु, भिडभाड हुने ठाउँमा हकरले पनि औषधी बेच्नु र त्यसलाई रोक्ने कुनै संयन्त्र नहुनु र यसरी जो पायो त्यसैले घरघरै स्वघोषित आयुर्वैदिक वैद्य बनेर उपचार गर्नु जस्ता यसका सीमा हुन् । आयुर्वेदिक औषधीको पार्श्वप्रभाव न्यून हुन्छ । धेरै खायो भने चिनी पनि तितो हुन्छ भने झैँ नजानी नजानी त्यस्ता औषधी खाँदा जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्छ ।

आधुनिक चिकित्सा पद्धतिका पनि विशेषता र सीमा छन् । छिटो सञ्चो हुनु, विशेषज्ञ अर्थात् डाक्टर र औषधी सजिलै उपलब्ध हुनु, मेडिकल काउन्सिल र औषधी व्यवस्था विभागबाट स्वीकृति लिएर मात्र उपचार गर्न पाइनु यसका विशेषता हुन् । साथै विश्व

अजस्र : अथाह, धेरै

सञ्जीवनी : प्रसिद्ध अमृत वा त्यस्तो क्षमता भएको बुटी विशेष

हकर : सामानको विज्ञापन गर्दै आफ्ना सामान बेच्ने मानिस

वैद्य : आयुर्वेद चिकित्सा विधिको ज्ञाता, कविराज

स्वास्थ्य सङ्गठनको स्वीकृति चाहिनु अर्थात् यसको सङ्गठन बलियो हुनु, आपतकालीन अवस्थामा धेरै प्रभावकारी साबित हुनु, शल्यक्रिया हुनु र शल्यक्रियाबाट गम्भीर रोग निको हुनु पनि यसका विशेषता मानिन्छन् । यसका साथै प्रविधि र उपकरण समय समयमा अद्यावधिक गरिनु, सानादेखि ठुला सबै रोग निको पार्न प्रभावकारी हुनु, ठुलो रोग लाग्नुअगि नै त्यसलाई रोक्न खोपको व्यवस्था हुनु पनि एलोप्याथी पद्धतिका थप विशेषता हुन् । यो उपचारमा दक्ष जनशक्तिको अभाव हुनु, औषधीका नकारात्मक असर देखिन सक्नु, औषधी महँगो पर्ने हुँदा गरिबको पहुँचभन्दा बाहिर हुनु र यी औषधीको दुरुपयोग हुँदा घातक हुनु जस्ता कुरा एलोप्याथी औषधीका सीमा हुन् । यति हुँदाहुँदै पनि गम्भीर प्रकृति र आकस्मिक उपचार गर्नुपर्ने बिरामी एलोप्याथी अर्थात् आधुनिक चिकित्सा पद्धतिको भर नपरी सुखै छैन ।

समग्रमा रोग लाग्नुभन्दा रोग लाग्न नदिनु सर्वोत्तम उपाय हो । रोग लागेपछि मानिसले रोगको प्रकृतिअनुसार विभिन्न उपचार पद्धति चयनको विकल्प छँदै छ । आधुनिक चिकित्सा विज्ञानको पर्यायका रूपमा मान्ने गरिएको एलोप्याथिक औषधीको जस्तो पार्श्वप्रभाव नहुने र शरीरबाट रोगलाई पूर्णतः निर्मूलीकरण गरिने आयुर्वेदिक चिकित्सा पद्धतितर्फ मानिसको आकर्षण बढेको छ । आफ्नो शरीरलाई स्वस्थ राख्न शरीरमा रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्न र 'निरोगी जीवन सुखी जीवन' को सपना साकार पार्न आयुर्वेदिक चिकित्साको प्रयोग आजको आवश्यकता र समयको माग बनेको छ ।

## शब्दभण्डार

१. **दिइएका अर्थ आउने शब्द 'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' निबन्धबाट खोजेर लेख्नुहोस् :**

(क) स्नायुसम्बन्धी रोग

(ख) बात, पित्त र कफसम्बन्धी दोष

(ग) चिरफारका पद्धतिले गरिने रोगको उपचार

(घ) हानि वा घात पुऱ्याउने

(ङ) प्रतिरोधका लागि तयार पारिएको

२. **दिइएका शब्द र तिनका अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| प्रादुर्भाव | शरीरमा हुने बात, पित्त र कफको प्रकोपबाट हुने रोग |
| अत्युक्ति | प्रतिबन्ध वा रोक लगाउने काम |
| अद्यावधिक | कुनै वस्तु वा विषयको उत्पत्ति वा उद्भव |
| त्रिदोष | आजसम्मको अवस्था, विगतदेखि हालसम्म |
| निषेध | बढाइचढाइ गरिने वर्णन वा कथन |
| अधीरता | अनुशासनमा रहेको |
| | खारिएको |
| | धैर्य नभएको अवस्था, अस्थिर |

३. **चिकित्सा क्षेत्रमा प्रयोग हुने दिइएका प्राविधिक पारिभाषिक शब्द पढ्नुहोस् र शब्दकोशका सहायताले तिनको अर्थ लेख्नुहोस् :**

आयुर्वेद, एलोप्याथिक, वैकल्पिक चिकित्सा, होमियोप्याथिक चिकित्सा, शल्यक्रिया, पक्षाघात, आकस्मिक उपचार, निर्मूलीकरण

४. **'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' निबन्धमा प्रयोग भएका कुनै पाँचओटा पारिभाषिक र प्राविधिक शब्द टिपी वाक्यमा प्रयोग गर्नुहोस् ।**

## *बोध र अभिव्यक्ति*

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

रोगव्याधि, अनधिकृत, प्रत्याक्रमण, विरुद्ध, पद्धति, अद्वितीय, अर्थ्याउनु, अष्टाङ्ग, कौमारभृत्य, पार्श्वप्रभाव, अगदतन्त्र

२. **'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' निबन्ध पालैपालो सस्वर पठन गर्नुहोस् ।**

३. **'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' निबन्धको तेस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख्नुहोस् ।**

४. **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) 'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' निबन्ध कति अनुच्छेदमा संरचित छ ?

(ख) वाक्य सङ्ख्याका दृष्टिले सबैभन्दा छोटो र लामो अनुच्छेद कुन हो ?

(ग) निबन्धमा आयुर्वेद चिकित्साका शाखाको चर्चा गरिएको विषयवस्तु कुन अनुच्छेदमा रहेको छ ?

(घ) निबन्धको अन्तिम अनुच्छेदको आशय के हो ?

५. **दिइएको निबन्धांश मौन पठन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

चिकित्साका निरोधात्मक, प्रवर्धनात्मक र उपचारात्मक पद्धति छन् । रोग नियन्त्रणका लागि रोग लाग्नुपूर्व नै प्रदान गरिने स्वास्थ्य सेवा निरोधात्मक चिकित्सा हो । स्वास्थ्य स्थिति सुधार गर्न प्रदान गरिने पोषण कार्यक्रम, स्वास्थ्य शिक्षा, वातावरणीय सरसफाइ कार्यक्रम जस्ता सेवा प्रवर्धनात्मक स्वास्थ्य सेवा हुन् । रोग लागेपछि निको पार्नका लागि प्रदान गरिने स्वास्थ्य सेवालाई उपचारात्मक स्वास्थ्य सेवा भनिन्छ । उपचारात्मक स्वास्थ्य सेवाका पनि आधुनिक चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा पद्धतिबाहेकका होमियोप्याथी, प्राकृतिक चिकित्सा, योग चिकित्सा, मनो चिकित्सा, अकुप्रेसर, युनानी चिकित्सा जस्ता अनेकौँ उपचार पद्धति पनि रहेका छन् । तीमध्ये युनानी, एलोप्याथिक,

होमियोप्याथिक र आयुर्वेदिक गरी चार चिकित्सा पद्धति प्रचलित छन् । युनानी चिकित्सा पद्धति अरबमा प्रचलित प्राचीन चिकित्सा पद्धति हो । अरब मूलका मानिस र इरानीद्वारा ११ औँ शताब्दीतिर यो पद्धति भारतमा प्रचलनमा ल्याइएको थियो । भारतमा ब्रिटिस शासनका समयमा एलोप्याथिक प्रणाली सुरु भएपछि युनानी प्रणालीको औषधीय शिक्षा, अनुसन्धान र अभ्यास प्रक्रियामा कमी आयो । होमियोप्याथिक शब्दको अर्थ सदृश रोग चिकित्सा भन्ने हुन्छ । यसअनुसार रोगका सदृश वा समान लक्षण उब्जाउने औषधीय पदार्थद्वारा नै कुनै रोगको निदान गर्नु भन्ने बुझिन्छ । काँडालाई काँडाले झिक्नुपर्छ भने झैँ विषको औषधी विष नै हो भन्ने यसको मान्यता हो । यो सिद्धान्त 'समानताले समानताको उपचार' को मान्यतामा आधारित छ ।

### प्रश्नहरू

(क) निबन्धांशमा चिकित्सा विज्ञानका कुन कुन शाखाको चर्चा गरिएको छ ?

(ख) प्रवर्धनात्मक उपचार पद्धति कस्तो हुन्छ ?

(ग) उपचारात्मक स्वास्थ्य सेवामा कुन कुन पद्धति पर्छन् ?

(घ) तपाईँलाई कुन उपचार पद्धति मन पर्छ, किन ?

## ६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) 'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' निबन्धका आधारमा वर्तमान चिकित्सा विज्ञानका बारेमा वर्णन गर्नुहोस् ।

(ख) किन आयुर्वेद चिकित्साको लोकप्रियता बढ्दै गएको छ, लेख्नुहोस् ।

(ग) उपचारात्मक स्वास्थ्य सेवाअन्तर्गत कस्ता उपचारात्मक पद्धति पर्छन् ?

(घ) आयुर्वेद चिकित्सा पद्धति र आधुनिक चिकित्सा पद्धतिका मुख्य फरक के के हुन् ?

## ७. व्याख्या गर्नुहोस् :

(क) आयुर्वेदिक चिकित्सा आधुनिक चिकित्सा पद्धतिभन्दा भिन्न र संसारकै सर्वप्राचीन उपचार पद्धति हो ।

(ख) आयुर्वेदिक औषधीका लागि नेपाल भूस्वर्ग मानिन्छ ।

८. **आधुनिक चिकित्सा पद्धतिका सकारात्मक र नकारात्मक पक्षबारे समीक्षा गर्नुहोस् ।**

९. **रोग नियन्त्रण गर्न र पार्श्वप्रभावबाट बचाउन आयुर्वेद चिकित्सा पद्धति प्रभावकारी मानिन्छ, पुष्टि गर्नुहोस् ।**

१०. **'स्वस्थ खानपान' शीर्षकमा एउटा वस्तुपरक अनुच्छेद तयार गर्नुहोस् ।**

११. **'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' निबन्धको पहिलो अनुच्छेदबाट चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् ।**

१२. **'आधुनिक चिकित्सा पद्धति .... सुख छैन' अनुच्छेद पढ्नुहोस् अनि विषयवस्तुको पहिचान, अनुमान र निष्कर्षसँग सम्बन्धित एक एकओटा बोध प्रश्न निर्माण गर्नुहोस् ।**

१३. **दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

कृषि बजारीकरणमा उत्पादन भएका वस्तु सङ्कलकमार्फत भण्डारण गरिन्छ र बजारसम्म पुऱ्याइन्छ । बजारमा पुगेका वस्तु उपभोक्ताले बजार मूल्यमा खरिद गरेर उपभोग गर्छन् । यसरी हुने बजारीकरण र उत्पादनको चक्रीय प्रवाहले कृषिको व्यवस्थापन प्रणालीगत ढङ्गले हुन्छ । कृषि बजारीकरण प्रक्रियामा कृषकलाई आवश्यक मल, बिउ, अनुदान रकम आवश्यकताअनुसार प्रदान गरिन्छ । उत्पादनमा रासायनिक मलभन्दा प्राङ्गारिक मलको उपयोगमा जोड दिने, सिँचाइ, बाटो र सञ्चारको उचित व्यवस्था कृषकलाई सरकारले मिलाइदिने काम हुन्छ । कृषकसँग भएको उत्पादन सङ्कलक सङ्गठन वा संस्थामार्फत भण्डारण गरी कृषकलाई वस्तुको उचित मूल्य प्रदान गरिन्छ । कृषकले आफ्नो उत्पादन भण्डारककहाँ पठाउने कार्य हुन्छ । भण्डारकले आवश्यक मल, बिउ कृषकलाई पठाउने, उत्पादनको बजार मूल्य, लागत, माग र आपूर्तिलाई ध्यान दिई संस्थाको विधानअनुरूप कार्य गर्ने गर्छन् । सङ्कलकले सङ्कलन गरेर वस्तु बजारमा पठाउँदा सानो नाफाको अंश राखी सुरक्षित रूपमा पठाउने गर्छन् । सङ्कलक र बजारबिचको सम्बन्ध विधानसम्मत हुनु आवश्यक ठानिन्छ । यस्तो व्यवस्था हुँदा वस्तु उपभोक्तासम्म कुन दरमा पुग्छ भन्ने कुरा सङ्कलकले निरीक्षण गरिरहन सक्छ । यसो हुँदा एकअर्काबिचमा अधिक नाफाको स्थिति हुँदैन । सबैले उचित मूल्यमा वस्तु प्राप्त गर्नाले मुद्रास्फीति हुँदैन । बजारमा अभाव सिर्जना हुँदैन । यसले आयमा ठूलो उतारचढाव आउन दिँदैन ।

(क) **प्रश्नहरू**

(अ) कृषि उत्पादन कसरी उपभोक्तासम्म पुग्छ ?

(आ) अनुच्छेदमा सूचना प्रवाह र नाफासम्बन्धी कस्तो व्यवस्था उल्लेख भएको छ ?

(इ) कृषि बजारीकरणको प्रक्रियाबारे लेख्नुहोस् ।

(ई) सरकारले कृषकलाई कुन कुरामा सहयोग गर्नुपर्छ ?

(ख) **भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :**

(अ) अनुच्छेदबाट उप, सम्, उत् उपसर्ग लागेका एक एकओटा शब्द खोजेर लेख्नुहोस् ।

(आ) अनुच्छेदबाट दुईओटा कृदन्त शब्द पहिचान गरी लेख्नुहोस् ।

(इ) अनुच्छेदबाट शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व उकार प्रयोग भएका दुई दुईओटा शब्द टिपोट गर्नुहोस् ।

१४. **दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

हावा, पानी, माटो आदि जैविक वस्तुको अस्तित्वका लागि वातावरण संरक्षण अति आवश्यक हुन्छ । यी जैविक वस्तुमा भएको वातावरण विनाशको मात्राले पनि वातावरणमा बृहत् प्रभाव पार्छ । वनजङ्गल र जलमा पाइने प्राणी तथा वनस्पति मानिसको अस्तित्वका लागि आवश्यक हुन्छन् । वनजङ्गल, जल आदिको अस्तित्व सङ्कटमा पर्नु भनेको मानव जीवन नै पूर्ण सङ्कटमा पर्नु हो । अनियन्त्रित रूपमा डोजर चलाई प्राकृतिक स्रोतसाधनको दोहन, होहल्ला, आवाज तथा हर्न, कारखानाको ध्वनि, सिमेन्ट, गिट्टी उद्योग, इँटा उद्योग आदिले वातावरण विनाश भयो भने सर्वसाधारणको स्वास्थ्यमा प्रतिकूल असर पर्छ । फोहोरमैला व्यवस्थापनका लागि उचित ल्यान्डफिल्ड साइड भएन भने पनि वातावरण विनाश हुन्छ । घरायसी प्रयोजन, कारखाना, अस्पताल, सडेगलेका वस्तु आदिबाट हानिकारक फोहोरमैला निस्कने हुँदा यसको उचित व्यवस्थापनबाट मानव स्वास्थ्यमा अनुकूल प्रभाव पर्छ ।

तपाईं वातावरणीय विनाशबाट उत्पन्न भएको कुनै प्रकोपमा पर्नुभएको छ वा त्यस्तो प्रकोपबारे सुन्नुभएको छ, कक्षामा उक्त प्रकोपको कारण र प्रभावबारे आफ्नो अनुभव प्रस्तुत गर्नुहोस् ।

## *सुनाइ र बोलाइ*

१. **सुनाइ पाठ ३ सुन्नुहोस् र दिइएका विकल्पमध्ये उत्तम विकल्प भन्नुहोस् :**

(क) **लुप्त हुनै लागेको जातीय अस्तित्वलाई कसरी पुनर्जागृत गर्न सकिन्छ ?**

(अ) भाषा संस्कृतिको खोज अनुसन्धान गरेर

(आ) भाषा संस्कृतिका वक्ताको खोजी गरेर

(इ) जातिको भाषा साहित्यको विकास गरेर

(ई) भाषा संस्कृतिसम्बन्धी पुस्तक लेखेर

(ख) **इमानसिंह चेमजोङको जन्म कहिले भएको थियो ?**

(अ) सन् १९०४ जनवरी ११ तारिखका दिन

(आ) सन् १९०४ मार्च २१ तारिखका दिन

(इ) सन् १९०४ जनवरी १ तारिखका दिन

(ई) सन् १९१४ जनवरी ११ तारिखका दिन

(ग) **इमानसिंह चेमजोङलाई किराँत भाषा संस्कृतिको संरक्षण र विकास गर्न कुन कुराले आकर्षित गऱ्यो ?**

(अ) आफ्नो जातिको जातीय गौरवको प्रचार नहुनु

(आ आफ्नो जाति र भाषा विकासको गतिमा पछि पर्नु

(इ) नेपालका विभिन्न भाषा लोप हुन पुग्नु

(ई) नेपालीहरूका विभिन्न संस्कार र संस्कृति हराउँदै जानु

(घ) **चेमजोङको नामबाट के प्रकाशन गरिएको छ ?**

(अ) पुस्तक  (आ) पत्रपत्रिका

(इ) हुलाक टिकट  (ई) चिठीपत्र

२. **सुनाइ पाठ ३ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) काठमाडौँ आउँदा इमानसिंह चेमजोङले के ल्याएका थिए ?

(ख) चेमजोङले आफ्ना बुबाबाट भाषा संस्कृतिबारे के जानकारी पाएका थिए ?

(ग) इमानसिंह चेमजोङको मृत्यु कहिले भएको थियो ?

(घ) चेमजोङले कुन भाषा र संस्कृतिको विकासमा योगदान दिएका थिए ?

## *भाषिक संरचना र वर्णविन्यास*

१. **दिइएको अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेका पाँच पाँचओटा शब्द पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस् :**

आयुर्वेदिक उपचार गर्न भनी हिँडेका प्रज्ज्वलले अस्पतालमा पुगेर डाक्टरलाई अभिवादन गरे । उनले पछिल्लो एक हप्तादेखि प्रतिदिन आफूलाई असह्य हुने गरी पेट दुख्ने गरेको कुरो बताए । डाक्टरले राम्ररी जाँचेर अत्यधिक दुख्दा मात्र नदुख्ने औषधी खानु नत्र यो औषधी खाएर आराम गर्नू भने । डाक्टरले स्वास्थ्यलाई बेफाइदा हुने पिरो, अमिलो, चिल्लो नखान सुझाव दिए ।

२. **दिइएका उपसर्ग लगाई एक एकओटा शब्द निर्माण गर्नुहोस् :**

अ, अन, कु, बि, गैर, बद, ना, अधि, अनु, अभि, अति, अव, अप, आ, उप, उत्, दुर्, दुस्, नि, निर्, परा, परि, प्र, प्रति, वि, सम्, सु

३. **दिइएको अनुच्छेद पढ्नुहोस् । सात सातओटा कृदन्त र तद्धितान्त शब्दको पहिचान गरी निर्माण प्रक्रिया देखाउनुहोस् :**

बुद्धिमान् दङाली मान्छेले धनवान् बाजुरेली बटुवालाई देखेछन् र सोधेछन्, "हजुर यता कतै गुल्मेली आयुर्वेदिक चिकित्सक बसाइँ सर्नुभएको छ रे नि !" उनले भनेछन्, "यहाँ बाजुरेली र धनकुटे चिकित्सक पनि बस्नुहुन्छ । हुम्ली र झापाली बौद्धिक र कवित्व प्रतिभा भएका व्यक्तित्व पनि हुनुहुन्छ । उहाँहरूकहाँ गाउँले र सहरिया मान्छे पनि उपचार गर्न आउँछन् । गीत र कविता सुन्न पनि आउँछन् । स्मरणीय कुरो के छ भने उहाँहरू सबै आफ्नो कर्तव्यप्रति सचेत व्यक्तित्व हुनुहुन्छ ।" धनवान् बाजुरालीले बुद्धिमान् दङालीलाई भनेछन्, "म पहिले पनि आएको थिएँ, भुलेँ । म भुलक्कड छु के गर्नु ।" त्यसपछि दङालीले भनेछन्, "यस्तै हो कोहीकोही बुद्धिमान् मान्छे पनि भुलक्कड हुन्छन् भन्ने सुनेको थिएँ ।"

४. **दिइएका प्रत्यय लगाई एक एकओटा शब्द निर्माण गर्नुहोस् :**

अक्कड, अत, अन्त, आइ, आइँ, आउ, आली, आलु, आवट, आहा, इयार, इया, इलो, ई, उवा, ए, एली, ती, ओ, ओट, ली, ले, अक, अन, अनीय, इक, इत, ईन, ता, तव्य, ति, त्व, मय, वान्, मान्, य

५. **'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' निबन्धको पहिलो अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेका शब्दको अलग अलग सूची बनाई तिनको निर्माण प्रक्रियासमेत देखाउनुहोस् ।**

६. **दिइएको अनुच्छेद पढी शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व उकार प्रयोग भएका शब्दको पहिचान गरी टिपोट गर्नुहोस् :**

हर्कमानका बुबा पाको उमेरको हुनुहुन्छ । हर्कमानका दिदी भिनाजु गाउँको घरमा आउनुभएको छ । हर्कमानका चार जना दाजुको नाम राजु, श्याम, बाबुराम र पृथुकुमार हो । पृथुकुमार आयुर्वेदिक उपचारक हुनुहुन्छ । श्यामको उखुबारी छ । राजुको धान कुट्ने र गहुँ पिस्ने उद्योग छ । बाबुराम मुकुन्दपुर नगरपालिकामा सुब्बा हुनुहुन्छ । हर्कमानका बहिनीको नाम मधु, करुणा र जमुना हो । मधुको बिहे बिष्णुपुरका सिपालु कलाकार गुरु गुरागाईँसँग भएको छ । करुणाको बिहे ताप्लेजुङका बुलेन्द्र लिम्बूसँग भएको छ । जमुनाको बिहे घान्द्रुकका गुन्जमान गुरुङसँग भएको छ । सबै सन्तानको सुख देखेर हर्कमान खुसी हुनुहुन्छ ।

७. **शब्दको सुरु, बिच र अन्तिममा ह्रस्व उकार प्रयोग भएका पाँच पाँचओटा शब्द पाठबाट खोजेर लेख्नुहोस् ।**

## *सिर्जना र परियोजना कार्य*

१. **'नेपालको प्राकृतिक विविधता' शीर्षकमा वस्तुपरक निबन्ध लेख्नुहोस् ।**

२. **रेडियो, टेलिभिजन वा पत्रपत्रिकाबाट कुनै समाचार सुनेर वा पढेर त्यसको विषयवस्तुबारे कक्षामा छलफल गर्नुहोस् ।**

पाठ ४

# यस्तो कहिल्यै नहोस्

पात्र : शुकमान

स्थान : बोहोराटार, काठमाडौँ

समय : राती १० बजे

(शुकमान बत्ती बन्द गरेर सुतेको आधा घण्टा भइसक्यो । उनलाई पटक्कै निद्रा परेको छैन । साइबर अपराध बढेका कारण आफू र थुप्रै मानिसले पाउनुसम्म दुःख पाएको सम्झेर उनी खिन्न छन् । सामाजिक सञ्जालमा छाएका विकृतिले गर्दा आज उनको मन अमिलो भएको छ । बिस्तरामा सुतेको एक घण्टा हुँदा पनि उनलाई निद्रा लागेको छैन । वेला वेला साइबर अपराधबारे आफूले पढेका, सुनेका र थाहा पाएका कुरा पनि मनमा झल्यास्स आइरहन्छन् ।)

हरे ! के जमाना आयो यस्तो । सामाजिक सञ्जालले गर्दा जीवन सहज र सजिलो भयो भनेको त झनै जटिल र समस्याग्रस्त पो बन्न थाल्यो ! सामाजिक सञ्जालबारे थाहा भएको म जस्तो त आज फसेँ भने अरू कति मान्छेलाई यो सञ्जालले पीडा दिएको होला ! खाएको विष पो लाग्नुपर्ने । (कोल्टो फर्कंदै) नखाएको विष पनि लाग्दोरहेछ । यो मोबाइलभित्रको साइबर संसारमा पस्दा त खुबै विचार पुऱ्याउनु पो पर्दोरहेछ नि । हैट ! मोबाइललाई पनि के दोष दिनु र खै । मैले नै होस गुमाएपछि मोबाइललाई केको दोष । यो मोबाइल भन्ने चिज पनि विचित्रकै छ । (घोरिँदै) पोहोर साल त सामाजिक सञ्जाल प्रयोग र साइबर सचेतनासम्बन्धी कक्षामा म स्वयम् सहभागी भएको थिएँ नि तर खै के गर्नु ? पढेका कुरालाई व्यवहारमा उतार्न नसकेपछि त्यो पढाइको के पो अर्थ हुँदोरहेछ र ! वेलामा बुद्धिमा बिर्को लागेपछि (उति वेला कक्षामा सहभागी हुँदाका कुरा सम्झन्छन्) त्यो वेला साइबर अपराधबारे गज्जबसँग भन्नुभएको थियो नि साइबर क्राइम शाखाका सब इन्सपेक्टरले । वास्तवमा यी सारा कुरा मैले त्यति वेला सुनेर उति बेलै अर्को कानले नउडाएको भए ... (उठ्छन्, बत्ती बाल्छन् र पानी पिउँछन्) त्यस दिन आएको त्यो म्यासेजलाई मैले तुरुन्तै हटाइदिनु पर्नेरहेछ, के गर्नु, के रहेछ भनेर हेरि त हालेँ । हरे शिव ! यस्तो नचिनेको व्यक्ति र नम्बरबाट आएको म्यासेज त शत्रुले पनि नहेरोस् ।

विचित्र : अनौठो, विलक्षण

“तपाईंलाई २५ लाख रुपियाँको पुरस्कार परेको छ बधाई” भन्ने आशयको सन्देश मोबाइलमा पठाएको पो रहेछ । त्यो सन्देश देख्नासाथ म त खुसीले उम्लेछु । अब सित्तैको धन पाइने भो भनेर म मक्ख परेँ । आज मैले यो गति भोग्नुपऱ्यो । (खुइय सुस्केरा हाल्दै) अझ मैले घर परिवारलाई भनेकै छैन । सबैले थाहा पाए भने ? कसरी मुख देखाउने होला ! यो सङ्कटको भुमरीबाट कसरी उम्कने होला ?

हरे ! जताततै साइबर अपराधको बाढी पो आए जस्तो छ त ! सामाजिक सञ्जालमा अन्य व्यक्तिको नाम तथा तस्बिर प्रयोग गरेर नक्कली प्रोफाइल खोल्ने र गैरकानुनी हर्कत गरेर बेइज्जत गर्ने तथा दुःख दिने गर्दारहेछन् ! (गम्भीर हुँदै) धन्य, अहिलेसम्म आफू त्यस्तोमा परिएको छैन र पो ! विभिन्न किसिमका तस्बिरमा अरूको टाउको जोड्ने तथा आफन्तलाई पठाउने, सामाजिक सञ्जालमा राख्ने कार्य पनि गर्दारहेछन् ! के गर्नु, साइबर सचेतना कक्षा लिइएकै हो क्यारे ! (आफूले आफैँलाई धिक्कार्दै) शिक्षकले बिहान पढाएका र पाठ्यपुस्तकमा लेखेका कुरा मात्र पढ्ने बानी परेको म बाहिरी प्रविधिमय संसारसँग अपरिचित पो रहेछु । जीवनमा आफैँलाई दुःख पर्दा पढेका र जानेका कुरा पनि व्यवहारमा प्रयोग गर्नै नसकिने रहेछ । (मोबाइल ओल्टाइपल्टाइ हेर्न थाल्छन् मोबाइलभित्रको संसार को कल्पनामा डुब्छन्)

साँच्चै यो मोबाइलभित्र त सारा संसार पो अटाएको रहेछ । यसमा के छैन ? नाच यहीँ रहेछ, गाना यहीँ रहेछ, धर्म यहीँ रहेछ, अधर्म पनि यहीँ नै रहेछ, स्वर्ग नर्क जे भनौँ सबै यसैमा रहेछ । ज्ञानको भण्डार पनि यहीँ रहेछ । सुख पनि यहीँ रहेछ । सुकर्म देखाउने बाटो पनि यहीँ रहेछ । कुकर्मतिर लाग्ने कुबाटो पनि यहीँ रहेछ । (टाउकामा हात राख्दै) जब मान्छेका हातका औँला मोबाइलभित्रका खराब कुरा खोज्न तम्सिँदा रहेछन् नि त्यसपछि त मान्छेले यही धर्तीमा नै नर्क भोग्नु पर्दोरहेछ । मलाई धिक्कार छ मेरा यी औँला त्यो दिन किन त्यो म्यासेज थिच्न पुगे होलान् । (खुइय सुस्केरा छाड्दै) लोहोराले थिचौँ जस्तो लाग्छ यी औँलालाई । २५ लाख पाउने लोभमा फसाएर त्यस दुष्टले मेरो सबै बैङ्क खातालगायत व्यक्तिगत विवरण माग्यो । एक मनले त शङ्का लागेको थियो ‘आ होस् ठग होला, विवरणसिवरण केही नदिऊँ कि भन्ने पनि नलागेको कहाँ हो र ? तर के गर्नु अर्को मनले भन्यो, “हेर् शुकु ! यो तेरो भाग्य चम्केको हो । तेरो तालुमा आलु फल्दैछ,

भुमरी : हावा, पानी आदि घुमेर बनेको चक्राकार ठाउँ
गैरकानुनी : कानुन विरुद्ध, अवैधानिक
कुकर्म : खराब काम
दुष्ट : अर्कालाई दुःख दिने स्वभाव भएको

ठालु पल्टेर यसलाई स्विकारिनस् भने तेरो बैङ्क खातामा आउने २५ लाख आउने छैन ।" (लामो सास फेर्दै) अनि त्यसपछि त मेरो मन २५ लाखको लोभको माकुरे जालामा फसी त हाल्यो । त्यस अपरिचित दुष्टले ककसका खातामा कति कति पैसा पठाइसकियो भन्ने कुराको विभिन्न बैङ्कमा जम्मा गरेका भौचरसमेतका फोटा खिचेर पनि म्यासेजमा पठायो । मलाई यो त त्यस्तो अपराधी होइन होला कि भन्ने पनि लाग्यो । (कोल्टे फर्किन्छन्) उसले मागेजतिको मेरो नाम, विवरण, बैङ्क खाता सबै खुरुखुरु त्यही मेसेजमा लेखेर पठाएँ । हैन, सधैँ कुनै महत्त्वपूर्ण काम गर्दा त म कसै न कसैलाई सोध्ने गर्थँ नि । कहिले साथीलाई सोध्थेँ, कहिले परिवारलाई सोध्ने गर्थँ । के गर्नु मेरो दशा लागेको ! दुर्दशा भन्ने कुरा आउन थालेपछि त चुकुल लगाएर सुतेको कोठामा पनि लोककथामा वायुपङ्खी घोडा चढेर राक्षस आए झैँ सुरु सुरु आउने रहेछ क्यारे ! (दलिनतिर एकटकले हेर्छन्)

"तपाईँलाई चिट्ठा परेको छ यो चिट्ठा तपाईँले लिनुभएन भने अर्केलाई दिन्छौँ" भनेर फोन आएको थियो । (निधारमा दाहिने हात राख्दै) थुक्क तेरो बुद्धि पर्सिपल्ट बैङ्कको खातामा पैसा चेक गर्न जान्छु भनेको त... मेरी आम्मै नि ! त्यस दुष्टले त उल्टै मेरो खाताको पाँच लाख पो गायब पारेछ । सित्तैमा धनको खोलो फर्काउँछु भन्दा पसिना बगाएर सँगालेको धन पो बगेर गयो बरै ! 'लोभले लाभ, लाभले विलाप भन्छन्' मेरो त लोभले लाभ नहुँदै एकैचोटि विलापैविलाप मात्र भयो । (फेरि कोल्टो फर्केर भित्तातिर एकटकले हेर्दै) बुद्धि नपुऱ्याउँदा मोबाइलभित्रको साइबर संसारबाट दुनियाँले कति दुःख पाएका होलान् । (पोहोरको एउटा घटना सम्झन्छन्) पोहोर साल पनि एउटा अपरिचित व्यक्तिले फेक आइडी हो कि क्या हो ? त्यसबाट पठाएको म्यासेज मेरा काकाकी छोरी पानमतीले एसेप्ट गरिछन् । त्यसपछि त त्यसले उनीसँग तारन्तार म्यासेज गर्न थालेछ । आफूलाई हङकङको लाहुरे हुँ, काठमाडौँमा बिहे गर्न आएको भनी गुड्डी हाँकेछ । पढेर के गर्छ्यौ नानी, पढे पनि पैसा चाहिन्छ क्यारे, आखिर पैसा कमाउने नै हो; देशविदेश घुम्न पनि पाइन्छ भनेर फकाएछ । त्यसको केही दिनपछि त्यसैसँग बिहे गरिछ । दिल्ली हुँदै हङकङ लान्छु भनेर सुनौली पुऱ्याएछ । कति छिट्टै उसका कुरामा विश्वास गरेकी होली, अलिकति त विचार गर्नुपर्छ नि ! उसको ठाउँ ठेगाना त बुझ्नुपर्छ । त्यो पनि कुनै कागजात र पासपोर्टबिना नै हङकङ लान्छु भन्दा कसरी पत्याएकी ? झुक्याउनसम्म झुक्याएछ बदमासले । धन्न संयोगले बचिछ ! उसले सुनौलीको नाका पास गराउन खोजेका वेला एक सामाजिक संस्थाका कर्मचारीले देखेछन् । "तिमी कहाँबाट आएकी हौ र कहाँ जान लागेकी ?" भनेर

दुर्दशा : दुर्गति

गायब : बेपत्ता, हराउने काम

नाका : प्रवेश स्थान

पानमतीसँग सोधपुछ गर्न थालेछन् । अब समातिने भइयो र पोल खुल्ने भो भनेर त्यो हङकङको लाहुरे हुँ भन्नेको त सातोपुत्लो उडेछ । यसरी जेलमा जाकिने भएँ भनेर सबैको आँखा छली त्यहाँबाट सुइँकुच्चा ठोकेछ । धन्न ! सामाजिक संस्थाका दिदीबहिनीले बचाएर घर फर्काएछन् र पो, नत्र ... (लामो सास फेर्छन्) ।

लौ हेर त, १२ पो बजिसकेछ ! (घडी हेर्दै) अब त निदाउनुपऱ्यो । 'हुने हार दैव नटार' भन्छन् । पाँच लाख डुब्यो भनेर अब मैले त्यसैमा चिन्ता लिएर मेरो ज्यान सुकाउनुभन्दा आत्मविश्वासका ऊर्जाले ज्यान बचाउनतिर लाग्नुपर्छ । दुई वर्ष अरबको खाडीमा बसेर कमाएको धन गोलखाडीमा गयो त के गर्ने ? आफ्नै बुद्धिले गयो । मरुभूमिमा पसिना बगाएर कमाएको त्यो मेरो धन झुक्याएर लाने त्यस्ता दुष्टलाई भगवान्ले पनि सजाय त देलान नि ! हे भगवान् । (अलि ढुक्क हुँदै निदाउनका लागि आँखा चिम्म गर्छन्) खै भगवान्ले पनि के गर्नु र आफ्नै बुद्धि बिग्रेपछि । (दाहिनेतिर कोल्टो फर्केर हातका पन्जालाई टाउकाको सिरानी बनाएर सुत्छन्) । अँ, अस्ति एउटा समाचार पढेको थिएँ । साइबर अपराधका बारेमा लेखेको थियो । 'कोही जानी नजानी यस्तो संसारमा पसेका छन्, फसेका छन्, त्यसबाट उम्किने उपाय खोज्छन् र त्यस्तामा अरू पनि कोही नफसोस् भन्ने चाहन्छन् भने नेपाल प्रहरीको साइबर अपराध शाखामा तुरुन्त सम्पर्क गर्नू' भनी त्यसमा पनि लेखेको थियो । (अलि आश्वस्त हुँदै) म त फसेँ फसेँ, मेरो पैसा त डुब्यो डुब्यो ! अब अरू कोही पनि नफसुन् र नडुबुन् भन्नका लागि अब साइबर अपराध शाखामा जान्छु ।

(पढेका कुरा सम्झदै) साइबर अपराधको सिकारबाट जोगिन, आफ्नो कम्प्युटर, ल्यापटप र मोबाइलमा चलाइने सामाजिक सञ्जाललगायतका पासवर्ड कसैलाई दिनुहुँदैन । समय समयमा पासवर्ड परिवर्तन गरिरहनुपर्छ । अपरिचित व्यक्ति वा संस्थाबाट आएका इमेल खोल्नुहुँदैन । इमेलमा काम गरिसकेपछि साइन आउट वा लग आउट गर्नुपर्छ । इमेल तथा सामाजिक सञ्जालमा आउन सक्ने आकर्षक उपहार वा चिट्ठाको भ्रममा पर्नुहुँदैन । यस्ता इमेल तथा म्यासेजमाथि शङ्का लागेमा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गर्नुपर्छ । (आफू लुटिएको कुरा फेरि सम्झन्छन्) अँ साच्ची मैले पुलिसलाई फोन गरेको भए त म यसरी फस्ने नै थिइन नि ! के गर्नु ? कुनै पनि मेल वा म्यासेन्जरमा लिङ्क आएमा पहिला लिङ्क सही हो वा होइन पत्ता लगाएर मात्र लिङ्कमा क्लिक गर्ने गर्नुपर्छ । त्यसै गरी गैरकानुनी रूपमा अरूको वाइफाई प्रयोग नगर्ने, मोबाइल हराएमा नजिकको दूरसञ्चार सेवा प्रदायकलाई जानकारी गराई आफ्नो सिम ब्लक गराउन लगाउनुपर्छ ।

प्रदायक : प्रदान गर्ने

कस्तुरीले आफ्नो नाभिमा भएको गन्ध खोज्दै जाँदा सिकारीका फेला पर्छ रे ! (आफूलाई धिक्कार्दै) म पनि फेला परेँ, पाँच लाख लुट्ने सिकारीका फेला । अब धेरै सुर्ता लिएर के गर्नु ! आऽऽ जेसुकै होस् । साइबर अपराध शाखामा जान्छु । मलाई कुन नम्बरबाट त्यस्तो म्यासेज आयो सबै बताउँछु, सके पैसा भेटाइदेला नत्र त्यो बदमासलाई पक्रन सक्यो भने पनि म जस्ता अरू त नफस्लान् नि ! (घडी हेर्छन्) ओहो ! एक पो बजिसकेछ । अब बिहानै साइबर ब्युरोमा फोन गर्छु । साइबर अपराधमा कसरी फसिँदोरहेछ, त्यसमा नफस्न के के गर्नुपर्दोरहेछ सबै सिक्छु र सामाजिक चेतना जगाउने काममा पनि लाग्छु । (फेरि पानी पिएर आफूले आफूलाई आश्वस्त पार्दै) मेरो जीवनमा र काकाकी छोरीका जीवनमा परे जस्तै घटना कति मान्छेले भोग्नुपरेको होला ! कति घटना गुपचुप होलान् । (अलिक विश्वस्त हुँदै) समाजमा यस्तो तनाव कसैले पनि बेहोर्नु नपरोस् र कोही पनि यसरी अनाहकमा फस्नु नपरोस् । अब साइबर अपराधीको सातो उडाउनुपर्छ, तिनलाई पक्राउनुपर्छ किनकि अब कसैको जीवनमा कहिल्यै यस्ता घटना नघटुन् । कसैलाई पनि कहिल्यै यस्तो नहोस् । (सोच्दै ओछ्यानमा पल्टन्छन् र भुसुक्क निदाउँछन् ।)

अनाहक : बिनसित्ति, बिनाकाममा

## *शब्दभण्डार*

१. **दिइएका शब्द र तिनका अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| सङ्कट | होस |
| विलाप | सिलौटामा मसला आदि पिँध्न प्रयोग गरिने फलाम वा ढुङ्गाको लाम्चो वा गोलो उपकरण |
| लोहोरो | सन्देह |
| शङ्का | बेपत्ता |
| अपरिचित | बिलौना |
| सातो | आपत्विपत् |
| | चिनजान नभएको |
| | सावधानी |

२. **दिइएको अनुच्छेदबाट तीन तीनओटा लघुतावाची र समूहवाची शब्द पहिचान गर्नुहोस् :**

कमिलाको ताँती मौरीको घारमा पसेको देखेर कागको बथान कराउँदै आयो । काग कराउँदा कागका मुखमा रहेको भातको सितो खस्यो । बाँदर केराको कोसो मुखमा च्यापेर रुखमा चढ्यो। बाँदर चढेको देखेर कागको बथान उड्यो। बाँदर त्यहाँबाट कुदेर बाँसघारीतिर गयो । रुखबाट उडेको तिर्खाएको कागले पानीको थोपो पनि खान पाएन । कमिलाले भने चिनीका दानाभन्दा महका थोपा मिठो मानी खाए ।

३. **पाँच पाँचओटा लघुतावाची र समूहवाची शब्द पर्ने गरी अनुच्छेद लेख्नुहोस् ।**

४. **दिइएका पद, पदावलीलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

हरे !, सञ्जाल, विवरण, सुइँकुच्चा ठोक्नु, हुने हार दैव नटार, लोभले लाभ लाभले विलाप

## *बोध र अभिव्यक्ति*

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

झल्यास्स, गज्जब, शत्रु, खुरुखुरु, बुद्धि, अत्तोपत्तो, पन्जा, दूरसञ्चार, आश्वस्त

२. **‘यस्तो कहिल्यै नहोस्’ मनोवाद हाउभाउसहित सस्वरवाचन गर्नुहोस् ।**

३. **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) ‘यस्तो कहिल्यै नहोस्’ मनोवाद कुन पात्रको घटनासँग सम्बन्धित छ ?

(ख) मनोवादमा ‘नगद पुरस्कारसहित बधाई दिएको सन्देश’ भन्दा अगाडि र पछाडि कुन कुन प्रसङ्ग आएका छन् ?

(ग) पत्रिका मनमनै पढेको वर्णन मनोवादको कुन अनुच्छेदमा छ ?

(घ) मनोवादमा कुन पुरुषीय कथनशैली उपयोग गरिएको छ ?

४. **दिइएको मनोवादको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

लौ हेर त, १२ पो बजिसकेछ ! (घडी हेर्दै) अब त निदाउनुपऱ्यो । ‘हुने हार दैव नटार’ भन्छन् । पाँच लाख डुब्यो भनेर अब मैले त्यसैमा चिन्ता लिएर मेरो ज्यान सुकाउनुभन्दा आत्मविश्वासका ऊर्जाले ज्यान बचाउनतिर लाग्नुपर्छ । दुई वर्ष अरबको खाडीमा बसेर कमाएको धन गोलखाडीमा गयो त के गर्ने ? आफ्नै बुद्धिले गयो । मरुभूमिमा पसिना बगाएर कमाएको त्यो मेरो धन झुक्याएर लाने त्यस्ता दुष्टलाई भगवान्ले पनि सजाय त देलान नि ! हे भगवान् । (अलि ढुक्क हुँदै निदाउनका लागि आँखा चिम्म गर्छन्) खै भगवान्ले पनि के गर्नु र आफ्नै बुद्धि बिग्रेपछि । (दाहिनेतिर कोल्टो फर्केर हातका पन्जालाई टाउकाको सिरानी बनाएर सुत्छन्) । अँ, अस्ति एउटा समाचार पढेको थिएँ । साइबर अपराधका बारेमा लेखेको थियो । ‘कोही जानी नजानी यस्तो संसारमा पसेका छन्, फसेका छन्, त्यसबाट उम्किने उपाय खोज्छन् र त्यस्तामा अरू पनि कोही नफसोस् भन्ने चाहन्छन् भने नेपाल प्रहरीको साइबर अपराध शाखामा तुरुन्त सम्पर्क गर्नू’ भनी त्यसमा पनि लेखेको थियो । (अलि आश्वस्त हुँदै) म त फसेँ फसेँ, मेरो पैसा त डुब्यो डुब्यो ! अब अरू कोही पनि नफसुन् र नडुबुन् भन्नका लागि अब साइबर अपराध शाखामा जान्छु ।

**प्रश्नहरू**

(क) **मनोवादको अंशमा पात्र निदाउन नसक्नुको कारण के हो ?**

(ख) **पात्रले कहाँ गएर धन कमाएको थियो ?**

(ग) **पात्रले समाचारमा के कुरा पढेको थियो ?**

(घ) पात्रले समाचारमा पढेका कुरा व्यवहारमा उतार्न नसक्दा कस्ता समस्या भोग्नुपर्‍यो, लेख्नुहोस् ।

५. 'यस्तो कहिल्यै नहोस्' मनोवादका पात्रले मनमा खेलाएका मुख्य मुख्य घटना टिपोट गर्नुहोस् ।

६. 'यस्तो कहिल्यै नहोस्' मनोवादबाट कस्तो सन्देश पाइन्छ, लेख्नुहोस् ।

७. मनोवादमा उल्लेख भएको साइबर अपराधको प्रसङ्ग पढेपछि तपाईँले कस्तो महसुस गर्नुभयो, उल्लेख गर्नुहोस् ।

८. दिइएका शीर्षकमा छोटो मनोवाद लेख्नुहोस् :

(क) नतिजा प्रकाशनको अगिल्लो दिन

(ख) पुरस्कृत हुँदाको क्षण

९. दिइएको विज्ञापनको नमुना पढ्नुहोस् र तपाईँको विद्यालयले प्रकाशन गरेको बालसाहित्य पत्रिकाका लागि विज्ञापन तयार गर्नुहोस् :

**कम्प्युटर तालिमको सुवर्ण अवसर**


विगत पाँच वर्षदेखि कम्पुटर तालिम दिँदै आएको यस 'जनहित कम्प्युटर तालिम केन्द्र' मा विशेष छुटका साथ कम्प्युटरसम्बन्धी विभिन्न तालिममा भर्नाका लागि आह्वान गरिन्छ ।

| | | | |
|---|---|---|---|
| (क) | कम्प्युटर आधारभूत पाठ्यवस्तु (बेसिक कोर्स) | तीन महिने | शुल्क रु. ३००० |
| (ख) | कम्प्युटर एक्सेल | पूरा कोर्स | शुल्क रु. ३००० |
| (ग) | कम्प्युटर माथिल्लो पाठ्यवस्तु (एडभान्स कोर्स) | तीन महिने | शुल्क रु. ४००० |

पुनश्च: सुरुमा भर्ना हुने ३० विद्यार्थीका लागि ४० प्रतिशत छुट दिइने छ ।

स्थान : जनहित कम्प्युटर तालिम केन्द्र, कलैया उपनगरपालिका ५, बारा
भर्ना समय : २०७९ वैशाख २० देखि जेठ ५ गतेसम्म
तालिम : २०७९ जेठ १० गते

१०. **दिइएको बैङ्क भौचरको नमुना पढ्नुहोस् र भौचर भर्ने अभ्यास गर्नुहोस् :**




११. **दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

प्रविधिको प्रयोगले सिकाइ प्रणालीलाई सरल, प्रायोगिक, मनोरञ्जक र चिरस्थायी बनाउँछ । विद्यालयको कक्षाकोठाको चौघेराले वा एक दिनमा हुने प्रतिविषय एक घण्टाको पढाइले मात्रै विद्यार्थीमा सिकाइको भोक, तिर्खा र तलतल मेट्न सक्दैन । प्रविधिले कक्षाकोठाको शिक्षण सिकाइलाई सहज र चाखलाग्दो बनाउँछ । यसले विद्यार्थीमा अनुसन्धान र खोज गरेर नयाँ नयाँ कुरा सिक्ने बानीको समेत विकास गर्छ । प्रविधिले विद्यार्थीका लागि परियोजना कार्य गर्नसमेत सहज बनाउँछ । यसका लागि विद्यार्थीले इन्टरनेट तथा अन्य क्षेत्रबाट नयाँ नयाँ विषयवस्तु खोजेर परियोजना कार्य गर्न सहयोग गर्छ । अहिले किताबकापीको ठुलो झोलाको सट्टा एउटा ल्यापटप भए पुग्ने भएको छ । केही विद्यालयमा इमेलद्वारा नै विभिन्न कार्य दिने र विद्यार्थीले पनि इमेलबाटै शिक्षकलाई बुझाउने पनि गरेका छन् । त्यसैले त आजभोलि विद्यार्थीमा प्रविधि मोह बढ्दै जान थालेको छ । कम्प्युटर, ल्यापटप र मोबाइल उनीहरूका अनिवार्य आवश्यकता बन्दै गइरहेका छन् । त्यही प्रविधिलाई नै पढाइसँग जोडिदिँदा विद्यार्थीको पढाइ नै रुचिपूर्ण र खोजमूलक बन्दै जान थालेको छ । यसैलाई मध्यनजर गर्दै पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तकका एप्स र पाठ्यपुस्तकका पिडिएफ लिङ्क सार्वजनिक गरेको

छ । विद्यार्थीको एउटा मोबाइलमा नै सम्पूर्ण विषयका पाठ्यपुस्तक अट्ने भएका छन् । मन लागेका वेला उनीहरूले मोबाइल र ल्यापटपमा कुनै पनि विषयका पुस्तक पढ्न सक्ने भएका छन् । यसले हाम्रो सिकाइ प्रणालीलाई प्रविधिमैत्री बनाउँदै लगेको छ ।

**(क) प्रश्नहरू**

(अ) प्रविधिको प्रयोगले सिकाइमा कस्तो सुविधा पुऱ्याएको छ ?

(आ) तपाईंले सिकाइका लागि कुन कुन एप्स प्रयोग गर्नुभएको छ, नाम लेख्नुहोस् ।

(इ) विद्यार्थीमा प्रविधिप्रति मोह बढ्नुको कारण के हो ?

(ई) विद्यार्थीलाई परियोजना कार्य गर्न प्रविधिले कसरी सहयोग गर्छ ?

**(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :**

(अ) अनुच्छेदबाट दुईओटा समस्त शब्द खोजी तिनको विग्रह गर्नुहोस् ।

(आ) 'ठुलो' र 'पढाइ' शब्दलाई द्वित्व प्रक्रियाबाट नयाँ शब्द बनाउनुहोस् ।

(इ) अनुच्छेदबाट सुरु र बिचमा दीर्घ ऊकार प्रयोग भएका एक एकओटा शब्द टिप्नुहोस्।

**१२. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

निकिता प्रवचन भइरहेका ठाउँमा पुगिन् । त्यहाँ एक जना सन्त विद्वान् प्रवचन दिइरहेका थिए । उनी भन्दै थिए, "अहिलेको भूमण्डलीकरणले यो संसारलाई एउटै गाउँ बनाएको छ । यो भूमण्डलीकरणको प्रभावमा परेर बालबालिकाले आफ्नो संस्कार र संस्कृति भुसुक्कै भुल्ने हुन् कि भन्ने भय छ ! त्यसैले सबै अभिभावकले आआफ्ना बालबालिकाप्रति सचेततासाथ विशेष ध्यान दिनुपर्छ । हामीले जन्मदिनमा आफ्नो संस्कारअनुरूपका कर्म गर्न बालबालिकालाई उत्प्रेरित गर्नुपर्छ । बालबालिका काँचो माटो जस्तै हुन्, जस्तो आकार दिन सक्यो त्यस्तै बन्छन् । त्यसैले उनीहरूलाई अभिभावकले जस्तो वातावरण प्रदान गऱ्यो त्यस्तै बन्छन् ।" विद्वान्को प्रवचनबाट आफ्नो संस्कार र संस्कृति भुल्नुहुँदैन भन्ने अनुभूति निकितालाई भयो ।

**माथिको अनुच्छेदमा विद्वान्को प्रवचनबाट आफ्नो संस्कार र संस्कृति भुल्नुहुँदैन भन्ने कुराको अनुभूति निकितालाई भए जस्तै तपाईँ पनि कुनै विषयमा कसैको प्रवचनबाट प्रभावित भएको अनुभूति कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## *सुनाइ र बोलाइ*

१. **सुनाइ पाठ ४ सुन्नुहोस् र दिइएका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) एक दिन उनले पातालबाट आगो चोरी पृथ्वीमा ल्याए अनि मान्छेलाई दिए ।

(ख) उज्यालाको ज्ञान विज्ञानको विकास गरी मान्छे देवताभन्दा शक्तिशाली भए ।

(ग) अन्धकारमा सबै मान्छे बाँच्न सफल भए ।

(घ) आगाले उज्यालो मात्र दिँदो रहेनछ, पोल्दो पनि रहेछ ।

२. **सुनाइ पाठ ४ का आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) स्वर्गबाट आगो चोरी कसले ल्यायो ?

(ख) प्रमिथसलाई अजम्बरी पीडाको सजाय किन दिइयो ?

(ग) ओडारतिर भाग्ने को हुन् ?

(घ) यो सुनाइ पाठको सन्देश के हो ?

## *भाषिक संरचना र वर्णविन्यास*

१. **दिइएको अनुच्छेदबाट तीनओटा समस्त शब्द र तीनओटा विग्रह पदावली पहिचान गरी लेख्नुहोस् :**

शुकमानले घरपरिवारको ऋण तिर्न दिनरात नभनी खाडीमा गएर पैसा कमायो । महाठगका फेला परेर आज ऊ रुनु न हाँस्नु भएको छ । ऊ घरको जेठोबाठो थियो । ऊ गाउँका निमुखालाई आपत् र विपत् पर्दा सहयोग पनि गर्थ्यो । तर के गर्नु ! गृहकी लक्ष्मीले समेत के भन्लिन् भन्ने पिरले ऊ आजभोलि इन्तु न चिन्तु भएर बसेको छ ।

२. **'यस्तो कहिल्यै नहोस्' मनोवादबाट पाँचओटा समस्त शब्द पहिचान गरी तिनको विग्रह गर्नुहोस् ।**

३. **दिइएका समस्त शब्दको विग्रह गर्नुहोस् :**

प्रतिदिन, भरपेट, पकेटमार, कलाप्रवीण, चरणकमल, जेठोबाठो, त्रिभुज, नवरत्न, राधाकृष्ण, लाम्खुट्टे, सप्तर्षि

४. **दिइएका द्वित्व शब्दलाई द्वित्व हुने तरिकाका आधारमा अलग अलग सूची बनाउनुहोस् :**

आआफ्नो, घर घर, वनैवन, भातसात, जो जो, कालो कालो, आलोपालो, नुनसुन, लुगासुगा, आनीबानी, ऐँचोपैँचो, ठुल्ठुलो, काटकुट, कुटकाट, पिठोसिठो, निलो निलो

५. **दिइएको अनुच्छेदबाट दुई दुईओटा समस्त र द्वित्व शब्द पहिचान गरी निर्माण प्रक्रिया देखाउनुहोस् :**

म आज भातसात केही खान्न भन्दै डाँडाघरे सान्कान्छा माघेसङ्क्रान्तिमा नुहाउन भनी गण्डकीतिर हिँडे । छोराले तिनलाई बाटामा भेट्यो र भन्यो "बा ! कापीसापी किनेको पैसा पसलमा तिर्नु छ, के गरौँ ?" उनले छोरालाई भने, "जाऊ बाबु, आजलाई सरसापट गरेर काम चलाऊ । भोलिपर्सितिर म आएर तिर्छु ।"

६. **दिइएको अनुच्छेदबाट शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ऊकार प्रयोग भएका शब्द पहिचान गर्नुहोस् :**

पूर्णबहादुर ऊष्ण ठाउँमा बस्दा रहेछन् । उनले त्यहाँ मयूर पनि पालेका रहेछन् । उनका एक बधू, एक पुत्र र एक पुत्री रहेछन् । पुत्रीले नेपालमा भएका फलफूलको विषयमा विद्यावारिधि गरिछन् । हिजो उनी राष्ट्रपतिबाट मानपदवी र विभूषण प्रदान गर्ने कार्यक्रममा 'नेपाल विद्याभूषण' बाट सम्मानित भइछन् ।

७. **शब्दकोशको सहायताले शब्दको सुरु, बिच र अन्तिममा दीर्घ ऊकार प्रयोग भएका पाँच पाँचओटा शब्द लेख्नुहोस् र साथीसँग छलफल गर्नुहोस् ।**

## *सिर्जना र परियोजना कार्य*

१. **दुई जना साथीबिच पढाइका बारेमा भएको संवाद लेख्नुहोस् ।**

२. **शिक्षकको सहयोगमा रजिस्ट्रेसन फाराम भरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।**

# लक्ष्मीप्रसाद देवकोटा




विराट् प्रतिभाशाली र महान् कवि लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यमा अतुलनीय योगदान दिने चिरस्मरणीय स्रष्टा हुन् । नेपालको प्रकृति, नेपाली धर्ती, नेपाली संस्कृति र नेपाली भाषा साहित्यलाई मुटुदेखि नै माया गर्दै साहित्य सिर्जना गर्ने देवकोटा नेपाली साहित्यका युगपुरुष हुन् । शिक्षित र पठित परिवारमा जन्मेका, जीवनमा दुःख र सुखका अनेकौँ उकाली र ओराली भोगेका देवकोटाले किशोरावस्थादेखि नै स्तरीय कृति रचना गरे । बिजुली वेगमा अनवरत साहित्य रचना गर्ने देवकोटाले सङ्ख्यात्मक र गुणात्मक रूपले सर्वाधिक कृति रचना गरेर नेपाली साहित्यलाई समृद्ध तुल्याएका छन् । नेपाली साहित्यका शिखरपुरुष लक्ष्मीप्रसाद देवकोटाको जन्म वि.सं. १९६६ कार्तिक २७ गते भएको हो । त्यस दिन लक्ष्मीपूजाको दिन परेकाले घर घरमा दीपावलीको उमङ्ग छाएको थियो । हरेक घरमा धनसम्पत्तिकी अधिष्ठात्री महालक्ष्मीको भव्य पूजा, आराधना भइरहेको हर्षद् अवसर थियो । डिल्लीबजार धोबीधाराको तिलमाधव देवकोटाकहाँ सबैका घरमा झैँ दीपावलीको उज्यालो मुस्कुराइरहेको थियो । त्यही घरभित्र तिलमाधवकी धर्मपत्नी अमरराज्यलक्ष्मी देवीको कोखबाट सन्तानको जन्म भएको थियो । नवजात शिशुको जन्म नक्षत्रअनुसारको नाम तीर्थमाधव भए तापनि महालक्ष्मीको पूजाका

चिरस्मरणीय : पछिसम्म सम्झनयोग्य
युगपुरुष : युगनायक
अनवरत : निरन्तर, लगातार
समृद्ध : उन्नतिशील, उन्नत
अधिष्ठात्री : देवतामध्ये सबैभन्दा बढी मानिएकी देवी
हर्षद् : खुसियालीको क्षण

दिन लक्ष्मीको प्रसादस्वरूप प्राप्त भएको सुपुत्र ठानेर त्यस शिशुको नाम लक्ष्मीप्रसाद राखियो । लक्ष्मी पूजाका दिन जन्मेका देवकोटाको नाम लक्ष्मीप्रसाद राखिए पनि पछि उनी सरस्वतीका वरद पुत्र बने ।

शिक्षित परिवारमा जन्मेका र बाल्यकाल निकै स्नेहमय वातावरणमा बिताएका देवकोटा आमाबुबा, दाजु र दिदी सबैका मुटुका धुकधुकी थिए । देवकोटा स्वयम्ले आफ्नो बाल्यकालको स्मरण गर्दै 'कवि हुने धुनमा' भन्ने निबन्धमा आफू शान्त, सुशील, आज्ञाकारी र सन्तोषी स्वभावको रहेको कुरा व्यक्त गरेका छन् । पठित र शिक्षित परिवार भएकाले उनले घरबाटै पठनपाठनको राम्रो वातावरण पाए । संस्कृतका विद्वान् एवम् कवि बुबा तिलमाधव देवकोटासँग उनले घरमै संस्कृतको अध्ययन गरे । बुबाले कागज वा स्लेटमा लेखेर दिएका मन्त्र र श्लोकलाई एक पटक पढेपछि नहेरिकन दोहोऱ्याएर मुखाग्र सुनाउँथे । उनको यस्तो स्मरणशक्तिका प्रशंसक बुबा तिलमाधव उनलाई सरस्वतीका अवतार मान्थे । उनका बुबाको इच्छा उनलाई पण्डित बनाउने थियो तर आफ्ना दाजु र आमाको प्रेरणाबाट उनमा अङ्ग्रेजी पढ्ने रहर पलायो अनि ११ वर्षको उमेरमा वि.सं. १९७७ मा दरबार हाइस्कुलमा पञ्चम श्रेणी अर्थात् अहिलेको छैटौँ कक्षामा भर्ना भए । त्यही अङ्ग्रेजी भाषाप्रतिको चासो र व्यङ्ग्य समेटी पछि उनले 'हाइहाइ अङ्ग्रेजी' निबन्ध लेखेका थिए । युवा अवस्थामा देवकोटा बाल्यकालका झैँ दयालु, उदार र अति शिष्ट व्यक्तिका रूपमा चिनिन्थे । दीनदु:खी मानिसलाई भेटे भने सर्वस्व दिनसमेत पछि नपर्ने उनको हृदय अत्यन्तै कोमल थियो । मानिसले मानिसलाई दुख दिएको देख्दा वा मानिसले दुख पाएको देख्दा उनको हृदय छिया छिया हुन्थ्यो । जातपातका दृष्टिले होस् वा धनी गरिबका दृष्टिले होस् कसैलाई हेप्नुहुन्न भन्ने देवकोटा 'मानिसको सेवा नै ईश्वरको सच्चा सेवा र पावन पूजा हो' भन्ने ठान्थे ।

दरबार हाइस्कुल पढ्दादेखि नै कविता लेख्न सुरु गरेका देवकोटाले त्यसै वेला अङ्ग्रेजीमा कविता लेखेर समस्त शिक्षक र सहपाठी साथीलाई चकित पारिदिएका थिए । उनका कतिपय साथी देवकोटालाई आफ्ना दाजुलाई कविता लेख्न लगाएर आफैँले लेखे जसरी सुनाउने भनेर आरोप लगाउँथे । उनले साथीहरूकै सामुन्ने धडाधड कविता लेख्दै र सुनाउँदै आरोप लगाउनेलाई नाजबाफ पारिदिन्थे । हुन पनि हो, कसैले आलोचना गऱ्यो भने त्यसको जबाफ कुराले होइन कामले दिन सक्नुपर्छ । साथीहरूकै अगाडि १५ मिनेटमा 'दरबार स्कुल' शीर्षकको कविता रचना गरी सुनाएपछि त साथीहरू उनकै समर्थक पो

वरद : आशीर्वाद दिने, वरदाता

मुखाग्र : कण्ठ भएको, कण्ठस्थ

पावन : पवित्र पार्ने, शुद्ध गर्ने

बन्न पुगे । तिनै साथीहरूको अनुरोधमा शिक्षकले पनि त्यो कविता हेरे । कविता पढेर दङ्ग पर्दै शिक्षकले देवकोटालाई अङ्ग्रेजीमा बडेन पोइट अर्थात् 'कोपिला कवि' भनी टिप्पणी गरे । त्यसो त देवकोटाले १० वर्षको उमेरमा नै कवितायात्राको थालनी गरेका कुरा समालोचकले स्विकारेका छन् । उनले नेपाली भाषामा रचना गरेको पहिलो दुई हरफे कविता यसप्रकार छ, "घनघोर दुःखसागर संसार जान भाइ; नगरे घमन्ड कहिले मर्नू छ हामीलाई ।"

देवकोटाले किशोर र पूर्व युवावयको एउटै डुङ्गामा पारिवारिक जीवन, कलेज जीवन, अनुशिक्षण र साहित्यिक यात्रालाई निरन्तर खियाइरहे । वि.सं. १९८१ मा १५ वर्षको उमेरमा काठमाडौँको चालिसे परिवारकी मनदेवी चालिसेसँग यिनको विवाह भयो । वि.सं. १९८२ मा १६ वर्षको उमेरमा उनले म्याट्रिकुलेसन परीक्षा उत्तीर्ण गरे । जाँच दिएपछि फुर्सदका समयमा अङ्ग्रेजी स्वच्छन्दतावादी कवि वर्डस्वर्थ र सेलीका कविता रुचिपूर्वक पढ्न थाले । वि. सं. १९८३ मा उनी त्यति वेलाको त्रिचन्द्र क्याम्पसमा आइएस्सीमा भर्ना भए । पढ्दै पनि गर्नुपर्छ, कमाउँदै पनि गर्नुपर्छ भन्ने घरपरिवारको आग्रहअनुरूप उनले अनुशिक्षण सुरु गरे । यही पेसाका कारण उनी कक्षामा नियमित उपस्थित हुन पाएनन् । यस वेला उनलाई कलेज जीवन र विज्ञान शिक्षाले भन्दा सेली, वाइडन र म्याथ्यु आर्नोल्डका कविताले तान्यो । वि.सं. १९८५ मा उनले आइएस्सी परीक्षा उत्तीर्ण गरेपछि उनी त्यसभन्दा माथिल्लो कक्षामा विज्ञान नपढी अङ्ग्रेजी, अर्थशास्त्र र गणित विषय लिएर त्रिचन्द्र कलेजमै मानविकीतर्फको स्नातक तहमा भर्ना भए । उनले वि.सं. १९८७ मा बी.ए. उत्तीर्ण गरे । त्यस वेलासम्म १२ घन्टे अनुशिक्षणसँग जुधेर भए पनि केही गीत र कविता रचना गरिसकेका थिए ।

देवकोटाले जीवनमा पारिवारिक वियोगका असह्य पीडा खप्नुपर्‍यो । उनी २५ वर्षको हुँदा वि.स. १९९१ असार २४ गते उनले आमा अमर राज्यलक्ष्मीदेवीलाई गुमाउनुपर्‍यो । त्यसको एक वर्षपछि वि.स. १९९२ जेठ २५ गते बुबा तिलमाधव देवकोटाको पनि देहावसान भयो । वि.स. १९९२ मै जन्मेकी लक्ष्मीप्रसाद देवकोटाकी माहिली छोरीको जन्मेको दुई महिनामै मृत्यु भयो । यसरी देवकोटाले २५/२६ वर्षको उमेरमा बुबा, आमा र छोरी गुमाउनु पर्दा उनको हृदय कति छिया छिया भयो होला ! उनको जीवनमा आइपरेका यस्ता कहाली लाग्दा पीडाले उनलाई विह्वल बनायो तर पनि उनले साहित्य सिर्जना यात्रालाई अगि बढाइरहे । त्यस वेला उनले लेखेका रचनामा आफन्तको मृत्युबाट सिर्जित वेदनाका

समालोचक : साहित्यिक कृति वा अन्य प्रकारका रचनाको समीक्षा गर्ने व्यक्ति, टिप्पणी कर्ता

घनघोर : भयङ्कर, ज्यादै घना, डर लाग्दो

अनुशिक्षण : अतिरिक्त अध्यापन

साथै प्रकृतिको स्वच्छन्द र भावमय वर्णन पाइन्छ ।

छाँगो छङ्छङाए झैँ बिजुली वेगमा कविता लेख्ने देवकोटा नेपाली भाषा साहित्यका स्वच्छन्दतावादी साहित्यकार हुन् । उनले विभिन्न साहित्यिक विधामा कलम चलाएका छन् । उनका 'शाकुन्तल', 'सुलोचना', 'महाराणा प्रताप' 'प्रमिथस' आदि प्रसिद्ध महाकाव्य हुन् । उनले 'मुनामदन', 'कुञ्जिनी' र 'लुनी' जस्ता दर्जनौँ खण्डकाव्य लेखे । उनले 'यात्री', 'पागल', र 'प्रभुजी मलाई भैँडो बनाऊ' जस्ता सयौँ कविता लेखे । उनले कविता विधामा मात्र आफ्नो कलमलाई सीमित गरेनन् । उनले लेखेका साह्रै गहकिला निबन्ध 'लक्ष्मी निबन्ध सङ्ग्रह' 'दाडिमको रुखनेर' मा सङ्कलित छन् । उनको एउटा 'सावित्री सत्यवान्' भन्ने नाटक र 'चम्पा' उपन्याससमेत प्रकाशित छ । वास्तवमा उनले लगातार चार दशकसम्म विभिन्न विधाका दर्जनौँ साहित्यिक कृति रचना गरी नेपाली साहित्यलाई समृद्ध तुल्याए । जति वेला ताते गर्दै नेपाली साहित्य क्रमशः किशोर वयतिर चढ्दै थियो, ठिक त्यति वेला नेपाली साहित्यले उनको कलमको जादुमय स्पर्श पायो । त्यसपछि नेपाली साहित्यले विश्व साहित्यकै हाराहारीको प्रौढताको शिखर छुन पुग्यो । उनी कुरा गर्दागर्दै कविता लेख्न सक्थे । अझ भनौँ, उनी कवितैकवितामा कुराकानी गर्न सक्थे । त्यसो नहुँदो हो त तीन महिनामा 'शाकुन्तल' महाकाव्य, १० दिनभित्रका ६० घण्टामा 'सुलोचना' महाकाव्य र एकै रातमा 'कुञ्जिनी' खण्डकाव्य लेख्नु जोसुकैका लागि सम्भव हुने कुरा कहाँ थियो र ! साहित्यमा देवकोटाका लागि भने असम्भव केही थिएन । अरू कविको नजरबाट ओझेल परेको झ्याउरे छन्द अर्थात् लोकभाकालाई 'मुनामदन' मार्फत देवकोटाले नै शिखरमा पुऱ्याएका थिए । आफ्नो जीवन अवधिमा उनले कविताका क्षेत्रमा ७०० जति फुटकर कविताका साथै आधा दर्जन महाकाव्य रचना गरे । यिनै योगदानका कारण उनी नेपाली भाषा साहित्यमा सर्वोत्कृष्ट कविका रूपमा प्रख्यात छन् । प्रशस्त र गहकिला कविता, खण्डकाव्य, महाकाव्य जस्ता रचनाले गर्दा उनी महाकविका रूपमा सम्मानित छन् ।

देवकोटाको जागिरे जीवनयात्रा पनि नदी झैँ एकनासले कहिल्यै बगेन । उनको जीवनमा कहिलेकाहीँ कहाली लाग्दा दुःखैदुख निम्तिए । देवकोटा ३४ वर्षको उमेरमै वि.सं. २००० भदौ ११ गते नेपाली भाषानुवाद परिषद्मा नेपाली पुस्तक लेखकका रूपमा जागिरे भए । यो जागिरे अवधि उनको लेखन यात्राको स्वर्णकाल रह्यो । यसै समयमा नै उनले उत्कृष्ट खालका महाकाव्य र खण्डकाव्यका साथै थुप्रै कविता, गीत, बालकविता, कथा र निबन्ध रचना गरेका छन् । देवकोटाको महासागर जस्तो प्रतिभा राणाहरूको निरङ्कुशताको साँघुरो सुरुङभित्र

समृद्ध : उन्नत, धनधान्य आदिले सम्पन्न

कसरी बग्न सक्थ्यो र ? मुलुकमा जति वेला प्रजातन्त्र प्राप्तिका लागि क्रान्तिको आगो सल्कँदै थियो, त्यति वेला उनले पनि विद्रोहको बाटो समाते । उनी वि.सं. २००४ मा प्रजातान्त्रिक आन्दोलनमा संलग्न भए । उनी घरपरिवार कसैलाई थाहा नदिई बनारसतर्फ प्रवासिए । त्यहाँबाट निस्किने 'युगवाणी' पत्रिकामार्फत निरङ्कुशता विरुद्ध युगले चाहेको विद्रोहको वाणी फुके । त्यहाँ उनी सिकिस्त बिरामी परे । शारीरिक अवस्था झन् झन् बिग्रँदा बोल्न पनि नसक्ने अवस्थामा पुगे । असक्त भई प्राणै जोगाउन मुस्किल परेपछि उनले विदेशमा बसेर मर्नुभन्दा आफ्नै देशमा बसेर सक्दो सेवा गर्ने विचार लिए र काठमाडौँ आए । उनी त्रिचन्द्र कलेजका प्राध्यापक पनि भए । उनी २०१३ सालमा डा. के.आई. सिंहको मन्त्रिमण्डलमा शिक्षामन्त्री बने । यसरी उनले नेपालको उच्चपदस्थ शिक्षामन्त्री जस्तो गहन जिम्मेवारी वहन गरेका थिए । उनी नेपाल एकेडेमीको प्राज्ञ र त्रिभुवन विश्वविद्यालयको कमिसन सदस्य पनि बने । पदको शिखरमा पुग्दा होस् वा पदमा नरहँदा होस् उनको साहित्यकार व्यक्तित्व कहिल्यै मुर्झाएन, जहिलेसुकै फक्रिरह्यो, फुलिरह्यो । कविता, गीत, निबन्ध, नाटक, उपन्यासलगायत थुप्रै रचनाका फूल उनको सिर्जनाको बारीमा निरन्तर फुलिरहे ।

देवकोटाको साहित्यिक यात्रा विचार र सिर्जनात्मक प्रवृत्तिका दृष्टिले पनि आरोह अवरोहपूर्ण रह्यो । सुरुमा संसारलाई घनघोर दुःखसागर ठान्ने देवकोटाले मानव सेवालाई धर्म र कर्मलाई ईश्वरको पूजा ठान्दै 'भिखारी' कवितामा मानवतावाद र कर्मवादको शङ्खनाद गरे । त्यस्तै 'जरुर साथी म पागल' भन्ने 'पागल' कविताका देवकोटा 'प्रभुजी मलाई भेडो बनाऊ' भन्ने कवितामा विद्रोही कविका रूपमा देखिन्छन् । खहरे झैँ गडगडाएर स्वच्छन्द बगेका 'शाकुन्तल' का देवकोटा प्रेम, मानवता र उदारता प्रकट गर्ने 'मुनामदन' का देवकोटाको भव्य र उदात्त रूप नेपाली साहित्यमा परिचित छ । कुनै वेला उनले 'उद्देश्य के लिनु ? उडी छुनु चन्द्र एक' कविता लेख्दा धेरैले उनलाई तरङ्गी र लहडी भने तर त्यो लहड नभई दूरदर्शिता थियो । जुन कुरा उनी दिवङ्गत हुनुभन्दा केही समयअगि रुसको रकेट चन्द्रलोक पुगेपछि प्रमाणित भयो । देवकोटाले जीवनभोगाइका क्रममा जे देखे, जे भोगे र जे अनुभूत गरे त्यसलाई आफ्ना कृतिमा उतारेको देखिन्छ । जीवन भोगाइका क्रममा देखेभोगेका यावत् विषयवस्तुलाई विभिन्न सिर्जनामार्फत प्रस्तुत गर्नु नै उनको सिर्जना यात्रामा देखापरेको विविधता हो ।

देवकोटाले जे लेखे र जुन जुन जिम्मेवारी पाए, प्रायः ती सबैमा उनले राष्ट्रको हितमा काम गरेर आफ्नो अब्बलता प्रदर्शन गरे । देवकोटा आफूले हात हालेका हरेक क्षेत्रमा

शङ्खनाद : झङ्कारका साथ उच्चरित ध्वनि

उदात्त : उदार, महान, फुक्का मनको

एक असल व्यक्तित्वका रूपमा चिनिए । उनका चेला आज पनि उनी जस्तो शिक्षक र प्राध्यापकसँग तुलनीय व्यक्ति भेट्न नसकेको कुरा गर्छन् । शिक्षामन्त्री हुँदा नेपाली भाषालाई पठनपाठनमा अनिवार्य विषयका रूपमा लागु गर्ने गराउने कार्यमा उनैको विशेष पहलकदमी रह्यो । तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको स्थापनामा सक्रिय संलग्न भएर संस्थागत रूपमा साहित्य र संस्कृतिको विकासको ढोका खोल्ने कार्यमा उनको योगदान चिरस्मरणीय रहेकै छ । त्रिभुवन विश्वविद्यालय कहाँ रहने भन्ने स्थान चयन पनि उनीबाटै भयो । उनी एक यस्ता मोती हुन् जसले जुन क्षेत्रलाई स्पर्श गरे त्यस क्षेत्रलाई झन् झन् चम्काइदिए ।

देवकोटालाई विभिन्न समयमा देशविदेश घुम्ने अवसर मिल्यो । उनले पाएको त्यो अवसर सिङ्गो नेपाल, नेपाली जनता र नेपाली साहित्यको गौरव वृद्धिको अवसर बन्यो । उनी जहाँ जहाँ पुग्थे त्यहाँ त्यहाँ ओजस्वी भाषणद्वारा सबैलाई मन्त्रमुग्ध पार्थे । आफ्नै रचना तत्काल अङ्ग्रेजीमा अनुवाद गरी सुनाएर सबैलाई मन्त्रमुग्ध पार्ने क्षमताको प्रयोग पनि उनी गर्थे । यसरी उनले विश्व समुदायमा नेपाली जाति र भाषाको शिर उच्च पारेका थिए । वि.सं. २०१५ मा तत्कालीन सोभियत सङ्घमा भएको 'अफ्रो एसियाली लेखक सम्मेलन' मा भाग लिन उनलाई निम्ता आयो । त्यस सम्मेलनमा उनले नेपाली भाषा साहित्यलाई विश्वसामु प्रभावकारी ढङ्गले चिनाए । भनिन्छ, शारीरिक अस्वस्थताका कारण त्यस समारोहमा भाषण गर्नुअगि देवकोटालाई चिकित्सकको सल्लाहले रगत पनि चढाइएको थियो । उनले त्यहाँ भाषणको अन्त्यमा नेपाली साहित्य विश्व साहित्यसँगै हातेमालो गरेर अगि बढ्ने छ भन्ने कुरा सहभागीको हृदय हल्लाउने गरी सारगर्भित पाराले यसरी व्यक्त गरेका छन्, "हिउँको माझमा जन्मेको हाम्रो साहित्य कहिल्यै पनि एउटै पर्वतशृङ्खलाको भुलभुलैयामा बिलाउने छैन । हाम्रो साहित्य पनि एउटै प्रवाहमा सम्मिलित भएर एसिया तथा अफ्रिकालाई परिवेष्टित गर्ने साहित्यको असीम महासागरमा मिल्न पुग्ने छ । यस महासागरद्वारा सिञ्चित त्यो साहित्य पहिलेभन्दा अझ बढी सुन्दर र सम्पन्न बनेर जलबिन्दुका रूपमा फेरि हाम्रा पहाडमा नै बर्सने छ ।"

करिब तीन दशकसम्म नेपाली भाषा र साहित्यको सेवा गरेका देवकोटालाई क्यान्सर रोगले अचानक हमला गर्‍यो । एकातिर क्यान्सरको सहनै नसकिने पीडा र अर्कातिर उपचारको

पहलकदमी : अग्रसरता
चिरस्मरणीय : लामो समयसम्म सम्झन योग्य
ओजस्वी : ओज भएको, प्रभावशाली
मन्त्रमुग्ध : मोहित पारिएको
परिवेष्टित : चारैतिरबाट घेरिएको
जलबिन्दु : पानीको थोपा

आर्थिक सङ्कटले देवकोटालाई प्रताडित गऱ्यो । उनी लक्ष्मीपूजाका दिन जन्मे पनि जीवनभर उनलाई लक्ष्मीले भन्दा सरस्वतीले धेरै माया गरिन् । केही पैसा सरसापट गरेर उनी २०१६ वैशाख २२ गते त्यति वेलाको शान्तभवन अस्पतालमा भर्ना भए । उनलाई थप उपचारका लागि कलकत्ता लानुपर्ने भयो । उनलाई वि.सं. २०१६ असार ६ मा उपचारका लागि कलकत्ता लगियो । कलकत्तामा २४ दिन बस्दा पनि उनलाई निको नहुने भए पछि काठमाडौँ फर्काइयो । समुद्रपारिका देशमा उपचार गर्ने खर्च उनीसँग थिएन । उनलाई असह्य पीडा भएपछि पुन २०१६ भदौ ५ गते शान्तभवन अस्पतालमा भर्ना गरियो । उनले पीडा नै पीडाका बिच त्यही अस्पतालमा भदौ ८ गते 'प्रलय वेदना' कविता रचे । सोही महिनाको १६ गते मोती जयन्तीका दिन 'सङ्कल्प हाम्रो फलोस्' कविता रचे । त्यही महिनाको भदौ १७ गते देवकोटालाई आफ्ना कृतिको मूल्यबारे सोध्दा अरू रचनाभन्दा 'मुनामदन' लाई सबैभन्दा उत्कृष्ट रचना माने । मृत्युशैयामा छटपटाउँदा पनि उनले साहित्य सिर्जना गर्न छोडेनन् । चिकित्सकले समेत उनको जीवनको आस मारेको थाहा पाएपछि देवकोटाकै इच्छाबमोजिम उनलाई आर्यघाट लगियो । उनी वि.सं. २०१६ साल भदौ २९ मा यो संसारबाट सदाका लागि बिदा भए ।

देवकोटाको कवित्व प्रतिभा, कविताको गुणात्मक मूल्य र सङ्ख्यात्मक योगदान आज पनि अद्वितीय रहेको छ । नेपाली कविताको अहिलेसम्मको यात्रामा प्रतिभा, रचना परिमाण र उत्कृष्ट गुणस्तरका दृष्टिले देवकोटा सर्वोच्च कवि मानिएका छन् । देवकोटाको देहावसानपछि वि.सं. २०२३ मा नेपाल प्रज्ञा प्रतिष्ठानले देवकोटालाई मरणोपरान्त 'त्रिभुवन पुरस्कार' प्रदान गरी सम्मानित गऱ्यो । वि.सं. २०६५ मा त्रिमूर्ति निकेतनको संयोजनमा नेपाल सरकारले 'देवकोटा जन्म शताब्दी' भव्य रूपमा आयोजना गऱ्यो । काठमाडौँको मैतीदेवी स्थित देवकोटाको निवासलाई नेपाल सरकारले देवकोटा सङ्ग्रहालय बनाएर वि.सं. २०७९ असोज १४ देखि कार्यान्वयनमा ल्याइसकेको छ । देवकोटाका कृति र उनको कृतित्व विषयमा दर्जनौँ विद्यावारिधि अनुसन्धान भइसकेका छन् । महान् कवि एवम् विलक्षण प्रतिभाशाली देवकोटाले जनस्तरबाटै महाकविको पदवी पाए । उनको पार्थिव शरीर यस धर्तीमा नरहे पनि उनी आफ्ना अमूल्य कृतिमा अनवरत बाँचेका छन् र अमर बनेका छन् ।

अनवरत : निरन्तर

## शब्दभण्डार

१. **दिइएका शब्द र तिनका अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| युगपुरुष | हालको एसइई सरहको परीक्षा |
| नक्षत्र | चारैतिरबाट घेरिएको |
| जीवन | मान, सम्मान प्राप्त |
| धडाधड | कुनै निश्चित समयसीमाभित्र महान् व्यक्तित्व स्थापित गर्न सफल व्यक्ति |
| म्याट्रिकुलेसन | चाँडो चाँडो काम सिद्ध्याउने गरी, सरासर, धमाधम |
| प्रज्वलित | हार्दिकतापूर्वक गरिएको सहयोग |
| परिवेष्टित | ज्योतिष शास्त्रअनुसार मानिसका असल खराब अवस्थाका स्थापक |
| | शरीरमा प्राण रहेसम्मको अवस्था |
| | एकदम बलेको, दन्केको |

२. **अनुच्छेदमा रेखाङ्कन गरिएका सङ्क्षिप्त शब्दका पूरा रूप लेखी पुनर्लेखन गर्नुहोस् :**

रासस का पत्रकार मोहन प्रम को अन्तर्वार्ता लिएर घर गए । उनकी श्रीमती रमा जनता मावि मा प्रअ थिइन् । विव्यस को बैठक सकेर निस्कँदा उनलाई ढिलो भएछ । बाटामा त्रिवि का उपप्रा दावासँग र प्रजिअ रमेशसँग रमाको भेट भएछ । उनीहरू एकछिन कुराकानी गरेर आआफ्ना घरतिर लागेछन् । रमा घर पुग्दा पत्रकार मोहन गोप मा प्रकाशित समाचार पढेर बसेका रहेछन् ।

३. **दिइएको अनुच्छेदबाट कुनै तीनओटा सिङ्गो शब्द पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

देवकोटाले जे लेखे र जुन जुन जिम्मेवारी पाए, प्रायः ती सबैमा उनले राष्ट्रको हितमा काम

गरेर आफ्नो अब्बलता प्रदर्शन गरे। देवकोटा आफूले हात हालेका हरेक क्षेत्रमा एक असल व्यक्तित्वका रूपमा चिनिए। उनका चेला आज पनि उनी जस्तो शिक्षक र प्राध्यापकसँग तुलनीय व्यक्ति भेट्न नसकेको कुरा गर्छन् । शिक्षामन्त्री हुँदा नेपाली भाषालाई पठनपाठनमा अनिवार्य विषयका रूपमा लागु गर्ने गराउने कार्यमा उनैको विशेष पहलकदमी रह्यो । तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको स्थापनामा सक्रिय संलग्न भएर संस्थागत रूपमा साहित्य र संस्कृतिको विकासको ढोका खोल्ने कार्यमा उनको योगदान चिरस्मरणीय रहेकै छ। त्रिभुवन विश्वविद्यालय कहाँ रहने भन्ने स्थान चयन पनि उनीबाटै भयो। उनी एक यस्ता मोती हुन् जसले जुन क्षेत्रलाई स्पर्श गरे त्यस क्षेत्रलाई झन् झन् चम्काइदिए।

४. **दिइएका पद पदावलीलाई आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

पठनपाठन, देहावसान हुनु, मन्त्रमुग्ध पार्नु, स्वर्णकाल, भुलभुलैया, नवजात शिशु

## *बोध र अभिव्यक्ति*

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

मानवतावादी, वरदपुत्र, शुभचिन्तक, दूरदर्शिता, उच्च पदस्थ, स्मरणशक्ति, उद्दीप्त, सारगर्भित, शृङ्खला, प्राध्यापक, नक्षत्र, प्रताडित

२. **'लक्ष्मीप्रसाद देवकोटा' जीवनी पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) 'लक्ष्मीप्रसाद देवकोटा' जीवनीमा देवकोटाको बाल्यकालको वर्णन कुन अनुच्छेदमा गरिएको छ ?

(ख) जीवनीको अन्तिम अनुच्छेदको सार वाक्य कुन हो ?

(ग) जीवनीमा देवकोटाको जीवनका कठिन क्षणको वर्णन कुन सन्दर्भपछि आएको छ ?

(घ) देवकोटाका कृतिसम्बन्धी वर्णन जीवनीको कतिऔँ अनुच्छेदमा छ ?

४. **दिइएको अनुच्छेद मौन पठन गर्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

छाँगो छङ्छङाए झैँ बिजुली वेगमा कविता लेख्ने देवकोटा नेपाली भाषा साहित्यका स्वच्छन्दतावादी साहित्यकार हुन् । उनले विभिन्न साहित्यिक विधामा कलम

चलाएका छन्। उनका ‘शाकुन्तल’, ‘सुलोचना’, ‘महाराणा प्रताप’ ‘प्रमिथस’ आदि प्रसिद्ध महाकाव्य हुन्। उनले ‘मुनामदन’, ‘कुञ्जिनी’ र ‘लुनी’ जस्ता दर्जनौँ खण्डकाव्य लेखे। उनले ‘यात्री’, ‘पागल’, र ‘प्रभुजी मलाई भैँडो बनाऊ’ जस्ता सयौँ कविता लेखे। उनले कविता विधामा मात्र आफ्नो कलमलाई सीमित गरेनन्। उनले लेखेका साह्रै गहकिला निबन्ध ‘लक्ष्मी निबन्ध सङ्ग्रह’ ‘दाडिमको रुखनेर’ मा सङ्कलित छन्। उनको एउटा ‘सावित्री सत्यवान्’ भन्ने नाटक र ‘चम्पा’ उपन्याससमेत प्रकाशित छ। वास्तवमा उनले लगातार चार दशकसम्म विभिन्न विधाका दर्जनौँ साहित्यिक कृति रचना गरी नेपाली साहित्यलाई समृद्ध तुल्याए। जति वेला ताते गर्दै नेपाली साहित्य क्रमशः किशोर वयतिर चढ्दै थियो, ठिक त्यति वेला नेपाली साहित्यले उनको कलमको जादुमय स्पर्श पायो। त्यसपछि नेपाली साहित्यले विश्व साहित्यकै हाराहारीको प्रौढताको शिखर छुन पुग्यो। उनी कुरा गर्दागर्दै कविता लेख्न सक्थे। अझ भनौँ, उनी कवितैकवितामा कुराकानी गर्न सक्थे। त्यसो नहुँदो हो त तीन महिनामा ‘शाकुन्तल’ महाकाव्य, १० दिनभित्रका ६० घण्टामा ‘सुलोचना’ महाकाव्य र एकै रातमा ‘कुञ्जिनी’ खण्डकाव्य लेख्नु जोसुकैका लागि सम्भव हुने कुरा कहाँ थियो र ! साहित्यमा देवकोटाका लागि भने असम्भव केही थिएन। अरू कविको नजरबाट ओझेल परेको झ्याउरे छन्द अर्थात् लोकभाकालाई ‘मुनामदन’ मार्फत देवकोटाले नै शिखरमा पुऱ्याएका थिए। आफ्नो जीवन अवधिमा उनले कविताका क्षेत्रमा ७०० जति फुटकर कविताका साथै आधा दर्जन महाकाव्य रचना गरे। यिनै योगदानका कारण उनी नेपाली भाषा साहित्यमा सर्वोत्कृष्ट कविका रूपमा प्रख्यात छन्। प्रशस्त र गहकिला कविता, खण्डकाव्य, महाकाव्य जस्ता रचनाले गर्दा उनी महाकविका रूपमा सम्मानित छन्।

**प्रश्नहरू**

(क) **देवकोटाको निबन्ध सङ्ग्रहको नाम के हो ?**

(ख) **देवकोटाका प्रसिद्ध महाकाव्य कुन कुन हुन् ?**

(ग) **देवकोटाले कुन कृतिमार्फत लोकभाकालाई शिखरमा पुऱ्याए ?**

(घ) **देवकोटा किन सर्वोत्कृष्ट नेपाली साहित्यकारका रूपमा परिचित छन् ?**

५. **दिइएका घटना सन्दर्भ कुन कुन सालमा भएका हुन्, जीवनीका आधारमा लेख्नुहोस् :**

(क) लक्ष्मीप्रसाद देवकोटाको जन्म :

(ख) मनदेवी चालिसेसँग विवाह :

(ग) म्याट्रिकुलेसन परीक्षा उत्तीर्ण :

(घ) आइएस्सी परीक्षा उत्तीर्ण :

(ङ) अङ्ग्रेजी पढ्न दरबार हाइस्कुलमा भर्ना :

(च) अफ्रो एसियाली लेखक सम्मेलनमा सहभागी :

(छ) डा. के.आई. सिंहको मन्त्रिमण्डलमा शिक्षामन्त्रीमा नियुक्त :

**६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) लक्ष्मीप्रसाद देवकोटाको व्यक्तिगत जीवनमा कस्ता कस्ता उतारचढाब आए, उनको जीवनीका आधारमा लेख्नुहोस् ।

(ख) देवकोटामा रहेको देशप्रेम र क्रान्ति चेतनाको वर्णन गर्नुहोस् ।

(ग) देवकोटालाई आशुकविका रूपमा चिनाउनुहोस् ।

(घ) 'लक्ष्मीप्रसाद देवकोटा' को जीवनीबाट कस्तो सन्देश पाइन्छ, लेख्नुहोस् ।

**७. व्याख्या गर्नुहोस् :**

(क) देवकोटाको महासागर जस्तो प्रतिभा राणाहरूको निरङ्कुशताको साँघुरो सुरुङभित्र कसरी बग्न सक्थ्यो र ?

(ख) हिउँको माझमा जन्मेको हाम्रो साहित्य कहिल्यै पनि एउटै पर्वत शृङ्खलाको भुलभुलैयामा बिलाउने छैन ।

**८. लक्ष्मीप्रसाद देवकोटाको साहित्यिक योगदानको समीक्षा गर्नुहोस् ।**

**९. दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् :**

भाषाले भाषिक समुदायको संस्कृति र जीवनपद्धतिलाई प्रतिबिम्बित गर्छ । भाषाको मुख्य काम समाजको तथा व्यक्तिको आवश्यकता पूर्ति गर्नु हो । नेपाली भाषामा प्रखर अभिव्यक्ति क्षमता छ अनि अत्याधुनिक आविष्कारका साथै विविध भाषामा प्रयोग भइरहेका नयाँ नयाँ शब्दलाई आत्मसात् गर्ने र सहज रूपमा पचाउने

क्षमता पनि छ । देशको भाषिक मौलिकताको रक्षा राष्ट्रको अस्मितासँग नै गाँसिएको हुन्छ । मौलिक नेपाली शब्दले भाव सम्प्रेषण गर्न सक्ने अवस्था रहेसम्म सजिलाका लागि अरू भाषाका शब्द प्रयोग नगर्ने प्रतिबद्धता यसका वक्तामा रहनुपर्छ । अन्यथा भाषिक प्रयोगका हिसाबले नेपाली भाषाको मौलिकता विलीन हुँदै जाने र मिश्रित भाषाका रूपमा नेपाली भाषा रूपान्तरित हुने अवस्था आउन सक्छ । नेपाली पत्रकारितामा भाषिक प्रयोग नेपालको मौलिक पहिचानसँग गाँसिएको सवाल हो । यसका निम्ति भाषिक आत्मनिर्भरतातिर पनि हाम्रो सोच र प्रयास अगाडि बढ्नुपर्छ ।

१०. **व्यक्तिवृत्तको ढाँचाबारे दिइएको अनुच्छेद अध्ययन गर्नुहोस् र माध्यमिक तहमा शिक्षक हुनाका लागि आवश्यक हुने विवरण समावेश गरी व्यक्तिवृत्त बनाउनुहोस् :**

व्यक्तिवृत्तमा व्यक्तिका वैयक्तिक जानकारी प्रस्तुत गरिन्छ । यसमा व्यक्तिको नाम, जन्ममिति, आमाबुबाको नाम, स्थायी अस्थायी ठेगाना, शिक्षादीक्षा, पेसा व्यवसाय, काम, रुचि क्षेत्र, कामको अनुभव, तालिम, विशेष दक्षता, सम्पर्क नम्बर, इमेल जस्ता सूचना समावेश गरिन्छन् । जागिर खाने, पेसा व्यवसाय गर्ने, विदेश जाने आदि प्रयोजनका लागि व्यक्तिगत विवरण प्रस्तुत गरिन्छ । व्यक्तिगत विवरणको अन्त्यमा सम्बन्धित व्यक्तिको हस्ताक्षर अनिवार्य हुन्छ ।

११. **लक्ष्मीप्रसाद देवकोटाको जीवनी पढेपछि तपाईँलाई भविष्यमा कस्तो व्यक्ति बनूँ जस्तो लाग्यो, लेख्नुहोस् ।**

१२. **'देवकोटा छाँगो छङ्छङाए झैँ कविता लेख्ने कवि हुन्' भन्ने भनाइप्रति सहमति प्रकट गर्दै पाठक प्रतिक्रिया लेख्नुहोस् ।**

१३. **दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

समुद्र सतहभन्दा १५ हजारदेखि २५ हजार फिटमाथि आकाशमा उत्पन्न विद्युत्को प्रवाह हो चट्याङ । जब बादलमा भएका कण आवेशित भएर धन र ऋण आवेशमा परिवर्तित हुन्छन् तब विद्युत् उत्पन्न हुन्छ । यो करेन्टले कहिलेकाहीँ पृथ्वीको सतहमा उच्च भोल्टेजले ठक्कर खान्छ । यसैलाई हामी आकारमा बिजुली चम्केको वा चट्याङ परेको भन्छौँ । थोरै र सामान्य बचाउको प्रयास गर्दा चट्याङबाट हुने क्षतिबाट जोगिन सकिन्छ । चट्याङ पर्न लाग्दा फलामे पदार्थभन्दा टाढै बस्नुपर्छ । यस्तो क्षणमा सकेसम्म विद्युतीय उपकरणको प्रयोग नगर्ने, बिजुलीको

पोल छेउमा नबस्ने, सकेसम्म मोबाइल वा टेलिफोनको उपयोग नगर्ने, चट्याङ पर्न लाग्दा पानीमा पौडिरहेको भए समतल भूमिमा निस्किने र सुरक्षित स्थानमा आश्रय लिने गर्नुपर्छ । यस्तो वेला अग्लो वस्तु, रुख, झन्डा बाँध्ने पाइप वा बाँसनजिक जानहुँदैन । खुला चउर, खुला संरचना तथा गाडीमा पनि जानुहुँदैन । यस्तो वेला कम्प्युटर, टेलिफोन जस्ता विद्युतीय सुचालक वस्तुबाट टाढा बस्नुपर्छ । चट्याङको आवाज आइरहेका वेला तारवाला फोन उपयोग गर्नुहुँदैन । आकाशमा बादल तीव्रताका साथ गर्जिरहेको छ भने पक्की भवनमा आश्रय लिनुपर्छ । वर्षाको चट्याङ केही समय मात्र हुने भएकाले घरबाहिर परियो भने एकछिन पर्खनु राम्रो हुन्छ । कुनै व्यक्ति चट्याङले प्रभावित भएको भए तुरुन्त अस्पताल लानुपर्छ । चट्याङ प्रभावित व्यक्तिको शरीरमा विद्युतीय झड्का रहँदैन त्यसैले यस्ता व्यक्तिलाई छुँदा कुनै असर पर्दैन ।

**(क) प्रश्नहरू**

(अ) चट्याङ भनेको के हो ?

(आ) चट्याङ कसरी पर्छ ?

(इ) चट्याङ परेका वेला गर्न नहुने काम के के हुन् ?

(ई) चट्याङबाट हुने दुर्घटनाबाट कसरी बच्न सकिन्छ ?

**(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :**

(अ) 'पक्की भवनमा आश्रय लिनुपर्छ' वाक्यमा प्रयोग भएको कारक र विभक्ति लेख्नुहोस् ।

(आ) अनुच्छेदबाट सरल र तिर्यक् कारक जनाउने दुई दुईओटा वाक्य टिपोट गर्नुहोस् ।

(इ) अनुच्छेदबाट 'क्ष' प्रयोग भएका दुईओटा शब्द पहिचान गरी लेख्नुहोस् ।

## १४. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :

अभिप्रेरणा भनेको कुनै काम गर्ने इच्छा कहीँ कसैबाट जाग्नु र कसैले जगाउनु हो । बाराको सदरमुकाम कलैयामा सवारी साधनको पार्टपुर्जा, मर्मतसहित बिक्री वितरण गरिरहेको 'लक्ष्मी इन्जिनियरिङ' की सञ्चालकसमेत रहेकी राधिका मिश्र

उद्यमशीलताका क्षेत्रमा सक्रिय छिन् । यो कुरा अरू महिलालाई अभिप्रेरणाको विषय बनेको छ । 'एक महिलाको सफलता अर्को महिलालाई प्रेरणा' नामक प्रतिस्पर्धामा बाराबाट उनी सिफारिसमा परेकी हुन् । उनीबाट थुप्रै महिलालाई स्वरोजगारीमार्फत आयआर्जन गर्न अभिप्रेरणा प्राप्त भएको छ । बारा उद्योग वाणिज्य सङ्घअन्तर्गतको महिला उद्यम विकास समितिकी कार्यसमिति सदस्यसमेत रहेकी मिश्रले आफ्नो उद्योगबाट १३ जनालाई रोजगारीसमेत दिएकी छिन् । उनी नेपाल सरकार उद्योग मन्त्रालयबाट समेत सम्मानित भएकी छिन् । 'मेरो सङ्घर्ष नै सफलता हो, अझै व्यवसाय गर्न चुनौती छ भन्नेलाई चुनौती सामना गर्न सक्षम छौँ भन्ने देखाउन र सबै महिलालाई यस्तो कार्य गर्न प्रेरणा दिने प्रयास गरिरहेकी छु' उनले भनिन् ।

माथिको अनुच्छेदमा जस्तै जागिरका लागि सहर पस्न लागेकी एक महिलाले राधिका मिश्रको उद्यमशीलताको यो घटना सुनेर अभिप्रेरित भई आफैँले 'साइकल मर्मत केन्द्र' खोलेको कुराको अभिनय गर्दै कक्षामा प्रस्तुति दिनुहोस् ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ५ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) सर्वप्रथम कालिदासले के कुरा मागेका थिए ?

(ख) युवतीले पाहुना कति प्रकारका हुने बताएकी छन् ?

(ग) पृथ्वी र वृक्षलाई किन सहनशील मानिएको हो ?

(घ) नङ र कपाल किन हठी मानिए ?

२. **कालिदास र युवतीको संवादबाट के सन्देश पाउनुभयो, भन्नुहोस् ।**

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको अनुच्छेद पढ्नुहोस् र कक्षामा छलफल गर्नुहोस् :**

व्याकरणपुरको एउटा टोलमा कारकको परिवार बस्थ्यो । कारकका छ सन्तान थिए; कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण । यी सबैको काम आवश्यकताअनुसार वाक्यमा आएका पदलाई क्रियासँग त्यसको अर्थका आधारमा फरक फरक सम्बन्धसहित वाक्यलाई अनुशासनमा राख्नुपर्ने थियो । उनले कर्तालाई बोलाएर भने, "हेर कर्ता, तिमीले क्रियाले अह्राएको काम गर्नू । तिमीलाई चाहियो

भने ‘ले’ को सहयोग पनि लिन सक्छौ है ।” त्यस दिनदेखि कर्ताले क्रियाको काम सम्पन्न गर्न थाल्यो । उनले कर्मलाई भने; “हेर कर्म ! तिमीलाई क्रियाले काम गर्दा अलि असर वा प्रभाव पर्न सक्छ, राम्ररी ख्याल गर्नु है । तिमीलाई चाहिँदा ‘लाई’ ले सघाउला ।” त्यसपछि करणलाई बोलाएर भने, “हेर करण ! तिमी चाहिँ कर्ताले गर्ने कामका लागि क्रियाको साधन बन है, तिमीसँग ‘ले’, ‘बाट’ पनि सँगै आउँछन् ।” त्यसपछि क्रमशः सम्प्रदानलाई क्रियाले दिएको पाउने अर्थमा वाक्यमा खटिन अह्राए र यससँग ‘लाई’ ‘का लागि/निम्ति’ आउन सक्छन् भने । अपादानलाई ‘देखि’, ‘बाट’ जस्ता सङ्केतका साथ छुट्टिने अर्थमा प्रयोग हुनू भनी खटाए । अधिकरणलाई चाहिँ कामको समय र स्थानगत आधार दिनु भनी आदेश दिए र त्यसमा कहिलेकाहीँ ‘मा’ ले सहयोग गर्छ पनि भने । त्यसपछि सबैले आआफ्नो जिम्माको काम गरौँ । कारकलाई व्याकरणपुरको असाध्यै अनुशासित परिवार भन्नेछन् भनी उनले सुनाए । अँ, एउटा कुरा ख्याल गर । को, का, की जस्ता चिह्न लागेका शब्द कारक होइनन् नि, तिनले त नजिकको पदसँग मात्र सम्बन्ध जनाउँछन् ।

२. **दिइएका रेखाङ्कित शब्दको अर्थका आधारमा कारक चिनाउनुहोस् :**

हरिले सिन्काले कान कोट्यायो । उसको कान दुख्यो । ऊ घरबाट अस्पतालमा पुग्यो । डाक्टरले उसलाई औषधी दिए । डाक्टरले उसलाई भने, “आजदेखि सिन्काले कान नकोट्याउनू नि ।”

३. **दिइएको अनुच्छेदमा रहेका रेखाङ्कित कारक सरल वा तिर्यक् के हुन्, पहिचान गरी कक्षामा छलफल गर्नुहोस् :**

सुनिताले अनितालाई भनिन्; म र तँ भएर पुस्तकालय जाऔँ । मलाई मुनामदन पुस्तक पुस्तकालयमा बुझाउनु छ । यो किताब साह्रै राम्रो रहेछ । यस किताबमा मुना र मदनको कथा रहेछ । तैँले देवकोटाको कुञ्जिनी खण्डकाव्य ल्याएर पढ् । त्यो किताब पनि साह्रै राम्रो छ अरे ।

४. **सरल र तिर्यक् कारक प्रयोग भएका तीन तीनओटा वाक्य ‘लक्ष्मीप्रसाद देवकोटा’ जीवनीबाट खोजेर लेख्नुहोस् ।**

५. **अनुच्छेदबाट विभक्ति लागेका चारओटा शब्द टिपोट गरी तिनको कारक**

**छुट्याउनुहोस् :**

हरिनाथ जनता कलेजमा प्राध्यापन गर्छन् । उनी घरबाट कलेजमा हिँडेर जान्छन् । उनी विद्यार्थीलाई नेपाली साहित्यको शिक्षा दिन्छन् । उनी विद्यार्थीलाई पढाउँदा मार्करले शैक्षणिक पाटीमा लेख्छन् । उनी विद्यार्थीलाई कक्षाकोठामा पढाउँछन् । उनी विद्यार्थीलाई कक्षाकोठादेखि बाहिर चउरमा पनि पढाउँछन् ।

६. **सबै प्रकारका विभक्ति लागेका शब्द पर्ने गरी कुनै एक सङ्गीतकारका बारेमा लेख्नुहोस् ।**

७. **'लक्ष्मीप्रसाद देवकोटा' जीवनीबाट 'छ्य' र 'क्ष' प्रयोग भएका चार चारओटा शब्द टिपोट गरी लेख्नुहोस् ।**

८. **दिइएका 'छ्य' र 'क्ष' प्रयोग भएका शब्द पर्ने गरी छोटो अनुच्छेद लेख्नुहोस् :**

पछ्यौरी, छ्याप्नु, हाछ्युँ, कक्षा, शिक्षा, शिक्षित, क्षण, दक्ष, रक्षा

९. **दिइएको अनुच्छेदलाई शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :**

ग्यवाली षरले कछ्यामा आएर नेपाली भासा र शाहित्य पढाउनुभयो । उहाँको षिकाउने तरिका गजबकै छ । उहाँले पढाएको त क्षाङ्गै बुझिन्क्ष । दिनेस, उमेष र रिसिलाई पनि उहाँले पढाएको षारै मन पर्क्ष रे ।

## *सिर्जना र परियोजना कार्य*

१. **दिइएका बुँदाका आधारमा इन्दिरा प्रसाईको जीवनी तयार पार्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | इन्दिरा प्रसाई |
| जन्म | : | वि.सं. २०१४ फागुन ३, दार्जिलिङ |
| ठेगाना | : | काठमाडौँ महानगरपालिका, अनामनगर |
| मातापिता | : | दुर्गादेवी नेपाल/गणेशप्रसाद शर्मा |
| शिक्षा | : | एम.बी.ए. (त्रिवि) |
| साहित्यिक कृति | : | कथा, कविता, निबन्ध, उपन्यास, खण्डकाव्य, समीक्षात्मक जीवनीमूलक निबन्ध |

| | | |
|---|---|---|
| साहित्यिक विशेषता | : | नारीवादी साहित्यकार, सामाजिक कथाकार, मनोवैज्ञानिक कथाकार, जीवन र विज्ञानको समन्वय गरी साहित्य लेख्ने साहित्यकार |
| सम्मान/पुरस्कार | : | युवावर्ष मोति पुरस्कार, मैनाली कथा पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, राष्ट्रिय गौरव युवासम्मान, दीपज्योति पुरस्कारलगायत थुप्रै पुरस्कारबाट सम्मानित |

२. **तपाईँको समाजका लागि योगदान दिने व्यक्तिको जीवनी परिवारका सदस्यसँग सोधेर लेख्नुहोस् ।**

पाठ ६

# अधिकार ठुलो कि कर्तव्य ठुलो ?



*लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लास्थित श्री राष्ट्रिय मा.वि. बरकुलपुरमा जिल्ला स्तरीय वादविवाद प्रतियोगिता आयोजना गरिएको छ । कार्यक्रम विद्यालयका प्रधानाध्यापक रमेश कुर्मीको अध्यक्षतामा हुँदै छ । कार्यक्रमका प्रमुख अतिथिको भूमिकामा बुद्धभूमि नगरपालिका प्रमुख रहनुभएको छ भने अभिभावक सङ्घका अध्यक्ष केशरी खरेलले अतिथिको आसन ग्रहण गर्नुभएको छ । विद्यालयका शिक्षक तथा कर्मचारी मञ्चमा बसिसक्नुभएको छ । विभिन्न विद्यालयबाट प्रतिस्पर्धाका लागि छनोट भई आएका विद्यार्थी पनि बसिसकेका छन् । शिक्षक रामअबोध राय, हरिकला खनाल र सुमन परियारले निर्णायक मण्डलका रूपमा आसन ग्रहण गरिसक्नुभएको छ । समयपालकको भूमिकामा १० कक्षाकी छात्रा सामना पन्थी र उद्घोषकको भूमिकामा सोही कक्षाकी छात्रा रमा पंजियार छन् ।)*

*(उद्घोषक मञ्चतर्फ जान्छन् ।)*

**उद्घोषक**

यस कार्यक्रमका सभाध्यक्ष्यज्यू, प्रमुख अतिथिज्यू, अन्य अतिथिज्यू, प्रतिस्पर्धी तथा सम्पूर्ण विद्यार्थी मित्रहरू ! आजको वादविवाद प्रतियोगिताको विषय रहेको छ 'अधिकार ठुलो कि कर्तव्य ठुलो ?' । 'कर्तव्य ठुलो' भन्ने विषय वादविवादको पक्ष रहने छ भने 'अधिकार ठुलो' भन्ने विषय विपक्ष रहने छ । सहभागी वक्ताले आआफ्ना मन्तव्यका क्रममा पालना गर्नुपर्ने केही नियम छन् । सभाध्यक्ष्यको अनुमतिमा तिनलाई क्रमशः यहाँ प्रस्तुत गर्दछु ।

(क) प्रत्येक वक्ताका लागि पाँच मिनेटको समय निर्धारण गरिएको छ । चार मिनेटमा जनाउ घन्टी बज्ने छ र पाँच मिनेटमा अन्तिम घन्टी बज्ने छ । अन्तिम घन्टीपछि वक्ताको समय समाप्त हुने छ ।

(ख) कुनै जाति, वर्ग, धर्म, समुदाय, क्षेत्र, लिङ्ग, अपाङ्गताप्रति भेदभाव हुने र आक्षेप लगाउने खालका विचार व्यक्त गर्न पाइने छैन ।

(ग) विपक्षका भनाइ खण्डन गर्दा आआफ्ना तर्क संयमित र शिष्ट ढङ्गले राख्नुपर्ने छ ।

(घ) वक्ताले कुनै लिखित टिपोट हेरेर बोल्न पाइने छैन ।

(ङ) निर्णायक मण्डलको निर्णय नै अन्तिम हुने छ ।

अब म यस वादविवाद प्रतियोगिताको विषयको पक्षमा आफ्ना तर्क राख्नका लागि चिदानन्द चौधरीलाई आमन्त्रण गर्दछु ।

(चिदानन्द चौधरी मञ्चतिर जान्छन् र माइक समातेर बोल्न थाल्छन् ।)

आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, निर्णयको भूमिकामा रहनुभएका निर्णायक मण्डल, गुरु, गुरुमा तथा मेरा प्रतियोगी साथीहरू र उपस्थित सम्पूर्ण विद्यार्थी मित्रहरू !

म जनज्योति माध्यमिक विद्यालय, चन्द्रौटाको १० कक्षाको विद्यार्थी चिदानन्द चौधरी विषयको पक्ष अर्थात् कर्तव्य ठुलो भन्ने विषयमा आफ्ना तर्क प्रस्तुत गर्दै छु ।

सभाध्यक्ष महोदय ! कर्तव्य शब्दले गर्नुपर्ने काम, गर्न लायक राम्रो आचरण वा क्रियाकलाप आदिलाई बुझाउँछ । कानुनी सन्दर्भमा कर्तव्य शब्दले विभिन्न प्रक्रिया वा कार्यलाई जनाउँछ । त्यसैले व्यक्ति स्वयम्ले गर्नुपर्ने असल कार्य भन्ने अर्थमा प्रयुक्त हुने कर्तव्यलाई अधिकारभन्दा ठुलो र महान् ठानेको छु ।

कर्तव्य अधिकारभन्दा महान् छ । हाम्रा पूर्वीय ग्रन्थमा कर्तव्यका बारेमा व्यक्त भएका गहन विचारले समेत यस कुरालाई पुष्टि गर्छन् । नीतिश्लोकमा भनिएको छ, "न्यायगतेन द्रव्येण कर्तव्यम् पारलौकिकम्" अर्थात् न्यायपूर्ण रूपमा आर्जन गरेको धनबाट पारलौकिक कर्तव्य गर्नुपर्छ । हेर्नुहोस् त, कर्तव्यबारे कति सारगर्भित कुरा छ यस

पारलौकिक : लोकभन्दा परको, परलोकसँग सम्बन्धित

कथनमा ! द्रव्य वा धन न्यायिक तरिका वा कानुनी तरिकाले आर्जन गर्नुपर्छ र त्यसरी आर्जन गरेको धनले नै असल कर्म गर्नुपर्छ । गैरकानुनी क्रियाकलापबाट आर्जन गरेको सम्पत्ति खर्चेर आर्जन गरेको धर्मको त फल पनि प्राप्त नहुने रहेछ । यसबाट कर्तव्यको पवित्रता र पावनताको महानता प्रस्ट हुँदैन र ? सारा उपनिषद्को सार मानिने गीतामा भनिएको छ, "कर्मण्येवाऽधिकारास्ते..." अर्थात् आफ्ना हातमा कर्तव्य गर्ने जुन अधिकार छ त्यसलाई इमानदारीपूर्वक पूरा गर्नुपर्छ । कर्तव्यप्रतिको निष्ठा, भक्ति वा उपासनाको सर्वोच्च रूप हो भन्ने विवेकानन्द कर्तव्यलाई नै पूजा मान्छन् । त्यस्तै पाश्चात्य चिन्तकले पनि कर्तव्यको महानतालाई उद्घाटित गरेका छन् । एउटा कर्तव्यको इनामबाट अर्को कर्तव्य पूरा गर्ने शक्ति प्राप्त हुन्छ भन्ने जर्ज इलियटका कथनअनुसार कर्तव्यपालन गर्दै जाँदा अरू पनि कर्तव्य गर्ने ऊर्जाले मानिसलाई थप उत्प्रेरित गर्छ र त्यसतर्फ दौडिन ऊर्जा भर्छ । साँचो अर्थमा भन्ने हो भने कर्तव्यले नै मानिसलाई जीवनवादी बन्न, मनमा सकारात्मक सोच पैदा गर्न उत्प्रेरित गर्छ । जब म सुतेँ अनि सपनामा जीवन सुन्दर छ भन्ने देखेँ, जब म ब्युँझेँ तब मैले जीवन कर्तव्य हो भनी बुझेँ भन्ने लर्ड वायरनको कथन पनि यहाँ स्मरणीय छ । खुसी कर्तव्यको प्राकृतिक फूल हो भन्ने फिलिप्स रुब्सको कथनअनुसार कर्तव्य खुसीको फूल जस्तै हुँदोरहेछ भन्ने पुष्टि हुन्छ । कर्तव्य वेवास्ता गरेमा सधैँ असफल भइन्छ भन्ने रोबर्ट बाडेन र कर्तव्य पालन गर्दा सधैँ सफलताको अनुभूति हुन्छ भन्ने पावेलले समेत कर्तव्यको महानताको साक्ष्य प्रस्तुत गरेका छन् । यी महान् व्यक्तिका कथन आआफ्नो सङ्घर्षपूर्ण जीवन भोगाइका क्रममा अनुभव गरेका कुरा हुन् । यस्ता महान् कथनभित्र कर्तव्य के हो र त्यो कत्तिको गहन छ भन्ने स्वतः पुष्टि हुन्छ ।

अँ, अर्को कुरा कर्तव्यपालन गर्दा हरेक व्यक्ति जो जुन ठाउँमा छ त्यहीँ बिन्दुबाट गर्न सकिन्छ । कर्तव्यपालन पद वा ओहदामा रहेर वा नरहेर पनि गर्न सकिन्छ । राष्ट्रप्रतिको सम्मान, स्वतन्त्रता तथा साझा सांस्कृतिक सम्पदाको संरक्षण, धार्मिक सहिष्णुता र भाषिक विविधताको सम्मान जस्ता कतिपय मौलिक कर्तव्य हुन्छन् । संसारका कैयौँ आदर्श व्यक्ति आआफ्नो ठाउँमा रहेर नै कर्तव्य पालनको अग्निपरीक्षामा खारिएर खरो उत्रेका र महान् बनेका अनेकौँ दृष्टान्त पाइन्छन् । तपाईं हामी सबैलाई थाहा भएकै कुरो हो, पिताप्रतिको कर्तव्य पालनाका सन्दर्भमा जब राम वनवास जान तयार भए र गए, उनी मर्यादापुरुषोत्तम बने र भगवान्का रूपमा पुजिए । सुकरातले पनि सत्यप्रतिको निष्ठा र

दृष्टान्त : प्रस्तुत गरिने उदाहरण

निष्ठा : आस्था, भक्तिभाव, विश्वास

कर्तव्यपरायणका लागि हेमलक जस्तो विष पिउनुपऱ्यो । संसारमा दुःख के हो र यसबाट मानव जातिले कसरी मुक्ति पाउँछ भन्ने रहस्यको खोजसम्बन्धी कर्तव्य निर्वाह गर्दा गौतम बुद्ध पारिवारिक माया र मोहको घेरा नाघेर भिक्षु बने । यी सारा व्यक्तिको महानता कर्तव्यकै आलोकमा प्रज्वलित भएको तथ्य प्रस्ट हुन्छ ।

ससाना कार्यबाट प्राप्त हुने ठुलठुला परिणामले पनि कर्तव्यको महानता झल्काउँछ । हरेक नागरिकले गर्नुपर्ने आआफ्ना कर्तव्यका दायरा छन् । आआफ्ना ठाउँबाट सबैले आआफ्नो कर्तव्य निर्वाह गरेको समाज सभ्य हुन्छ र सुसंस्कृत हुन्छ । ससाना कुरा मात्र हेरौँ न ! नागरिकले आआफ्ना घर वरिपरि सफा गरे भने सिङ्गो गाउँ वा सहर सफा हुन्छ । कृषकले झरी, बादल नभनी गरेको मिहिनेतले सबैले खाने अन्न उत्पादन हुन्छ । समाजमा बस्ने नागरिकले एकअर्काको अस्तित्वको सम्मान र आदर गर्दै आफ्नो दायित्व निर्वाह गरेको समाज आदर्श समाज हुन्छ । शिक्षकले पेसाप्रतिको निष्ठा सम्झँदा र सोअनुसारको आचरण गर्दा शिक्षकको कर्तव्य पूरा हुन्छ । सरकारी कार्यालयबाट सेवाग्राहीले मुस्कानसहितको सेवा पाउँदा कर्मचारीको कर्तव्य पूरा भएको ठहर्छ । यसरी एकअर्काले आआफ्नो स्थानबाट कर्तव्य निर्वाह गर्दा समाज सभ्य र व्यवस्थित हुन्छ । त्यसैले कर्तव्यपालन अधिकारप्राप्तिको लक्ष्यभन्दा विशिष्ट छ ।

(जनाउ घन्टी बज्छ ।)

अन्त्यमा म भन्छु, अधिकारभन्दा कर्तव्य नै ठुलो हो । कर्तव्यको कसीमा घोटिँदा मात्र हरेक व्यक्तिको व्यक्तित्वको सफल परीक्षण हुन्छ । अधिकारको कुराले मात्र चिउरा भिज्दैन, चिउरा भिजाउन कर्तव्यकै रस जरुरी हुन्छ । खुसीको अजस्र स्रोत कर्तव्य भएकाले अधिकारभन्दा कर्तव्य नै ठुलो हो भन्दै आफ्ना भनाइ यहीँ बिसाउँछु, धन्यवाद ।

**उद्घोषक**; अब म विषयको विपक्ष अर्थात् अधिकार ठुलो हो भन्ने विषयमा आफ्ना तर्क प्रस्तुत गर्न भरत भण्डारीलाई आमन्त्रण गर्दछु ।

(भरत भण्डारी मञ्चमा जान्छन् ।)

यस समारोहका श्रद्धेय सभाध्यक्षज्यू, कार्यक्रमका प्रमुख अतिथि एवम् नगर प्रमुखज्यू, अतिथिगण, निष्पक्ष निर्णायक मण्डल, सम्पूर्ण विद्यार्थी मित्रहरू !

गौतमबुद्ध मावि गोरुसिङ्गेको १० कक्षाको विद्यार्थी म भरत भण्डारी कर्तव्यभन्दा अधिकार ठुलो भन्ने विषयमा आफ्ना तर्क पेस गर्दछु ।

कर्तव्यभन्दा अधिकार नै ठुलो हो । सर्वप्रथम म अधिकार भनेको के हो ? भन्ने प्रश्नमा केन्द्रित हुँदै आफ्ना भनाइ प्रस्तुत गर्दछु । कानुनी, परम्परागत वा नैतिक रूपमा प्राप्य, न्यायोचित दावी, स्वत्व वा हकलाई अधिकार भनिन्छ । मानिसको अधिकारका बारेमा थुप्रै महान् व्यक्तिले आआफ्ना विचार अगि सारेका छन् । वास्तवमा मान्छेले प्राप्त गर्नुपर्ने नैसर्गिक हक नै मानव जातिले प्राप्त गर्नुपर्ने अधिकार हुन् । ती स्वाभाविक रूपमा कर्तव्यभन्दा महान् हुन्छन् ।

मानिसले पाउनुपर्ने मानवीय अधिकार नै सबैभन्दा ठुलो कुरा हो । यो अधिकार मान्छेको स्वतन्त्रता र न्यायसँग एउटै सिक्काको दुई पाटा झैँ गाँसिएर रहेको हुन्छ । समाजका सबै वर्ग र समुदायका मानिसले न्यायको अनुभव गर्नुपर्छ र समान अधिकार पाउनुपर्छ । विश्वेश्वरप्रसाद कोइराला भन्छन्, "राष्ट्र र राष्ट्रियताको मजबुत जग बसाल्न हरेक वर्गका मानिसले अन्यायको अनुभूति गर्ने अवस्था आउनुहुँदैन ।" यसबाट मानिसका लागि अधिकार नै ठुलो हो भन्ने पुष्टि हुन्छ । नेल्सन मन्डेला अधिकार र स्वतन्त्रताका लागि २७ वर्षसम्म कठोर काराबास किन बसे ? अधिकार प्राप्तिका लागि सफलता पैसाले होइन स्वतन्त्रताले मात्र मिल्छ भन्ने नेल्सन मन्डेलाको विचार छ । स्वतन्त्रतालाई आत्माको अक्सिजन मान्ने मोसे डायन होउन् वा मानिसका आवश्यकता पूरा गर्न चाहिने शक्तिलाई अधिकार मान्ने गार्नर होउन् यी सबैका भनाइले मानिसका न्यूनतम आवश्यकता पूरा गर्न अधिकार नै चाहिन्छ भन्ने पुष्टि गर्दछन् ।

अधिकार प्राप्तिका लागि हाम्रै देशमा जनताले पटक पटक आन्दोलन गरेका कुरा हाम्रासामु छर्लङ्गै छ । राणा शासनद्वारा कुण्ठित गरिएका जनताका हक र अधिकार पाउन नेपालमा दशरथ चन्द, धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ र शुक्रराज शास्त्रीले मृत्युदण्ड भोगे तर स्वतन्त्रता र अधिकारका विरुद्ध सम्झौता गरेनन् । वि.सं. २००७, २०४७, २०६२/६३ मा प्रजातन्त्र र लोकतन्त्र प्राप्तिका लागि भएका सङ्घर्ष अधिकार प्राप्तिका लागि भएका होइनन् र ? के त्यो सङ्घर्ष लहडमा गरिएको थियो त ? निजी लाभका लागि गरिएको थियो त ? त्यो त मुलुक र जनताको हक तथा अधिकार प्राप्तिका लागि गरिएको त्याग थिएन र ?

सभाध्यक्ष महोदय, हामी सबैलाई थाहा छ, अधिकारको क्षेत्र व्यापक छ । यसभित्र बाल

न्यायोचित : न्याय सुहाउँदो, नीतिसम्मत

स्वत्व : स्वामित्व, कुनै पनि विषयवस्तुप्रतिको स्वामित्व वा अधिकार

अधिकार, श्रमिक अधिकार, महिला अधिकार आदि थुप्रै अधिकारका कुरा पर्छन् । संयुक्त राष्ट्रसङ्घको मानव अधिकार र बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले अधिकारका बारेमा प्रस्ट उल्लेख गरेकै छ । बालबालिकाले जन्मनासाथ शिक्षा र सुरक्षाका अधिकार पाउनुपर्छ, श्रमिकले न्यूनतम ज्याला र सामाजिक सुरक्षाको अधिकार पाउनुपर्छ । आफ्ना अधिकार प्राप्तिका लागि श्रमिकले गरेको ऐतिहासिक विद्रोहको सम्झनामा संसारभर मे १ तारिखका दिन 'मजदुर दिवस' मनाइन्छ । किसानलाई पनि राज्यबाट बिउबिजन र मल जस्ता वस्तुमा सहुलियत पाउने अधिकार छ । अधिकार नै नभएमा मानिसले कसरी कर्तव्य पूरा गर्न सक्छन् । त्यसैले म भन्छु, कर्तव्यभन्दा अधिकार नै ठुलो हो । अधिकार बिनाको कर्तव्य नुनबिनाको तरकारी र अमिलोबिनाको अचार जस्तै हो ।

पूर्ववक्ता मित्रले अधिकारभन्दा कर्तव्य ठुलो भनेर आफ्ना तर्क राख्नुभयो । उहाँले भन्नुभयो "कर्मण्येवाऽधिकारास्ते" अर्थात् काममा तिम्रो अधिकार छ । यहाँ कर्तव्यभन्दा अगाडि अधिकारको कुरा जोडिएर आएकाले कर्तव्यभन्दा अधिकार नै ठुलो भएन र ? तसर्थ मान्छेलाई अधिकार नदिई कर्तव्य मात्र पूरा गर् भन्नु बिना हतियार लडाइँमा पठाउनु जस्तै हो । खुट्टामा नेल लगाएर हिँड् भन्नु जस्तै हो । हातमा हत्कडी लगाएर काम गर् भन्नु जस्तै हो । तसर्थ अधिकारबिना कर्तव्य पूरा गर्न कदापि सकिँदैन ।

(जनाउ घन्टी बज्छ)

अन्त्यमा एउटा बालक जन्मनासाथ उसलाई कर्तव्यभन्दा अधिकारको हक हुन्छ । त्यसैले अधिकार जन्मसिद्ध हुन्छ भने कर्तव्य पछि मात्र जोडिने विषय भएकाले कर्तव्यभन्दा अधिकारको महत्ता स्वतः सिद्ध हुन्छ भन्दै आफ्नो अभिमत यहीँ टुङ्ग्याउँछु, धन्यवाद ।

**उद्घोषक;** अब विषयको पक्षका तर्फबाट आफ्ना तर्क प्रस्तुत गर्न पदम गुप्ताज्यूलाई आग्रह गर्दछु ।

(पदम गुप्ता मञ्चतिर जान्छन् ।)

यस कार्यक्रमका श्रद्धेय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल, शिक्षक वर्ग, मेरा प्रतिस्पर्धी साथी र अन्य विद्यार्थी मित्रहरू !

आजको वादविवाद प्रतियोगिताको पक्षमा म श्री बुद्धपद्म माध्यमिक विद्यालय, तौलिहवामा नौ कक्षामा अध्ययनरत विद्यार्थी पदम गुप्ता पक्षका तर्फबाट आफ्ना तर्क प्रस्तुत गर्दै छु ।

अधिकारभन्दा कर्तव्य महान् छ । कर्तव्यभन्दा ठुलो अर्को कुनै वस्तु हुन सक्दैन । त्यसैले त हाम्रा धर्मग्रन्थ र उपनिषद्मा कर्तव्यको महिमा र सर्वोच्चताको चर्चा छ । हाम्रा मात्र होइन संसारका सबै धर्मग्रन्थमा कर्तव्यलाई महान् ठानिएको पाइन्छ । आफ्ना माता, पिता र गुरुप्रतिको कर्तव्यलाई हाम्रा ग्रन्थले 'मातृ देवो भव, पितृ देवो भव, आचार्य देवो भव' भनेर उल्लेख गरेका छन् । माता पिता र गुरुलाई देवता समान मान्ने कर्तव्यपालनाको गहन सन्देश प्रवाह गरेका छन् । अर्को कुरा संसारमा त्यही व्यक्ति आदर्श व्यक्तिका रूपमा चिनिन्छ जो कर्तव्य पालनाको कसीमा खारिएको हुन्छ ।

सभाध्यक्ष महोदय, म कर्तव्यपरायणताका केही सन्दर्भसहित अधिकारभन्दा कर्तव्य महान् हो भन्ने सन्दर्भमा आफ्ना विचार प्रस्तुत गर्दछु । आफ्ना दृष्टिविहीन मातापिताको तीर्थभ्रमण गर्ने चाहनालाई पूरा गर्न श्रवणकुमारले खर्पनमा एकातिर माता र अर्कातिर पितालाई राखेर तीर्थभ्रमण गराएको कर्तव्यपरायणताको त्यो वियोगान्त कथा नसुन्ने हामी को पो हौँला र ? त्यस्तै महाभारत युद्ध सुरु हुनुभन्दा अगाडि दुर्योधनले युद्धमा विजय प्राप्तिको आशीर्वाद माग्न आफ्नी आमा गान्धारीसँग गएछन् । गान्धारीले भनिछन् "तिमी मेरा पुत्र हौ त्यसैले तिमीलाई म स्नेह दिन्छु तर विजयको आशीर्वाद चाहिँ सत्य र न्यायको पक्षमा जो छ त्यसलाई मात्र दिन्छु ।" यसरी गान्धारीले सत्य र न्यायका पक्षमा नउभिने आफ्नै छोरालाई समेत विजयको आशीर्वाद दिइनन् र सत्यप्रतिको आफ्नो कर्तव्य पूरा गरिन् । कर्तव्यबाट पलायन हुँदै गरेको हुँदा आफ्नै छोरालाई समेत समर्थन गरिनन् । भनिन्छ, जिउँदै स्वर्ग जाने वेला युधिष्ठिर र उनको साथमा गएको कुकुर मात्र अन्तिम बिन्दुमा पुगेछन् । स्वर्गबाट युधिष्ठिरलाई लिन विमान आएछ र युधिष्ठिरलाई मात्र लाने भनिएछ । उनले आफूलाई यात्रामा साथ दिने त्यस कुकुरको साथ नछोड्ने बरु स्वर्ग नजाने बताएछन् । आफूलाई साथ दिने कुकुरप्रतिको कर्तव्य पूरा गर्दा आफूले समेत स्वर्गको परित्याग गरेको कथा हामीले सुनेकै छौँ । यी सबै प्रसङ्गले कर्तव्य कति महान् छ भन्ने स्वतः पुष्टि हुन्छ ।

सभाध्यक्ष महोदय, कर्तव्यको दायरा पनि निकै फराकिलो छ र यसका अनेकौँ प्रकार छन् । कर्तव्यलाई व्यक्तिगत, पारिवारिक, सामाजिक, कानुनी गरी विविध रूपमा वर्गीकरण गर्न सकिन्छ । मूलतः कर्तव्य दुई प्रकारका हुन्छन्; नैतिक र वैधानिक कर्तव्य । नैतिक कर्तव्यको आधार व्यक्तिको नैतिक वा समाजसेवा वा मानव कल्याणका निम्ति उद्बुद्ध

महिमा : महत्त्व, गरिमा, प्रशंसा

उद्बुद्ध : राम्ररी ज्ञान पाएको, बुझेको, जागेको

चेतना हो । परोपकार गर्नु नैतिक कर्तव्य हो । समाजसेवा गर्नु नैतिक कर्तव्य हो । कुनै व्यक्तिले पाटीपौवा, धारा र विद्यालय भवन बनाउँछ भने त्यो पनि नैतिक कर्तव्य हो । यी कर्तव्य पालन गर्न र गराउन कसैले बाध्य पार्दैन । यो त हृदयदेखि नै निःस्वार्थ समाजसेवा जागृत भएर गरिने कर्म हो । आफैँले इमानदारितासाथ पालना गर्नुपर्ने कुरा हो । मदर टेरेसाको समाजसेवा निस्वार्थ कर्तव्यपरायणताको परिणाम थियो । महावीर पुनको 'आविष्कार केन्द्र' मात्र होइन हाम्रो समाजमा परापूर्वकालदेखि हालसम्म बनेका पाटीपौवा र धर्मशाला जजसले बनाएका छन् ती सबै कर्तव्यपालनाको अन्तःप्रेरणाकै प्रतिफल हुन् ।

मेरा पूर्ववक्ता मित्रले चर्को स्वरमा अधिकारको वकालत गर्नुभयो । अधिकारले मात्र मानव जीवन कस्तो होला ! सुनको थालीमा बिउ रोप्दैमा बिरुवा उम्रँदैन । वास्तवमा जीवनलाई अर्थपूर्ण बनाउन कर्तव्य अपरिहार्य हुन्छ । म उहाँलाई छातीमा हात राखेर मनन गर्न अपिल गर्दछु । राज्यले कानुन बनाएर बाध्य पार्न सक्ने वैधानिक कर्तव्यको महत्त्व झन् ठुलो छ । यस्ता वैधानिक कर्तव्य सबै नागरिकका लागि बाध्यकारी हुन्छन् । अधिकार प्राप्तिका नाममा आफ्नो कर्तव्य कदापि भुल्नुहुँदैन । त्यसैले त कतिपय सन्दर्भमा आन्दोलनका नाममा जथाभावी बन्द र हडताल गराउँदा राज्यले हस्तक्षेप गर्छ किनभने कसैको माग पूरा गर्ने हक प्राप्त गर्ने गराउने यस्ता आन्दोलनले धेरैको हक हनन भएको हुन्छ । यस्ता आन्दोलनमा कतिपय कलिला विद्यार्थी विद्यालय जान पाउँदैनन् । श्रमिकले श्रम गरेर बाँच्न पाउँदैनन्, देशको अर्थतन्त्रलाई टेवा पुऱ्याउने पर्यटक देशमा भ्रमण गर्न पाउँदैनन् । एउटाले अधिकार प्रयोग गर्दा अरू कति जनाको अधिकार हनन भयो ? यसरी अधिकार प्राप्त व्यक्तिले राम्ररी कर्तव्य पालना गरेका भए यी समस्या आउने थिएनन् । यसबाट पनि अधिकारभन्दा कर्तव्य नै ठुलो रहेछ भन्ने पुष्टि हुन्छ । वैधानिक कर्तव्य पालना नगर्ने यस्ता व्यक्ति र समुदायलाई सजाय गर्न राज्यले सुरक्षा संयन्त्र परिचालन गर्न पनि सक्छ र कर्तव्यपालन गर्न बाध्य पार्न सक्छ । यसै गरी सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने, राज्य सञ्चालनका लागि कर तिर्ने, वातावरण संरक्षण गर्ने आदि कुरा यसअन्तर्गत पर्छन् । सरकारी नियम कानुनको पालना गराउने, शान्ति र सुव्यवस्था कायम राख्ने जस्ता संविधान र कानुनले निर्दिष्ट गरेका कुरा यसमै समेटिन्छन् । तसर्थ यी सबै तथ्यले अधिकार भन्दा कर्तव्य नै ठुलो भन्ने साक्ष्य प्रस्तुत गर्छन् ।

अन्तःप्रेरणा : मनमा आफैँ उब्जेको प्रेरक भावना वा विचार

बाध्यकारी : नगरी नहुने

निर्दिष्ट : निर्देश गरिएको, तोकिएको

साक्ष्य : साक्षी बस्ने काम

सभाध्यक्ष महोदय, सम्पूर्ण प्रकृति र चराचर जगत्ले पनि कर्तव्यको उत्कृष्ट दृष्टान्त प्रस्तुत गरेका छन् । हामी बसोबास गर्दै आएको यस जगत्मा पनि नदी, वृक्ष, सूर्य, चन्द्र सबैले कसैलाई केही न केही दिएर र परोपकारी कार्य गरेर कर्तव्य पूरा गरेका छन् । नदीले जल दिएर, वृक्षले फलफूल दिएर, सूर्यले ताप दिएर र चन्द्रमाले शीतलता दिएर आफ्नो कर्तव्य पूरा गरेका छन्। यसबाट कर्तव्यपालन प्राकृतिक, नैसर्गिक र महान् कुरा हो भन्ने पुष्टि हुन्छ । अधिकारको मोलतोल त कमजोरको झुण्डमा मात्र हुन्छ । कर्मशील समाजमा त कर्तव्यको तेलबिना त विकासको रेल चल्दैन; कर्तव्यको चक्काबिना अधिकारको गाडी गुड्दैन ।

(जनाउ घन्टी बज्छ ।)

अन्त्यमा एउटा पक्षले आफ्नो कर्तव्य पूरा गर्दा अर्को पक्षले खुसी र सन्तुष्टि प्राप्त गरेको हुन्छ । यसरी आफूले कर्तव्य पालन गर्दा अरूलाई खुसी मिल्ने कर्तव्य महान् छ । त्यसैले अधिकारभन्दा कर्तव्य नै ठुलो हो भन्दै म आफ्ना भनाइ यहीँ टुङ्ग्याउँछु, धन्यवाद ।

(घन्टी बज्छ)

**उद्घोषक;** अब म कर्तव्यभन्दा अधिकार ठुलो भन्ने विपक्षका तर्फबाट आफ्ना तर्क प्रस्तुत गर्न श्रुति साहलाई आमन्त्रण गर्दछु ।

(श्रुति साह मञ्चमा जान्छिन् ।)

समादरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथिको आसनमा विराजमान नगर प्रमुखज्यू, उपस्थित अतिथिज्यूहरू, निर्णायक मण्डल र सम्पूर्ण विद्यार्थी मित्रहरू ! म 'सिद्धार्थ मावि भेलाइ, कपिलवस्तु' मा नौ कक्षामा अध्ययनरत छात्रा हुँ । म यस वादविवाद प्रतियोगिताको अधिकार ठुलो भन्ने विषयमा आफ्ना तर्क राख्दै छु ।

कर्तव्यभन्दा अधिकार नै महान् छ । व्यक्तिको व्यक्तित्व विकास र जीवनयापनका लागि अधिकार नितान्त अनिवार्य कुरा हो । हेक्का राखौँ, अधिकारले मात्र मानिसको स्वतन्त्रताको रक्षा गर्छ, कर्तव्यले होइन । अधिकारको बगैँचामा मात्र व्यक्तिको व्यक्तित्वको फूल फुल्छ । व्यक्तिले परिवार, समाज र राज्यबाट प्राप्त गर्ने अधिकार पाउनुपर्छ र मात्र त्यो व्यक्तिको समग्र व्यक्तित्व उज्यालो बन्छ । सानो छँदा राम्रो लालनपालन र पोषणयुक्त खाना पाउने अधिकार पाउनुपर्छ । अलिक हुर्कँदै जाँदा शिक्षा र स्वास्थ्यको अधिकार

हेक्का : सम्झना, याद

पाउनुपर्छ । पढिसकेपछि उसले व्यवसाय र रोजगारको स्वच्छ प्रतिस्पर्धामा सहभागी हुने अधिकार पाउनुपर्छ । यसो भयो भने मात्र व्यक्तिको व्यक्तित्वको विकास हुन सक्छ । हरेक व्यक्तिको विकास हुनु नै त्यो परिवार, समाज र राष्ट्रको समेत विकास हुनु हो ।

सभाध्यक्ष महोदय, अधिकार कर्तव्यभन्दा ठुलो कुरो हो । अधिकार पाउनका लागि गरिएका ठुला ठुला सङ्घर्ष र आन्दोलन यसका प्रमाण हुन् । जनताका अधिकार कुण्ठित गर्न खोज्दा हिटलरले हार बेहोर्नुपरेको दृष्टान्त पनि ज्वलन्त नै छ । नेपालमा पनि पटक पटक अधिकार प्राप्तिका लागि भएका आन्दोलन र क्रान्ति यसका साक्षी छन् । अधिकार आवश्यक नहुँदो हो त यी आन्दोलन किन जरुरी थिए अनि खुरुखुरु सबैले आआफ्नो कर्तव्यपालना गरेर बसेको भए हुँदैनथ्यो त ? अर्को कुरा अधिकारको लडाइँले मुलुकलाई समृद्ध बनाउँछ । हामीलाई थाहा छ, दासत्व अन्त्य गर्ने र अधिकार प्राप्त गर्ने अमेरिकी स्वतन्त्रता सङ्ग्रामको लडाइँले अमेरिकालाई बलियो बनायो । त्यस्तै रङ्गभेदविरुद्ध दशकौँ लामो सङ्घर्षले गर्दा दक्षिण अफ्रिका रङ्गभेदमुक्त मुलुक बन्यो । मानव अधिकार, बाल अधिकार, पशु अधिकार जस्ता अधिकार प्राप्तिका अनेक लडाइले देश र समाजमा परिवर्तन ल्यायो । यस्ता अधिकार र अधिकार प्राप्तिका लागि गरिने आन्दोलनले मुलुकको कायापलट गरेको हुन्छ । तसर्थ अधिकार नै सबैभन्दा ठुलो कुरा हो ।

अधिकार अनिवार्य भएकै हुँदा त्यसलाई हरेक लोकतान्त्रिक देशका संविधानमा निकै महत्त्वका साथ राखिएको हो । नागरिकका अधिकारलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानमा मौलिक अधिकारका रूपमा विभिन्न हकको व्यवस्था गरिएको छ । नागरिक भएकै कारणबाट प्राप्त गर्ने अधिकार सम्पूर्ण नेपालीले बिना भेदभाव प्रयोग गर्न पाएका छन् । राज्यका नागरिक भएर हरेक मानिसले प्राप्त गर्ने मौलिक मानव अधिकारका सम्बन्धमा मानव अधिकारको विश्वव्यापी घोषणापत्रले पनि परिभाषित गरेको छ। नेपालको संविधानको भाग ३ का धारा १६ देखि ४६ सम्म ३१ ओटा धारामा मौलिक हकको व्यवस्था गरिएको छ । यसरी प्रत्याभूत गरिएका ३१ ओटा मौलिक हकमध्ये चारओटा हक पहिलो पटक व्यवस्था गरिएको हो । यसरी थप गरिएका हकमा अपराध पीडितको हक (धारा २१), दलितको हक (धारा ४०), ज्येष्ठ नागरिकको हक (धारा ४१) र उपभोक्ताको हक (धारा ४४) रहेका छन् । खाद्यसम्बन्धी हकलाई पनि विशेष महत्त्व दिइएको छ । संविधानमा हक वा अधिकारका बारेमा ३२ ओटा धारामा उल्लेख गरिनुले पनि अधिकारको श्रेष्ठताको पुष्टि हुन्छ । म मेरा प्रतिस्पर्धी मित्रको भनाइ स्मरण गराउँछु । उहाँले प्रकृतिले

श्रेष्ठता: उच्चता, उत्कृष्टता, विशिष्टता

आआफ्नो ठाउँबाट कर्तव्य पालना गरेको कुरा गर्नुभयो, प्रकृतिसँग त सम्पूर्ण अधिकार छ र त कर्तव्य पूरा गरिरहेको छ । प्रकृतिको अधिकार खोस्ने ताकत कसैसँग छैन, कसैले प्रकृतिको अधिकार खोसोस् त ? त्यसपछि प्रकृतिको ताण्डव थाहा हुने छ ।

(जनाउ घन्टी बज्छ ।)

अन्त्यमा मानिसले जन्मसिद्ध रूपमा प्राप्त, मानिसको समग्र व्यक्तित्व विकास तथा सम्मानपूर्ण र नैतिक जीवनयापनका लागि अपरिहार्य रूपमा रहेको अधिकार कर्तव्यभन्दा विशिष्ट छ भन्दै आफ्ना भनाइ यही समाप्त गर्छु, धन्यवाद ।

**उद्घोषक;** आजको वादविवाद प्रतियोगिता यहीँ सकिन्छ । निर्णायक मण्डलले निर्णय सुनाएपछि र सभाध्यक्षले सभा विसर्जन गरेपछि यो कार्यक्रम समाप्त हुने छ । पुरस्कार वितरण कार्यक्रम बालदिवसका दिन आयोजना गरिने छ । कार्यक्रमसम्बन्धी सूचना सम्बन्धित विद्यालयलाई जानकारी गराइने छ ।

ताण्डव : उफ्राइ कुदाइ बेसी हुने शिवको नृत्य

## *शब्दभण्डार*

१. **दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| प्रतियोगिता | कुनै पनि संस्था वा व्यक्तिको वचनबद्धता घोषित गर्ने पत्र |
| वक्ता | वस्तुको स्तर निर्धारण गर्ने साधन |
| कायापलट | राज्यमा न्यायिक व्यवस्था कायम राख्न बनाइएको नियमको समष्टि रूप |
| अभिमत | स्वाभाविक, प्राकृतिक |
| कसी | प्रतिस्पर्धा वा होडबाजी |
| कानुन | गतिशील |
| नैसर्गिक | बोल्ने व्यक्ति |
| घोषणापत्र | मनको विचार, राय |
| | ठुलो परिवर्तन |
| | परिणाम |

२. **दिइएका शब्द प्रयोग गरी एउटा अनुच्छेद लेख्नुहोस् :**

कर्तव्यपालन, संविधान, सङ्घर्षपूर्ण, मानव, कल्याण, प्रजातन्त्र, अधिकार

३. **दिइएको अनुच्छेदबाट श्रुतिसमभिन्नार्थी शब्द खोजेर लेख्नुहोस् :**

डोल्मा पाँच वर्षदेखि एउटा साहित्यिक कृति प्रकाशन गर्ने सोचमा थिइन् । उनी प्रत्येक दिन केही न केही विषयवस्तु लेख्थिन् । उनले आफूले लेखेको विषयवस्तुलाई घटना प्रवाहका आधारमा विभाजन गरेकी थिइन् । उनका कृतिमा दीनदुःखीका साथसाथै जून, सूर्य, द्वीप, शीत, स्वर्ग आदिको वर्णन गरिएको थियो । उनीसित नजिक भएका साथीहरूले जुनसुकै समस्यामा पनि दीप प्रज्वलन गरी कृति

विमोचन गर्ने सोचमा छन् । आफ्नो कीर्ति संसारभरि फैलने खुसीले उनी मक्ख छिन् ।

४. **दिइएका शब्दको अर्थ खुल्ने गरी अलग अलग वाक्यमा प्रयोग गर्नुहोस् :**

(क) बाजी बाजि

(ख) अवधी अवधि

(ग) तिन तीन

(घ) पूरा पुरा

(ङ) फेरि फेरी

(च) शूर सुर

## *बोध र अभिव्यक्ति*

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

विश्वव्यापी, सङ्ग्राम, उत्प्रेरित, प्रज्वलित, प्रतिष्पर्धा, ज्वलन्त, दृष्टान्त, कुण्ठित, उद्घोषक, कर्तव्यपरायण

२. **'अधिकार ठुलो कि कर्तव्य ठुलो ?' वादविवादमा सहभागी भएका वक्ताको भूमिका निर्वाह गर्दै हाउभाउसहित वादविवाद सस्वरवाचन गर्नुहोस् ।**

३. **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) 'अधिकार ठुलो कि कर्तव्य ठुलो ?' वादविवादमा वक्ताले पालना गर्नुपर्ने नियम भन्नुहोस् ?

(ख) वादविवाद पाठमा कति जना पात्रको प्रत्यक्ष सहभागिता रहेको छ ?

(ग) वादविवादको पहिलो वक्ता को हुन् र उनले ककसलाई सम्बोधन गरेका छन् ?

(घ) वादविवादमा युधिष्ठिरको प्रसङ्ग कुन वक्ताको भनाइमा आएको छ ?

४. **दिइएको वादविवादको अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

अँ, अर्को कुरा कर्तव्यपालन गर्दा हरेक व्यक्ति जो जुन ठाउँमा छ त्यहीँ बिन्दुबाट गर्न सकिन्छ । कर्तव्यपालन पद वा ओहदामा रहेर वा नरहेर पनि गर्न सकिन्छ । राष्ट्रप्रतिको सम्मान, स्वतन्त्रता तथा साझा सांस्कृतिक सम्पदाको संरक्षण, धार्मिक सहिष्णुता र भाषिक विविधताको सम्मान जस्ता कतिपय मौलिक कर्तव्य

हुन्छन् । संसारका कैयौँ आदर्श व्यक्ति आआफ्नो ठाउँमा रहेर नै कर्तव्य पालनको अग्निपरीक्षामा खारिएर खरो उत्रेका र महान् बनेका अनेकौँ दृष्टान्त पाइन्छन् । तपाईं हामी सबैलाई थाहा भएकै कुरो हो, पिताप्रतिको कर्तव्य पालनाका सन्दर्भमा जब राम वनवास जान तयार भए र गए, उनी मर्यादापुरुषोत्तम बने र भगवान्का रूपमा पुजिए । सुकरातले पनि सत्यप्रतिको निष्ठा र कर्तव्यपरायणका लागि हेमलक जस्तो विष पिउनुपर्‍यो । संसारमा दुःख के हो र यसबाट मानव जातिले कसरी मुक्ति पाउँछ भन्ने रहस्यको खोजसम्बन्धी कर्तव्य निर्वाह गर्दा गौतम बुद्ध पारिवारिक माया र मोहको घेरा नाघेर भिक्षु बने । यी सारा व्यक्तिको महानता कर्तव्यकै आलोकमा प्रज्वलित भएको तथ्य प्रस्ट हुन्छ ।

### प्रश्नहरू

(क) सुकरातले सत्यप्रतिको निष्ठा र कर्तव्यपरायणका लागि के गरे ?

(ख) बुद्धले कस्तो रहस्यको खोजी गरे ?

(ग) हामीले कसरी कर्तव्य पालन गर्न सक्छौँ ?

(घ) वादविवादको अंशमा कस्ता कस्ता मौलिक कर्तव्यको कुरा गरिएको छ ?

**५. दिइएका भनाइका वक्ता पहिचान गर्नुहोस् र उक्त भनाइका आशयबारे कक्षामा छलफल गर्नुहोस् :**

(क) निर्णायक मण्डलको निर्णय नै अन्तिम हुने छ ।

(ख) परोपकार गर्नु नैतिक कर्तव्य हो ।

(ग) नागरिक भएकै कारणबाट प्राप्त गर्ने अधिकार सम्पूर्ण नेपालीले बिना भेदभाव प्रयोग गर्न पाएका छन् ।

(घ) खुसीको अजस्र स्रोत कर्तव्य भएकाले अधिकारभन्दा कर्तव्य नै ठुलो हो ।

(ङ) राष्ट्र र राष्ट्रियताको मजबुत जग बसाल्न हरेक वर्गका मानिसले अन्यायको अनुभूति गर्ने अवस्था आउनुहुँदैन ।

(च) कर्तव्यप्रतिको निष्ठा भक्ति वा उपासनाको सर्वोच्च रूप हो ।

(छ) प्रकृतिको अधिकार खोस्ने ताकत कसैसँग छैन, कसैले प्रकृतिको अधिकार खोसोस् त ?

**६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) 'अधिकार ठुलो कि कर्तव्य ठुलो ?' वादविवादका चिदानन्द चौधरीले कर्तव्यपालनबारे भनेका मुख्य मुख्य तीनओटा भनाइ लेख्नुहोस् ।

(ख) कर्तव्यको विषयलाई हाम्रा पौराणिक ग्रन्थमा कसरी उल्लेख गरिएको छ, वादविवादका आधारमा लेख्नुहोस् ।

(ग) अधिकारका सन्दर्भमा भरत भण्डारीका भनाइको सार लेख्नुहोस् ।

(घ) श्रुति साहको भनाइको सार लेख्नुहोस् ।

**७. व्याख्या गर्नुहोस् :**

(क) कर्तव्यको कसीमा घोटिँदा मात्र हरेक व्यक्तिको व्यक्तित्वको सफल परीक्षण हुन्छ ।

(ख) अधिकार नदिई कर्तव्य मात्र पूरा गर भन्नु बिना हतियार लडाइँमा पठाउनु जस्तै हो । खुट्टामा नेल लगाएर हिँड् भन्नु जस्तै हो ।

**८. 'अधिकार ठुलो कि कर्तव्य ठुलो ?' वादविवादका वक्तामध्ये तपाईँलाई कसको भनाइ मन पऱ्यो, किन ?**

**९. 'कर्तव्यपरायणताका .... पुष्टि हुन्छ' वादविवादको अंश शिक्षकबाट सुनेर लेख्नुहोस् ।**

**१०. तपाईँले वादविवादमा कर्तव्य र अधिकारका बारेमा फरक फरक तर्क पढ्नुभयो । कर्तव्य र अधिकारको सम्बन्ध कस्तो हुन्छ होला, साथीसँग छलफल गरी निष्कर्ष कक्षामा सुनाउनुहोस् ।**

**११. वादविवादको 'कर्तव्यभन्दा ठुलो .... पुष्टि हुन्छ' अंशबाट मुख्य मुख्य चारओटा बुँदा टिपोट गर्नुहोस् ।**

**१२. 'हरेक आमाबुबाले आफ्ना सन्तानका लागि सम्पत्ति जोडिदिने कि स्तरीय शिक्षा दिने ?' भन्ने भनाइको पक्ष र विपक्षमा विभाजित भई कक्षामा छलफल गर्नुहोस् ।**

**१३. 'अधिकार ठुलो कि कर्तव्य ठुलो ?' वादविवादको प्रस्तुति ढाँचा अनुकरण गरी पाठको पहिलो वक्ताका भनाइको खण्डन गर्नुहोस् ।**

## १४. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

आफ्नो जीवन निर्वाह गर्नका लागि आवश्यक पर्ने गाँस, बास, कपाससमेत परिपूर्ति गर्न नसकेको अवस्था नै गरिबी हो । गरिबीले नागरिकको आर्थिक, सामाजिक, राजनीतिक क्षेत्रमा पहुँच, अवसर, सहभागिता, न्यून आयआर्जन, रोजगारी र उत्पादनशीलताको कमी हुँदा जीवनयापनमा कठिनाइ सिर्जना गरेको हुन्छ । गरिबीको कारण व्यक्ति राष्ट्रको सबै खालका अवसरमा सहभागी हुन नपाउँदा विकासको मूल प्रवाहबाट वञ्चित हुनुपर्ने अवस्था आउँछ । विश्वमा दिनप्रतिदिन गरिबीको समस्या बढ्दै गएको छ । मानव विकास सूचाङ्कका आधारमा हेर्दा शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा गरिबीको प्रभाव अत्यधिक देखिने गरेको छ । गरिबी बढ्नाका कारणमा अशिक्षा, जनसङ्ख्या वृद्धिदरको उच्चता, बेरोजगारी, न्यून आर्थिक वृद्धिदर हुन् । त्यस्तै परनिर्भरता, असन्तुलित विकास, कृषिको व्यवसायीकरणमा अभाव, असमानता, असुरक्षा, साधन स्रोतको असन्तुलित वितरण आदि कारणले गरिबी बढाउन मदत पुऱ्याउँछ । नेपालमा पनि यिनै कारणले गर्दा गरिबीको समस्या ज्वलन्त बनेको देखिन्छ । गरिबी निवारणका लागि सर्वप्रथम सर्वेक्षणमार्फत गरिब घरपरिवार पहिचान गरी विवरण अद्यावधिक गर्नुपर्छ । तत्पश्चात् मात्र गरिबी निवारण लक्षित कार्यक्रम तर्जुमा गर्नु उपयुक्त हुन्छ । रोजगार तथा स्वरोजगारमूलक सिप विकास तालिम तथा शिक्षा कार्यक्रम सञ्चालनबाट पनि गरिबी निवारण गर्न सकिन्छ । गरिबी न्यूनीकरण भौगोलिक, लैङ्गिक, सामाजिक समूहबिच अन्तरसम्बन्धित भएकाले यसका लागि सरकारी, सहकारी, सामुदायिक, निजी र गैरसरकारी क्षेत्र एवम् विकास साझेदारको एकीकृत समन्वयात्मक भूमिका अपरिहार्य हुन्छ ।

### (क) प्रश्नहरू

(अ) गरिबी भन्नाले के बुझिन्छ ?

(आ) गरिबी किन बढ्छ ?

(इ) गरिबी निवारणका लागि कस्ता कार्य गर्न सकिन्छ ?

(ई) नेपालमा गरिबी निवारणमा ककसको भूमिका अपरिहार्य छ ?

**(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :**

(आ) अनुच्छेदबाट वर्तमान कालको एउटा वाक्य टिपी त्यसलाई अज्ञात पक्षमा परिवर्तन गर्नुहोस् ।

(आ) अनुच्छेदबाट वर्तमान कालको एउटा वाक्य टिपी त्यसलाई अभ्यस्त पक्षमा परिवर्तन गर्नुहोस् ।

(इ) 'मानव विकास सूचाङ्क का आधार मा हेर्दा शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा गरिबी को प्रभाव अत्यधिक देखिने गरेको छ ।' भन्ने वाक्यमा त्रुटि भएका स्थानमा पदयोग गरी पुनर्लेखन गर्नुहोस् ।

**१५. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

कुनै सन्देश मौखिक रूपमा प्रेषण गरिन्छ भने यसलाई मौखिक सम्प्रेषण भनिन्छ । यो सम्प्रेषण भाषण, बैठक, समूह छलफल, सम्मेलन, टेलिफोन कुराकानी आदि पनि हुन सक्छ । यो सञ्चारको एक प्रभावकारी र सहज माध्यम हो । यो सामान्यतया आन्तरिक र बाह्य सञ्चारका लागि प्रयोग गरिन्छ । मानौँ, दुई जना विद्यार्थी कक्षामा आपसमा बोलेर कुरा गर्दै छन् । उनीहरू कक्षामा राम्रो उत्तर लेखेर, राम्रो ग्रेड ल्याइ सफल भएर मात्र हुँदैन, सिकेका कुरालाई व्यवहारमा पनि उतार्नुपर्छ भनी आपसी सञ्चार गर्दै छन् ।

कक्षामा एक जना शिक्षक र अर्को विद्यार्थी बन्नुहोस् । ज्येष्ठ नागरिकलाई सम्मान गर्नुपर्छ भन्ने पाठ पढाएको अभिनयपूर्वक कुराकानी गर्नुहोस् र त्यसपछि विद्यार्थी बनेको व्यक्ति विद्यालयबाट घर जाँदा बसमा एउटा ज्येष्ठ नागरिकलाई सिट छाडेर बस्न अनुनय गरेको र ज्येष्ठ नागरिकले धन्यवाद दिएको भाषिक सम्प्रेषणसमेत कक्षामा प्रस्तुत गर्नुहोस् ।

## *सुनाइ र बोलाइ*

**१. सुनाइ पाठ ६ सुन्नुहोस् र दिइएका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) उँधौली पर्वलाई उँधौली साकेला पनि भनिन्छ ।

(ख) बाली लगाउने वेलामा भने किराँत जातिमा उँभौली पर्व मनाइने प्रचलन छ ।

(ग) किराँत समुदायका याक्खाले फोलस्यादर मनाउँछन् ।

(घ) पर्व र रीतिरिवाज एउटै भए पनि आआफ्नो भाषाअनुसार पर्वलाई पुकार्ने चलन एउटै छ ।

२. **सुनाइ पाठ ६ का आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) उँभौली र उँधौली पर्व कहिले मनाइन्छ ?

(ख) उँधौली पर्व किन मनाइन्छ ?

(ग) किराँत समुदायका मानिस च्याब्रुङ बाजाको तालमा नाच्ने नाच कुन हो ?

(घ) कुन कुन समुदायका कुन कुन पर्वको भाव एउटै छ ?

## *भाषिक संरचना र वर्णविन्यास*

१. **दिइएको अनुच्छेद पढ्नुहोस् र भूत, वर्तमान र भविष्यत् कालका वाक्यको अलग अलग सूची बनाउनुहोस् :**

विद्यालयको खाजा घरका व्यवस्थापक उदित हुनुहुन्छ । एकछिनपछि प्रधानाध्यापक आएर उदितलाई सोध्नुभयो, "भन्नुहोस् त उदित, अगि यहाँ कुन कुन शिक्षकले के के खाजा खानुभयो ?" उदितले भन्नुभयो, "शिक्षक उमाले रोटी खानुभयो । शिक्षक शरणले मकै खानुभयो । अरू सबै शिक्षकले चना र चिउरा खानुभयो ।" एकछिनपछि उदितले भन्नुभयो; "प्रधानाध्यापकज्यू, अब खाजा सकियो । म चिया पकाउँछु । अलिकति भटमास पनि छ । पसलबाट चिउरा ल्याउँछु । आजलाई यसरी काम चलाउँछु । भोलि शनिबार भएकाले खाजा बढी भयो भने बासी रहने छ । बासी खानेकुरा रह्यो भने त मलाई घाटा पर्ने छ । पर्सि त म पकौडा बनाउने छु । खिर पकाउने छु । पुरी तरकारी पनि बनाउने छु ।" उदितका कुरा सुनेर प्रधानाध्यापकले भन्नुभयो, "उदित ! तपाईंले हिजो मिठो खाजा खुवाउनुभयो । आज पनि मिठो खुवाउनुहुन्छ । आगामी दिनमा पनि मिठो खुवाउनुहुने छ भन्ने आशा छ ।"

२. **'अधिकार ठुलो कि कर्तव्य ठुलो ?' पाठबाट भूत र वर्तमान कालका तीन तीनओटा क्रियापद खोजी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

३. **दिइएको अनुच्छेदबाट अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त पक्षका क्रियापद अलग अलग टिपोट गर्नुहोस् :**

भरतले काठमाडौँबाट भरतपुरका लागि टिकट काटेछ । पहिले ऊ सधैँ विराटनगरको टिकट काट्थ्यो । जनककुमारीले चाहिँ जनकपुरको टिकट काटिछन् । पहिले उनी सधैँ आफ्नै कारमा जान्थिन् । भरत एयरपोर्ट पुगेको छ । जनककुमारी

एयरपोर्ट जाँदै छिन् । अहिले उनी बानेश्वर पुगेकी छन् रे । भरत अहिले जहाज चढ्ने बोर्डिङपास लिँदै छ । दुवै जनाले मलाई फोन गरेका थिए । भरतको भरतपुरको जहाज एकैछिनमा उडेको हुने छ । जनककुमारीको जनकपुरको जहाज दुई घण्टापछि उड्ने छ ।

## ४. कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) हामीहरू एउटा सानो समूह बनाएर गाउँ गएका थियौँ । हामीहरू सबैले दौरासुरुवाल र कोट लगाएका थियौँ । जाडो महिना भएकाले हामी सबैको शिर कान छोप्ने टोपीले ढाकेको थियो । गाउँलेहरू हामीलाई एकोहोरो हेर्थे । हामीहरूले उनीहरूलाई पहिलो पटक भेटेका थियौँ । (अपूर्ण पक्ष)

(ख) सम्पूर्ण प्रकृति र चराचर जगत्‌ले कर्तव्य पालनाको उत्कृष्ट दृष्टान्त दिँदै छन् । हामी बसोबास गर्दै आएको यस चराचर जगत्‌मा नदी, वृक्ष, सूर्य, चन्द्र सबैले कसैलाई केही न केही दिँदै छन् । परोपकारी कार्य गरेर कर्तव्य पूरा गर्दै छन् । यसबाट कर्तव्यपालन प्राकृतिक, नैसर्गिक र महान् कुरो हो भन्ने पुष्टि हुँदै छ । (पूर्ण पक्ष)

(ग) संस्कृतिलाई कृषि व्यवसाय गर्ने रहर थियो । यसका लागि उनले पाँचथरमा पारिलो घाम लाग्ने जग्गा किनिन् । गाई, भैँसी र बाख्रा पनि किनेर ल्याइन् । कृषि व्यवसायबाट उनले प्रशस्त आम्दानी गरिन् । उनले गाउँका १५ जनालाई रोजगारी पनि दिइन् । (अज्ञात पक्ष)

(घ) विद्यार्थी दिनहुँ पुस्तकालय जान्छन् । आफूलाई आवश्यक पर्ने सामग्री खोजी खोजी पढ्छन् । पढेका सामग्रीबारे सबै साथीसँग छलफल गर्छन् । थप अध्ययन गर्नुपर्ने कुराका लागि शिक्षकको पनि सहयोग लिन्छन् । (अभ्यस्त पक्ष)

## ५. कोष्ठकमा दिइएको सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :

(क) हिजो सबैतिर पानी.................। (पर् : अज्ञात भूत)

(ख) विक्रम बस चढेर विराटनगर ..........। (जा : पूर्ण वर्तमान)

(ग) अर्को वर्ष यति वेला तिमी परीक्षा.......। (दि : अपूर्ण भविष्यत्)

(घ) उनीहरू कक्षामा पढाइका बारेमा छलफल ........। (गर् : अभ्यस्त भूत)

(ङ) दाजु गाउँमा गएर कृषि पेसामा संलग्न ..................। (हु : अज्ञात भूत)

(च) विद्यार्थी पढाइका साथै खेलकुदमा पनि रुचि..........। (राख् : वर्तमान)

६. **अज्ञात र अभ्यस्त पक्षका क्रियापदको प्रयोग गर्दै साथीको आनीबानीको वर्णन गरी अनुच्छेद लेख्नुहोस् ।**

७. **दिइएको अनुच्छेद पढ्नुहोस् र रेखाङ्कन गरिएका शब्द पदयोग किन भएका हुन्, कक्षामा छलफल गर्नुहोस् :**

घर घरमा सरसफाइ गरिएन भने घरमा लामखुट्टे लाग्न सक्छ । लामखुट्टेको टोकाइबाट मलेरिया, डेङ्गु जस्ता घातक रोग लाग्न सक्छन् । लामखुट्टेले नटोकोस् भनेर घरभित्र र घरबाहिर फोहोर पानी जम्न दिनुहुँदैन । घरको झ्यालढोकामा जाली राख्ने, झुलको प्रयोग गर्ने र लामा बाहुला भएका कपडा लगाउने हो भने लामखुट्टेको टोकाइबाट केही मात्रामा बच्न सकिन्छ ।

८. **दिइएको अनुच्छेदलाई पदयोग र पदवियोग मिलाई पुनर्लेखन गर्नुहोस् :**

प्रकृतिले आ आफ्नो ठाउँ बाट कर्तव्य पालना गरेकोकुरा उहाँलेगर्नुभयो, प्रकृतिसँगत सम्पूर्ण अधिकार छर त कर्तव्य पूरा गरिरहेको छ । प्रकृतिको अधिकार खोस्नेताकत कसै सँग छैन, कसैले प्रकृतिकोअधिकार खोसोस्त ? त्यसपछि प्रकृतिको ताण्डव थाहाहुनेछ ।

## *सिर्जना र परियोजना कार्य*

१. **दिइएको उद्घोषणको नमुना पढ्नुहोस् । नमुनाका आधारमा निबन्ध प्रतियोगितामा उद्घोषण गरेको नमुना लेखी कक्षामा प्रस्तुत गर्नुहोस् :**

### उद्घोषणको नमुना

मिति २०८० साल असोज ५ गते यस हिमालय माध्यमिक विद्यालयको प्राङ्गणमा पालिका स्तरीय नृत्य प्रतियोगिताका लागि उपस्थित सम्पूर्ण महानुभावलाई हार्दिक अभिवादन र स्वागत गर्दछु । अब ढिला नगरिकन कार्यक्रमको औपचारिकतातिर प्रवेश गराउँछु ।

सर्वप्रथम यस नृत्य प्रतियोगिता कार्यक्रमको सभाध्यक्षको भूमिका निर्वाह गरिदिनुहुन विद्यालयका प्रधानाध्यापक श्यामसुन्दर ताम्राकारज्यूलाई अनुरोध गर्दछु । सभाध्यक्षको अनुमति पाएसँगै अब कार्यक्रममा अतिथिलाई आसन ग्रहण गराउँदै छु ।

हाम्रो आमन्त्रणलाई सहर्ष स्वीकार गरी आउनुभएका पालिकाका अध्यक्ष श्री ज्योति बन्जाडेलाई प्रमुख अतिथिको आसन ग्रहणका लागि हार्दिक अनुरोध गर्दछु । उहाँलाई जोडदार तालीले स्वागत गरौँ ।

त्यस्तैगरी यस वडाका अध्यक्ष श्री उन्नति बिकलाई अतिथिको आसन ग्रहणका लागि अनुरोध गर्दछु ।

यो प्रतिस्पर्धात्मक नृत्य भएकाले यसको निर्णायकका लागि सानुमैया गौचन, काजी शेर्पा र हितमान चाम्लिङलाई अनुरोध गर्दछु ।

त्यस्तैगरी सम्पूर्ण शिक्षक, नृत्य प्रतियोगितामा सहभागी विद्यार्थी र अन्य विद्यार्थीसहित उपस्थित सम्पूर्ण मान्यजनलाई आआफ्नो स्थानमा आसन ग्रहण गरिदिनुहुन अनुरोध गर्दछु ।

अब कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावलाई स्वागत गरिदिनुहुन यस विद्यालयका अतिरिक्त कार्यकलाप संयोजक विजय झालाई अनुरोध गर्दछु । ....

हार्दिक धन्यवाद, विजय झालाई ।

अब एकल र सामूहिक नृत्यलाई क्रमशः प्रस्तुत गरिने छ । ....

नृत्य प्रतियोगितामा उत्कृष्ट नृत्यको निर्णय सुनाइदिनुहुन निर्णायक मण्डलका सदस्य सानुमैयाँ गौचनलाई अनुरोध गर्दछु ।


अब पुरस्कार वितरणको कार्यक्रम रहेको छ । पुरस्कृत विद्यार्थीलाई टीका, सम्मान र नगद पुरस्कार प्रदान गरिदिनुहुन यस कार्यक्रमका सभाध्यक्ष, प्रमुख अतिथि र अतिथिलाई अनुरोध गर्दछु । पुरस्कृत विद्यार्थीलाई बधाई ज्ञापन गर्दै यस कार्यक्रमको अन्त्य गरिदिनुहुन कार्यक्रमका सभाध्यक्षलाई हार्दिक अनुरोध गर्दै म उद्घोषक सफल शर्मा पनि बिदा हुन्छु, नमस्कार ।

२. **'रोजगार ठिक कि स्वरोजगार ठिक ?' शीर्षकको रोजगार ठिक वा स्वरोजगार ठिक भन्ने कुनै एक पक्षमा साथीको सहायताले एउटा अनुच्छेद लेख्नुहोस् । उक्त अनुच्छेदमा व्यक्त विचारको खण्डन गरी विपक्षमा अर्को अनुच्छेद लेख्नुहोस् ।**

पाठ ७

# शत्रु

*विश्वेश्वरप्रसाद कोइराला*



'आँखामा राखे पनि नबिझाउने' भन्ने उखान कसैको निमित्त उपयुक्त हुन्थ्यो भने कृष्ण रायका निमित्त हुन्थ्यो । ४५ वर्षका कृष्ण राय गाउँका सबभन्दा भद्र मानिस थिए । तिनले यता १०/१२ वर्षदेखि गाउँभन्दा बाहिर पाइलो राखेका थिएनन् । यसैबाट तिनको शान्त स्वभावको परिचय हुन्छ । कसैलाई कर्जा दिनु तिनी आफ्नो सिद्धान्तको विरुद्ध ठान्थे । तिनका मतअनुसार कर्जामा गएको रुपियाँ आफू आउँदा झगडा बोकी ल्याउँछ । तर दुःख परेको बखतमा 'राजद्वारे श्मशाने च' तिनी गाउँलेको सहायतामा प्रस्तुत रहन्थे । जनककुमारीको एक्लो छोरो मर्दा जनककुमारीको पिरभन्दा तिनको सान्त्वनाले त्यहाँ भएका मान्छेको आँखामा आँसु ल्यायो । गाउँलेमा झगडा पर्‍यो भने तिनी नै मध्यस्थ हुन्थे । तिनले गरेको फैसलाले कोही पनि असन्तुष्ट भएको देखिँदैनथ्यो । आफ्नो घरबाट तिनी कम निस्किन्थे र निस्केको दिन कि त कसैकहाँ मृत्यु भएछ कि झगडा भएछ भनी ठान्नु पर्थ्यो; सडकमा सब जना अदबसँग तिनको अभिवादन गर्थे ।

कर्जा : निश्चित अवधिमा ब्याजसहित वा बिनाब्याज फर्काउने गरी लिइएको रकम, ऋण

मध्यस्थ : कसैको पक्षमा नलाग्ने, तटस्थ

अदब : आफूभन्दा ठुला बडा वा मान्यजनप्रतिको आदर भाव, मर्यादायुक्त शिष्ट एवम् नम्र आचरण

कृष्ण रायलाई सब प्रकारको सुख थियो; धनको, यशको र सम्मानको । तिनका सन्तान थिएनन्, तर यस अभावलाई तिनले आफ्नो एउटा टाढाको भतिजोलाई पाली पूर्ति गरेका थिए ।

एक रात तिनी खाइपिई सुत्ने यत्न गरिरहेका थिए । तिनका मनमा धेरै प्रकारका विचार आउन थाले । तिनको जीवन कसैले असफल भन्न सक्दैन । सानोतिनो पुँजी पनि कमाइ हालेका थिए रुपियाँ जम्मा गर्दा अरू कसैलाई पिर पनि पारेनन् । तिनको कोही बैरी थिएन, यही तिनको सन्तोषको ठुलो कारण थियो । ४५ वर्षको यत्रो लामो जीवनमा तिनले कसैलाई आफ्नो शत्रु बनाएनन् । यस कल्पनाले तिनको तन्द्राको सुख बढाइरहेको वेलामा तिनीमाथि लट्ठीको प्रहार पर्‍यो । संयोगवश लट्ठीको मुख्य चोट तिनीमाथि परेन । प्रहारकर्ताले तिनीमाथि प्रहार गरेको हो कि भित्तामाथि, यो छुट्याउन गाह्रो थियो ।

कृष्ण राय जुरमुरिँदै उठे, तबसम्म आक्रमणकारी भागिसकेको थियो । "मलाई कसले यसरी आक्रमण गर्‍यो होला ?" तिनी विचार गर्न थाले । "यस जीवनमा मैले कसैलाई आफ्नो शत्रु बनाइनँ, झगडा फसादमा रहिनँ ।" कृष्ण रायलाई पहिले त कसैले आक्रमण गरेको हो भन्ने कुरामा विश्वास भएन । सब तन्द्रा अवस्थामा भ्रम जस्तो लाग्यो तर भित्तामा लागेर भाँचिएको लट्ठीको टुक्रा त भ्रम हुन सक्दैन । कृष्ण रायले बिछ्यौनाबाट निहुरीकन त्यस टुक्रालाई टिपे, हेरेर गम्न थाले "को मेरो शत्रु हुन सक्छ ?"

धेरै घोरिँदा तिनलाई यस रहस्यको सुइँको पाएको जस्तो लाग्यो । आजै बिहान एउटा काम बिगार्दा रामे भन्ने नोकरमाथि तिनी रिसाएका थिए । नोकरको के ठेगान, झोँक उठ्यो र मालिकलाई हान्न हिँड्यो होला । नोकरसित झर्कँदा तिनले उसको मुख रातो भएको देखेका थिए । उनलाई के थाहा; रिसले रातो भएको रहेछ । ऊ केही अचाक्ली गरी रिसाएको थिएन । यत्रो पुरानो नोकरले त्यति हप्की पाउँदा मालिकलाई मार्न नहिँड्नुपर्ने । रामले योभन्दा ठुलो ठुलो गाली सहेको थियो र आजको झटनीले त्यसको धैर्यको अन्त नगर्नुपर्ने । मनुष्यको स्वभाव कसले जान्न सक्छ र ? ऊ नभए अरू को

यत्न : प्रयास, जमर्को, कोसिस

बैरी : शत्रु, विरोधी

तन्द्रा : निद्रा लाग्नु अगाडिको आँखाको लठ्याइ, निद्राको पहिलो अवस्था

फसाद : असजिलो अवस्था, झमेला

अचाक्ली : धेरै, हुनुपर्नेभन्दा बढी

मेरो शत्रु होला ? हो न हो, यो रामको काम हैन, बलभद्रको काम हो । कारण, अस्ति हिसाब गोलमाल गरेर ठग्न खोज्दा कृष्ण रायले तिनलाई फेला पारी लज्जित पारेका थिए । आखिर बलभद्रको समाजमा आदर थियो, गाउँलेहरूले तिनलाई इज्जत गर्थे । कृष्ण रायले तिनलाई बेइज्जती गरेको तिनले सहन सकेनन् होला र आज राती बदला लिन आएका होलान् । कृष्ण रायले विचार गर्दै थिए । अस्तिको नोकरी खोज्दै आएको युवकको ध्यान तिनलाई आउन थाल्यो । बिचरा खान नपाएर तिनकहाँ आएको थियो । काममा लाउन छोडेर तिनले उसलाई उपदेश दिन थाले । कुरामा कुरा चल्दा कृष्ण रायले उसलाई अप्रिय शब्द भने, त्यस युवकले यो निश्चय नै मन पराएन होला । त्यो बडो स्वाभिमानी होला जस्तो थियो, त्यस्तालाई कठोर शब्द असाध्यै बिझ्छ र धेरै दिनसम्म इख लिइरहन्छन् । कृष्ण रायको एउटा अत्यन्त नराम्रो बानी छ । आफूलाई अकलुषित र दुर्गुणरहित भनी ठान्ने कृष्ण रायलाई आफ्नो एउटा ठुलो दोषको सम्झना भयो । समय असमयमा तिनी अर्कालाई आदेश सल्लाह दिइरहन्छन् । नाहक कृष्ण राय यस दुर्गुणलाई गुण ठानेर अङ्कमाल गरिरहेका थिए ।

कृष्ण राय धेरै झगडामा मध्यस्थ भएका थिए । यो बडो गर्वको कुरा हो । गाउँले तिनीमाथि नै विश्वास गरी तिनलाई झगडामा मध्यस्थ तुल्याउँथे । यसैले पनि तिनको गाउँमा धेरै सम्मान थियो । निश्चय नै यो कामले तिनलाई धेरैको मन नपरेको बनायो होला । एक दिनको घटना उदाहरणस्वरूप तिनको सामुन्ने आउन थाल्यो । गोविन्द पण्डित र गोरे जमदारको खेतको झगडा धेरै दिनदेखि चलिआएको थियो तर त्यस दिनको जस्तो कुटामारी कहिल्यै भएको थिएन । कृष्ण राय सदाको जस्तै मध्यस्थ भए र बानीले प्रेरित भए झैँ ती झगडियालाई झगडाको दुष्परिणाम बुझाउन थाले । हेर गोविन्द पण्डित, हेर गोरे जमदार, झगडा गरेर के लाभ ? आपस्तमा मिल, खाऊ, पिऊ र ईश्वरको भजन गर । यति उपदेशमै तिनीहरू झगडा गर्न छोड्ने भए तिनीहरू कहिल्यै पनि झगडा गर्ने थिएनन् । तिनीहरू मिल्न मानेनन् र बिचरा मध्यस्थलाई कर लागेर गोरे जमदारको पक्षमा न्याय दिनुपर्‍यो । यस झगडामा मध्यस्थ भएर तिनले निश्चय नै गोविन्द पण्डितलाई आफ्नो शत्रु बनाए होलान् । फेरि एउटा मास्टर र कैयाँको झगडामा न्याय कैयाँको पक्षमा हुँदा मास्टरले रिसाएर भनेको थियो, "हेर्नुहोस् कृष्ण रायजी, फैसलालाई त म

इख : प्रतिशोधको भावनाले मनमा उठ्ने द्वेष, रिस
नाहक : कुनै प्रयोजनबिना, बिनसित्ति
दुष्परिणाम : खराब नतिजा
आपस्त : आफन्त

आफ्नो शिरमा राख्छु तर कैयाँ कैयाँ नै हुन्, काम लाग्ने छैनन् ।" एउटा झगडामा सबभन्दा निर्दोष काम हो, त्यो झगडाको मध्यस्थ हुनु तर कुनै पनि मध्यस्थ दुवै पक्षको समर्थक हुन सक्दैन । मध्यस्थले एउटा न एउटाको शत्रु हुनैपर्छ, कृष्ण रायले बिउँझे झैँ यो ज्ञान आर्जन गरे ।

विचार गर्दागर्दै कृष्ण रायले रेलको डब्बामा भएको झगडा सम्झे, हाटमा तिनीद्वारा धक्का खाई लडेको एउटा मान्छेलाई सम्झे, तिनले निकालिदिएका नोकरहरूलाई सम्झे, गरिब तर इर्ष्यालु दाजुभाइलाई सम्झे जो तिनको उन्नति देखिसहँदैनथे । अरूको त के कुरा, आफ्नै पोष्य पुत्रमाथि पनि उनलाई भरोसा थिएन ।

घटनालाई बिर्सन प्रयत्न गर्दै कृष्ण राय निदाउने निहुँले बिछ्यौनामा बङ्ङ लडे । शत्रुताको पनि कस्तो व्यापक सम्बन्ध रहेछ ? दुनियाँमा कोही पनि मित्र हुँदैनन् सबै शत्रु, सबै बैरी नै हुन्छन् । कसले भन्छ अकारण नै कोही शत्रु हुँदैन ? मानेँ अकारण कोही कसैको शत्रु हुँदैन तर झगडाको निहुँ कति सजिलै पाइन्छ ? कृष्ण रायले धेरैसँग सङ्गत गरेनन् तर जतिसँग गरे सबैलाई तिनीसँग 'बापवैर साध्ने' कुनै न कुनै निहुँ दिए । कस्तो अचम्म, निर्दोष कुरामा पनि विषालु साँप जस्तो बैरी बनाउने साधन लुकिरहेको देखिन्छ । भोलिपल्ट यो घटनाले जाँच हुँदा पुलिसको इन्स्पेक्टरले तिनलाई सोध्यो, "तपाईंलाई कसैमाथि शङ्का छ ?"

कृष्ण रायले गम्भीर भएर उत्तर दिए; "रामे, केदार, युवक, गोविन्द पण्डित, कन्हैया, मास्टर, बुधे, लीला, पुष्पराज, रामचन्द्र पराजुली...।"

पोष्य : पालन पोषण गर्न योग्य

## *शब्दभण्डार*

१. **दिइएका शब्दको अर्थ लेख्नुहोस् :**

यश, रैती, अकलुषित, भरोसा, जमदार, गर्व, झटनी, अप्रिय, दुर्गुण, आर्जन, व्यापक

२. **दिइएको अनुच्छेदबाट अनेकार्थी शब्द खोजी तिनले दिने कम्तीमा दुई दुईओटा अर्थ लेख्नुहोस् :**

पूजा तिज पर्व मनाउन हिराको हार लगाएर आफ्नै सुरमा माइत हिँडिन् । आमाले गत साल जसरी भए पनि आउन कर गर्नुभएको थियो तर मामाको घरमा दर कार्यक्रम भएकाले जान पाइनन् । दुई वर्षअगाडि उता जाँदा उनी वरको रुखको छेउमा बसेर जुनारको रस पिउँदै गएकी थिइन् । तिजको दिन रातो टीका लगाएर छमछम नाच्ने उनको रहर यसपालि पूरा हुने भएको छ ।

३. **दिइएको अनुच्छेद पढ्नुहोस् र अनुच्छेदबाट अनुकरणात्मक शब्द पहिचान गर्नुहोस् :**

चन्दुराम गजक्क परेर बसेका वेला कुन्नि कसले प्याट्ट हिर्काएछ । चन्दुराम धुरुधुरु रुन थालेछन् । उनी रोएको उनका छोराले टुलुटुल हेरेछन् । ठुलो छोरो हर्कबहादुर फटाफट पुलिस चौकी गएछन् । स्याँस्याँ गर्दै हर्कबहादुर आएको देखेर हर्कबहादुरसँग पुलिस गुरुरु दौडिदै चन्दुरामकहाँ पुगेछन् ।

४. **'शत्रु' कथाको 'कृष्ण राय जुरमुरिँदै .... शत्रु हुन सक्छ' अंशको उपयुक्त ठाउँमा अनुकरणात्मक शब्द राखी पुनर्लेखन गर्नुहोस् ।**

५. **दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

सान्त्वना, सिद्धान्त, पुँजी, मध्यस्थ, फैसला, अङ्कमाल, स्वाभिमान, समर्थक, धैर्य

## *बोध र अभिव्यक्ति*

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

तन्द्रा, आक्रमण, अकलुषित, दुर्गुण, मध्यस्थ, कृष्ण, बिछ्यौना, इन्स्पेक्टर, निर्दोष

२. **लेखाइमा दिन र उच्चारणमा दिन् हुने जस्तै लेखाइ र उच्चारण फरक फरक हुने अन्य कुनै १० ओटा शब्द पाठबाट खोजेर लेख्नुहोस् ।**

३. **'शत्रु' कथा गति, यति मिलाई सस्वरवाचन गर्नुहोस् ।**

४. **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) 'शत्रु' कथामा कृष्ण रायले रेलको डिब्बामा भएको झगडा सम्झेको घटना कतिऔँ अनुच्छेदमा छ ?

(ख) कथामा कृष्ण रायको सोचलाई परिवर्तन गराउने मुख्य सन्दर्भ कुनलाई मानिन्छ ?

(ग) कथाको पाँचौँ अनुच्छेदको शीर्ष वाक्य कुन हो ?

(घ) कथाको समापन कुन घटनाबाट भएको छ ?

५. **'शत्रु' कथाको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर लेख्नुहोस् ।**

६. **दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

कृष्ण राय धेरै झगडामा मध्यस्थ भएका थिए । यो बडो गर्वको कुरा हो । गाउँले तिनीमाथि नै विश्वास गरी तिनलाई झगडामा मध्यस्थ तुल्याउँथे। यसैले पनि तिनको गाउँमा धेरै सम्मान थियो। निश्चय नै यो कामले तिनलाई धेरैको मन नपरेको बनायो होला । एक दिनको घटना उदाहरणस्वरूप तिनको सामुन्ने आउन थाल्यो । गोविन्द पण्डित र गोरे जमदारको खेतको झगडा धेरै दिनदेखि चलिआएको थियो तर त्यस दिनको जस्तो कुटामारी कहिल्यै भएको थिएन। कृष्ण राय सदाको जस्तै मध्यस्थ भए र बानीले प्रेरित भए झैँ ती झगडियालाई झगडाको दुष्परिणाम बुझाउन थाले । हेर गोविन्द पण्डित, हेर गोरे जमदार, झगडा गरेर के लाभ ? आपस्तमा मिल, खाऊ, पिऊ र ईश्वरको भजन गर । यति उपदेशमै तिनीहरू झगडा गर्न छोड्ने भए तिनीहरू कहिल्यै पनि झगडा गर्ने थिएनन् । तिनीहरू मिल्न मानेनन् र बिचरा मध्यस्थलाई कर लागेर गोरे जमदारको पक्षमा न्याय दिनुपऱ्यो । यस झगडामा मध्यस्थ भएर तिनले निश्चय नै गोविन्द पण्डितलाई आफ्नो शत्रु बनाए होलान्। फेरि एउटा मास्टर र कैयाँको झगडामा न्याय कैयाँको पक्षमा हुँदा मास्टरले रिसाएर भनेको थियो, "हेर्नुहोस् कृष्ण रायजी, फैसलालाई त म आफ्नो शिरमा राख्छु तर कैयाँ कैयाँ नै हुन्, काम लाग्ने छैनन्।" एउटा झगडामा सबभन्दा निर्दोष काम हो, त्यो झगडाको मध्यस्थ हुनु तर कुनै पनि मध्यस्थ दुवै पक्षको समर्थक हुन सक्दैन। मध्यस्थले एउटा न एउटाको शत्रु हुनैपर्छ, कृष्ण रायले बिउँझे झैँ यो ज्ञान आर्जन गरे ।

## प्रश्नहरू

(क) कृष्ण रायले गर्व गर्ने कुरा के थियो ?

(ख) कृष्ण रायले गोविन्द पण्डितमाथि किन शङ्का गरे ?

(ग) कृष्ण रायलाई गाउँमा सम्मान गर्नुको कारण के हो ?

(घ) 'मध्यस्थ दुवै पक्षको समर्थक हुन सक्दैन ।' भन्नुको तात्पर्य के हो ?

७. 'कृष्ण राय धेरै .... आर्जन गरे' कथांशबाट छोटो उत्तरात्मक प्रश्न निर्माण गरी उक्त प्रश्नको उत्तर लेख्नुहोस् ।

८. 'शत्रु' कथाको चौथो अनुच्छेद मौन पठन गरी मुख्य मुख्य चारओटा बुँदा टिपोट गर्नुहोस् ।

९. दिइएका बुँदाका आधारमा कृष्ण रायको चरित्र चित्रण गर्नुहोस् :

(क) भद्र, शान्त र सहयोगी पात्र

(ख) गाउँको झगडामा मध्यस्थको भूमिका निर्वाह गर्ने पात्र

(ग) सबै कुराले सम्पन्न भएको पात्र

(घ) आफ्नो कोही शत्रु नभएको ठान्ने पात्र

(ङ) लट्ठी प्रहारपछि धेरैमाथि शङ्का व्यक्त गर्ने पात्र

(च) आफ्ना विगतका प्रत्येक कार्यबाट शत्रु जन्मिएका हुन सक्ने ठानी मनमनै विचलित हुने पात्र

(छ) शत्रु सबैका हुने रहेछन् भन्ने तत्त्वबोध गर्ने पात्र

१०. दिइएका घटनालाई कथाका आधारमा क्रम मिलाएर लेख्नुहोस् :

(क) काम बिगार्दा रामे नोकरमाथि रिसाएको घटना सम्झनु

(ख) इन्स्पेक्टरले सोध्दा धेरैमाथि शङ्का व्यक्त गर्नु

(ग) एक दिन लट्ठी प्रहार हुनु

(घ) कृष्ण राय आँखामा राखे पनि नबिभ्‍झाउने खालका हुनु

(ङ) तिनका मनमा धेरै प्रकारका विचार आउनु

(च) मध्यस्थताको भूमिका निर्वाह गर्दा जमदारको पक्षमा न्याय दिनु

(छ) ४५ वर्षसम्म शत्रु नहुनु

(ज) लट्ठीले आक्रमण गर्ने व्यक्तिको पहिचान नहुनु

(झ) कुरामा कुरा चल्दा कृष्ण रायले उसलाई अप्रिय शब्द भन्नु

११. **दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) 'शत्रु' कथाका कृष्ण रायको व्यक्तित्व कस्तो थियो ?

(ख) कृष्ण रायले किन आफूलाई शत्रुविहीन ठान्थे, वर्णन गर्नुहोस् ।

(ग) यस कथाबाट के सन्देश पाइन्छ ?

(घ) प्रत्येक व्यक्तिका कृष्ण रायका जस्तै नदेखिने शत्रु होलान् त, कथाका आधारमा अनुमान गर्नुहोस् ।

१२. **व्याख्या गर्नुहोस् :**

(क) कुनै पनि मध्यस्थ दुवै पक्षको समर्थक हुन सक्दैन ।

(ख) कस्तो अचम्म, निर्दोष कुरामा पनि विषालु साँप जस्तो बैरी बनाउने साधन लुकिरहेको देखिन्छ ।

१३. **'शत्रु' कथाका कृष्ण रायमाथि लट्ठी प्रहार भएपछि पनि उनले किन शत्रु किटान गर्न सकेनन्, तर्क दिएर पुष्टि गर्नुहोस् ।**

१४. **कृष्ण रायका मनमा उब्जिएका मानसिक उतारचढावलाई 'शत्रु' कथाका आधारमा समीक्षा गर्नुहोस् ।**

१५. **'शत्रु' कथाका मुख्य मुख्य घटना नछुट्ने गरी कथासार लेख्नुहोस् ।**

१६. **दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

नेपाल कलाका दृष्टिले उर्वर भूमि हो। नेपाली कलालाई विशेषतः चार भागमा वर्गीकरण गर्न सकिन्छ; वास्तुकला, चित्रकला, मूर्तिकला र काष्ठकला । वासस्थानसम्बन्धी कलालाई वास्तुकला भनिन्छ। वास्तुकलाका दृष्टिले नेपालमा प्यागोडा शैली, शिखर शैली, स्तुपा शैली, मिश्रित शैली आदि विभिन्न शैलीका मन्दिर पाइन्छन् ।

मन्दिरको बिचको भाग खोक्रो छाडी तह तह परेका छाना बनाई निर्माण गरिएका मन्दिरलाई प्यागोडा शैलीका मन्दिर भनिन्छ। यस्ता मन्दिरका प्राङ्गणमा कलात्मक वस्तु हुन्छन् भने टुँडाल र तोरणको प्रयोग गरिएको हुन्छ । पशुपतिनाथ मन्दिर, चाँगुनारायण मन्दिर, न्यातपोल आदि प्यागोडा शैलीका मन्दिर हुन्। सुलुत्त परेर माथि चुलिँदै गएका, झलक्क हेर्दा शिखर जस्तो देखिने अनि छाना नबनाईकन मन्दिर निर्माण गर्ने कार्यलाई वास्तुकलामा शिखर शैली भन्ने गरिन्छ। यस शैलीका मन्दिर ब्रह्मा मन्दिर, पाटनको श्री कृष्ण मन्दिर, पाटनको महाबौद्ध मन्दिर, मच्छिन्द्रनाथ आदि हुन् । बौद्ध परम्पराअनुसार तल फुकेको र माथि साँघुरो हुँदै गएको शैलीलाई स्तुपा शैली भनिन्छ। स्तुपा शैलीमा एउटा मात्रै गजुर रहेको हुन्छ, जस्तै : बौद्धनाथ र स्वयम्भुनाथ। वास्तुकलाका विभिन्न शैलीको मिश्रण गरी निर्माण गरिएको शैलीलाई मिश्रित शैली भनिन्छ । जनकपुरको जानकी मन्दिर मिश्रित वास्तु शैलीको उदाहरण हो। यसमा शिखर र गुम्बज शैलीको मिश्रण पाइन्छ ।

नेपाली धर्ती चित्रकलाका दृष्टिले समृद्ध छ । यहाँको चित्रकला निकै पुरानो छ । नौ सय वर्षसम्म पुराना प्राचीन बौद्ध ग्रन्थमा चित्रित बौद्ध चित्र नै नेपालका चित्रकलाका प्राचीन नमुना हुन्। नेपाली चित्रकलालाई तीन प्रकारले अध्ययन गर्न सकिन्छ; ग्रन्थचित्र, भित्तेचित्र र पौभाचित्र। छापाखानाको आविष्कार हुनुभन्दा पहिले आफूलाई आवश्यक पर्ने पुस्तक र ग्रन्थ हातैले लेखेर तयार पार्ने गरिन्थ्यो । यस्ता हस्तलिखित ग्रन्थमा लेखिएका विषयसँग सम्बन्धित चित्र पनि ती ग्रन्थमा बनाउने चलन त्यस वेला थियो । यिनै चित्रलाई ग्रन्थचित्र भनिन्छ। ग्रन्थचित्र दुई प्रकारका हुन्छन्; गाताचित्र र पात्रचित्र। ग्रन्थलाई सुरक्षित रूपमा ढाक्नका लागि तल र माथि राखिएका काठका चिल्ला फल्याकमा भित्री, बाहिरी भागमा वा दुवैतर्फ कोरिएका चित्र गाताचित्र हुन् भने मूल पाठको दायाँ बायाँ बनेका वा मूल पाठलाई दायाँ बायाँ पारी कथावस्तुसँग मिल्ने गरी बनाइएका चित्र पात्रचित्र हुन् ।

घर, मन्दिर, गुम्बा आदिको भित्तामा बनाइएका चित्रलाई भित्तेचित्र भनिन्छ । भक्तपुरको ५५ झ्याले दरबारमा रहेका रामायण, महाभारत, नलदमयन्ती कथा,

कृष्णजन्म र रासलीलाका आर्कषक चित्र यसका उदाहरण हुन् । मिथिला चित्रकला तराई क्षेत्रमा प्रचलित भित्तेचित्रको सबैभन्दा उत्कृष्ट नमुना हो । विशेष प्रविधिका साथ कपडामा बनाइएको चित्रलाई पौभाचित्र भनिन्छ । पट र मण्डल गरी पौभाचित्र दुईप्रकारका हुन्छन् । 'पट' विधिमा मुख्य देवीदेवताका चित्रलाई बिचमा राखी अन्य सहायक देवीदेवतालाई वरिपरि राखिन्छ । 'मण्डल' विधिमा क्यानभासको बिच खण्डमा तान्त्रिक वा साङ्केतिक चिह्न राखिन्छ ।

नेपाल मूर्तिकला र काष्ठकलाका दृष्टिले महत्त्वपूर्ण छ । विभिन्न प्रकारका ढुङ्गा, माटो, काठ, सिसा, धातु आदिका विभिन्न आकृति बनाउने कलालाई मूर्तिकला भनिन्छ । नेपाली मूर्तिकलाको विकास लिच्छविकालदेखि सुरु भएको पाइन्छ । मल्लकालमा नेपालको मूर्तिकला निकै फस्टाएको थियो । काठको प्रयोग गरी विभिन्न मूर्ति, भाँडा, झ्याल, ढोका, फर्निचर आदि निर्माणसम्बन्धी कलालाई काष्ठकला भनिन्छ ।

## (क) प्रश्नहरू

(अ) नेपाली कलालाई कति भागमा वर्गीकरण गरिएको छ ?

(आ) कस्ता चित्रलाई ग्रन्थचित्र भनिन्छ ?

(इ) पौभाचित्र भनेको कस्तो चित्र हो ?

(ई) मूर्तिकलाको विकास कहिलेबाट सुरु भएको पाइन्छ ?

## (ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :

(अ) माथिको अनुच्छेदमा रहेको 'नेपाली मूर्तिकलाको विकास लिच्छविकालदेखि सुरु भएको पाइन्छ ।' वाक्यलाई सम्भावनार्थमा परिवर्तन गर्नुहोस् ।

(आ) माथिको अनुच्छेदमा रहेको 'विशेष प्रविधिका साथ कपडामा बनाइएको चित्रलाई पौभाचित्र भनिन्छ ।' वाक्यलाई इच्छार्थमा परिवर्तन गर्नुहोस् ।

(इ) 'छापाखाना को आविष्कार हुनु भन्दा पहिले आफू लाई आवश्यकपर्ने पुस्तक र ग्रन्थ हातै ले लेखेर तयारपार्ने गरिन्थ्यो ।' वाक्यलाई पदयोग पदवियोग मिलाई पुनर्लेखन गर्नुहोस् ।

**१७. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

केही गर्न वा प्राप्त गर्ने तीव्र इच्छा भएको अवस्थामा मानिसको मन धेरै अधीर हुन्छ । मानिसले गर्न चाहेका कुरा र भेट्न खोजेका व्यक्तिलाई एकछिन पनि पर्खन धेरै गाह्रो हुन्छ । उत्सुकता भनेको नै कसैलाई भेट्नु, कसैलाई केही भन्नु वा कसैसँग कुनै कुरा जान्न वा हामीले आफ्नो मनले गर्न चाहेको कुरा गर्न निकै व्यग्रता साथ पर्खिनु पनि हो । उदाहरणका लागि धेरै वर्षदेखि विदेश बसेका दाइले घर जाने जहाजको टिकट काटेका छन् । उनी घर जान आतुर छन् र उनी भन्दै छन्, "कति वर्षपछि बल्ल आज आमाबुबालाई भेट्न र देख्न पाउँदै छु । मेरा विद्यालयका साथी को को कहाँ पुगे होलान् । कपडाको भकुन्डो साथीसँग खुब खेलिन्थ्यो । बेलुकी लखतरान परेर घर फर्कदा किन ढिला गरिस् भनेर आमाबुबाको गाली खाइन्थ्यो । कस्ता रमाइला थिए ती दिन । यी विगतका कुरा साथीसँग बसेर छलफल गर्दा आहा ! कति रमाइलो हुन्छ होला ।"

माथिको अनुच्छेदमा दाइ आफ्ना आमाबुबा र साथीभाइ भेट्न आतुर भए झैँ तपाईं पनि लामो समयपछि घर फर्कदाको कल्पना गरी तपाईंका मनमा जागेका उत्सुकताबारे साथीसँग अभिनयात्मक प्रस्तुति गर्नुहोस् ।

## *सुनाइ र बोलाइ*

**१. सुनाइ पाठ ७ सुन्नुहोस् र दिइएका प्रश्न ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) नरेशका आमाबुबाले छोरालाई पढ्न सहर पठाए ।

(ख) नरेशले आमाबुबासँग आफू विदेश नजाने कुरा गऱ्यो ।

(ग) नरेश विदेश गएको पाँच वर्षसम्म पनि घर फर्किएन ।

(घ) नरेशका आमाबुबालाई आर्थिक अभाव थिएन ।

**२. सुनाइ पाठ ७ का आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) नरेशले कति कक्षासम्मको अध्ययन पूरा गरेको थियो ?

(ख) बुढाबुढीलाई कुन कुरामा विश्वास लाग्न छोड्यो ?

(ग) बुढाबुढीलाई के के कुराको अभाव भयो ?

(घ) नरेशका ठाउँमा तपाईं हुनुभएको भए के गर्नुहुन्थ्यो ?

१. **दिइएको अनुच्छेद पढी आज्ञार्थ र इच्छार्थ जनाउने क्रियापदको अलग अलग सूची बनाउनुहोस् :**

आमाले भन्नुभयो, "आज के तरकारी पकाऊँ ?" "घिरौँलाको तरकारी पकाउनुहोस् न, म टिपेर ल्याऊँ ?" मैले भने । आमाले भन्नुभयो, "बाबु तैले टिपेर ले । दिदीले तरकारी मिठो गरी पकाउन् । पकाएपछि तैले घिरौलाको तरकारीसँग भात खाएस् है । बहिनीले ले पनि खाओस् । दिदीले र दाइले पनि खाउन् ।" सानी नानीको हात समाउँदै आमाले फेरि भन्नुभयो, "तिमीले पनि खाए है ।"

२. **दिइएको अनुच्छेद पढी रेखाङ्कित सम्भावनार्थ र सङ्केतार्थ जनाउने क्रियापदको अलग अलग सूची बनाउनुहोस् :**

हिमालले बयर टिपेर ल्याउँला र खाउँला भनेर हिमांश कुर्दै थियो । हिमाल छिटो आए हुन्थ्यो अनि धेरै बयर टिपेर ल्याए हुन्थ्यो भन्ने उसको आशा थियो । हिमालले बयर टिपेर ल्यायो भने धनपति बाका नातिलाई पनि दिउँला भनेर मनमनै सोचेको थियो । त्यति वेला विदुषा आइन् र भनिन्, "हिमाल फुटबल खेल्दै होला ।" तिमीले जाति मान्छौ भने म बयर दिउँला क्यारे !

३. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :**

(क) हामी सबैको भलो ...........(हु : इच्छार्थ)

(ख) तिमी कविताको लयवद्ध वाचन .................... (गर् : आज्ञार्थ)

(ग) उनीहरू विद्यालय ................ (जा : सम्भावनार्थ)

(घ) उसले मिहिनेत ........... परीक्षामा सफल हुन्छ । (गर् : सङ्केतार्थ)

(ङ) तपाईं कथा ............... (लेख् : सामान्यार्थ)

४. **दिइएको अनुच्छेदलाई सम्भावनार्थमा परिवर्तन गर्नुहोस् :**

म हिउँदे बिदामा इलाम घुम्न जान्छु । म कन्यामको चियाबारी घुम्छु । स्वदेशमा प्रख्यात र विदेशमा निर्यात हुने नेपाली चियाका बारेमा जानकारी लिन्छु । त्यहाँका मानिससँग चिया खेती गर्ने तरिका सिक्छु । म पनि कृषि विषय पढेर गाउँमा चियाखेती गर्छु ।

**५. दिइएको अनुच्छेदलाई दुईओटा सङ्केतार्थ वाक्यमा परिवर्तन गर्नुहोस् :**

आज पानी पर्ने छ, मकै बारी भिज्ने छ । मकैका बोट सप्रने छन्, घोगा ठुला हाल्ने छन् । मकैबाली राम्रो हुने छ, मकै बजारमा लगेर बेचिने छ । मकै बेचेर पैसा कमाइने छ, त्यसले घरखर्च चलाइने छ ।

**६. आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ र सङ्केतार्थ जनाउने दुई दुईओटा क्रियापद पर्ने गरी एउटा अनुच्छेद लेख्नुहोस् ।**

**७. शिक्षक र रमाबिच भइरहेको कुराकानी पढ्नुहोस् र पदयोग पदवियोग बिग्रदा अर्थ फरक हुने कुनै दुई उदाहरण लेख्नुहोस् :**

शिक्षक : ए रमा, हरि के गर्छ नि ? लेखेर बताऊ त ।

रमा : हरि प्रसाद खान्छ, गुरु यी लेखेँ ।

शिक्षक : (रमाले लेखेको पढेपछि) हरि केको प्रसाद खान्छ नि ?

रमा : हैन क्या, खान्छ मात्र भनेको, प्रसाद कहाँ हुनु नि ?

शिक्षक : त्यसो भए हरिप्रसाद खान्छ । पो लेख्नु पर्थ्यो त ! हरि र प्रसाद छुट्याएर लेख्यौ म त झुक्किएँ नि ।

रमा : हो गुरु, मैले बल्ल बुझेँ । डिको ठिकसँग नदिँदा त अर्थमा पनि फरक पो पर्दोरहेछ ।

शिक्षक : ल भन त रमा, अरू त्यस्ता डिको दिनुपर्ने ठाउँमा नदिँदा वा डिको नदिनु पर्ने ठाउँमा डिको दिँदा अर्थ उल्टो हुने वाक्य लेख र अर्थ कसरी फरक भयो मलाई बताऊ त ।

रमा : मैले त बल्ल कुरा बुझेँ । ल हेर्नुस् त गुरु । राम बहादुर छ, लेख्यो भने राम निकै बहादुर रहेछ भन्ने बुझिँदोरहेछ । रामबहादुर छ, लेख्यो भने त रामबहादुर छ भन्ने बुझिँदोरहेछ ।

शिक्षक : अरू पनि लेखेर देखाऊ न ।

रमा : किताब टेबल माथि छन्, लेख्यो भने किताब र टेबल दुवै माथितिर भएको बुझिने र किताब टेबलमाथि छन्, लेख्यो भने अर्थ अर्कै पो हुँदोरहेछ । त्यस्तै राम लालमोहनलाई हेर्छ र रामलाल मोहनलाई हेर्छ भन्नेमा एउटामा रामले खाने लालमोहनलाई हेर्ने र अर्कामा रामलालले मोहनलाई हेर्ने भन्ने अर्थ बुझिँदोरहेछ ।

शिक्षक : तिमीले छिटै कुरा बुझ्यौ, स्याबास रमा ।

८. **दिइएको अनुच्छेदमा रहेका पदयोग र पदवियोगसम्बन्धी त्रुटि पहिचान गरी पुनर्लेखन गर्नुहोस् :**

'मेरानिम्ति मेरो देशनै महान् छ' भन्ने शीर्षकमा एक जना युवाले निबन्ध लेखे छन् । निबन्ध प्रति योगितामा त्यो निबन्ध प्रथम भए छ । मेरा साथीलेपनि त्यो निबन्ध पढेकारहेछन् । उसलाई निकै मनपरेछ । वास्तवमा निबन्ध न लेख्ने गरे लेख्न सकिँदैन । निबन्ध लेख्दैगयो भने राम्रा निबन्ध लेखिन्छ ।

## *सिर्जना र परियोजना कार्य*

१. **दिइएको सन्दर्भलाई आधार मानी थप घटना निर्माण गर्दै १०० शब्दमा नघटाई एउटा कथा लेख्नुहोस् :**

(क) शिक्षा र दीक्षा नामका दुई साथीबिच झगडा हुनु उनीहरूको बोलचाल बन्द हुनु

(ख) शिक्षाका बुबा सडक दुर्घटनामा घाइते हुनु

(ग) शिक्षाले अरू कसैबाट यो समाचार सुन्नु

(घ) अस्पतालको आकस्मिक कक्षमा पुग्दा दीक्षालाई त्यहाँ देख्नु

(ङ) दीक्षाले अस्पतालमा ल्याएर बुबालाई उपचार गरेको कुरा शिक्षाले थाहा पाउनु

२. **तपाईँको गाउँ समाजमा प्रचलित कुनै एउटा लोककथा खोजेर कक्षामा सुनाउनुहोस् ।**

पाठ ८

# नेपाली हाम्रो श्रम र सिप


मुकुन्दशरण उपाध्याय

नेपाल बाँचे नेपाली हाम्रो गौरव बाँच्ने छ
नेपाली भाषा संस्कृति कला साहित्य साँच्ने छ
यसैले आऊ नेपाललाई बलियो बनाऊँ
नेपाली हाम्रो श्रम र सिप स्वदेश मै लगाऊँ ।

नेपाल भोको रहन्छ सितो एउटैले नखाए
नेपाल नाङ्गो रहन्छ टालो एउटैले नलाए
यसैले आऊ खाना र नाना सबैलाई पुऱ्याऊँ
नेपाली हाम्रो श्रम र सिप स्वदेशमै लगाऊँ ।

पहाड भन्छ पसिना पाए म स्वर्ग भुलाउँथेँ
तराई भन्छ सिँचाइ पाए म सुन फुलाउँथेँ
के छ र गाह्रो होस्टेमा हैँसे सबैले मिलाए
सबैले चोखो श्रम र सिप स्वदेशमै लगाए ।

यो कस्तो देश सृष्टिकै वेला विज्ञान पाएको
देवता ऋषि मनुष्य मिली वेदान्त गाएको
मुन्धुम महान् धम्मपद महान् सम्पदा महान
विश्वमै छैन धरती महान् यो देश समान ।



गौरव : इज्जत, सम्मान, प्रतिष्ठा
टालो : कपडाको सानो टुक्रा, वस्त्र
सिँचाइ : जमिनमा कुलो वा अन्य कृतिम तरिकाले पानी लगाउने काम
सृष्टि : बनाउने वा पैदा गर्ने काम, सिर्जना
वेदान्त : वेदमा वर्णित सिद्धान्तको विवेचना गर्ने सिद्धान्त वा दर्शन
धम्मपद : बुद्धका उपदेश भएको ग्रन्थ

पूर्वले दियो विश्वकै लागि रहस्य विशाल
अपूर्व शिरोमुकुट हाम्रो सर्वोच्च हिमाल
ऋषिले सुने रहस्य यहीँ ब्युँझेर सखार
हे धन्य पुर्खा प्रकाशपुञ्ज वन्दना हजार ।

नेपाल आमा यो दिव्य आभा जगाऊँ कसरी
आलस्य निद्रा हीनता सारा भगाऊँ कसरी
आशिष देऊ एकै र फेरि पसिना बगाऊँ
नेपाली हाम्रो श्रम र सिप स्वदेशमै लगाऊँ ।

अपूर्व : अद्वितीय, अनुपम
सखार : बिहान सबेरै, झिसमिसेमा
प्रकाशपुञ्ज : एकै ठाउँमा जम्मा भएको प्रकाश
आभा : कुनै वस्तु आदिमा देखा पर्ने चमक, झलक

## शब्दभण्डार

१. **दिइएका शब्दको अर्थ लेख्नुहोस् :**

कला, श्रम, सितो, आलस्य, रहस्य, सम्पदा, चोखो, स्वर्ग

२. **'नेपाली हाम्रो श्रम र सिप' कविताबाट पाँच जोडी लय मिल्दा शब्द पहिचान गरी लेख्नुहोस् ।**

३. **दिइएको अनुच्छेदबाट समान संरचनायुक्त शब्द पहिचान गरी अर्थ पहिल्याउनुहोस् :**

हाम्रो विद्यालयका १० कक्षाका सारा विद्यार्थी बस चढेर बारा घुम्न हिँड्यौँ । वर्षायाम थियो । वेगसँग मेघ गर्ज्यो । रातो माटो र चिप्लो बाटो थियो । बाटामा बस गुड्डु गुड्दै थियो । पानी दरर दर्कँदै थियो । बरर असिना बर्सँदै थियो । हाम्रो बस टक्क अडियो । बसबाट सट्ट झरियो । हामीले कुन ठाउँ हो भन्ने भेउ नपाए पनि एउटा होटलको छेउमा बस रोकिएको रहेछ । हामी गएपछि होटल खचाखच भयो । केहीलाई होटलका बुढामान्छेले मुढा दिए । हामी मुढामा बस्यौँ ।

४. **दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

स्वदेश, पसिना, सिप, पुर्खा, भाषा, सितो, विज्ञान

५. **तपाईँको समाजमा प्रचलित चाडपर्वसँग सम्बन्धित छओटा शब्द टिपोट गरी वाक्यमा प्रयोग गर्नुहोस् ।**

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको उच्चारण गरी कविता पढ्दाको उच्चारण र तिनको स्वतन्त्र उच्चारणमा हुने भिन्नता पहिचान गर्नुहोस् :**

नेपाल, पहाड, श्रम, सुन, देश

२. **'नेपाली हाम्रो श्रम र सिप' कवितालाई गति, यति, लय मिलाई वाचन गर्नुहोस् ।**

३. **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) 'नेपाली हाम्रो श्रम र सिप' कविताको अन्तिम श्लोक वाचन गर्नुहोस् र उक्त श्लोकका हरेक पङ्क्तिमा कति कतिओटा शब्द छन्, भन्नुहोस् ।

(ख) उक्त श्लोकका हरफहरूको अन्त्यमा समान ध्वनि भएका दुई जोडी शब्द भन्नुहोस् ।

(ग) आशिष दिने प्रसङ्ग कविताको कुन श्लोकको कुन पङ्क्तिमा आएको छ ?

(घ) 'नेपाली हाम्रो श्रम र सिप स्वदेशमै लगाऊँ' भन्ने पङ्क्ति कवितामा कति पटक पुनरावृत्ति भएको छ ?

## ४. दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

पहाड भन्छ पसिना पाए म स्वर्ग भुलाउँथेँ
तराई भन्छ सिँचाइ पाए म सुन फुलाउँथेँ
के छ र गाह्रो होस्टेमा हैँसे सबैले मिलाए
सबैले चोखो श्रम र सिप स्वदेशमै लगाए ।

### प्रश्नहरू

(क) पहाडले पसिना खोज्नुको आशय खुलाउनुहोस् ।

(ख) तराईलाई सिँचाइ किन चाहिएको हो ?

(ग) होस्टेमा हैँसे गर्दा देशलाई कस्तो फाइदा पुग्छ ?

(घ) 'श्रम र सिपलाई स्वदेशमै लगाउनुपर्छ' भन्ने भनाइलाई पुष्टि गर्नुहोस् ।

## ५. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) नेपाली धरती विश्वमै महान् छ भन्ने भनाइलाई कविताका आधारमा वर्णन गर्नुहोस् ।

(ख) कवितामा धार्मिक विविधतालाई कविले कसरी चिनाएका छन् ?

(ग) 'कविताको दोस्रो श्लोकको विषयवस्तु वर्णन गर्नुहोस् ।

(घ) 'नेपाली हाम्रो श्रम र सिप' कविताको मूल भाव के हो ?

**६. 'नेपाली हाम्रो श्रम र सिप' कविताको पहिलो श्लोक शिक्षकबाट सुनेर लेख्नुहोस् ।**

**७. दिइएका कविताका पङ्क्तिलाई व्याकरणिक क्रम मिलाएर लेख्नुहोस् :**

(क) पूर्वले दियो विश्वकै लागि रहस्य विशाल

(ख) विश्वमै छैन धरती महान् यो देश समान

(ग) नेपाल आमा यो दिव्य आभा जगाऊँ कसरी

(घ) आलस्य निद्रा हीनता सारा भगाऊँ कसरी

**८. भाव विस्तार गर्नुहोस् :**

(क) नेपाल बाँचे नेपाली हाम्रो गौरव बाँच्ने छ
नेपाली भाषा संस्कृति कला साहित्य साँच्ने छ ।

(ख) आशिष देऊ एकै र फेरि पसिना बगाऊँ
नेपाली हाम्रो श्रम र सिप स्वदेशमै लगाऊँ ।

**९. श्रम र सिपलाई स्वदेशमै कसरी उपयोग गर्न सकिन्छ, कविताका आधारमा समीक्षा गर्नुहोस् ।**

**१०. दिइएको अनुच्छेद र गजलको नमुना पढ्नुहोस् अनि गजलको संरचनाबारे कक्षामा छलफल गर्नुहोस् :**

कविताका विभिन्न रूपमध्ये लघु रूप गजल हो । गजलको शाब्दिक अर्थ 'नारीसँगको प्रेमपूर्ण बातचित' भन्ने हुन्छ । यसले अहिले आफ्नो शाब्दिक अर्थलाई व्यापक गरी जुनसुकै विषयवस्तुलाई सशक्त रूपमा प्रस्तुत गर्ने गर्छ । काव्यको श्रव्य विधाअन्तर्गत पर्ने गजलमा सङ्गीतको पनि उपयोग गरिन्छ । गजल लेखनको संरचना छुट्टै प्रकृतिको छ । यसमा अक्षर र पाउमा निश्चितता छैन तथापि यसको लेखनका क्रममा केही पक्षमा ध्यान पुऱ्याउनुपर्छ । एउटै लय वा छन्दबाट निर्मित दुई पङ्क्तिको योगबाट सेर निर्माण हुन्छ । सेर निर्माण गर्ने पङ्क्तिलाई मिसरा भनिन्छ । गजलको हरेक सेरमा दुई दुईओटा मिसरा हुन्छन् । गजलको पहिलो सेरलाई मतला भनिन्छ । यसमा विषयवस्तुको प्रारम्भिक उठान गरिएको हुन्छ ।

मतलाको पाउमा अन्त्यानुप्रास मिलेको हुनुपर्छ । दुवैमा समान प्रकृतिको अन्त्यानुप्रास भएको वर्ण, पद वा पदावलीलाई रदिफ भनिन्छ । रदिफ पहिलो सेरको दुवै पङ्क्ति र अन्य सेरका दोस्रो पङ्क्तिका अन्त्यमा दोहोरिने शब्द वा पदावली हो । रदिफ वा अन्त्यानुप्रासभन्दा अगाडिका शब्दमा हुने अनुप्रासलाई काफिया भनिन्छ । यसलाई पूर्वअन्त्यानुप्रास पनि भनिन्छ । यो मतलाको दुवै पङ्क्तिमा र हरेक सेरको दोस्रो पङ्क्तिमा रदिफभन्दा अगाडि आउँछ । यसर्थ रदिफभन्दा अगाडि आउने एक वा एकभन्दा बढी शब्दयुक्त अनुप्रासलाई काफिया भनिन्छ । यसलाई गजलको अनिवार्य अङ्ग मानिन्छ । रचनाकारको उपनाम दिइएको अन्तिम सेरलाई मकता भनिन्छ । त्यसरी राखिएको उपनामलाई तखल्लुस भनिन्छ । यसलाई अनिवार्य मानिँदैन ।

### किन चहियो ?

दुई आँखिभौँ त तयार छन्, तरबार पो किन चाहियो
तिमी आफू मालिक भै गयौ, सरकार पो किन चाहियो ।

पहरा कडा छ कटाक्षको, हरदम तयारि मुहारमा
घर भन्नु भारि महल् न हो, दरबार पो किन चाहियो ।

कति चम्किलो छ हँसाइको, हिसिमा किरन् पनि दाँतको
मणिमोति नीर जुहार् न हो, अरू हार पो किन चाहियो ।

*मोतीराम भट्ट*

**११. कविताका सुरुका चार पङ्क्तिबाट कुनै दुईओटा बोध प्रश्न निर्माण गरी तिनको उत्तर लेख्नुहोस् ।**

**१२. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

मानव समाजमा विपत्ति तथा जोखिमका पर्याप्त सम्भावना छन् । व्यक्तिगत जीवन, रोजगारी, व्यावसायिक कारोबार आदि सबैमा जोखिम व्याप्त रहेको छ । बिमालाई जोखिम हस्तान्तरण गर्ने उपायका रूपमा लिइन्छ । अनिश्चित जोखिम हस्तान्तरण गरी क्षतिपूर्ति गर्ने माध्यम नै बिमा हो । बिमितले एक निश्चित रकम बिमकलाई दिने बिमा एक प्रकारको सम्झौता हो । यसरी बिमकलाई आकस्मिक सङ्कट उत्पन्न भएमा एक निश्चित रकम दिने वा

क्षतिपूर्ति दिने भनी गरिने प्रतिज्ञा नै बिमा हो । बिमा व्यवसायले जीवनमा आइपर्ने खतरा वा विपत्ति रोक्न सक्दैन तर यस्ता विपत्तिबाट हुने आर्थिक क्षतिबाट एक हदसम्म राहत दिन्छ । वित्तीय रूपमा हुने हानि नोक्सानीको क्षतिपूर्ति प्रदान गरेर बिमाले जोखिमबाट बच्न सहयोग गर्छ । यो दुई पक्षका बिचमा हुने करार पनि हो । बिमालाई निजी र सरकारी दुई प्रकारमा वर्गीकरण गरिएको छ । निजी बिमालाई पनि जीवन बिमा र सम्पत्ति तथा दायित्व बिमा गरी विभाजन गर्न सकिन्छ । मानिसको जीवनसँग सम्बन्धित जोखिम विरुद्ध गरिने बिमालाई जीवन बिमा भनिन्छ । हिजोआज प्रत्येक व्यक्तिले अनिश्चित जोखिमको सुरक्षाका लागि बिमा गर्छन् । सम्पत्ति तथा दायित्व बिमामा अग्नि बिमा, सामुद्रिक बिमा, आकस्मिक बिमा पर्छन् । त्यस्तै गरी सरकारी बिमालाई पनि सामाजिक बिमा र अन्य सरकारी बिमामा विभाजन गर्न सकिन्छ । सामाजिक बिमाअन्तर्गत वृद्धावस्था, आश्रित तथा अशक्तता बिमा, स्वास्थ्य बिमा, बेराजगारी बिमा, कामदार वा मुआब्जा बिमा, अनिवार्य अस्थायी अशक्तता बिमा आदि पर्छन् । अन्य सरकारी बिमाअन्तर्गत उपदान समाप्ति बिमा, सङ्घीय बाढी पहिरो बिमा, सङ्घीय बाली बिमालगायतका थुप्रै कार्यक्रम पर्छन् । बिमाले हानि वा नोक्सानीको क्षतिपूर्ति, कम चिन्ता र त्रास, लगानीयोग्य कोषको स्रोत, क्षति नियन्त्रण तथा रोकथाम, साखको वृद्धि आदिमा फाइदा पुर्‍याउँछ । हिजोआज सरकारले स्वास्थ्य बिमालाई पनि उच्च प्राथमिकतामा राखेको छ । गुणस्तरीय स्वास्थ्य सेवा सर्वसाधारणलाई प्रवाह गर्ने र स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने उद्देश्यले स्वास्थ्य बिमालाई उपयोगमा ल्याइएको हो ।

### (क) प्रश्नहरू

(अ) बिमा भनेको के हो ?

(आ) बिमालाई एक प्रकारको सम्झौता मानिनुको कारण लेख्नुहोस् ।

(इ) सामाजिक बिमाअन्तर्गत के के पर्छन् ?

(ई) बिमाबाट के के फाइदा हुन्छ ?

### (ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :

(अ) अनुच्छेदबाट एक एकओटा उद्देश्य र विधेय विस्तारक वाक्य पहिचान गर्नुहोस् ।

(आ) अनुच्छेदबाट एउटा जटिल वाक्य पहिचान गरी त्यसलाई सरल वाक्यमा परिवर्तन गर्नुहोस् ।

(इ) अनुच्छेदबाट 'श', 'ष' र 'स' प्रयोग भएका एक एकओटा शब्द टिपोट गरी तिनको अर्थ लेख्नुहोस् ।

**१३. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

अरूबाट सम्मान पाउन मान्छे दयालु हुनुपर्दोरहेछ । यसका लागि दुःखमा परेका मानिस र छरछिमेकका मानिस तथा कार्यालयमा आफ्ना सहकर्मीलाई आफूले सकेको वा जानेको मदत गर्नुपर्दोरहेछ । अरूलाई सहयोग गर्ने बानीबाट उनीहरूको सम्मान पाउन सकिँदोरहेछ । आफूले सम्मान पाउन अरूलाई सम्मान दिनुपर्दोरहेछ । आफूभन्दा सानालाई माया र ठुलालाई आदर गर्नु हाम्रो संस्कारको एक हिस्सा पनि हो । अरूबाट सम्मान पाउन अरूको कुरा राम्रोसँग सुन्नु पनि पर्दोरहेछ । जब तपाईं मानिसको कुरा ध्यानसँग सुन्नुहुन्छ त्यतिखेर मात्रै उनीहरूको नजरमा तपाईंप्रतिको सम्मान बढ्छ । सम्मान पाउन सामाजिक पनि बन्नुपर्दोरहेछ । यसका लागि आफ्नो जनसम्पर्कलाई राम्रो बनाउनु पर्दोरहेछ । नरिसाउने, खुसी रहने र अरूसँग हाँसेर कुरा गर्ने व्यक्ति पनि सम्मान पाउन लायक हुँदारहेछन् ।

तपाईंका कक्षामा एक जना लोकप्रिय समाजसेवी आउनुभयो । कक्षाका विद्यार्थी पालैपालो बोलेर ती व्यक्तिका विशेषता बताउँदै तिनको सम्मान कसरी गर्नुहुन्छ, अभिनय गर्नुहोस् ।

## *सुनाइ र बोलाइ*

**१. सुनाइ पाठ ८ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) सजीव तत्त्व भन्नाले के बुझिन्छ ?

(ख) पृथ्वीको वातावरणलाई कति किसिममा विभाजन गरिएको छ ?

(ग) महासागरको पानी नुनिलो हुनाको कारण के हो ?

(घ) वायु पारिस्थितिक प्रणालीको सिर्जना कसरी हुन्छ ?

**२. पारिस्थितिक प्रणालीको सन्तुलनका लागि के के कुरामा ध्यान पुर्‍याउनुपर्छ, सुनाइ पाठ ८ का आधारमा भन्नुहोस् ।**

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएका वाक्य पढी उद्देश्य, विधेय तथा तिनको विस्तार पहिचान गर्नुहोस् :**

(क) (अ) उद्देश्य हिँड्यो ।

(आ) कर्ता भनिने वाक्यको उद्देश्य क्रिया भनिने विधेय खोज्न हिँड्यो ।

(इ) आफ्ना बायाँपट्टिका सबै पदलाई उद्देश्य विस्तार मान्ने वाक्यको कर्ता भनिने उद्देश्य चाहिँ आफ्ना बायाँपट्टिका सबै पदलाई विधेय विस्तार ठान्ने वाक्यको क्रिया भनिने विधेय खोज्न हिँड्यो ।

(ख) माथिका तीनओटै वाक्यमा रेखाङ्कित उद्देश्य र विधेय उही छ । पहिलो वाक्य उद्देश्य र विधेय मात्र भएको वाक्य हो । दोस्रो वाक्यमा उद्देश्यभन्दा अगाडि तीनओटा पद भएको एउटा पदसमूह छ त्यो उद्देश्यको विस्तार हो भने विधेयभन्दा अगाडि चारओटा पद भएको पदसमूह छ । त्यो विधेयको विस्तार हो ।

तेस्रो वाक्यको उद्देश्य, विधेय, उद्देश्य विस्तार र विधेय विस्तार पद कुन कुन हुन् ? कक्षामा शिक्षकलाई बताउनुहोस् ।

२. **दिइएका वाक्यबाट उद्देश्य र विधेय छुट्याउनुहोस् :**

(क) ४५ वर्षका कृष्ण राय गाउँका सबभन्दा भद्र मानिस थिए ।

(ख) माथ्ला घरकी साहिँली दिदी असाध्यै छिटो छिटो हिँडिन् ।

(ग) विचार गर्दागर्दै कृष्ण रायले रेलको डब्बामा भएको झगडा सम्झे ।

३. **दिइएका अनुच्छेद पढी सरल र जटिल वाक्य पहिचान गर्नुहोस् :**

(क) ऋषिले वेद लेखे । त्यो वेदमा ज्ञान छ । ऋषि हिमाली पाखामा बसे । उनले त्यहीँ वेद लेखे । व्यासले पुराणका गाथा गाए । व्यासले पुराण भाकामा गाए । हाम्रो हिमाल राम्रो छ । हाम्रो पहाड राम्रो छ । हाम्रो तराई राम्रो छ ।

(ख) ऋषिले जुन वेद लेखे त्यो वेदमा ज्ञान छ । ऋषि जुन हिमाली पाखामा बसे त्यहीँ बसेर वेद लेखे । व्यासले जुन पुराणका गाथा गाएका छन् ती सबै नेपाली भाकामा गाएका छन् । हाम्रो हिमाल राम्रो छ भने हाम्रो पहाड र तराई राम्रो छ ।

(ग) ऋषिले वेद लेखे र त्यो वेदमा ज्ञान छ । ऋषि हिमाली पाखामा बसे अनि उनले त्यहीँ वेद लेखे । व्यासले पुराणका गाथा गाएका छन् र ती सबै नेपाली भाकामा छन् । हाम्रो हिमाल राम्रो छ अनि हाम्रो पहाड र तराई राम्रो छ ।

माथिको 'क' को अनुच्छेदका वाक्य सरल वाक्य हुन् भने 'ख' र 'ग' का अनुच्छेदका वाक्य जटिल वाक्य हुन् । जटिल वाक्य अन्तर्गतका 'ख' का मिश्र वाक्य हुन् भने 'ग' का संयुक्त वाक्य हुन् ।

**४. जुन – ती, जति त्यति, भने, भन्ने जस्ता सापेक्ष संयोजक जोडेर पाँचओटा मिश्र वाक्य बनाउनुहोस् ।**

**५. र, अनि, वा, अथवा, तर जस्ता निरपेक्ष संयोजक जोडेर पाँचओटा संयुक्त वाक्य बनाउनुहोस् ।**

**६. दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :**

(क) जब गड्गडाएर पानी पर्‍यो तब बाढी आयो । (सरल वाक्य)

(ख) कुकुर भुक्छ । कुकुरले टोक्दैन । (मिश्र वाक्य)

(ग) ऊ राम्रो पढ्छ र सफल हुन्छ । (सरल वाक्य)

(घ) घाम लाग्यो । न्यानो भयो । (संयुक्त वाक्य)

(ङ) म धेरै हिँडे । मेरा खुट्टा दुखे । (मिश्र वाक्य)

(च) श्रमिकले श्रम गर्छन् । श्रमिकले जीविकोपार्जन गर्छन् । (संयुक्त वाक्य)

**७. आफ्नो परिचय १० ओटा सरल वाक्यमा लेख्नुहोस् ।**

**८. प्रश्न न. ७ मा लेखिएको उत्तरलाई पाँचओटा संयुक्त वाक्यमा रूपान्तरण गर्नुहोस् ।**

९. **दिइएको अनुच्छेद पढी 'श', 'स' र 'ष' प्रयोग भएका शब्द रेखाङ्कन गर्नुहोस् :**

शवगृहमा आफन्तको शव देखेर आएजति सबका आँखा रसाए । षोडश वर्षीय बिस्ट सर सङ्खुवासभा, सोलुखुम्बु, पर्सा, सिराहा घुमेर हिजो मात्रै सुर्खेत पुगेका र आजै नेपाल वायुसेवाको विमानबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा झरेका थिए । कठै ! उनलाई राती हृदयघात भएछ । उनलाई श्रद्धाञ्जली दिन शम्भु सर, श्रुति मिस, विष्णु सर र सन्देश सर पनि आइपुगेका थिए ।

१०. **'नेपाली हाम्रो श्रम र सिप' कविताबाट 'श', 'स' र 'ष' प्रयोग भएका तीन तीनओटा शब्द लेख्नुहोस् ।**

११. **दिइएको अनुच्छेदमा 'श', 'स' र 'ष' प्रयोगसम्बन्धी अशुद्धि सच्याएर पुनर्लेखन गर्नुहोस् :**

उसा भनेको बिहान हो र निसा भनेको साँझ हो । हाम्रो बशोबाश षहरमा छ । राती भयो भने गाउँबाट षहरमा शजिलैषँग पुग्न शकिँदैन । नत्र धेरै कश्टषहित अँध्यारामा षहर फर्कनुपर्छ ।

## *सिर्जना र परियोजना कार्य*

१. **दिइएको गजल पढ्नुहोस् र एउटा मुक्तक वा गजल तयार पार्नुहोस् :**

फरक छन् नजरको कुरा के गरूँ खै
म गाला अधरको कुरा के गरूँ खै ।

कलेँटी परेको छ सुन्दै छु लाली
नमिठो खबरको कुरा के गरूँ खै ।

दिँदै दिन्न केही दिए चोट दिन्छ
निठुरी सहरको कुरा के गरूँ खै ।

बदर नै सदर छ सदर नै बदर छ
सदरको बदरको कुरा के गरूँ खै ।

(बूँद राना)

२. **रेडियो, टेलिभिजन वा विद्युतीय सामग्रीबाट आफूलाई मन पर्ने गीति कविता टिपोट गरेर कक्षामा सुनाउनुहोस् ।**

पाठ ९

# मेरो देशको शिक्षा



शिक्षालाई मानव जातिको तेस्रो आँखा मानिन्छ । यसलाई हाम्रो भित्री हृदयको नयन पनि भनिन्छ । यो हाम्रा बाहिरी आँखा अथवा चर्मचक्षुभन्दा पृथक्, महान् र तेजवान् छ । हामीसँग भएको यही ज्ञानचक्षुबाट हामीले शिक्षा आर्जन गर्छौं अर्थात् कुनै कुरा सुन्छौँ र सिक्छौँ, समाज र प्रकृतिमार्फत सैद्धान्तिक र व्यावहारिक ज्ञान निरन्तर आर्जन गरिरहन्छौँ । प्रकृति, संस्कृति र सभ्यताका दृष्टिले सृष्टिको उषाकालदेखि सुसम्पन्न मेरो देश आज शिक्षाका दृष्टिले समेत प्रगतिपथतर्फ लम्कँदो छ । शिक्षाले नै मानवलाई सम्मान, खुसी र सुखपूर्वक जिउने ज्ञान र सिप प्रदान गर्छ । यसले समाज र राष्ट्रमा प्रचलित मान्यता र विश्वासलाई मानवताका आँखाले हेर्ने र तिनका बारे समालोचनात्मक चिन्तन गर्ने सोच प्रदान गर्छ । यसले सकारात्मक र मूल्यवान् विषयलाई ग्रहण गर्ने र कतिपय असान्दर्भिक कुराबारे आलोचनात्मक दृष्टि राख्ने चेत प्रदान गर्छ । विज्ञान र सूचना प्रविधिलगायत युग सुहाउँदा जे जति नवीन प्रयोग र मान्यता स्थापित भएका छन् तिनलाई आत्मसात् गर्दै समयानुकूल परिष्कृत गर्दै लैजाने काम शिक्षाले गर्छ । अनादि कालदेखि शिक्षाको उर्वर भूमि रहेको

चक्षु : आँखा, नयन

अनादि : आदि वा सुरु थाहा नभएको

मेरो देशको शिक्षाले युगानुकूलका विशेषता ग्रहण गर्दै यो देशलाई समृद्ध बनाउने दिशामा प्रवृत्त छ ।

प्राचीन ऋषिमुनिले अनेकौँ सभ्यता, संस्कृति, पूर्वीय दर्शन र ज्ञानको ज्योति संसारभर फिँजाए र मेरो देशको शिक्षालाई आलोकित गरे । वेदव्यासमा ज्ञानको स्फुरण यहीँ भयो र उनले अठार पुराणको रचना गरे । राजा जनकको दरबारमा याज्ञवल्क्य, गार्गी, मैत्रेयी जस्ता विद्वान् विदुषीले शास्त्रार्थ गरेर जीवन र जगत्का यथार्थ र रहस्यका पाटा उजागर गरे । ज्ञानको तिर्खाले आकुलव्याकुल भएर घरपरिवार त्यागेका सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरे । फाल्गुनन्दले किराँत समुदायमा आफ्नो संस्कृतिको उत्थान र संवर्धन गर्न प्रेरणा दिने अनि समाजमा चेतना र जागरण फैलाउने 'मुन्धुम' जस्तो ग्रन्थ रचना गरे । यसरी मेरो देशको शिक्षाको प्रवर्धनमा परापूर्व कालदेखि विभिन्न ऋषिमहर्षि र विद्वान्ले विशिष्ट योगदान दिएका छन् । ज्ञानको मूलस्रोतका रूपमा रहेको र श्रुति परम्परामा आधारित अपौरुषेय रचना मानिने चारवेदको शिक्षासमेत मेरो देशको शिक्षाको गौरवमय मुहान हो । वेदमा निहित ज्ञान र शिक्षालाई विभिन्न ऋषिमुनिद्वारा कैयौँ उपनिषद् र सयौँ ग्रन्थमा व्याख्या गरिएको मेरो देशको शिक्षाले विश्वलाई नै प्रज्वलित पारेको छ ।

मेरो देशको शिक्षाले अनेकौँ संस्कृति र तिनका मूल्य मान्यता ढकमक्क फुलाउन समयसापेक्ष रूपमा बदल्न अहम् भूमिका खेलेको छ । यसले पूर्वीय ज्ञान र चेतनाको किरण विश्वमा फिँजाएको छ । मेरो देशको शिक्षा आज आफ्नो वास्तविक पहिचान जीवन्त राखेर युगअनुकूलको विज्ञान र प्रविधियुक्त शिक्षालाई आत्मसात् गर्दै अगि बढ्न आतुर छ । बौद्धिक विकास, सभ्यताको परिष्करण र स्तरीय जीविकोपार्जनका लागि शिक्षा नितान्त आवश्यक छ । त्यसैले सनातन पूर्वीय सभ्यता र अनेकौँ मौलिक संस्कृति भएको मेरो देशलाई पूर्वीय ज्ञान तथा पाश्चात्य विज्ञान र प्रविधिसँग हातेमालो गर्दै अझै अगि बढाउनु जरुरी छ । मेरो देशको शिक्षालाई सिपले सुसम्पन्न बनाउने अहिलेको चुनौतीलाई

विदुषी : विद्वान् महिला
शास्त्रार्थ : शास्त्रसम्बन्धी विषयमा गरिने छलफल वा तर्क वितर्क
मुन्धुम : किराँतको धर्मशास्त्र
अपौरुषेय : कुनै खास व्यक्तिले नबनाएको, अलौकिक
उपनिषद् : आर्यहरूको दार्शनिक विचारले भरिएको आत्मा परात्माको निरूपण गर्ने शास्त्र
जीवन्त : जिउँदो वा जीवित
परिष्करण : कुनै वस्तु वा कुरालाई राम्ररी खार्ने, दोष वा त्रुटि हटाउने काम
सनातन : धेरै पहिलेदेखि चलिआएको

अवसरका रूपमा बदल्नु छ । आज हामीले विभिन्न माध्यमबाट समयसापेक्ष सिप प्राप्त गर्नु छ । पुस्तक, सूचना र प्रविधि, इतिहास, प्रयोग र व्यवहारका माध्यमबाट जीवनोपयोगी सिपयुक्त थप शिक्षा प्राप्त गर्नु छ । म बदलिँदो युगसँगै आफूलाई समायोजन गर्न सक्ने शिक्षा चाहन्छु । शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग अनि श्रमलाई आधुनिक प्रविधिसँग जोड्ने शिक्षा आजको आवश्यकता हो भन्ने मैले अनुभूत गरिरहेछु ।

शिक्षालाई भूगोल र पर्यावरण अनुकूल व्यवसायमूलक शिक्षाका रूपमा विकास गर्नुपर्ने आवश्यकता मैले देखेको छु । यसो गर्दा देशमा रोजगारी सिर्जनामा थप बल पुग्थ्यो भन्ने मलाई लाग्छ । कफी र चियाखेती हुने ठाउँका विद्यालयमा तिनको उत्पादन र प्रशोधनसम्बन्धी तालिम दिनु वाञ्छनीय हुन्छ । त्यसै गरी स्याउ खेती हुने ठाउँका विद्यालयमा स्याउ खेतीलगायत स्याउबाट जुस, जाम र जेली उत्पादन गर्ने व्यावसायिक ज्ञान र सिपयुक्त शिक्षा आवश्यक हुन्छ । कर्णालीका किसानलाई जडीबुटी पहिचान र प्रशोधनको शिक्षा दिनु सान्दर्भिक हुन्छ । ढोरपाटन, खप्तड र लुम्बिनीका विद्यार्थीलाई पर्यटकीय ज्ञान, सिपका साथै होटल व्यवस्थापनको शिक्षा दिएर स्वरोजगारका अनन्त सम्भावना खोज्न सकिन्छ । जुम्ला, डोल्पा, मुस्ताङ जस्ता जिल्लामा स्याउ खेती, धनकुटा, सिन्धुली, गोरखा जस्ता जिल्लामा जुनार तथा सुन्तला खेतीको प्राविधिक र व्यावसायिक शिक्षा विद्यालय तहमै समावेश गर्न उपयुक्त देख्छु । त्यस्तै झापा, सुनसरी, सिराहा, चितवन, रुपन्देही, बाँके, कैलाली जस्ता समथर भूभाग भएका जिल्लामा अन्नबाली र तरकारी उत्पादनको प्राविधिक शिक्षा दिन सान्दर्भिक ठान्छु । यसो गरेर सिपयुक्त शिक्षालाई प्राथमिकतासाथ अगि बढाउनैपर्छ भन्ने मलाई लाग्छ । यसो भयो भने मात्र आफ्नो सिपअनुकूलको व्यवसाय गरेर आफ्नै देशमा स्वरोजगारका अवसरको सदुपयोग गर्दै विद्यार्थीले यो देशमा पसिना बगाउने अवसर पाउने छन् ।

व्यवसायमूलक शिक्षाका लागि हाम्रो परम्परागत र आधुनिक प्रविधिलाई सँगसँगै अगाडि लैजानु बढी सान्दर्भिक देख्छु । कृषिमा आधुनिक प्रविधि तथा अत्याधुनिक औजारको प्रयोग गर्ने व्यावसायिक शिक्षा विद्यालय तहमा नै प्रदान गर्न आवश्यक छ । यसका साथै परम्परागत कृषि औजारका बारेमा पनि ज्ञान र सिप उत्तिकै आवश्यक हुन्छ । यस्ता प्राविधिक ज्ञान र सिप प्राप्त गरेका विद्यार्थी व्यवसाय सञ्चालन गर्न सक्ने गरी आत्मनिर्भर

प्रशोधन : कच्चा पदार्थलाई खारेर, पेलेर वा पखालेर शुद्ध पार्ने काम

अनन्त : कहिल्यै नाश नहुने, अनगिन्ती

औजार : काम गर्ने साधन, हतियार

हुन उत्प्रेरित हुन्छन् भन्ने मलाई लाग्छ । शिक्षाको मूल उद्देश्य आत्मनिर्भर शिक्षामा जोड दिनु हो भने आत्मनिर्भरताको लक्ष्य स्वरोजगार बन्नु हो ।

मलाई मेरो देशको शिक्षामा सर्वसुलभ रूपमा सूचना प्रविधिको पहुँच पुगोस् भन्ने लाग्छ । मेरो देशमा विज्ञान र प्रविधियुक्त शिक्षाको थप खाँचो छ । विज्ञान र प्रविधियुक्त शिक्षा नपुगेका गाउँ ठाउँमा त्यसको पहुँच सर्वसुलभ हुनु जरुरी छ । आजको युग सूचना र प्रविधिको युग हो । शिक्षामा सूचना र प्रविधिले युगान्तकारी परिवर्तन ल्याइदिएको छ । ती परिवर्तनलाई आत्मसात् गर्न सक्ने नागरिक उत्पादनमा जोड दिने शिक्षाको खाँचो छ । आज हामी मोबाइल एप्सबाट गाडी रोक्न, चढ्न र भाडा तिर्न सक्छौँ । जहाजको टिकट काट्न र तीर्थाटन गर्न, रेलको टिकट काट्न सक्छौँ । अनलाइन कारोबार गर्न सक्छौँ, अनलाइनबाटै बैङ्क खाता खोल्न र घरमै सामान मगाउन सक्छौँ । आज जागिरका विज्ञापन अनलाइनबाटै खुल्छन् । व्यापार व्यवसाय अनलाइनबाटै गरिन्छन् । घरमा उत्पादन गरेका कृषिजन्य वस्तु अनलाइनबाटै बजारीकरण गरी आय वृद्धिमा सघाउ पुऱ्याउन सकिन्छ । चिठीपत्र विद्युतीय माध्यमबाट प्रेषण गरिन्छ । विश्वभरिको सूचना र जानकारीको अजस्र स्रोत इन्टनेटभित्रै छ । मेरो देशको शिक्षाले हाम्रा विद्यार्थीलाई यी र यस्ता कुरामा दक्ष बनाउँदै युगीन आवश्यकता र आविष्कारसँग अझै जोड्न सक्नुपर्छ । यति हुँदाहुँदै पनि प्रविधिले हामीलाई दिएका सूचना सबै आधिकारिक, तथ्यपूर्ण र स्वस्थकर नहुन सक्छन् त्यतातिर सचेत हुन र प्रविधिको दुरुपयोग हुन नदिन सचेतनासमेत आधुनिक शिक्षाले दिन आवश्यक छ । अतः आजका शिक्षित विद्यार्थी सूचना प्रविधिसँग पूर्ण रूपमा परिचित, पोख्त र दक्ष हुनुपर्छ ।

मेरो देशको शिक्षा ज्ञान र विज्ञानको सङ्गम बन्नुपर्छ । यस्तो शिक्षाबाट पाइने ज्ञान वा चेतनाले मानिसलाई कर्तव्य, दायित्व, सद्‌गुण आदि सिकाउँछ । मानवीय स्वभाव र कर्मलाई सही मार्गमा लाग्न प्रेरित गर्दै कुनै कुराका फाइदा र बेफाइदाको व्याख्या गर्न सिकाउँछ । यसले मानिसलाई नैतिकवान्, सहिष्णु, दक्ष र विवेकशील बनाउन आवश्यक पर्ने नैतिक, सांस्कृतिक र वैज्ञानिक शिक्षाको सन्तुलनमा जोड दिन्छ । ज्ञान र विज्ञानले युक्त शिक्षाआर्जन गर्ने आजका विद्यार्थीमा व्यक्तिगत जीवन र सामाजिक जीवनका

उत्प्रेरित : हौसला प्राप्त, उत्साहित

युगान्तकारी : एउटा युगको अन्त्य गरी अर्को युग ल्याउने

पोख्त : कुनै काम गर्न दक्ष, सिपालु

सहिष्णु : पीडा सहन सक्ने, सहनशील

बारेमा गहिरो ज्ञान हुने छ । यस्ता विद्यार्थीको व्यक्तित्व विकासमा समेत यसले टेवा पुऱ्याउँछ । मेरो देशको शिक्षाले उत्पादन गरेका व्यक्तिमा सकारात्मक गुण भरिपूर्ण हुनुपर्छ । त्यसैले शिक्षित व्यक्तिमा शिष्टाचार, प्रतिबद्धता, सांस्कृतिक सद्भाव, सामाजिक सद्व्यवहारका क्षमता हुनु जरुरी छ भन्ने मलाई लाग्छ । त्यस्ता व्यक्तिमा प्रतिकूल परिस्थितिमा शान्त रहने, संवेग र भावनाका विभिन्न अवस्थालाई आफैँ व्यवस्थापन गर्ने र परिस्थितिलाई धैर्यपूर्वक सामना गर्ने विशेषता हुनु जरुरी छ । साथै नेतृत्व गर्ने क्षमता, अनुशासन, सत्य र त्रुटि बुझ्ने क्षमता, निरन्तर सुधार गर्ने क्षमता शिक्षित व्यक्तिमा देखिनु जरुरी छ ।

मेरो देशको शिक्षाबाट दीक्षित व्यक्ति समालोचनात्मक सोचयुक्त नयाँ नयाँ ज्ञान निर्माण गर्न सक्ने हुनुपर्छ भन्ने मलाई लाग्छ । वास्तवमा समालोचनात्मक चिन्तनले कुनै पनि विचार, घटना वा परिवेशलाई आँखा चिम्लेर समर्थन गर्ने कुरालाई सही ठान्दैन । यो हरेक कुरालाई पूर्वाग्रह नराखेर अरूका भरमा मात्र नपरी आफ्नै विवेकका आँखाले हेर्नुपर्ने स्वस्थ चिन्तन हो । आजका समग्र वैज्ञानिक आविष्कार पनि यस्तै समालोचनात्मक चिन्तनकै उपज हुन् । यस्तो चिन्तन नहुँदो हो त न राइट दाजुभाइले हवाइजहाज आविष्कार गर्थे, न त न्युटनको गुरुत्वाकर्षणको शक्ति नै पत्ता लाग्थ्यो । समालोचनात्मक चेत भएको विद्यार्थीले शिक्षकको मतमा पनि प्राज्ञिक बहस गरेको हुन्छ । गुरुका मतमा फरक मत पनि राखेको हुन्छ । यसरी आफ्ना विद्यार्थीले आफैँसँग तर्क गर्दा गुरु गौरवान्वित भएका हुन्छन् । त्यतिमात्रै होइन यस मान्यताअनुसार ससाना बालबालिकाले संस्कृतिका नाममा जरो गाडेर बसेका अन्धविश्वासमाथि वैज्ञानिक प्रश्न गर्न सक्छन् । ती प्रश्न युग सुहाउँदा छन् कि छैनन् भनेर तर्क गर्न पाउने समालोचनात्मक चिन्तन पनि शिक्षाकै एउटा पाटो हो । यस्ता कतिपय विश्वास अन्धविश्वास रहेछन् भन्ने आलोचनात्मक चेतनाको बोध गर्ने शिक्षा मेरो देशको शिक्षाको मूल मर्म हो भन्ने मेरो धारणा छ ।

शिक्षाका क्षेत्रमा हिजोभन्दा आज कैयौँ सकारात्मक कार्य भएका छन् । माध्यमिक शिक्षासम्म निःशुल्क शिक्षाको व्यवस्था हुनु, थुप्रै विश्वविद्यालय खोलिनु चानचुने कुरा होइन । उच्च शिक्षा अध्ययन गर्न खर्च बोकेर सहर पस्ने वातावरणको अन्त्य हुनु अर्थात् गाउँ गाउँमा क्याम्पस खोलिनु र उच्च शिक्षा सुलभ हुनु मेरो देशको शिक्षाका लागि गर्व गर्न लायक कुरा हुन् ।

प्रतिबद्धता : वचनबद्ध भएको अवस्था, कुनै विचार, सिद्धान्त वा वाचा बन्धनबाट बाँधिएको अवस्था
दीक्षित : दीक्षा वा मन्त्र प्राप्त गरेको
प्राज्ञिक : प्राज्ञद्वारा सम्पन्न गरिने, दक्षतासम्बन्धी

क्याम्पस र विद्यालयमा इन्टरनेट सेवा जोडिनु, सूचना र प्रविधिमा विद्यालयका विद्यार्थीको समेत पहुँच हुनुले मेरो देशका विद्यार्थीको ज्ञान प्राप्त गर्ने सूचनाको क्षितिज फराकिलो भएको छ । आज देशभरिका विद्यार्थीले सूचना प्रविधिलाई एउटा विषयका रूपमा पढ्न पाएका छन् । विद्यालय तहदेखि कम्प्युटर पाठ्यक्रम र तदनुरूप पाठ्यपुस्तकको व्यवस्था हुनुलाई मैले यो देशको विद्यालयीय शिक्षामा आएको युगीन फड्को ठानेको छु ।

यसरी प्राचीन कालदेखि नै ज्ञानको खानी रहेको मेरो देशको शिक्षाका जगमा राज्यको आर्थिक, भौतिक, प्राविधिक लगानी र दक्ष जनशक्तिका खम्बा ठडिएका छन् । मेरो देशको शिक्षा समृद्धपथतर्फ यात्रारत छ । मेरो देशको शिक्षा व्यावसायिक सिप र समालोचनात्मक चिन्तनले युक्त जनशक्ति तयार पार्न तल्लीन छ । परापूर्व कालदेखि यस पवित्र भूमिमा रहेको ज्ञानलाई आधुनिक विज्ञानसँग हातेमालो गर्दै मेरो देशको शिक्षाले सुन्दर यात्रा गरेकै छ । नेपाली माटामा सुन फलाउन यसरी प्राचीन कालदेखि ज्ञानको खानी रहेको मेरो देशको शिक्षा आज आधुनिक वैज्ञानिक शिक्षा प्रदान गर्न आतुर छ । त्यसो त मेरो देशले आफूमा परापूर्व कालदेखि रहेको ज्ञानलाई आधुनिक विज्ञानसँग एकैसाथ सहयात्रा गरेकै छ । नेपाली माटामा सुन फलाउने गरी व्यावसायिक र आधुनिक कृषि शिक्षा दिन मेरो देशको शिक्षामा अझैँ लगानी र पहुँच विस्तारमा जोड दिनुपर्छ । मुलुकका उत्पादनलाई विश्वबजारमा पस्कने गरी हाम्रा विद्यार्थी उत्पादनलाई संसारमा चिनाउन सक्षम हुने परिस्थिति पैदा गर्नु जरुरी छ । सुदूर विगतदेखि भोजपत्र, धुलौटे पाटी, खरी, चक, डस्टर र मार्कर युगबाट गुज्रेको मेरो देशको शिक्षामा सूचना र प्रविधिको सहज पहुँच पुग्दै छ । यसो भएमा मेरो देशको शिक्षाले आफ्नो मौलिकतासहितको युग सुहाउँदो वैज्ञानिक युगमा थप फड्को मार्ने छ । यसरी मेरो देशमा प्राचीन ज्ञान र आधुनिक विज्ञानसहितको शिक्षा र ज्ञानको नयाँ सगरमाथा खडा हुने छ ।

भोजपत्र : प्राचीन कालमा लेख्नका निम्ति प्रयोग गरिने पातलो कागज जस्तो पत्रैपत्र भएको एक जातको रुखको बोक्रा

## शब्दभण्डार

१. **दिइएका अर्थ बुझाउने शब्द 'मेरो देशको शिक्षा' निबन्धबाट खोजेर लेख्नुहोस् :**

(क) नयाँ कुराको खोजी

(ख) खास विषयको गुण दोष आदिको मूल्याङ्कन

(ग) जीवन निर्वाहका लागि गरिने काम

(घ) महत्त्वपूर्ण मानिएका ठुला आकारका पठनीय सामग्री

(ङ) शिष्ट वा सभ्य मानिसको आचरण

२. **दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
| --- | --- |
| मुहान | परिश्रम गर्दा शरीरबाट निस्कने पानी |
| तीर्थाटन | पुरातन |
| पसिना | उद्गमस्थल |
| मार्ग | पुराण |
| त्रुटि | प्रसन्न |
| खानी | तीर्थयात्रा |
| प्राचीन | गल्ती |
| | धेरै चिज उत्पन्न भएको ठाउँ |
| | बाटो |

३. **दिइएको अनुच्छेद पढ्नुहोस् र प्राविधिक, पारिभाषिक शब्द पहिचान गरी लेख्नुहोस् :**

शिक्षण सिकाइको महत्त्वपूर्ण पक्ष शिक्षक हो । शिक्षकले पाठ्यक्रमअनुसार विषयवस्तुमा आधारित भएर शिक्षण गर्नु अपरिहार्य हुन्छ । शिक्षणलाई प्रभावकारी बनाउन पाठयोजना बनाउनसमेत अनिवार्य हुन्छ । पाठयोजनाभित्र विशिष्ट उद्देश्य, पाठ्यवस्तु, शैक्षणिक सामग्री, सिकाइ सहजीकरण क्रियाकलाप, मूल्याङ्कन र गृहकार्य रहन्छन् ।

४. **'मेरो देशको शिक्षा' निबन्धबाट कुनै पाँचओटा पारिभाषिक शब्द खोजी वाक्यमा प्रयोग गर्नुहोस् ।**

## *बोध र अभिव्यक्ति*

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

ज्ञानचक्षु, संस्कृति, सृष्टि, सङ्गम, आकुलव्याकुल, सिद्धार्थ, ओतप्रोत, बौद्धिक

२. **'मेरो देशको शिक्षा' निबन्ध सस्वरवाचन गर्नुहोस् ।**

३. **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) 'मेरो देशको शिक्षा' निबन्ध आत्मपरक वा वस्तुपरक कुन हो ?

(ख) 'व्यवसायमूलक शिक्षाका .... बन्नु हो' अनुच्छेदको शीर्ष वाक्य कुन हो ?

(ग) वाक्य संरचनाका दृष्टिले सबभन्दा लामो अनुच्छेद कुन हो ?

(घ) प्राचीन सभ्यता र संस्कृतिसँग सम्बन्धित कुरा कुन अनुच्छेदमा आएको छ ?

४. **दिइएको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

मेरो देशको शिक्षाबाट दीक्षित व्यक्ति समालोचनात्मक सोचयुक्त नयाँ नयाँ ज्ञान निर्माण गर्न सक्ने हुनुपर्छ भन्ने मलाई लाग्छ । वास्तवमा समालोचनात्मक चिन्तनले कुनै पनि विचार, घटना वा परिवेशलाई आँखा चिम्लेर समर्थन गर्ने कुरालाई सही ठान्दैन । यो हरेक कुरालाई पूर्वाग्रह नराखेर अरूका भरमा मात्र नपरी आफ्नै विवेकका आँखाले हेर्नुपर्ने स्वस्थ चिन्तन हो । आजका समग्र वैज्ञानिक आविष्कार पनि यस्तै समालोचनात्मक चिन्तनकै उपज हुन् । यस्तो चिन्तन नहुँदो हो त न राइट दाजुभाइले हवाइजहाज आविष्कार गर्थे, न त न्युटनको गुरुत्वाकर्षणको शक्ति

नै पत्ता लाग्थ्यो । समालोचनात्मक चेत भएको विद्यार्थीले शिक्षकको मतमा पनि प्राज्ञिक बहस गरेको हुन्छ । गुरुका मतमा फरक मत पनि राखेको हुन्छ । यसरी आफ्ना विद्यार्थीले आफैँसँग तर्क गर्दा गुरु गौरवान्वित भएका हुन्छन् । त्यतिमात्रै होइन यस मान्यताअनुसार ससाना बालबालिकाले संस्कृतिका नाममा जरो गाडेर बसेका अन्धविश्वासमाथि वैज्ञानिक प्रश्न गर्न सक्छन् । ती प्रश्न युग सुहाउँदा छन् कि छैनन् भनेर तर्क गर्न पाउने समालोचनात्मक चिन्तन पनि शिक्षाकै एउटा पाटो हो । यस्ता कतिपय विश्वास अन्धविश्वास रहेछन् भन्ने आलोचनात्मक चेतनाको बोध गर्ने शिक्षा मेरो देशको शिक्षाको मूल मर्म हो भन्ने मेरो धारणा छ ।

**प्रश्नहरू**

(क) दीक्षित व्यक्तिमा कस्तो क्षमता हुनुपर्छ ?

(ख) स्वस्थ चिन्तनमा कुन कुरा पर्छ ?

(ग) 'समालोचनात्मक चिन्तन शिक्षाकै एउटा पाटो हो' भन्नुको आशय के हो ?

(घ) निबन्धको अंशको भनाइप्रति तपाईं सहमत वा असहमत के हुनुहुन्छ, तर्क दिनुहोस् ।

**५. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) 'मेरो देशको शिक्षा' निबन्धमा कस्तो व्यवसायमूलक शिक्षाको अपेक्षा गरिएको छ ?

(ख) शिक्षाले मानव जीवनका कुन कुन कुरामा सुधार ल्याउँछ ?

(ग) विज्ञान र प्रविधिमा आधारित शिक्षाको महत्त्व लेख्नुहोस् ।

(घ) निबन्धको मुख्य सन्देश के हो ?

**६. व्याख्या गर्नुहोस् :**

(क) आत्मनिर्भरताको लक्ष्य स्वरोजगार बन्नु हो ।

(ख) शिक्षित व्यक्तिमा शिष्टाचार, प्रतिबद्धता, सांस्कृतिक सद्भाव, सामाजिक सद्व्यवहारका क्षमता हुनु जरुरी छ ।

**७. 'मेरो देशको शिक्षा' निबन्धको अन्तिम अनुच्छेद शिक्षकबाट सुनेर लेख्नुहोस् ।**

८. **दिइएको चित्र वर्णन गर्नुहोस् :**



९. **'शिक्षालाई भूगोल .... पाउने छ' निबन्धको अंश मौन पठन गर्नुहोस् र चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् ।**

१०. **तपाईँलाई नेपालको भावी शिक्षा कस्तो हुनुपर्छ भन्ने लाग्छ, 'मेरो देशको शिक्षा' निबन्धका आधारमा समीक्षात्मक उत्तर लेख्नुहोस् ।**

११. **'मेरो सोच : मेरो भविष्य' शीर्षकमा आत्मपरक अनुच्छेद लेख्नुहोस् ।**

१२. **दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

कानुन समाजको अपरिहार्य तत्त्व हो । सभ्य र सुसंस्कृत समाज निर्माण गर्न कानुनको आवश्यकता पर्छ । राज्यको शासन सञ्चालन गर्ने कार्य विधि, पद्धति एवम् नियमको समष्टिलाई कानुन मानिन्छ । सामाजिक हित र न्यायलाई केन्द्रमा राखी निश्चित विधि र प्रकियामार्फत सबैलाई समान रूपमा लागु हुने संविधान, ऐन, नियम, नियमावलीलगायतका औपचारिक लिखत नै कानुन हो । विधायन, नजिर, प्रथा तथा परम्परा, संप्रतिज्ञा, अन्तर्राष्ट्रिय अदालतबाट भएका फैसला, अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, कानुनविद्का राय र संहिताकरणलाई कानुनका स्रोत मानिन्छ । यसले मानवीय आचरण तथा व्यवहारलाई नैतिक, सामाजिक तथा कानुनी आयामबाट परिभाषित गर्दै के गर्ने वा नगर्ने विषयमा मार्ग निर्देश गर्छ । यो

बाध्यकारी शक्ति हो । यसको अवज्ञा दण्डनीय रहन्छ । यसले सत्य, न्याय, अधिकार र सुरक्षाको सुनिश्चितता खोजी गर्छ । शासन व्यवस्थालाई निरङ्कुश हुनबाट रोक्न, नागरिकलाई अधिकार दिन, असीमित अधिकारलाई नियन्त्रण गर्न, सामाजिक सदाचार र नैतिकता कायम गर्न, समतामूलक समाज निर्माण गर्न, न्याय प्रशासनलाई चुस्त र दुरुस्त बनाउन कानुन अनिवार्य हुन्छ । कानुन राज्यको सार्वभौम विधायिकबाट निर्माण हुन्छ भने यसको व्याख्या न्यायपालिकाबाट हुन्छ । कानुनको प्रयोगमा समानता हुनुपर्छ । यसले समाजमा शान्ति, सुव्यवस्था कायम गरी सुशासन र विधिको शासनलाई संस्थागत गर्छ ।

(क) **प्रश्नहरू**

(अ) कानुन भन्नाले के बुझिन्छ ?

(आ) कानुनका स्रोत के के हुन् ?

(इ) कानुनलाई किन बाध्यकारी शक्ति मानिन्छ ?

(ई) कानुनको महत्त्व लेख्नुहोस् ।

(ख) **भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :**

(अ) अनुच्छेदबाट कतृवाच्यका दुईओटा वाक्य टिप्नुहोस् ।

(आ) 'यसले समाजमा शान्ति, सुव्यवस्था कायम गरी सुशासन र विधिको शासनलाई संस्थागत गर्छ' वाक्यलाई कर्मवाच्यमा रूपान्तरण गर्नुहोस् ।

(इ) अनुच्छेदबाट 'य' प्रयोग भएका दुईओटा र 'ए' प्रयोग भएका दुईओटा शब्द पहिचान गरी अर्थ लेख्नुहोस् ।

१३. **दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

एक जना मान्छे प्रसिद्ध चिकित्सक कहाँ पुगेछन् । उनले आफ्नो सानो छोरालाई गुलियो कम खान भन्दिनु पऱ्यो भनेर ती चिकित्सकलाई आग्रह गरेछन् । चिकित्सकले त्यसो भन्ने मान्छेलाई भोलि आउन भनेछन् । भोलि छोरासँगै चिकित्सककहाँ पुगेपछि चिकित्सकले सानो बालकलाई गुलियो कम खानुका फाइदा बताउँदै गुलियो कम खान भनेछन् । त्यति कुरा भन्न किन भोलि पर्खेको त भनेर ती मान्छेले चिकित्सकसँग जिज्ञासा राखेछन् । चिकित्सकले भनेछन्, "हिजोसम्म म आफैँ चिनी धेरै खान्थेँ । आफैँ गुलियो बढी खाने गरेको मैले अरूलाई कसरी

गुलियो कम खान सल्लाह दिन सक्छु र ?" अरूलाई उपदेश दिन आफू उदाहरण बन्नुपर्ने यो प्रेरक प्रसङ्गले एउटा असल मानिसमा हुनुपर्ने गुण देखाउँछ । हामी ती चिकित्सक जस्तै हुन नसकिएला तर कमसेकम त्यो मार्गमा चल्ने प्रयास गर्न सक्छौँ । अरूलाई सल्लाह दिन पहिला आफू दृष्टान्त बन्नुपर्छ ।

चिकित्सकको दृष्टान्तबाट तपाईंले पनि अरूलाई कुनै विषयको सुधारका लागि सल्लाह दिनुपर्‍यो भने कसरी सल्लाह दिनुहुन्छ, आफ्नो दृष्टिकोण कक्षामा प्रस्तुत गर्नुहोस् ।

## *सुनाइ र बोलाइ*

१. **सुनाइ पाठ ९ सुन्नुहोस् र दिइएका विकल्पमध्ये उपयुक्त विकल्प भन्नुहोस् :**

(क) इन्टरनेट बजारका लागि कुन कुरा आवश्यक हुन्छ ?

(अ) कम्प्युटर (आ) मध्यस्थ कर्ता

(इ) पसल (ई) बैङ्क

(ख) नेटवर्क सञ्जालले क्रेता र विक्रेताबिच केको काम गर्छ ?

(अ) इन्टरनेट (आ) सञ्चार माध्यम

(इ) आवतजावत (ई) प्रविधि

(ग) इन्टरनेट बजारमा कमिसन दिनु नपर्ने कारण के हो ?

(अ) सामान धेरै सस्तो पाइनाले (आ) ग्राहक आफैँ बजार जाने भएकाले

(इ) सामानलाई प्रशस्त छनोट गरिनाले (ई) मध्यस्थता कर्ता नभएकाले

(घ) इन्टरनेट बजारका मुख्य सीमा कुनलाई मानिन्छ ?

(अ) सहज सम्पर्क (आ) छनोटको अवसर

(इ) सीमित ग्राहक (ई) अव्यवस्थित भण्डारण

२. **सुनाइ पाठ ९ का आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) इन्टरनेट बजार भनेको के हो ?

(ख) इन्टरनेट व्यवसाय कसरी सञ्चालन गरिन्छ ?

(ग) इन्टरनेट बजारका कुनै दुई विशेषता भन्नुहोस् ।

(घ) इन्टरनेट बजारका मुख्य फाइदा भन्नुहोस् ।

## *भाषिक संरचना र वर्णविन्यास*

१. **दिइएका अनुच्छेद पढ्नुहोस् र विषयवस्तुबारे कक्षामा छलफल गर्नुहोस् :**

(क) म निबन्ध लेख्छु । म कविता लेख्छु । म गजल पनि लेख्छु । म प्रज्ञा प्रतिष्ठानमा जान्छु । साझा प्रकाशनमा पनि पुग्छु । थुप्रै किताब किनेर ल्याउँछु अनि ती किताब पढ्छु र राम्रो लेखक बन्ने प्रयास गर्छु । राम्रो लेखक हुन्छु ।

(ख)

(अ) आफू त निबन्ध लेखिन्छ । कविता लेखिन्छ । गजल पनि लेखिन्छ । थुप्रै किताब किनेर ल्याइन्छ अनि ती किताब पढिन्छ र राम्रो लेखक बन्ने प्रयास गरिन्छ ।

(आ) प्रज्ञा प्रतिष्ठान गइन्छ । साझा प्रकाशनमा पनि पुगिन्छ । राम्रो लेखक भइन्छ ।

माथि 'क' मा दिइएका वाक्य कर्तृवाच्यका क्रिया हुन् भने 'ख' को (अ) मा दिइएका वाक्यका क्रियापद कर्मवाच्य र (आ) मा दिइएका वाक्यका क्रियापद भाववाच्यका हुन् । कर्मवाच्य बन्नका लागि सकर्मक क्रिया र भाववाच्य बन्न अकर्मक क्रिया आवश्यक हुन्छ । सकर्मक र अकर्मक दुवै क्रियाबाट कर्तृवाच्य बन्छन् । लेख्नु, ल्याउनु, पढ्नु, गर्नु जस्ता सकर्मक क्रियाबाट वाच्य परिवर्तन हुँदा कर्मवाच्यका क्रियापद बन्छन् । जानु, हुनु, बस्नु, उठ्नु, नाच्नु, रुनु जस्ता अकर्मक क्रियाबाट वाच्य परिवर्तन हुँदा भाववाच्यका क्रियापद बन्छन् ।

२. **दिइएका कर्तृवाच्यका वाक्यलाई कर्मवाच्यमा बदल्नुहोस् :**

(क) विविषा कम्प्युटर किन्थिन् ।

(ख) दर्शन लेखाशास्त्र पढ्दै छन् ।

(ग) समीक्षाले गीत गाइन् ।

(घ) विद्यार्थीले शिक्षक भेटे ।

(ङ) भाइले फुटबल किन्यो ।

(च) उसले थुप्रै किताब खोजेको छ ।

(छ) मामाले भान्जीलाई बोलाउनुभयो ।

३. **दिइएका कर्मवाच्यका वाक्यलाई कर्तृवाच्यमा बदल्नुहोस् :**

(क) मेनुकाद्वारा नेपाली पढाइन्छ ।

(ख) आफू त लेख लेखिँदै छ ।

(ग) भोलि त गीत गाइएला ।

(घ) मद्वारा अनुस्का पुस्तकालयमा भेटिइन् ।

(ङ) हामीद्वारा खेलकुदमा सहभागी भइयो ।

(च) विश्वकप फुटबल खुब हेरियो ।

४. **दिइएका कर्तृवाच्यका वाक्यलाई भाववाच्यमा बदल्नुहोस् :**

(क) म बिहानै उठ्छु ।

(ख) उनीहरू घरबाट हिँडेछन् ।

(ग) हामी पोखरातिर घुम्न जान्छौँ ।

(घ) उनीहरू यहीँ बसे ।

(ङ) साथीहरू मस्तसँग हाँस्थे ।

(च) म दिक्तेल बजार घुम्ने छु ।

५. **दिइएका भाववाच्यका वाक्यलाई कर्तृवाच्यमा बदल्नुहोस् :**

(क) तिजमा मस्तसँग नाचिन्छ ।

(ख) कहाँबाट आइँदै छ ?

(ग) मैदानमा कुदियो ।

(घ) सानो हुँदा कुरै नबुझी रोइन्थ्यो ।

(ङ) पढ्दा पढ्दै निदाइएछ ।

(च) पर्सि साफेबगर पुगिने छ ।

**६. 'मेरो देशको शिक्षा' निबन्धको पहिलो र दोस्रो अनुच्छेदबाट पाँचओटा क्रियापद टिप्नुहोस् र तिनको वाच्य परिवर्तन गरी पाठको भन्दा अलग वाक्यमा प्रयोग गर्नुहोस् ।**

**७. 'मेरो देशको शिक्षा' निबन्धबाट 'य' र 'ए' प्रयोग भएका तीन तीनओटा शब्द टिपेर कक्षामा सुनाउनुहोस् ।**

**८. दिइएको अनुच्छेदका 'य' र 'ए' प्रयोगसम्बन्धी अशुद्धि सच्याएर लेख्नुहोस् :**

यउटा विद्यार्थी पढ्न विद्यालए गयछ । उसलाई प्रशासनिक कार्यालए खोज्न समए लागेछ । एसरी खोज्ने क्रममा साथीले सहयोग गरेछन् । उसले साथीलाई धन्एवाद दियछ ।

## *सिर्जना र परियोजना कार्य*

**१. दिइएका शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :**

(क) नेपालको आर्थिक विकासमा कृषिको भूमिका

(ख) अभिभावकप्रति मेरो जिम्मेवारी

(ग) सिकाइमा प्रविधिको उपयोग

**२. पुस्तकालय वा विद्युतीय सञ्चार माध्यमबाट कानुनसँग सम्बन्धित कुनै एउटा लेख खोजी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

# व्यावसायिक चिठी

शीतोष्ण बागवानी केन्द्र
थाहा नगरपालिका ४
मकवानपुर, बाग्मती प्रदेश

मिति : २०८०।०५।२०

प.स. ..........
च. न. ........

श्री शीतोष्ण बागवानी केन्द्र,
घरपझोँङ गाउँपालिका २,
मुस्ताङ, गण्डकी प्रदेश ।

विषय : बिउबिजन उपलब्ध गराइदिने सम्बन्धमा ।

महोदय,

उपर्युक्त सम्बन्धमा त्यस शीतोष्ण बागवानी केन्द्रबाट हिमाली क्षेत्रका लागि उपयुक्त बिउबिजन तयार गरी बिक्री वितरण हुँदै आएको कुरा जानकारी भयो । शीतोष्ण बागवानी केन्द्रबाट उपलब्ध हुने फलफूल तथा सागपातका बिउबिजनको मूल्यसूची केन्द्रको वेबसाइटबाट प्राप्त भयो । दामन, टिस्टुङ र पालुङ क्षेत्रका उच्च पहाडी भेकका किसानले मार्फा बागवानी केन्द्रमा उत्पादन हुने त्यहाँको मार्फा रायोको सागको बिउ र अन्य बिउबिजनको माग गरिरहेका छन् । यहाँका किसानले तरकारी र फलफूल खेतीलाई नगदेबालीका रूपमा खेतीपाती गर्दै आएका छन् । नेपालको सङ्घीय राजधानी काठमाडौँ उपत्यकामा यस क्षेत्रको उत्पादन अत्यधिक मात्रामा खपत हुने गरेको छ । यस शीतोष्ण बागवानी केन्द्रले पनि विगत लामो समयदेखि यस क्षेत्रका कृषक दाजुभाइ तथा दिदीबहिनीका लागि कृषिजन्य सामग्रीको बिक्री वितरण गर्दै आइरहेको छ । त्यसैले त्यस केन्द्रबाट बिक्री वितरणमा राखिएका तपसिलबमोजिमका बिउबिजन यस केन्द्रमा उपलब्ध गराइदिनुहुन अनुरोध छ :


शीतोष्ण : ठन्डा र गर्मी दुवै मिश्रित
सङ्घीय : सङ्घ भएको, सङ्घसम्बन्धी
बागवानी : फलफूल खेती, बगैँचासम्बन्धी

तपसिल

| | | |
|---|---|---|
| १. | मार्फा रायोको बिउ | १ केजी |
| २. | स्थानीय लसुनको बिउ | १० केजी |
| ३. | स्थानीय धनियाँको बिउ | ३ केजी |
| ४. | बन्दाको बिउ | ७ केजी |
| ५. | काउलीको बिउ | ५ केजी |
| ६. | ब्रोकाउलीको बिउ | ६ केजी |
| ७. | सिमीको बिउ | ८ केजी |

पुनश्चः उल्लिखित बिउबिजन मुस्ताङ ट्रान्सपोर्टबाट उपलब्ध गराइदिनुहुन र सोको बिल भुक्तानीका लागि त्यस केन्द्रको नाममा रहेको बैङ्क खाता नम्बरसहितको विवरण उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

भवदीय
निर्देशक
उमाकान्त ठाकुर



१. **शब्दकोशको सहायता लिई दिइएका शब्दको अर्थ लेख्नुहोस् :**

भुक्तानी, अत्यधिक, उपत्यका, ब्रोकाउली, कृषक, नगदेबाली, तपसिल

२. **दिइएका अनुच्छेद पढी मौलिक र आगन्तुक शब्दबारे साथीसँग छलफल गर्नुहोस् :**

एक दिनको कुरा हो । संस्कृत भाषाले नेपाली भाषालाई बोलाएर भनेछ, "ए नेपाली भाषा ! मबाट तिमीले अश्रु, आश्चर्य, निद्रा, पक्षी जस्ता तत्सम शब्द लिएका छौ । तिमीले ती शब्दलाई अलिकति फेरबदल गरेर आँसु, अचम्म, निद, पन्छी जस्ता तद्भव शब्द बनाएका रहेछौ । तिमीले ऊ, उनी जस्ता सर्वनाम, गर्नु, खानु जस्ता क्रिया, राम्ररी, आज, भोलि, फटाफट, गुटुमुटु, मुसुमुसु आदि क्रियायोगी पनि बनाएका रहेछौ। त्यसै गरी ल, त, पो, क्यारे आदि निपात, र, अनि संयोजक, आहा, हे आदि विस्मयादिबोधक जस्ता तद्भव शब्द पनि प्रयोग गरेका रहेछौ। यी तत्सम र तद्भव शब्दकी जननी वा मूल म हुँ । मबाट लिएका अश्रु जस्ता र तिमीले बनाएका आँसु जस्ता शब्द तथा सर्वनाम, क्रियायोगी आदि शब्द संस्कृत मूलबाट बनेका हुँदा मौलिक भयौ । त्यसैलै परम्परागत चलनअनुसार तत्सम र तद्भव शब्द नेपालीका मौलिक शब्द भए ।"

नेपाली भाषाले संस्कृत भाषालाई भनेछ, "नेपाली भाषामा अहिले नेपालभित्रका अरू विभिन्न भाषाबाट रोदी, पसल, डम्फु, पटुका आदि जस्ता शब्द ल्यायौँ । त्यसैगरी हामीले विदेशी विभिन्न भाषाबाट स्कुल, कलेज, डाक्टर, इन्जिनियर, गरिब, किताब, चाउमिन, कानुन आदि आगन्तुक शब्द ल्यायौँ । यसरी हामी मौलिक र आगन्तुक शब्द एउटै आत्मा भएर बसेका छौँ ।"

३. **अनुच्छेदबाट कोष्ठकको निर्देशनअनुसार हरेकका दुई दुईओटा शब्द पहिचान गरी लेख्नुहोस् :**

(क) झगडाको राम्रो फैसला गर्न सक्ने कृष्ण राय घरबाट बाहिर कम निस्कन्थे । उनी निस्किहाले भने कहीँ झगडा परेछ भन्ने ठानिन्थ्यो । उनलाई सबै मान्छे अदबसाथ अभिवादन गर्थे । (तद्भव र आगन्तुक)

(ख) सवारी दुर्घटना किन र कसरी हुन्छ भन्ने कुरालाई गम्भीरता साथ सोच्नु पर्ने भएको छ । सहरी क्षेत्रका साँघुरा सडक र यातायात साधनको अत्यधिक चाप यसमा बढी जिम्मेवार छन् । (तत्सम र आगन्तुक)

(ग) नेपालमा परम्परागत सिँचाइका कुलो, इनार आदिका सहायताले खेती गर्ने चलनका साथै तराई तथा भित्री मधेसमा बढी मात्रामा नहरबाट सिँचाइ गर्ने आधुनिक प्रक्रियाको विकास भएको छ । (तत्सम र तदभव)

(घ) वायुमण्डल विभिन्न ग्याँसले बनेको छ । यसमा आयतनका हिसाबले सबभन्दा बढी नाइट्रोजन र अक्सिजन छन् भने धुलाको कण, जलवाष्प, मिथेन, ओजोन, कार्बन डाइअक्साइड, नाइट्रस आदि नगण्य मात्रामा छन् । (तत्सम र आगन्तुक)

४. **दिइएका पत्र रचनासँग सम्बन्धित शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

सम्बोधन, विषय, निवेदक, अभिवादन, प्रेषक, प्रापक, भवदीय

## *बोध र अभिव्यक्ति*

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

उपर्युक्त, शीतोष्ण, ट्रान्सपोर्ट, टिस्टुङ, विगत, सामग्री, स्थानीय, पुनश्चः

२. **'व्यावसायिक चिठी' पाठ पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) चिठी कुन विषयवस्तुमा लेखिएको छ ?

(ख) चिठीमा सम्बोधनपछि कुन कुरा उल्लेख गरिएको छ ?

(ग) चिठी कसले कसलाई लेखेको हो ?

(घ) चिठीको अन्त्य कसरी भएको छ ?

४. **घरपझोंङ गाउँपालिका मुस्ताङका तर्फबाट लेखेको माथिको चिठीको प्रत्युत्तर लेख्नुहोस् ।**

५. **विद्यालय तहका अनिवार्य विषयका पाठ्यपुस्तक उपलब्ध गराइदिन अनुरोध गर्दै पुस्तक पसलका तर्फबाट जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमी भक्तपुरलाई लेख्ने पत्रको नमुना तयार पार्नुहोस् ।**

६. **शैक्षिक भ्रमणको प्रबन्ध मिलाइदिन अनुरोध गर्दै विद्यालयका प्रधानाध्यापकलाई लेखिने निवेदनको नमुना तयार पार्नुहोस् ।**

७. **दिइएको इमेल लेखनको तरिका पढ्नुहोस् र समूहमा छलफल गर्नुहोस् :**

इमेल वा इलेक्ट्रोनिक मेल इन्टरनेटमार्फत कम्प्युटर वा अन्य उपकरणबाट पत्र पठाउने एक विधि हो । यस्तो इमेल लेखनको संरचना सरल हुन्छ । कतिपय इमेल सेवाको स्वरूप अलि फरक हुन सक्छ । सामान्यतया सबै खाले इमेलमा हेडर (शीर्ष) र बडी (मुख्य) गरी दुई महत्त्वपूर्ण भाग हुन्छन् ।

**(क) हेडर (शीर्ष)**

इमेल हेडर (शीर्ष) ले मेलका बारेमा आवश्यक जानकारी प्रदान गर्छ । यस खण्डमा इमेल पठाउने र प्राप्त गर्ने व्यक्तिको इमेल ठेगानालगायतका कुरा समावेश गरिन्छ । इमेल हेडर (शीर्ष) मा निम्नलिखित भाग समावेश हुन्छन् :

**फ्रम (बाट)**

यस भागमा जसले मेल (सन्देश) पठाएको हो त्यस प्रेषकको इमेल ठेगाना आएको हुन्छ ।

**टु (लाई)**

यस भागमा जसलाई मेल (सन्देश) पठाउने हो त्यस मेल प्राप्त कर्ताको इमेल ठेगाना लेख्नुपर्छ ।

**सिसी (कार्बन कपी)**

यसको पूरा रूप कार्बन प्रतिलिपि हो । यो भाग ऐच्छिक हुन्छ । एक जनालाई पठाइएको इमेल सो एक जनाबाहेक अरूलाई सोही मेल पठाउनुपर्ने छ भने ती अरू व्यक्तिको इमेल ठेगाना यस भागमा लेख्नुपर्छ । यसो गर्दा हरेक इमेल प्राप्त कर्ताले तपाईँले कस कसलाई मेल पठाउनु भएको रहेछ भनेर थाहा पाउँछन् । सय जनालाई एउटै मेल पठाइएको रहेछ भने सय जनाले कसकसलाई त्यो मेल प्रेषकले पठाएको रहेछ भनेर थाहा हुन्छ ।

**बिसिसी (ब्लाइन्ड कार्बन कपी)**

यसको अर्थ ब्लाइन्ड कार्बन प्रतिलिपि हो । यो भाग पनि ऐच्छिक हो । बिसिसीसँग सिसी उस्तै उस्तै हुन् तर यसले हरेक इमेल प्राप्त कर्ताले तपाईँले पठाएको मेलको प्रतिलिपि

कसकसलाई पठाउनुभएको छ भनेर थाहा पाउँदैन। १०० जनालाई एउटै मेल पठाएको रहेछ भने पनि एक जनाले मात्र थाहा पाउँछ। बाँकी ९९ ब्लाइन्ड हुन्छन् अर्थात् कसकसलाई त्यो मेल पठाएको हो थाहा हुँदैन।

### सब्जेक्ट (विषय)

यस भागमा तपाईंले इमेलको उद्देश्य वा विषय लेख्नुपर्छ अर्थात् मेल केसँग सम्बन्धित हो त्यो लेख्नुपर्छ।

### (ख) बडी (मुख्य भाग)

इमेलको यो भागमा वास्तविक सामग्री वा सन्देश समावेश गर्नुपर्छ। जे सन्देश पठाउन चाहेको हो, त्यो यहाँ लेख्नुपर्छ। यो हेडर भागको तल्लो छेउमा हुन्छ।

### अट्याच्मेन्ट (संलग्न)

संलग्नको विकल्प पनि दिइएको छ। यसको प्रयोग गरेर हामीले मेलमा विभिन्न प्रकारका फाइल, फोटो, अडियो, भिडियो, लिङ्क आदि पठाउन सकिन्छ।

८. **प्र.न. ७ को इमेल लेखन तरिकाका आधारमा शैक्षिक भ्रमणमा सहभागिताको अनुरोध गर्दै प्रधानाध्यापकलाई इमेल लेख्नुहोस्।** ......................

९. **दिइएका 'क' र 'ख' का सन्दर्भ पढ्नुहोस् र समूहमा छलफल गर्नुहोस् :**

### (क) समाचार लेखन

छापा र विद्युतीय माध्यममा समाचार लेख्दा उल्टो पिरामिड शैलीको प्रयोग गरिन्छ। अर्थात् महत्त्वपूर्ण कुरा सुरुमा लेखिन्छ। यसलाई आमुख भनिन्छ। त्यसपछि क्रमशः आमुखमा लेखिएका कुरालाई पुष्टि गर्दै जाने सूचना वा विवरण लेख्ने गरिन्छ।

### (ख) समाचार लेखनको नमूना

पछिल्लो समय हुम्लाको सदरमुकाम सिमीकोटका किसान परम्परागत बाली छोडेर आलुखेतीतर्फ आकर्षित भएका छन्। गहुँ, जौ, उवा, फापर, चिनो र कोदोभन्दा सदरमुकामबासीका लागि आलुखेती मुख्य मानिन्छ। सदरमुकामबासी आफ्ना

उत्पादनलाई बजारमा सहज बिक्री गर्न सकिने भएपछि तरकारी खेतीमा आकर्षित भएका हुन् ।

नेपालकै उच्च वातावरणमा उब्जेको जैविक आलु स्वादिलो र छिटो पाक्ने भएकाले यसको माग बढ्दै गएपछि यहाँका किसान आकर्षित हुँदै गएका हुन् । आलु जति फलाए पनि बिक्रीको चिन्ता नभएको यहाँका किसान बताउँछन् । आलु फलाएपछि मौसमीभन्दा बेमौसमीमा यसको भाउ बढी पाइने गरेको किसान बताउँछन् ।

सिमीकोटमा आलु मौसममा प्रतिकिलो रु. ८० देखि १०० सम्म बिक्री हुन्छ भने बेमौसममा रु. १०० देखि १५० सम्म बिक्री गर्ने गरेको किसान बताउँछन् । यस्तै आलु उत्पादक किसानका लागि भण्डारण, बजारीकरण र नयाँ प्रविधि विस्तारमा जिल्ला कृषि विकास कार्यालयले सहयोग गर्न आवश्यक रहेको यहाँका किसान बताउँछन् । (गोरखापत्र २०७८ चैत ३० बाट साभार समाचार)

**१०. तपाईँको विद्यालयले कुनै समाजसेवीलाई सम्मान गरेको कार्यक्रमको समाचार लेख्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**११. दिइएको 'क' को सन्दर्भ र 'ख' को नमुना पढी कविता प्रकाशन गर्न अनुरोध गर्दै सम्पादकलाई लेखिने चिठीको नमुना तयार पार्नुहोस् :**

### (क) सम्पादकलाई चिठी

कुनै पत्रपत्रिकाका सम्पादकलाई विभिन्न समसामयिक समस्यामा केन्द्रित भई लेखिने पत्रलाई सम्पादकलाई पत्र भनिन्छ । यस्ता समस्या बारम्बार बिजुली अवरुद्ध, पानीको अनियमित आपूर्ति, सहरीकरणको समस्या आदि हुन सक्छन् । यस्ता विविध विषयमा सम्बन्धित निकायको ध्यान आकृष्ट गराइयोस् भनी लेखिएका पत्र नै सम्पादकलाई पत्र हुन् । पत्रिकामा प्रकाशित भएको समाचारबारे सहमति वा असहमति राखेर लेखिएका समाचारलाई पनि यसअन्तर्गत राखिन्छ ।

### (ख) सम्पादकलाई चिठीको नमुना

श्री सम्पादकज्यू,
गोरखापत्र राष्ट्रिय दैनिक
धर्मपथ, काठमाडौँ ।

हामी जनजागृति मावि सल्लेरी सोलुखुम्बुका १० कक्षाका विद्यार्थी काठमाडौँ

शैक्षिक भ्रमणबाट फर्कँदा सोलुखुम्बु साल्मेमा पहिराले बाटो अवरुद्ध थियो । करिब ४ घन्टासम्म हामी रोकिनुपऱ्यो । डोजर पनि आउन ढिलो भएर हामीले धेरै दुःख पायौँ । यो पहिराले बसौँदेखि यस्तै दुःख दिइरहेको छ । कि त यो ठाउँमा वैकल्पिक बाटाको व्यवस्था गर्नुपऱ्यो। कि त यसको दीर्घकालीन समाधान खोज्नुपऱ्यो। अतः म यस राष्ट्रिय पत्रिकामार्फत सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु ।

भवदीय
सन्दीप कार्की
सोलुखुम्बु

१२. **दिइएका 'क' को सन्दर्भ र 'ख' को घटना पढ्नुहोस् र पत्रिकामा छाप्नका लागि तयार गरिने रिपोट तयार गर्नुहोस् :**

**(क) घटना टिपोट र रिपोटिङ**

कुनै घटना भएपछि त्यसको विवरण टिप्ने र रिपोटिङ गर्ने कार्य नै घटना टिपोट र रिपोटिङ हो । घटनास्थलको यथार्थ विवरण टिपोट गरी त्यसको प्रत्यक्ष रिपोटिङ सञ्चार माध्यमबाट पत्रकारले गर्छन् । कुनै घटना घटेमा वा घटना घट्न सक्ने आशङ्का भएमा घटनास्थल वरपरको अवस्था जाँच गरी रिपोटिङ गर्ने काम प्रहरीबाट हुन्छ ।

**(ख) सडक दुर्घटनाको घटना टिपोटका बुँदा**

(अ) राजविराज चोकमा मोटरसाइकल र कार ठक्कर खाएको

(आ) घटना दिउसो २ बजे घटेको

(इ) प्रत्यक्षदर्शीका अनुसार कार आफ्नै गतिमा गुडिरहेको

(ई) पैदलयात्रीलाई मोटरसाइकलले जोगाउन खोजेको

(उ) मोटरसाइकल कारमा ठोक्किएर लडेको

(ऊ) मोटरसाइकल चलाउने व्यक्तिले हेल्मेट नलगाएको

(ऋ) मोटरसाइकल पल्टेर चालकको टाउकामा चोट लागेको

(ए) प्रहरीले तत्काल उद्धार गरी घाइतेलाई अस्पताल पुऱ्याएको

(ऐ) घाइतेको अवस्था खतरामुक्त रहेको

१३. **दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

र्‍याप गीत पपकल्चरसँग जोडिएको विश्वव्यापी रूपमा सङ्गीतको स्थापित विधा हो । नेपाली युवा पुस्तामा निकै लोकप्रिय र्‍याप सङ्गीतका माध्यमबाट गाइने र्‍याप गीतभित्र आक्रोश, चेतना र विद्रोहको नयाँ बान्की पाइन्छ । र्‍याप सङ्गीत पश्चिमी देशमा अधिक प्रचलनमा छ । खासगरी सुरुमा श्वेतहरूले गरेको दमन र शोषणको विरोध गर्न अश्वेतहरूले सडक र गल्लीबाट 'र्‍याप' गायनको आरम्भ गरेका हुन् । यिनै गीतमार्फत उनीहरूले आफूमाथि भएको शोषणविरुद्ध आक्रोश व्यक्त गरेका थिए । यसरी रङ्गभेद विरुद्धको अभियानमा अश्वेत जातिका समुदायका विरोधका स्वर सुरुमा र्‍यापमार्फत् प्रस्तुत भएको पाइन्छ । र्‍यापको इतिहास हेर्ने हो भने यसको थालनी सन् १९७० को दशकमा 'स्ट्रिट' कविताबाट भएको मानिन्छ । रङ्गभेद, गल्ली कविता, आक्रोशका गर्भबाट हिपहप म्युजिकका रूपमा बुझिने र्‍याप गीतको उद्भव भएको मानिन्छ । अहिले आएर सामाजिक, राजनीतिक व्यवस्था, समसामयिक विकृति, प्रेम जस्ता थुप्रै विषयमा र्‍याप गीत गाइन्छ । यो सङ्गीतको तालको लयमा गाइने गीत हो । यो युवा पुस्तामा निकै लोकप्रियसमेत छ । यस्ता र्‍यापमार्फत युवा पुस्तालाई रूपान्तरण र परिवर्तनका गीत गाउन उत्प्रेरित गर्न सकिन्छ । जे होस्, अहिले पनि र्‍याप गीतका माध्यमबाट गायकले आक्रोश, चेतना, विद्रोहको नयाँ बान्की प्रस्तुत गरेकै छन् । यो नै र्‍याप गीतको अहिलेको मुख्य स्वर हो ।

**(क) प्रश्नहरू**

(अ) र्‍याप गीतमा कस्तो भाव पाइन्छ ?

(आ) र्‍याप गीतको सुरुआत कसरी भएको थियो ?

(इ) अहिलेका र्‍याप गीतमा कस्ता विषयवस्तु पाइन्छन् ?

(ई) र्‍याप गीतबाट युवालाई के कुरामा उत्प्रेरित गर्न सकिन्छ ?

**(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :**

(अ) अनुच्छेदबाट कुनै चारओटा करण क्रियापद टिपोट गरी तिनलाई अकरणमा बदल्नुहोस् ।

(आ) अनुच्छेदको अन्तिम वाक्यलाई अकरणमा बदल्नुहोस् ।

(इ) अनुच्छेदबाट 'व' लेखेर 'ब' उच्चारण हुने कुनै चारओटा शब्द टिपोट गर्नुहोस् ।

१४. **दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

विद्यालयमा आफ्ना छोराछोरी पठाउँदैमा आफ्नो सम्पूर्ण दायित्व पूरा हुन्छ भन्ने अभिभावकको विचार हुन सक्छ । कम्तीमा पनि विद्यालयमा आफ्ना बच्चाका लागि आवश्यक सामग्री छन् वा छैनन् ? आफ्ना छोराछोरी विद्यालय कसरी जान्छन् ? कुन वेला, कसरी घर आउँछन् ? गृहकार्य गर्छन् वा गर्दैनन् ? विद्यालयमा नियमित छन् वा छैनन् ? सङ्गत कस्तो छ ? कति वेला सुत्छन् ? कति वेला उठ्छन् ? घरमा मिहिनेत गर्छन्, गर्दैनन् ? जस्ता कुराको समेत ख्याल अभिभावकले गर्नुपर्छ । समय समयमा विद्यालय जाने र आफ्ना बच्चाको अवस्था कस्तो छ भनेर शिक्षकसँग बुझ्नु पनि जिम्मेवार अभिभावकको कर्तव्य हो । समय समयमा आफ्ना विद्यार्थीको सिकाइका बारेमा अभिभावकलाई जानकारी गराउन आह्वान गर्नु विद्यालयको पनि जिम्मेवारी हो ।

मानौँ तपाईँ एक शिक्षाविद् हुनुहुन्छ । विद्यालयले अभिभावकको भेला गरेको छ । त्यस भेलामा विद्यालयमा गएर आफ्ना बालबालिकाको पढाइबारे बुझ्न अभिभावकलाई आह्वान गर्दै भाषण दिएको भूमिकाको मौखिक प्रस्तुति कक्षामा प्रस्तुत गर्नुहोस् ।

## *सुनाइ र बोलाइ*

१. **सुनाइ पाठ १० सुन्नुहोस् र दिइएका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) आचार्य चाणक्यको नीतिलाई विदुर नीति भनिन्छ ।

(ख) शत्रुसँग राम्रो व्यवहार गर्नुहुँदैन ।

(ग) जीवनमा सफल हुन शत्रु हुन जरुरी छ ।

(घ) हामीले सच्चा र असल मित्र बनाउनुपर्छ ।

२. **सुनाइ पाठ १० का आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) आचार्य चाणक्य कसका गुरु थिए ?

(ख) शत्रुलाई पराजित गर्न के गर्नुपर्छ ?

(ग) मानिसलाई शत्रुबाट कस्तो सहयोग पुग्छ ?

(घ) चाणक्य नीतिका कुनै दुई विशेषता भन्नुहोस् ।

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको अनुच्छेद पढी करण र अकरण क्रियापद छुट्याएर लेख्नुहोस् :**

गौरवले गहुँको रोटी खान्छन् भने मैदाको रोटी खाँदैनन् । सलिनाले स्याउ असाध्यै रुचाउँछिन् भने सुन्तला त्यति रुचाउँदिनन् । सुदीक्षा सधैँ सबैसँग बोल्छिन् तर तिनै कहिलेकाहीँ सबैसँग बोल्दिनन् । गङ्गाराम गुरु रायोको साग खुब मिठो मान्नुहुन्छ तर उहाँ फापरको साग खासै मिठो मान्नुहुन्न ।

२. **'व्यावसायिक चिठी' पाठमा प्रयोग भएका सबै क्रियापद टिप्नुहोस् र तिनलाई अकरणमा बदल्नुहोस् ।**

३. **नखेल्नु, नरुचाउनु, नरमाउनु, नजित्नु, नपाउनु क्रियालाई करणमा परिवर्तन गर्नुहोस् र ती करण क्रियाको प्रयोग गरी आफूलाई मन पर्ने खेलकुदका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।**

४. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :**

(क) मलाई कोदोको रोटी मिठो लाग्दैन । (करण)

(ख) उनीहरू क्रिकेट खेल्छन् । (अकरण)

(ग) प्रज्ञान कहिल्यै कक्षामा प्रश्न सोध्दैन । (करण)

(घ) ऊ छुट्टीमा ऐतिहासिक सिन्धुलीगढी घुम्न जाला । (अकरण)

(ङ) परिश्रम गरे सफल भइन्छ । (अकरण)

(च) जनताले जनप्रतिनिधिसमक्ष आफ्ना माग प्रस्तुत गरेनछन् । (करण)

५. **दिइएको अनुच्छेदबाट 'ब' र 'व' प्रयोग भएका शब्द छुट्याएर लेख्नुहोस् :**

वडा अध्यक्ष विजय वर्मा बरबोट गाउँका बडो विचित्रका व्यक्ति हुन् । वडाका बिरामी, बुढाबुढीलाई प्रत्येक महिना उनी अनिवार्य भेटेर मात्र वडा अध्यक्षको कार्यालयमा हाजिर हुन्छन् ।

६. **पाठबाट 'ब' र 'व' प्रयोग भएका तीन तीनओटा शब्द टिपेर कक्षामा सुनाउनुहोस् ।**

७. **'ब' र 'व' प्रयोगसम्बन्धी अशुद्धि सच्याएर पुनर्लेखन गर्नुहोस् :**

वालक बेद पढ्न बेदबिद्याश्रम वनकालीमा भर्ना भएछन् । उनी २० बर्षको उमेरमा बिए बा सोसरहको शास्त्री पढेपछि बेदाचार्य गर्न बाल्मीकि बिद्यापीठमा भर्ना भएछन् । त्यसयपछि वनारस हिन्दु बिस्बबिद्यालयमा बिद्याबारिधि पढ्न बनारसतिर गएछन् ।

## *सिर्जना र परियोजना कार्य*

१. **गाउँघरको हालखबर उल्लेख गर्दै सहरमा पढ्न बसेको भाइलाई पठाउने चिठीको नमुना तयार पार्नुहोस् ।**

२. **तपाईँ सहभागी भएको कुनै सांस्कृतिक कार्यक्रमका घटना टिपोट गरी रिपोटिङको शैलीमा कक्षामा प्रस्तुत गर्नुहोस् ।**

पाठ ११

# कर्तव्य

*गुरुप्रसाद मैनाली*



लगालग नौ दिन ज्वरो आएर मुखिया गङ्गाधरले संसार छोडे। उनी एउटा महान् पुरुष थिए। आफ्नो विपुल सम्पत्तिलाई उनी सधैँ "जनताको थाती" भन्थे र आफूलाई त्यस सम्पत्तिको केवल एउटा सञ्चालक मात्र सम्झन्थे। गरिबका चुलामा आगो नबलेको र सुत्केरी भोको रहेको समाचार सुन्नेबित्तिकै बोलाएर चाहिँदो अन्नपैसा दिई पठाउँथे। कसैले तिर्ने भाका सोध्यो भने "सके तिर्नू, नसके तिमीहरूकै हो" भन्ने जबाफ दिन्थे। उनको जीवनकालमा कसैको बिहाबर्तुन, किरियाश्राद्ध, दसैँतिहार अड्केन। गाउँका दीनहीन गरिब बिरामी परेको सुन्नासाथ ओखतीमूलो लिएर उसका भत्केका झुपडीमा पुग्थे। गाउँका गरिबलाई 'मुखिया बाको जिउ छउन्जेल हामीले अन्यायमा मर्नुपर्दैन' भन्ने दृढ विश्वास थियो। उनी आँगनमा आएर नउभिदिएसम्म मानिस आफ्नो चाडबाड, काजकल्याण अपूर्ण सम्झन्थे। कसैले अन्याय गऱ्यो भने वरिपरि दश गाउँका दुनियाँ उनैका ढोकामा फिराद गर्न आइपुग्थे। उनको शासनकालमा कसैले कसैलाई सताउन पाएन।

गाउँका तालुकदार भए पनि 'मुखिया बा' का नाउँले प्रसिद्ध थिए। उनी गाउँतिर झरे भने गाउँका सारा केटाकेटी 'मुखिया बा' भन्ने कोहोलो हाल्दै आउँथे र कोही औँला,

विपुल : अति धेरै, प्रशस्त

फिराद : सम्बन्धित अदालत वा अधिकारीसमक्ष न्याय पाउन गरिने उजुर, नालिस

कोही लबेदाको फेर, कोही उनको लट्ठी समाउँथे । केटाकेटीले त्यसो गर्दा 'मुखिया बा' मुसुमुसु हाँसेर कसैको गाला थप्थपाउँथे, कसैको चिउँडो उचालेर हाँस्थे । यसप्रकारले गाउँका युवावृद्धा, बालवनिता सबैका निमित्त उनी अपार प्रिय थिए । उनलाई ग्रामपिता भन्नु कति अत्युक्ति थिएन ।

उनको देहावसानले गर्दा वरिपरि दश गाउँको अपार क्षति भो । भोकानाङ्गा, दुःखीदरिद्रीका बाबु मरे । बुढाबुढी र असहायको टेक्ने लट्ठी भाँचियो । न्यायको बत्ती निभ्यो । अनाथ, अशक्तको आशास्तम्भ ढल्यो । गाउँका 'धन्वन्तरि' अस्ताए ।

बिरामी कुर्न बसेका दश गाउँका दुनियाँ डाँको छोडेर रुन लागे । एउटा ठुलो आर्तनाद दिग्दिगन्तमा व्याप्त भो । केही बेरपछि शव उठाएर खोलातिर लगे । मलामीको लर्को गाउँदेखि तल खोलासम्म पुग्यो । मानिसले भने, "कसैको मरण होस् त यसप्रकारको होस् ।"

गङ्गाधरका दुई छोरा थिए; जेठा मुरलीधर र कान्छा श्रीधर । मुरलीधर पण्डित थिए । सबेरै न्वाउँथे, आधा दिनसम्म पूजापाठ गर्थे । उनी आफ्नो धर्म र संस्कृतिका उपर असीम श्रद्धा राख्थे । आफ्ना पिताका झैँ उनी पनि अरूलाई सताउनु महापाप सम्झन्थे । मानिस उनलाई जिल्लाका टाढा टाढा ठाउँमा बोलाएर सप्ताह पुराण सुन्थे । उनी एउटा वास्तवमा सच्चा ब्राह्मण थिए । धोतीमाथि लामो लबेदा, लबेदामाथि सेतो पटुका, शिरमा मखमलको रातो टोपी, काँधमा च्यादर, ललाटमा चन्दन, उनी सधैँ यही परिधानमा हिँड्थे । जिल्लामा 'मुरली पण्डित' का नाउँले विख्यात थिए । उनी बाबुसँग अगि नै छुट्टिएर बेग्लै बसेका थिए । उनका दुई जना छोरी थिए ।

यता भाइ श्रीधर चाहिँ राजनीतिक पार्टीका सदस्य र ग्राम विकासका प्रधान थिए । दसौँ श्रेणीसम्म अङ्ग्रेजी पढेका थिए । धोक्रे सुरुवाल र कुर्ता लाउँथे । दारीजुँगा खौरेर लामो बुलबुल पालेका थिए । कहिलेकाहीँ बुलबुलको अग्रभाग निधारतिर झऱ्यो भने टाउको झड्कारेर पछाडितिर सार्थे । आधा अङ्ग्रेजी, चौथाइ संस्कृत, चौथाइ नेपाली मिसाएर कुरा गर्थे । त्यसो हुनाले उनले गरेका कुरा अशिक्षित ग्रामीण जनता चौथाइ मात्र बुझ्थे । पूजापाठ गर्नु, टीकाचन्दन लगाउनु दासत्वको चिह्न हो भन्थे । वीरगन्जको अधिवेशनमा जाँदा गोरखपुरमा 'केलनर' को होटलभित्र पसेर के के खाए भनी उनका साथी भन्थे । उनी

लबेदा : मयलपोस, दौरा

विख्यात : नाम चलेको, प्रसिद्ध

बुलबुल : अगिल्तिर लामा रौँ राखेर कपाल बनाउने ढाँचा

आफूलाई जिल्लाभरिको प्रमुख प्रगतिवादी सम्झन्थे । हातमा चन्दा बुक लिएर चन्द माग्दै हिँड्थे । त्रासले भनूँ या आशले भनूँ जिल्लाका सानाठुला सबै मानिसमा उनको निकै धाक थियो । जिल्ला गाउँका मानिस उनबाट अर्थोकमा भन्दा धनीहरूको अधियाँ बाली कब्जा गर्ने, अधीन गर्ने साहु बिर्तावालहरूको लरलहना, झाराखेताला हडप्ने काममा विशेष सहायता पाउँथे । जिल्लामा उनी 'शर्माजी' का नाउँले प्रख्यात थिए ।

छोराहरू भिन्न हुँदा 'पिपले' भन्ने सय मुरी खेत बुढाले आफ्नो जिउनी राखेका थिए । कुलाको पानी लाग्ने, खोलापैराको डर नभएको, मानामुरी फल्ने, डोल परेको साह्रै राम्रो खेत थियो ।

क्रिया सिद्धिएको केही दिनपछि बाबुको जिउनी खेतको विषयमा मुरलीधर र श्रीधरबिच विवाद उठ्यो । बाबुसँग बसेकाले ऐनसवालले एकलौटी हुने भन्ने श्रीधरको र मर्ने वेलामा मेरा दुवै छोरा बराबर हुन्, "आधा आधा बाँडेर खानू" भनी बाले भनेर जानुभएकाले आधामा मेरो पनि हक लाग्ने भन्ने मुरलीधरको भनाइ थियो ।

काम सिद्धिएको ४५ दिनको भोलिपल्ट जिउनी खेतको निर्णयका निमित्त मुरलीधरले गाउँका मानिसलाई बोलाए । जुन आँगनमा, दश गाउँका दुनियाँको होचीअर्घेली, न्यायअन्यायको निरोपण हुन्थ्यो, आज त्यही आँगनमा उनै न्यायाधीशका दुई सन्तानको निसाफ गर्न गाउँका मानिस भेला भए । मानिसको दुई मत भो । उमेर पुगेका बुढापाकाले मुरलीधरको पक्ष लिए । श्रीधरको प्रभावमा परेका नयाँ ठिटाले चाहिँ श्रीधरको । सम्पत्तिका धनी बाबुले नै "दुवै छोराले आधा आधा खानू" भनेर गएपछि त्यस महाआत्माको अन्तिम आज्ञा श्रीधरले मान्नैपर्छ भन्ने निर्णय बुढापाकाले गरे । आधा आधा खानू भन्ने लिखत पण्डित बाजेले देखाउन नसकेपछि बाबु जुन छोरासँग बसेका हुन ऐनकानुनले जिउनी उसै छोराको एकलौटी हुन्छ भन्ने फैसला ठिटाले गरे । बुढापाकाले धर्मको न्याय गरे, ठिटाले ऐनको । भोज सम्झेर गाउँका सारा कुकुर पनि त्यहीँ जम्मा भएका थिए परस्पर ठुलो विवाद भो । हुल्लडवाज नयाँ ठिटाका अगाडि बुढापाकाको केही जोर चलेन आखिर न्यायको केही टुङ्गो नलागी सभा विसर्जन भो । भेला भएका ठिटा बुढापाकालाई छेड हानेर हाँस्दै घरतिर गए । बुढापाका पनि लाखापाखा लागे । ग्रामसभा विसर्जन भएको अलि दिनपछि बाबुको अन्तिम आज्ञाको आधार लिएर

बिर्ता : बहादुरी देखाएबापत वा वृत्तिका लागि प्राप्त भएको सरकारलाई तिरो तिर्न नपर्ने जग्गा

लरलहना : लेनदेनको व्यवहार, लगानी

निसाफ : कुनै मुद्दामामिलामा अदालतबाट दिइने न्याय, अदालती निर्णय

मुरलीधरले अदालतमा नालिस दिए। धुमधामसँग मुद्दा चल्यो। गाउँका बुढापाका, तरुणतन्नेरी साराले बकपत्र गर्नुपऱ्यो। साक्षी बस्दा पनि गाउँ दुई भागमा विभक्त भो। "मर्ने वेला दुवै छोराले आधा आधा बाँडेर खानू भनी बुढापाकाले भनेको हामीले प्रत्यक्ष देखेसुनेका हौँ।" भनी बुढापाकाले बकपत्र गरे, ठिटाले चाहिँ "होइन" भने होइन भन्नेकै सङ्ख्या बर्ता भो।

जनक्रान्तिदेखि यता श्रीधरले अड्डाखानामा पनि आफ्नो रोबरवाफ प्रशस्त जमाइराखेका थिए। भने जस्तो भएन भने बजारमा ढ्वाङ फुकेर पर्चा बाँड्दै हिँड्थे। त्यसो हुनाले अदालतका डिट्ठाविचारी श्रीधरसँग अलि झस्कन्थे। उसमाथि अदालतमा मामिलाको निरोपण हुँदा बकितम्लाई भन्दा लिखितम्लाई बर्ता महत्त्व दिने रीति छ। हरेक विवादमा ऐनकानुनकै आधार लिइन्छ। कानुन श्रीधरका पक्षमा थियो अन्त्यमा डिट्ठाविचारीले कानुनको आज्ञा पालन गरे। जिउनी श्रीधरले पाए, मुरलीधरको हार भो।

यता केही महिनादेखि श्रीधर बिरामी छन्। उनलाई तपनी ज्वरो आइरहन्छ, खोकी लाग्छ, छाती दुख्छ भन्छन्। बेथा आहारविहारको दोषबाट भएको भन्थे। शरीर सुकेर हाडछाला मात्र बाँकी थियो।

यस्तै वेलामा कुटुम्बले छोरा शशीधरलाई छोरी दिन आए। कुटुम्ब धनीमानी थिए। जिल्लामा उनको ठुलो ख्याति थियो। मधेसतिर तीनचार मौजा जिमीदारी छ भन्थे। सन्तानमा केवल यिनै एउटा छोरी मात्र हुन् भन्ने सुनिन्थ्यो। शशीधर भर्खर १५ वर्ष मात्र लागेको थियो। ठिटो राम्रो र बहुतै मेधावी थियो। छोराको यति सानै उमेरमा बिहा गर्न त श्रीधरको मन थिएन। एउटी छोरी मात्र भएका धनी कुटुम्बले घरै आएर छोरी दिँदा उनी बडो असमञ्जसमा परे। उता घरकाले पनि बिहा गर्नैपर्छ भनेर करकर गर्न थाले। कामकुरो छिनियो। खुब मन फुकाएर बिहाका मालसर्जाम तयार गर्न थाले।

वैशाखको महिना थियो। मुरलीधर न्वाएर पूजाकोठामा पसेका मात्रै थिए, श्रीधरका

रोबरवाफ : तडकभडक, धाक

जिउनी : सन्तानलाई अंशबन्डा गर्दा आमाबुबाले आफ्ना लागि छुट्याएको सम्पत्तिको भाग

तपनी : मन्द ज्वरो

मौजा : जग्गा, जमिन, गाउँ

मेधावी : बुद्धि भएको मेधावान्

असमञ्जस : दोधारको अवस्था

घरमा बाजा बज्न लागेको सुनेर झ्यालबाट हेर्न लागे । आँगनमा चौकाचँदुआ गरेको, चारैतिर तोरण टाँगेको, मण्डप ध्वजापताकाले सिँगारी राखेको, निम्तामा आएका नसनाता राम्रा राम्रा लुगा लाएर बाहिरभित्र गरिरहेका अरू इष्टमित्र चाहिँ दलान, फलैँचा, बैठकमा डम्माडम्मी भएर बसेका, मण्डपमा यज्ञसामग्री फिँजिराखेका, पुरोहित वेदीअगाडि बसेर यज्ञविधि गर्न लागेका, बडो अपूर्व शोभा देखिन्थ्यो । एक छिनपछि सकीनसकी मण्डपमा आएर श्रीधरले पूर्वाङ्ग कर्म गर्न थाले ।

घरगृहस्थीको यति ठुलो चाडउत्सवमा दुई कान्लामाथि घर भएका आफ्ना सहोदर दाज्यूभाउज्यूलाई श्रीधरले बोलाएनन् । अरूलाई नभए पनि दाज्यूका दुई जना छोरीलाई त अवश्य डाक्नुपर्थ्यो । तिनीहरूलाई पनि डाकेनन् ।

मुरलीधरको मन एक तमासको भो । घोरिएर आकाशपट्टि हेर्न थाले । अतीतका अनेक स्मृति उनका सामुन्ने साकार भएर आए । एक पटक स्वर्गीय पिताको तेजस्वी अनुहारको पनि सम्झना भो । केही बेरपछि बर्र आँसु झारेर आफ्नो नित्य कर्म गर्न थाले ।

अपराह्नतिर दुलाहा अन्माउन थाले । मुरलीधर आफ्नो पूजाकोठाको झ्यालमा उभिएर हेरिरहेका थिए । एक छिनपछि बाजावाला मङ्गलधुन बजाउँदै अगि अगि हिँडे । त्यसपछि दुलाहाको तामदान चल्यो । शशीधर बिहाका राम्रा राम्रा पोसाक लाएर ताम्दानमाथि बसेको थियो । शिरमा जरीवाल गुलाफी पगरी, काँधमा रातो दोसल्ला, गलामा फूलको माला, निधारमा पहेँलो ठाडो तिलक, कानमा उज्ज्वल टप लगाएको गन्धर्व जस्तो देखिन्थ्यो । शशीधरलाई दुलाहाका रूपमा ताम्दानमा बसेको देखेर हर्षले मुरलीधरको गहभरि आँसु भो, मनमनमा भने “कुलको जेठो सन्तान, मेरो पिण्डपानीको दाता ।”

मुरलीधरले सबै बरियातीलाई एक एक गरेर हेरे । बुढोपाको एउटा थिएन, सबै अल्लारे ठिटा मात्रै । श्रीधर चाहिँ फलैँचामा ओछ्यान लाएर पल्टिरहेका थिए ।

मुरलीधरले मन मनमा भने, “खोलामा बाको कत्रो नाम छ । आज पनि घर घरमा बाकै

फलैँचा : धेरै मानिसलाई अडेस लगाएर बस्न मिल्ने गरी बनाइएको काठ वा फलेकको आसन

वेदी : धार्मिक कार्यका लागि अग्लो र सम्म पारी विभिन्न आकारमा बनाइएको भाग वा चौकी

तिलक : होम गर्दा डढेको चरुको कालो टीका

गन्धर्व : गाउने बजाउने कलामा प्रवीण, गानबजान नै पेसा भएको व्यक्ति

कुल : पितापुर्खादेखि एउटै थर, गोत्र, सम्बन्ध आदिको घराना, वंश

यश र कीर्तिको चर्चा हुन्छ । उसमाथि त्यस्ता घरानियाँ कुटुम्बका दैलामा बरियात जानु छ । यी ठिटा पुड् न पुच्छरको उट्पटाङ गफ चुट्नबाहेक अर्थोक जान्दैनन् । बाबु चाहिँ ओछ्यानमा लम्पसार परिरहेछ । यिनले बाबुबाजेको नाउँ इज्जत पखाल्न आँटे । अब आँखा चिम्लेर बस्नु भएन" भनेर मुरलीधर आफ्ना कोठामा पसे अनि लुगासुगा लाएर उनले जहानसँग भने, "कमला, मेरो दोसल्ला झिकिदेऊ ।" पतिलाई लुगासुगा लाएर हिँड्न तम्तयार भएको देखेर कमलाले भनिन्, "यस्तो टट्यानपुर घाममा कता हिँड्न लाग्नुभाको, नि ?"

"जन्त ।"

"जन्त ? नबोलाईकन त कुकुर पनि नजाओस् ।"

"ठिक भन्यौ, कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ, मानिस चाहिँ ज्ञानवान् हुनाले बखतमौका विचार गरेर आफैँ पनि जानुपर्छ ।"

"अँ, नबोलाईकन पनि जानुपर्छ । दाज्यूलाई बाबुले मर्ने वेलामा दिएको खेत पनि खोसेर खाने त्यस्ता असत्तीको .........।"

"खाउन्, आखिरमा त मेरो खाने पनि यिनै हुन् । मरेपछि खानुपर्थ्यो, जिउँदैमा खाए । त्यसको पाप धर्म उनैलाई छ ।"

"भो, म त मारे पनि जान दिन्नँ । उनलाई दाज्यूभाउज्यू नचाहिएपछि हामीले मात्रै किन अँगालो हाल्दै हिँड्ने ?"

त्यस पाजीलाई अँगालो हाल्न जान लागेको होइन कमला, यहाँ बाबुबाजेको मानमर्यादा डुब्न लाग्यो । कुलमा सबैभन्दा जेठो सन्तानको बिहे, उसमाथि त्यत्रा घरानियाँ कुटुम्बका आँगनमा बरियाती लैजानु छ । बाबु चाहिँ फलैँचामा ओछ्यान लाएर लडिरहेछ । जन्तीमा बुढोपाको एउटा छैन । खालि ओठ निचोर्दा दुध झर्ने अल्लारे ठिटा मात्र छन् । घरगृहस्थीको यति ठुलो काममा घरको एक भाइ पनि नगए जोरीपारीले के भन्लान् ? स्वर्गमा बसेका पितृले के भनिठान्लान् ? कुलको मर्यादामा भनेको कत्रो कुरो हो । त्यो तिमीलाई थाहा छैन । जन्ती बेँसीमा पुगिसके, चाँडो दोसल्ला झिकिदेऊ ।"

असत्ती : इमानजमान नभएको, साँचो व्यवहार नगर्ने, दुष्ट स्वभावको

जोरीपारी : आफ्नो उन्नति प्रगतिमा डाह गर्ने र हानिनोक्सानीमा खुसी मान्ने छरछिमेकका व्यक्ति

कमलाले झर्कँदै बाकसबाट दोसल्ला झिकेर दिइन् । दोसल्ला काँधमा हालेर लौरो टेक्दै मुरलीधर जन्त हिँडे । उनलाई यस्तो टट्यानपुर घाममा एक्लै ओह्वालो लागेका देखेर गाउँका मानिस अचम्म मानेर मुख मुखमा हेर्न लागे ।

बरियात खोलापारि पुगिसकेको थियो । मुरलीधर पनि पछि पछि गए । झमक्क साँझ परेपछि दुलहीका घरमा पुगेर सुटुक्क फलैँचामा बसे । मुरलीधर पुग्दा दुलहीका बाबु वरणी गर्न लागेका रहेछन् । मानिसको घुइँचामा उनलाई कसैले चिनेनन् ।

वरणी सिद्धिएको केही बेरपछि यज्ञमण्डपको कार्य आरम्भ भो । पुरोहित वेदीमा रेखी हाल्न थाले । भित्रबाट यज्ञसामग्री आउन थाले । यज्ञ सम्पन्न भएपछि दुलहादुलहीलाई बस्न पुग्ने गरी आसन ओछ्याएर दुलाहालाई राखे । एक छिनपछि छोरी बोकेर घरभित्रबाट दुलहीका बाबु निस्के र छोरीलाई दुलाहाका बायाँतर्फ बसाए । दुलही बसेपछि लाज माने जस्तो गरेर शशीधर अलि पर सऱ्यो । शशीधरले लाज मानेको देखेर मुरलीधर फलैँचामा मुसुमुसु हाँस्न लागे ।

दुलहादुलही यज्ञमा बसेपछि दुलहीका बाबुले यताउति हेरेर भने, “खै, सम्धी पाल्नुभएको छैन, अब मण्डपमा आएर बसिदिनुभएहुन्थ्यो ।”

दुलहीका पिताले बोलाएको सुनेर फलैँचाबाट मुरलीधरले भने, “ज्यू, म यहीँ छु, आउन लागेँ ।”

मुरलीधर उठेर मण्डपमा गए । चिनेका मानिसले ढोगिदिए । जेठाबाबुलाई अचानक आफूनेर उभिएको देखेर शशीधरले पनि ढोगिदियो । मुरलीधरले छोरालाई “नानी चिरञ्जीवी भए” भनेर आशिष दिए र उसको पछाडिपट्टि बसी उसलाई आफ्नो काखनेर ताने ।

बाबुको स्थानमा मुरलीधर बस्न गएको देखेर बरियातमा आएका ठिटा परस्पर कानेखुसी गर्न लागे ।

मुरलीधर जिल्लाभरिका विख्यात पण्डित थिए । उनलाई कन्यापक्षका धेरै मानिस चिन्थे । श्रीधर र मुरलीधरले जिउनीका विषयमा वर्ष दिनसम्म मुद्दा लडेको पनि धेरै जनालाई थाहा थियो । कन्यापक्षका बुढापाकाले भने, “त्यस्ता महापुरुषका सन्तान आफ्नो कर्तव्य किन छोड्थे । तब पो मानिस कुलघरान भन्छन् ।”

वरणी : विवाहमा जन्ती आइपुग्नेबित्तिकै दुलाहा घरमा नलगी दुलहीका बाबुले गर्ने पूजा

विवाहविधि आरम्भ भो । पुरोहितले ऋचामन्त्र उच्चारण गर्दा अशुद्ध भएका ठाउँमा मुरलीधर सच्याइदिन्थे । शशीधर चाहिँ जेठाबाबुका छातीमा अडेस लागेर आनन्दसँग बसेको थियो । मुरलीधर बखत बखतमा गर्नुपर्ने कर्म छोरालाई सिकाइदिन्थे । एवम् प्रकारले विवाहविधि समाप्त भो ।

भोलिपल्ट दिउँसो दुलही अन्माइदिए । मुरलीधरले निहुरेर बुहारीको मुख हेरे, बुहारी महालक्ष्मी जस्ती रहिछन् । छोराबुहारीको रूप देखेर मुरलीधर गद्‌गद भए । दुलहादुलहीको डोली अगाडि लाएर मुरलीधर घरतिर फर्के ।

साँझ पर्ने वेलामा बरियात गाउँनेर पुग्यो । पँधेरामाथिको चौतारामा रमिता हेर्ने मानिसको घुइँचो थियो । बरियात दोबाटोनेर पुगेपछि “लौ, घर लगेर भित्र्याऊ” भनेर मुरलीधर आफ्ना घरतिर गए ।

दुलही भित्र्याएपछि दाज्यू बिहेमा गएको, सबै कार्यविधि आफ्नो कुलपरम्पराअनुसार राम्रो प्रकारसँग सम्पन्न भएको खबर श्रीधरले सुनेर गहभरि आँसु पारे र ठिटासँग सोधे, “दाज्यूलाई खानपिन त राम्ररी गरायौ के ?”

“आज एकादशी भनेर पण्डित बाजेले केही खानुभएन, भोकै आउनुभयो ।”

बिहे सिद्धिएको एक महिनापछिको कुरा हो । एक दिन बिहान मुरलीधर आफ्नो नित्यकर्म सिध्याएर फलैँचामा बसेर भागवत हेर्न लागेका थिए । त्यस्तैमा शशीधरले बिस्तार बिस्तार आएर मुरलीधरलाई ढोगिदियो र दलानको थाममा टाँसिएर भन्यो, “ठुलाबा जिउनीको पिपले खेतमा हजुरलाई जताबाट मन पर्छ, नापेर आधाखेत कमाउनुहोस् अरे, बाले भनेर पठाउनुभा’को ।”

शशीधरको कुरा सुनेर मुरलीधरले उसका मुखतिर हेरेर मुसुमुसु हाँस्दै भने, “जिउनीको आधा खेत मैले कमाए तिमीहरू के खान्छौ नि बा ?”

शशीधर केही उत्तर नदिएर छिटो छिटो आफ्नो घरतिर गयो । कमला चाहिँ दैलाको आडमा उभिएर बाबुछोराको कुरा सुनिरहेकी थिइन् ।

शशीधरले खेत कमाउने कुरो सुनाएर गएको चौधपन्ध्र दिनपछि एक दिन मुरलीधर फलैँचामा बसेर नस सुँघ्दै विद्यार्थीलाई रघुवंशको पाठ घोकाउँदै गर्न लागेका थिए ।

रघुवंश : रघु राजाबाट प्रवर्तन भएको वंशपरम्परा

त्यस्तैमा श्रीधरकी सानी छोरी रमाले आएर रुन्चे मुख लाएर भनी, “ठुलाबा बालाई व्यथाले चाप्यो । हजुरलाई बोलाउन पठाउनुभएको ।”

छोरीको कुरो सुन्नेबित्तिकै पढाउन छोडेर रमाको हात समाउँदै मुरलीधर भाइका घरतिर गए । श्रीधर खाटमा कोल्टे परेर सुतिरहेका रहेछन् । दाज्यूलाई देखेर बडो कष्टसँग उठेर गहभरि आँसु झारेर ढोगिदिए । भाइका आँखामा आँसु छचल्किरहेको देखेर मुरलीधरको पनि गहभरि आँसु भो । चार वर्षपछिको यी दुई दाजुभाइको पुनर्मिलन सारै दुःखलाग्दो देखियो ।

मुरलीधरको गहभरि आँसु भएको देखेर उनको गोडामा समाउँदै श्रीधरले रुन्चे स्वरले भने, “दाज्यू अस्तिदेखि दम बढ्न थाल्यो । मलाई अब धेरै दिन बाँचुला जस्तो लाग्दैन । मैले जीवनमा हजुरप्रति धेरै अत्याचार गरेको छु । यस अज्ञानीको सबै अपराध क्षमा गरेर यी नाबालक छोराछोरीको शरण लिइदिनुहोला ।”

भाइका कुरा सुनेर मुरलीधरले बर्र आँसु झारे । मुरलीधर रोएको देखेर श्रीधरका जहान, छोराछोरी पनि रुन लागे । एकछिनपछि मुरलीधरले भाइका निधार, छाती, हात, गोडा सबै अङ्ग छामे । उनको शारीरिक गति देखेर मुरलीधरको हृदयमा दुःखको कोलाहल मच्चियो । केही वेरपछि छातीमा भक्कानु पारेर आँसु झार्दै भने, “बिसेक हुन्छ बा हरेस नखाऊ । बाले आफ्नो जीवनमा अनन्य पुण्य गर्नुभएको छ । उहाँको त्यस महान् तपस्याका प्रभावले हाम्रो अनिष्ट कदापि हुने छैन । बरू अब यहाँका वैद्यको भर गरेर बस्नुभएन । तिमीलाई देशतिर औषधी गराउन लैजान्छु ।”

यति भनेर भाइका पथपरेजको व्यवस्था मिलाएर केही बेरपछि मुरलीधर आफ्नो घरतिर गए ।

यो घटना भएको छ सात दिनपछि भाइलाई लिएर औषधी गराउन मुरलीधर देशतिर हिँडे भन्ने सुनियो ।

वैद्य : आयुर्वेद उपचारको विधिअनुसार रोगको उपचार गर्ने व्यक्ति, कविराज

पथपरेज : रोगीले खान हुने, नहुने वा गर्न हुने, नहुने कुरा आदिको अनुशासन, मुख बार्ने काम

## शब्दभण्डार

१. **दिइएका अर्थ आउने पद पदावली 'कर्तव्य' कथाबाट खोजेर लेख्नुहोस् :**

(क) देह वा शरीरको अवसान वा अन्त्य

(ख) अड्डा वा कार्यालय रहेको भवन

(ग) आवाज ननिकाली सासले मात्र अरूका कानमा भनिने गोप्य कुरो

(घ) विवाहमा बेहुलाका साथ बेहुलीको घर जाने व्यक्तिको समूह

(ङ) गाउँको मुखिया वा जिम्मावाल

(च) राम्रो काम गर्नेले पाउने इज्जत वा ख्याति

२. **दिइएका शब्द र तिनले दिने अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| ऋचा | छानबिन, अन्वेषण |
| मङ्गलधुन | इष्टमित्र, नातागोता, आफन्त |
| कुटुम्ब | दिनदिनै गरिने काम, दैनिक कर्म |
| निरोपण | शुभ लक्षणले युक्त लयात्मक ध्वनि |
| कोलाहल | कविताका रूपमा लेखिएका वेदका मन्त्र |
| पितृ | पुनः अर्को पटक भेटघाट गर्ने काम |
| अनिष्ट | अत्यासलाग्दो अवस्था, अत्तालिँदो होहल्ला |
| | मरेका आफ्ना पुर्खा |
| | हानिकारक, अशुभ |

३. **दिइएको कथांशबाट उखान र टुक्का पहिचान गरी लेख्नुहोस् :**

गङ्गाधर कसैको आँखामा राखे पनि नबिभ्झाउने खालका मानिस थिए । गाउँले

उनलाई न्यायका प्रतिमूर्ति नै ठान्थे । उनी आफू भलो त जगतै भलो भन्ने सोचका मानिस थिए । उनको यो कृति एक कान दुई कान मैदान हुँदै दश गाउँ फैलियो। सबैतिर उनले न्यायनिसाफ गर्दा कहिल्यै पनि चोरलाई चौतारो साधुलाई शुली गर्दैनन् भन्नेमा सबैको विश्वास थियो । उनको जिब्रो चिप्लो मन कालो थिएन । उनी मनमा एउटा कुरा र मुखले अर्को कुरा गर्दैनथे अर्थात् मनमा लागेका कुरा निर्धक्क भन्ने खुला किताब जस्तै थिए ।

४. **दिइएका उखान र टुक्कालाई अलग अलग वाक्यमा प्रयोग गर्नुहोस् :**

उखान : हुने बिरुवाको चिल्लो पात, धान खाने मुसो चोट पाउने भ्यागुतो, खाने मुखलाई जुँगाले छेक्दैन, बोल्नेको पिठो बिक्छ नबोल्नेको चामल पनि बिक्दैन

टुक्का : माया मार्नु, कम्मर कस्नु, कानमा तेल हाल्नु, सुइँकुच्चा ठोक्नु, आगो हुनु, चिसो पस्नु

## *बोध र अभिव्यक्ति*

१. **दिइएका शब्दको लेखाइ र उच्चारणमा पाइने भिन्नता पहिचान गर्नुहोस् :**

| शब्द | उच्चारण |
|---|---|
| शीर्षक | सिर्सक् |
| अन्याय | अन्न्याय |
| ऊन | उन् |
| सञ्चार | सन्चार् |
| रक्षा | रक्छ्या |
| भण्डार | भन्डार् |
| ऋषि | रिसि |

२. **'कर्तव्य' कथाबाट लेखाइ र उच्चारण भिन्न हुने १० ओटा शब्द टिपोट गरी शुद्ध उच्चारण गर्नुहोस् ।**

३. **'कर्तव्य' कथा पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

४. **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) 'कर्तव्य' कथाको सुरु र अन्त्य कुन कुन घटनाबाट भएको छ ?

(ख) कथामा कति जना पात्र छन्, तिनको नाम भन्नुहोस् ।

(ग) कथामा ग्रामीण समाजको परिवेश झल्काउने तथ्य के के हुन् ?

(घ) कथामा प्रथम वा तृतीय पुरुषमध्ये कुन दृष्टिबिन्दु प्रयोग भएको छ ?

५. **दिइएको कथांश मौन पठन गरी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

त्यस पाजीलाई अँगालो हाल्न जान लागेको होइन कमला । यहाँ बाबुबाजेको मानमर्यादा डुब्न लाग्यो । कुलमा सबैभन्दा जेठो सन्तानको बिहे, उसमाथि त्यत्रा घरानियाँ कुटुम्बका आँगनमा बरियाती लैजानु छ । बाबु चाहिँ फलैंचामा ओछ्यान लाएर लडिरहेछ । जन्तीमा बुढोपाको एउटा छैन । खालि ओठ निचोर्दा दुध झर्ने अल्लारे ठिटा मात्र छन् । घरगृहस्थीको यति ठुलो काममा घरको एक भाइ पनि नगए जोरीपारीले के भन्लान् ?

**प्रश्नहरू**

(क) कथांशका आधारमा वक्ताको चरित्र चित्रण गर्नुहोस् ।

(ख) कथांशमा 'बाबुबाजेको मानमर्यादा डुब्न लाग्यो' भन्नुको आशय खुलाउनुहोस् ।

६. **दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

मलाई अब धेरै दिन बाँचुला जस्तो लाग्दैन । मैले जीवनमा हजुरका प्रति धेरै अत्याचार गरेको छु । यस अज्ञानीको सबै अपराध क्षमा गरेर यी नाबालक छोराछोरीको शरण लिइदिनुहोला । भाइका कुरा सुनेर मुरलीधरले बर्र आँसु झारे । मुरलीधर रोएको देखेर श्रीधरका जहान, छोराछोरी पनि रुन लागे । एकछिनपछि मुरलीधरले भाइका निधार, छाती, हात, गोडा सबै अङ्ग छामे । उनको शारीरिक गति देखेर मुरलीधरको हृदयमा दुःखको कोलाहल मच्चियो । केही बेरपछि छातीमा भक्कानु पारेर आँसु झार्दै भने, "बिसेक हुन्छ बा हरेस नखाऊ । बरू अब यहाँका वैद्यको भर गरेर बस्नुभएन । तिमीलाई देशतिर औषधी गराउन लैजान्छु ।"

### प्रश्नहरू

(क) कथांशमा म पात्रले पश्चाताप गर्नुको कारण के हो ?

(ख) मुरलीधरले भाइप्रति कस्तो व्यवहार देखाए ?

(ग) सिकिस्त भएपछि मात्र उपचार गर्न लानु ठिक हो, तर्क गर्नुहोस् ।

(घ) 'हृदयमा दुःखको कोलाहल मच्चिनु' को आशय खुलाउनुहोस् ।

**७. 'कर्तव्य' कथा पढी दिइएका संवाद कसले कसलाई भनेका हुन्, भन्नुहोस् :**

(क) मेरा दुवै छोरा बराबर हुन्, आधा आधा बाँडेर खानू ।

(ख) त्यस महाआत्माको अन्तिम आज्ञा श्रीधरले मान्नैपर्छ ।

(ग) कसैको मरण होस् त यसप्रकारको होस् ।

(घ) त्यस्ता महापुरुषका सन्तान आफ्नो कर्तव्य किन छोड्थे ।

(ङ) लौ, घर लगेर भित्र्याऊ ।

(च) दाज्यूलाई खानपिन त राम्ररी गरायौ के ?

(छ) खै, सम्धी पाल्नुभएको छैन, अब मण्डपमा आएर बसिदिनुभएहुन्थ्यो ।

(ज) यस अज्ञानीको सबै अपराध क्षमा गरेर यी नाबालक छोराछोरीको शरण लिइदिनुहोला ।

**८. 'कर्तव्य' कथाका मुख्य मुख्य घटना क्रमबद्ध रूपमा टिपोट गरी कथासार तयार पार्नुहोस् ।**

**९. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) 'कर्तव्य' कथाका मुरलीधर र श्रीधरका चारित्रिक विशेषता लेख्नुहोस् ।

(ख) कथामा दाजुभाइबिचको सम्बन्धलाई कुन रूपमा देखाइएको छ, लेख्नुहोस् ।

(ग) मुरलीधर र श्रीधरको विवाद नभएको र सम्बन्ध नबिग्रेको भए के हुन्थ्यो होला, अनुमान गर्नुहोस् ।

(घ) 'कर्तव्य' कथाको सन्देश के हो ?

**१०. 'कर्तव्य' कथाको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर लेख्नुहोस् ।**

**११. व्याख्या गर्नुहोस् :**

(क) उनको देहावसानले न्यायको बत्ती निभ्यो, अनाथअशक्तको आशास्तम्भ ढल्यो, गाउँका 'धन्वन्तरि' अस्ताए ।

(ख) कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ, मानिस चाहिँ ज्ञानवान् हुनाले बखतमौका विचार गरेर आफैँ पनि जानुपर्छ ।

**१२. 'कर्तव्य' कथामा श्रीधर र मुरलीधरमध्ये तपाइँ कसको पक्ष लिनुहुन्थ्यो, किन ?**

**१३. 'कर्तव्य' कथामा नेपाली समाजको वास्तविकतालाई कसरी दर्साएको छ, विवेचना गर्नुहोस् ।**

**१४. तपाइँलाई 'कर्तव्य' कथामा व्यक्त भएका कुन कुन कुरा मन पऱ्यो, मन पर्नुका कारणसहित आफ्नो प्रतिक्रिया दिनुहोस् ।**

**१५. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

भाषा कुनै पनि देशको अमूल्य सम्पदा हो । एउटा भाषा लोप हुनु भनेको त्यो देशको एउटा सम्पदा नासिनु हो । त्यसैले आफ्नो देशको भाषिक सम्पदा जोगाउन राज्यले पनि पहल गर्नुपर्छ । विभिन्न मातृभाषाको प्रयोगबाट त्यस देशमा बहुसांस्कृतिक र बहुभाषिक सौन्दर्य भित्रिन्छ । भाषालाई जीवित बनाउन राज्यको पहल र उक्त भाषाका वक्तामा भाषाप्रतिको सचेतता र प्रयोग गर्ने इच्छाशक्ति आवश्यक हुन्छ । यसको आशय भाषा जीवन्त हुन सम्बन्धित वक्ता वा समुदायले बोल्नैपर्छ भन्ने हो । यसरी हरेक व्यक्तिले आआफ्नो मातृभाषा बोल्दा मात्र त्यो भाषा बाँच्छ । हरेक मातृभाषा भाषी वक्ताहरू अरू भाषाको प्रभावमा परेर आफ्नो भाषा बोल्न छाडे भने त्यो भाषा क्रमशः हराउँदै जान्छ । लोप हुने खतरा रहन्छ । मातृभाषीले आफ्नो भाषा बोल्न छाडेर अर्को भाषा बोल्दै जाँदा संसारका धेरै भाषा लोप भएका छन् । यस्तो अवस्थामा भाषाको प्रयोग विस्तार, शब्दकोश तथा व्याकरण निर्माण गरेर सम्बन्धित मातृभाषालाई समृद्ध बनाउन सकिन्छ । भाषालाई चिरकालसम्म जीवन्त राख्न र समृद्ध बनाउन त्यस भाषामा साहित्य सिर्जना पनि गर्नुपर्छ । बालबालिकालाई मातृभाषामा प्रारम्भिक शिक्षा दिनु बढी प्रभावकारी र स्थायी हुन्छ । त्यसैले नेपालमा पनि २६ भन्दा बढी भाषामा पाठ्यक्रम तथा पाठ्यपुस्तक बनेका छन् । नेपालको संविधानले पनि हरेक समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने अधिकार सुनिश्चित गरेको छ ।

(क) **प्रश्नहरू**

(अ) मातृभाषालाई कसरी जोगाउन सकिन्छ ?

(आ) भाषा लोप हुनाको कारण के हो ?

(इ) भाषालाई चिरकालसम्म जीवन्त राख्न र समृद्ध बनाउन के गर्नुपर्छ ?

(ई) बालबालिकालाई मातृभाषामा प्रारम्भिक शिक्षा दिनु बढी प्रभावकारी र स्थायी हुन्छ, किन ?

(ख) **भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :**

(अ) अनुच्छेदमा रहेको 'नासिन्छ' क्रियापदको नामधातु पहिचान गर्नुहोस् ।

(आ) 'भाषालाई चिरकालसम्म जीवन्त राख्न र समृद्ध बनाउन त्यस भाषामा साहित्य सिर्जना पनि गर्नुपर्छ ।' वाक्यलाई प्रेरणार्थक वाक्यमा बदल्नुहोस् ।

(इ) अनुच्छेदबाट 'ऋ' र 'रि' प्रयोग भएका एक एकओटा शब्द खोज्नुहोस् ।

१६. **दिइएको सन्दर्भ पढी तोकिएको कार्य गर्नुहोस् :**

(विद्यालय (सोलुका डोल्मा र सिराहा रामलखन फोनमा कुराकानी गर्दै छन् ।)

डोल्मा : हेलो ! रामलखनज्यू ! नमस्कार ।

रामलखन : हजुर, नमस्ते !

डोल्मा : अँ, के गर्दै हुनुहुन्छ नि रामलखनज्यू !

रामलखन : म त आँपको बगैचाँमा छु । बगैंचामा आँप पाकेका छन् । आँपका प्याकेट धमाधम बनाई बजार पठाउने चटारो छ हजुर मलाई त !

डोल्मा : धेरै राम्रो कुरा । त्यहाँ त आँप खेती निकै हुन्छ है ! अँ, अरू के के खेतीको सम्भावना छ नि !

रामलखन : यहाँ लिची खेतीको पनि सम्भावना छ । अब एक बिगाहा खेतमा लिची लगाउँछु ।

डोल्मा : ए, अँ मैले नि यहाँ ९० रोपनी जग्गामा स्याउ खेती गरेको छु । हाम्रामा स्याउ खेतीको साह्रै राम्रो सम्भावना छ । म अहिले १०० ओटा स्याउका नयाँ बोट सार्दै छु ।

रामलखन : हो नि, हाम्रो देशका विभिन्न ठाउँमा जहाँ जुन खेती र व्यवसायको सम्भावना छ त्यही गरे कति राम्रो हुन्थ्यो है !

डोल्मा : हो नि, मित्र ! हवस् अहिलेलाई बिदा ! भरे फुर्सदमा कुरा गरौँ है ।

रामलखन : हुन्छ, ल त नमस्ते ।

(दुवैले फोन राख्छन् ।)

माथि उल्लेख भएका व्यवसायका सम्भावना जस्तै तपाईंको क्षेत्रमा कुन कुन व्यवसायको सम्भावना छ, मौखिक रूपमा प्रस्तुत गर्नुहोस् ।

## *सुनाइ र बोलाइ*

१. **सुनाइ पाठ ११ सुनी खाली ठाउँमा उपयुक्त शब्द भन्नुहोस् :**

(क) खास गरी .........क्षेत्रमा महत्त्वपूर्ण खाद्यस्रोतका रूपमा मकैलाई लिइन्छ ।

(ख) मकै खेतीमा मकै उम्रनका लागि ................ डिग्री सेल्सियस तापक्रम आवश्यक पर्छ ।

(ग) मकै खेतीका लागि उर्वर, दोमट र ........... ठाउँ राम्रो हुन्छ ।

(घ) मकैबाट .............., पोटासियम, फस्फोरस आदि प्रचुर मात्रामा पाइन्छ ।

२. **सुनाइ पाठ ११ का आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) मकैको उत्पादन कम हुनुका कारण के के हुन् ?

(ख) सामान्यतया कुन समयमा मकै रोप्नु उपयुक्त हुन्छ ?

(ग) मकै खेतीका लागि कस्तो पूर्व तयारी आवश्यक हुन्छ ?

(घ) नेपालमा मकैका परिकार कसरी तयार पारिन्छ ?

१. **दिइएको अनुच्छेदमा नाम र विशेषणबाट बनेका क्रियापद प्रयोग भएका छन्, पढ्नुहोस् :**

हरिशरण साह्रै मोटाएका छन् तर रामशरण चाहिँ बिरामी परेर निकै दुब्लाएका छन् । हरिशरण साह्रै मोटाएर रोगाएका छन् भने रामशरण पनि दुब्लाएर रोगले थलिएका छन् । हरिशरणलाई 'मोटा छौ' नि भन्यो भने उनी रिसले भुनभुनाउँछन् । रामशरणले चाहिँ आफू रोगले दुब्लाएको कुरो सहजै स्विकार्छन् ।

यहाँ रेखाङ्कित क्रियापदमा क्रमशः मोटाउ, दुब्लाउ, रोगाउ, थलि, भुनभुनाउ र स्विकार् धातु प्रयोग भएका छन् । ती धातु क्रमशः मोटो, दुब्लो विशेषण र थला, भुनभुन र स्विकार नाम पदबाट बनेका छन् । त्यसैले माथिका रेखाङ्कित क्रियापदमा प्रयोग भएका धातु नामिक शब्द वा नाम र विशेषणबाट बनेका नाम धातु हुन् ।

२. **दिइएका क्रियामूलको बनोट प्रक्रिया देखाउनुहोस् :**

जिल्लिनु, हत्याउनु, लजाउनु, रन्किनु, लत्याउनु, रङ्गाउनु, दोहोऱ्याउनु, तातिनु, चिसिनु, चिप्लिनु, गुटमुटिनु, डल्लिनु

३. **'कर्तव्य' कथाबाट कुनै पाँचओटा क्रियामूल खोजेर तिनलाई पाठमा प्रयोग भएका भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् ।**

४. **कुनै पाँच नाम धातु पर्ने गरी एउटा अनुच्छेद लेख्नुहोस् ।**

५. **दिइएको अनुच्छेदबाट सामान्यार्थक र प्रेरणार्थक क्रियापद छुट्याउनुहोस् :**

आमाले सानी नानीलाई सुताइन् र आफू पनि सुतिन् । सुताउनुभन्दा पहिले आमाले सानी नानीलाई लिटो खुवाइन् र आफूले रोटी तरकारी खाइन् । बिहान आमा सबेरै चार बजे जागिन् र चिया पिइन् । सात बजेतिर सानी नानीलाई जगाइन् र दुध पिलाइन् ।

६. **दिइएको अनुच्छेदलाई प्रेरणार्थकमा परिवर्तन गर्नुहोस् :**

विनयले खाना खाए । उनी विद्यालय पुगे । घन्टी लाग्यो । उनी कक्षामा पसे । उनले पहिलो घन्टीमा नेपाली विषय पढे । उनले दिउसो खाजा खाए । उनी बेलुकी घर फर्किए ।

७. **प्रेरणार्थक वाक्यको प्रयोग गरी कुनै एक घटनाको वर्णन गर्नुहोस् ।**

८. **'कर्तव्य' कथाबाट रि, ऋ प्रयोग भएका तीन तीनओटा शब्द खोजेर लेख्नुहोस् ।**

९. **दिइएको अनुच्छेदलाई शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :**

रिषि दऋमा बसेर रिषभसँग भन्दै थिए । झऋमा नहिड्नू, ऋस नगर्नू, एउटा कानमा मात्र ऋङ होइन, दुईओटै कानमा लगाउन ऋङ किन्नु । ऋता माघे सङ्क्रान्ति मेलामा जानू र दिनभऋ रमाइलो गर्नू ।

## *सिर्जना र परियोजना कार्य*

१. **दिइएका बुँदाका आधारमा एउटा छोटो कथा लेख्नुहोस् :**

(क) प्रवीण धेरै धन कमाइने लोभले विदेश जानु

(ख) विदेश स्वदेश जस्तो नहुनु

(ग) दिनमा १४ घण्टासम्म काममा जोतिँदासमेत गएको ऋण तिर्न नसक्नु

(घ) ऊ देश र गाउँघरको सम्झनाले पिरोलिनु

(ङ) तुरुन्त विदेश छोडेर आउन पनि नसक्नु

(च) निकै वर्ष दु:ख गरेर केही धन आर्जन गर्नु

(छ) देशमै फर्केर सानोतिनो लगानी गरी आफ्नै खेतबारीमा पाखुरा खियाउने निधो गर्नु

(ज) अहिले आफ्नै देशमा आधुनिक कृषि व्यवसाय अँगाल्नु


(झ) राम्रै आम्दानी गर्नु, सुखले जीवन चलाउनु

(ञ) उसका आमाबुबा बुढेसकालको साहरा पाएर अत्यन्त खुसी हुनु

२. **तपाईँले अध्ययन गर्नुभएको कुनै एउटा सामाजिक कथाको घटना, पात्र र परिवेशको समीक्षा गरी कक्षामा सुनाउनुहोस् ।**

पाठ १२

# पाब्लो पिकासो



मानवीय संवेदनाको युगीन लय पक्रेर कलाकृति सिर्जना गर्ने कलाकार संसारमा बिरलै जन्मिन्छन् । कलाका जादुले विश्व जगत्मा नयाँ नयाँ कीर्तिमान स्थापित गरेसँगै उन्नाइसौँ शताब्दीको उत्तरार्धतिर युरोपको स्पेनमा एउटा अद्भुत प्रतिभाशाली बालकको जन्म भयो । तिनै बालकले पछि गएर परम्पराभन्दा पृथक् शैलीका सघन कलाकृति सिर्जना गरे । थोरै रङको प्रयोग गर्दै मानव मस्तिष्कमा धेरै झङ्कार पैदा गरे । उनैले बिसौँ शताब्दीको आरम्भमै कलाकारिताको आगो ओकले । पाब्लो पिकासो नामक विलक्षण प्रतिभाशाली तिनै बालक बिसौँ शताब्दीका सबैभन्दा महान् र सर्वाधिक प्रभावशाली कलाकारका रूपमा विश्वविख्यात बने । बहुमुखी प्रतिभाशाली पाब्लो पिकासो कलाकार, चित्रकार, मूर्तिकारका साथै मञ्च सजावटका समेत अद्भुत शिल्पी थिए । कलाकारिताको प्रतिभा यिनका नसा नसामा जन्मजात प्रवाहित थियो ।

सन् १८८१ अक्टोबर २५ तारिखका दिन स्पेनको मलागामा मध्यमवर्गीय परिवारमा पिकासोको जन्म भएको हो । जन्मदा औसत शिशुभन्दा सानो भएकाले नर्सले यो बालक जीवित छैन भन्ने ठानिछन् । आमाको हेरचाह गर्न जाँदा उनले पिकासोलाई मृत सम्झेर आमाको शैयानजिकको टेबुलमा छोडिछन् । उनका काका डन साल्भाडोरले त्यो बालक जीवित छ भनी नर्सलाई सूचित गरेछन् अनि बल्ल पिकासोले जीवन प्राप्त गरेका रहेछन् । पिकासोका आमाबुबाको नाम मारियो पिकासो लोपेज र जोसो रुइज ब्लास्को थियो । पिकासोका बुबा जोसो रुइज एक स्थानीय विद्यालयमा कलाका कुशल शिक्षक थिए । पिकासोले शैशवावस्थाको चुलबुले उमेरमा नै आफ्ना बुबाले सिर्जना गरेका सुन्दर कला बालसुलभ आँखाले देखे । यसैबाट प्रेरणा प्राप्त गरी पछि हुर्कँदै जाँदा उनीभित्रको

संवेदना : मानिसका मनमा हुने मार्मिक अनुभूति

झङ्कार : वीणा, गितार आदि तारका बाजा बजाउँदा सुनिने सुमधुर ध्वनि, झनझनाहट

विलक्षण : अनौठो, असाधारण

जन्मजात कलाकारिताले टुसाउने, हुर्कने र मौलाउने अवसर पायो । उनले बाल्यकालदेखि चित्रकलाको प्रारम्भिक तालिम घरबाटै पाउन सुरु गरेका थिए । बाल्यकालमा उनी विभिन्न प्रकारका आकृति बनाएर आफ्ना साथीलाई चकित पार्थे । आफ्ना बुबाबाट कलाको प्रारम्भिक शिक्षा लिएका पिकासोले १४/१५ वर्षको उमेरमै उत्कृष्ट चित्र बनाउन थालिसकेका थिए । पिकासोले 'पिकाडोर' नामको आफ्नो पहिलो पेन्टिङ नौ वर्षको हुँदा तयार पारेका थिए । साँढेको लडाइँमा घोडा चढिरहेको मान्छेको यो चित्र निकै आकर्षक थियो । उनी १५ वर्षका हुँदा उनले 'कम्युनियन' चित्र पूरा गरे । उनका आमा, बुबा र बहिनीको चित्रण गरिएको यो अत्यन्तै प्रसिद्ध चित्र थियो । पिकासोका बुबाले आफ्नो छोरा आफूभन्दा राम्रो चित्रकार भएको महसुस गरे । आफूले चित्र बनाउन तयार पारेको क्यानभासमा छोराले असाध्यै राम्रा चित्र बनाएको देखेर बुबा चकित भए । त्यसपछि उनका बुबाले छोराको प्रतिभाबाट प्रभावित भई आफ्नो चित्रकलाका सम्पूर्ण सरसामान उनैलाई सुम्पिए । पिकासो १३ वर्षका हुँदा उनका बुबाले चित्रकलाबाट सन्यास लिने निर्णय गरे । त्यसपछि उनलाई चित्रकलामा उच्च शिक्षाका लागि म्याड्रिड एकेडेमी पठाइयो । पिकासो त्यहाँको वातावरणबाट बिरक्तिएर उनले आफ्नो औपचारिक पढाइ छोडे र पूर्णकालीन रूपमा कलाकारितामा नै आफूलाई समर्पित गरे ।

आफ्ना बुबाबाट सुरु भएको कलायात्राका क्रममा पिकासोले मलागादेखि बार्सिलोना, म्याड्रिड र युरोपेली कलाको राजधानी मानिने पेरिससम्म आइपुग्दा महान् कृति जन्माइसकेका थिए । सन् १८९२ मा उनको परिवार ला कोरुनामा बसाइँ सऱ्यो । त्यसको एक वर्षपछि पिकासोलाई त्यहाँ ललित र व्यावहारिक कला अध्ययनका लागि विद्यालयमा भर्ना गरियो । सन् १८९४ को प्रारम्भमा १३ वर्षको उमेरमा उनले आफ्नो परिवारको चित्रसहित प्रारम्भिक तैल चित्रहरू सिर्जना गरे । सन् १८९५ देखि उनले आफ्ना चित्र प्रदर्शन गर्न र बेच्न थाले । सोही वर्ष पिकासोकी सात वर्षकी बहिनी कोन्चिटाको मृत्यु भयो । यो पिकासोको जीवनमा एउटा कहालीलाग्दो घटना बन्न पुग्यो । बहिनीको मृत्युपछि उनको परिवार बार्सिलोनामा सऱ्यो । सन् १८९० तिरका उनका चित्रमा यथार्थवादी शैलीको प्रयोग हुन्थ्यो । उनले यस्ता केही प्रोट्रेट चित्र बनाए । सन् १८९७ मा सिर्जित उनका चित्रकलाबाट विश्वकलाको आधुनिक काल सुरु भएको मनिन्छ । पिकासो त्यसपछि सन् १९०० मा युरोपको कलाको राजधानी भनिने पेरिस

कम्युनियन : पिकासोले बनाएको एक चित्रको नाम

क्यानभास : चित्रपट, चित्र बनाइने कपडा, भित्तो वा ठाउँ

प्रोट्रेट : मुहार चित्र

प्रस्थान गरे । त्यहाँ उनले पत्रकार तथा कवि म्याक्स ज्याकबलाई पहिलो पेरिस साथीका रूपमा भेटे । म्याक्स ज्याकबले पिकासोलाई पनि भाषा र साहित्य सिक्न मदत गरे ।

पिकासोका कलाकृति सिर्जना प्रवृत्तिगत दृष्टिले विविध प्रकारका छन् । स्पेनिस चित्रकार पिकासो द्वारा सन् १९०१ र सन् १९०४ का बिचमा सिर्जित कलाकारितालाई परिभाषित गर्न 'ब्लु पिरियड' पदावली प्रयोग गरिन्छ । पारिवारिक तथा आर्थिक सङ्कटजन्य परिस्थितिका कारण उनमा एकप्रकारको मानसिक तनाब र असामान्य अवस्था सिर्जना भयो । यसैको प्रभावस्वरूप उनले मुख्य रूपमा ब्लु र ब्लुसँगै हरियो कठोर रङका धर्काहरूमा अन्य केही रङसमेत मिश्रित मोनोक्रोमेटिक चित्रकला प्रस्तुत गरे । समाजका गरिब र बहिष्कृतका शान्त र व्यग्र मनस्थितिलाई ब्लु रङका साथ जोडेर विचित्रका चित्र बनाए । एक्लोपन, गरिबी र चरम अभाव उनका चित्रकलाका विषयवस्तु बने । गरिबीले आक्रान्त महिला, दुधे बालकसँगका आमाका चित्र र दृष्टिविहीनका चित्रले उनका क्यानभासमा प्राथमिकता पाउन थाले । यस्ता विषय खोज्न उनी कहिले जेलमा थुनिएका मानिस हेर्न जान्थे । कहिले बाटामा भिख मागिरहेका भिखारीसँग घन्टौँ बसेर उनका आकृतिमा पोतिएको गम्भीर अवसादलाई आफ्ना चित्रमा उतार्थे । जीवनका निराशा र विसङ्गत अवस्थाको भव्य चित्रण गरिएका उनका यस्ता चित्र सर्वसाधारणबाट निकै रुचाइए । यस्ता चित्र सम्पन्न वर्गले भने त्यति रुचाएनन् । तत्काल तिनको बिक्री भएन तर कालान्तरमा अनमोल बनेका यिनै चित्र करोडौँ मूल्यमा बिक्री भए ।



ब्लु पिरियड : ब्लु पिरियड भनेर चिनिने पिकासोको चित्र निर्माणको एक कालखण्ड

मोनोक्रोमेटिक : धेरै रङ मिसाएर बनाएको एउटै रङयुक्त, एकरङ्गी

व्यग्र : व्याकुल, विह्वल

आक्रान्त : हमला गरिएको, घेराउमा परेको, पराजित

अवसाद : मनमा पर्ने पछुताउ, उत्साह, आशा आदिको अभाव

पिकासोको 'पिङ्क पिरियड' सन् १९०४ देखि १९०६ को समयावधि हो । यस पिरियडमा पिकासो आफ्नी प्रेमिका फर्नान्डो ओलिभरसँग सँगै थिए । यिनका कलाले बजार पाइसकेका थिए । सप्रिँदो आर्थिक अवस्था र प्रेम जीवनको प्रभाव यस पिरियडका कृतिमा देख्न सकिन्छ । प्रेमिकाको सल्लाहले उनले ब्लु काल त्यागेका हुन् भन्ने भनाइ पनि छ र यसलाई उनको आफ्नै जीवनको प्रतिबिम्ब पनि भन्ने गरिन्छ । शान्त पृष्ठभूमि र खुसीपूर्ण वातावरणमा सुन्तला र गुलाफी रङ प्रयोग गरिएका उनका चित्रमा सर्कसका नायक र हेपिएका मानिस चित्रित हुन्थे । यस पिरियडमा उनले ऐतिहासिक महत्त्वका कृति रचना गरे ।



उनको चित्रकलामा 'घनवाद' को सशक्त प्रयोग भएको पाइन्छ । घनवादको प्रयोग भएको यस काललाई 'निग्रो काल' पनि भनिन्छ । घनवादी कलाकृतिमा वस्तुलाई विश्लेषण गरिन्छ, टुक्रा टुक्रा पारिन्छ । ती टुक्रालाई अमूर्त रूपमा पुनः संयोजन र संश्लेषण गरिन्छ । यसमा कलाकारले वस्तुलाई एउटै दृष्टिकोणबाट चित्रण नगरी बृहत्तर सन्दर्भमा प्रतिनिधित्व गर्न धेरै दृष्टिकोणबाट विषयलाई चित्रण गर्छन् । यसरी मूर्त वस्तुलाई भाँच्ने, टुक्र्याउने अनि जोडेर फेरि वस्तु र विषयलाई व्यापक अर्थमा र अमूर्त रूपमा प्रयुक्त गर्ने यही वाद नै घनवादी कलाका रूपमा चिनिन्छ । यसरी जुनसुकै कालमा लेखिएका भए पनि उनका हजारौँ चित्रकला र मूर्तिकला आज पनि जीवन्त छन् ।

पिकासोको वैवाहिक र पारिवारिक जीवन एकैनासले अगाडि बढेन । उनका जीवनमा जुन जुन महिला आए तिनले उनको कलाकारितालाई कुनै न कुनै रूपमा प्रभावित पारेको देखिन्छ । उनले आफ्ना जीवनका सफल वा असफल प्रेम सम्बन्धलाई विभिन्न ढङ्गले चित्र र मूर्तिमा अङ्कित गरेका छन् । ती चित्र निकै चर्चित र मूल्यवान् पनि बनेका देखिन्छन् ।

पिङ्क पिरियड : पिङ्क पिरियड भनेर चिनिने पिकासोको चित्र निर्माणको एक कालखण्ड

घनवाद : चित्रकला एवम् मूर्तिकलाका क्षेत्रमा खास गरी हरेक चिजलाई गोलाकार वस्तुका रूपमा हेर्ने एक शैली

पिकासोले आफ्नो लामो जीवनकालमा कलाका क्षेत्रमा असाधारण रूपमा प्रशंसा कमाए । उनका धेरै कलाकृति निकै बिकाउ र चर्चित बने । उनका १३५०० हाराहारीमा चित्र, १२२८ मूर्तिकला, २८८० सेरामिक कला, लगभग १२००० रेखाचित्र रहेका छन् । पिकासोले आफ्नो सबैभन्दा महत्त्वपूर्ण योगदान गरेको र उनलाई चर्चाको शिखरमा पुऱ्याएको क्षेत्र भने चित्रकला बन्यो । आफ्ना चित्रमा पिकासोले रङलाई अभिव्यक्तिगत तत्त्वका रूपमा प्रयोग गरे । पिकासोका प्रारम्भिक मूर्तिकला काठबाट कोरिएका अनि माटाबाट बनाइएका थिए। उनका चर्चित र निकै मूल्यवान् चित्रहरूले पिकासोलाई अजर र अमर बनाएका छन्। उनको 'द गुएर्निका चित्र' हिटलरको हमलामा देखिएको युद्धको क्रूरता, अमानवीयताको पराकाष्ठाको जीवन्त साक्ष्य प्रस्तुत गरिएको एक भव्य चित्र हो । सन् १९३७ मा गुएर्निका भन्ने ठाउँको बास्क सहरमा नाजीहरूले गरेको विनाशकारी हवाई हमलापछिको वातावरण चित्रित यस चित्रलाई हालसम्मकै सबैभन्दा महान् युद्धविरोधी चित्र मानिन्छ । पिकासोले सन् १९५५ मा बनाएको तैल चित्र 'वुमन अफ अल्जियर्स' करिब १८० मिलियन डलरमा लिलाम बिक्री भएको थियो । यो चित्रले संसारको सबैभन्दा महँगोमा बिक्री हुने चित्रका रूपमा विश्व कीर्तिमान कायम गरेको छ ।

पाब्लो पिकासोका थुप्रै रमाइला र प्रेरणाप्रद प्रसङ्ग छन् । पिकासोका घरमा थुप्रै साथीको आउनेजाने क्रम चलिरहन्थ्यो । एक दिनको कुरा हो, पिकासोका घरका भित्तामा केही सस्ता र सामान्य खालका चित्र देखेर उनको एक जना साथीले हाँसैहाँसोमा पिकासोलाई भनेछन्, "आफ्नो घरका भित्तामा आफ्ना चित्र किन नराखेको नि, के तिमीलाई आफ्ना चित्र मन पर्दैनन् ?" पिकासोले जबाफ दिएछन्, "हैन मित्र ! मलाई मेरा चित्र निकै मन पर्छन् तर ती निकै महँगोमा बिक्छन् । म ती महँगा चित्र किन्न सक्दिनँ ।" यसरी उनी हाँसो र ठट्टामा सोधिएका प्रश्नको उत्तर पनि कलात्मक रूपमा नै दिन्थे । त्यस्तै अर्को पनि एउटा प्रसङ्ग छ, एक पटक पिकासोकी एक प्रशंसक महिलाले पाब्लोलाई भेटिछिन् अनि यिनले कसरी चित्र बनाउँदारहेछन् भनेर जान्ने मनसायले भनिछिन्, "कुनै एउटा चित्र बनाउनुहोस् न !" सुरुमा टार्न खोजे पनि महिलाको जिद्दी हार्न सकेनछन् । उनले १० सेकेन्डभित्रै एउटा चित्र बनाएछन् र हातमा दिँदै भनेछन्, "यो लैजाऊ, मिलियन डलर

सेरामिक : माटाबाट बनाइएका शिल्पयुक्त भाँडा, माटाका भाँडा
साक्ष्य : आफैँले देख्ने, दर्शक, साक्षी बस्ने काम
तैल चित्र : तेलरङबाट चित्र बनाउने कला
लिलाम बिक्री : सबैभन्दा बढी मोल दिनेलाई माल बिक्री गर्ने काम

को चित्र !" महिला आश्चर्यमा परिछन् १० सेकन्डमा बनाएको चित्र कसरी मिलियन डलरको हुन्छ ! तै पनि उनी केही नभनी चित्रको मूल्य बुझ्न चित्र लिएर बजार गइछन् । जब उनले बजारमा चित्रको मूल्य सुनिन् साँच्चै त्यो चित्र त मिलियन डलरकै रहेछ । उनी फेरि फर्केर पिकासोसँग आइछन् र भनिछन्, "१० सेकेन्डमा मिलियन डलरको चित्र कसरी बनाउनुभयो ? यो कला मलाई पनि सिकाइदिनुहोस् न !" पाब्लोले मुस्कुराउँदै भनेछन्, "जुन चित्र मैले १० सेकेन्डमा बनाएँ, त्यसका पछाडि ३० वर्षको कडा मिहिनेत लुकेको छ । आफ्नो जीवनका ३० वर्ष मैले आफ्नो कला सिक्न र त्यसमा पारङ्गत हुन खर्च गरेको छु त्यसैले त १० सेकेन्डमा चित्र बनाउन सकेको हुँ । तिमी पनि सिक्नमा समय लगाऊ अवश्य सिक्ने छौँ ।"



मानव वेदनाको जीवन्त चित्रण भएका कला सिर्जनामा पिकासोले आफ्नो सम्पूर्ण जीवन समर्पण गरे । उनले कलामार्फत बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ भन्ने दसी प्रस्तुत गरे र कलामार्फत युद्धलाई खरो रूपमा व्यङ्ग्य गरे । त्यसैले त नाजीहरूले पिकासोलाई जर्मनीमा चित्र प्रदर्शन गर्न दिएनन् । उनले भिखारी, जेलमा थुनिएका, दुःख पाएका, हेपिएका र सीमान्तकृत मान्छेका साथै गम्भीर मानसिक समस्या भएका व्यक्तिका चित्रसमेत बनाए । उनले महिलाका मार्मिक र प्रेमिल चित्र पनि बनाए । उनी केवल मान्छेको बाहिरी आवरण मात्र कहाँ हो र, ती व्यक्तिका भित्री वेदना, संवेदना, संवेग, मर्म र सौन्दर्य मूर्त बनेर उनका अमूर्त चित्रभित्र चित्रित हुन्थे । जजसले ती चित्र हेर्थे ती व्यक्तिको हृदयमा करुणा, दया, माया, स्नेह, आक्रोशका भाव सलबलाउँथे र हेर्दाहेर्दै ती चित्रमा नै हराउँथे । उनका कलामा त्यस्तो जादु भएर नै उनका कला आजसम्म पनि अनमोल भएका छन् र संसारका सबैभन्दा महँगा चित्रका रूपमा उत्तिकै बेजोड छन् । आज

दसी : सबुद, प्रमाण

नाजी : जर्मनीको एक प्रसिद्ध राजनीतिक दल

पिकासोका कलाकृति संसारभरिका विख्यात कला सङ्ग्रहालयमा फेला पार्न सकिन्छ । सानो छँदा आमाले भनेका कुरा सम्झँदै एक पटक पिकासोले भनेका छन्, "मेरी आमाले भन्नुभएको थियो, यदि तिमी सिपाही बन्यौ भने जनरल हुने छौ, धर्मगुरु बन्यौ भने पोप हुने छौ" तर म आमाले भन्नुभएका मान्छेजत्तिकै लगनशील भएँ र पिकासो बनेँ । उनले भने झैँ हरेक बालबालिकामा विशिष्ट सिर्जना शक्ति र प्रतिभा हुन्छ, उचित अवसर पाएमा र लगनशील भएमा जीवनलाई सार्थक बनाएर संसारलाई चहकिलो ज्योति छर्न सक्छ ।

यिनै महान् प्रतिभाशाली कलाकारको योगदानको उच्च मूल्याङ्कन गर्दै उनलाई सन् १९५० र १९६१ गरी दुई पटक अन्तर्राष्ट्रिय लेनिन पुरस्कारबाट सम्मान गरिएको थियो । मध्यमवर्गीय परिवारमा जन्मेका पिकासो जीवनको पूर्वार्धमा आर्थिक तथा पारिवारिक समस्यामा परे पनि जीवनको उत्तरार्धमा आफ्ना कलाकृति बेचेरै प्रशस्त आर्थिक उपार्जन गरे । 'म धेरै पैसा कमाएर गरिबको रूपमा बाँच्न चाहन्छु' भन्ने पिकासो आखिरमा त्यस्तै साधारण जीवन बाँचे । ९१ वर्षको दीर्घ आयु बाँचेका विलक्षण प्रतिभाशाली कलाकार पिकासोको भौतिक शरीरको अवसान ८ अप्रिल १९७३ मा भयो तर पनि उनी आफ्ना अनमोल कलामार्फत अजर र अमर बनेका छन् ।

पोप : इसाई धर्मका प्रधान गुरु

दीर्घ : लामो

## *शब्दभण्डार*

१. **दिइएका अर्थसँग मिल्ने शब्द 'पाब्लो पिकासो' जीवनीबाट खोजेर लेख्नुहोस् :**

(क) सय वर्षको समय वा पिरियड

(ख) मूर्त नभएको

(ग) अत्यन्त धेरै मोल पर्ने

(घ) कहिल्यै नमर्ने

(ङ) कलापूर्ण ढङ्गले सजाइएको

(च) प्राचीन महत्त्वका वस्तु राखिने ठाउँ

२. **'पाब्लो पिकासो' जीवनीका आधारमा वाक्यको सन्दर्भ बोध गरी दिइएका शब्दको अर्थ लेख्नुहोस् :**

अदभूत, शैशवावस्था, पूर्णकालीन, बहुमुखी, सिर्जना, मनस्थिति, आकृति, विसङ्गत, कृति

३. **दिइएको अनुच्छेदबाट आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् :**

किताब, कापी, कलम बोकेर सधैँ विद्यालय जाने हामी आज परियोजना कार्यका लागि निस्किने भयौँ । बिहान करिब नौ बजे साथीको फोन आएपछि माइक्रोबस चढ्न म घरबाट निस्के । गाडी चढेपछि झ्यालनेरको सिटमा बसेँ । पेम्बाले बसमा रमाइलो गर्नका लागि डम्फु र मादल ल्याएका रहेछन् । हाकुमायाले खाजाका लागि समयबजी, योमरी, बारा आदि ल्याएकी रहिछन् । दिपसनले थर्मसमा चिया बोकेका रहेछन् । केहीबेरमा हामी सेती किनारको रक गार्डेनमा पुग्यौँ र त्यहाँका दृश्य क्यामेरामा कैद गरी नास्ता खाएर घर फर्कियौँ ।

४. **'पाब्लो पिकासो' जीवनीबाट कुनै पाँचओटा आगन्तुक शब्द टिपी तिनलाई पाठमा भन्दा भिन्न तरिकाले वाक्यमा प्रयोग गर्नुहोस् ।**

## *बोध र अभिव्यक्ति*

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

महत्त्वपूर्ण, मूर्तिकार, दृष्टिकोण, बहिष्कृत, दृष्टिविहीन, प्रदर्शन, आक्रोश, भिक्षु, उत्तरार्ध, उत्कृष्ट, प्रतिबिम्ब, सीमान्तकृत

२. **'पाब्लो पिकासो' जीवनी पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) 'पाब्लो पिकासो' जीवनीको पहिलो अनुच्छेदमा कतिओटा वाक्य रहेका छन् ?

(ख) जीवनीको तेस्रो अनुच्छेदको शीर्षवाक्य भन्नुहोस् ।

(ग) जीवनीको 'पिकासोका कलाकृति .... बिक्री भए ।' अंशको विषयवस्तु भन्नुहोस् ।

(घ) जीवनीको तेस्रो अनुच्छेदका घटना क्रमबद्ध रूपमा भन्नुहोस् ।

४. **'पाब्लो पिकासो' जीवनी पढी दिइएका घटना कुन कुन मितिमा भएका हुन्, लेख्नुहोस् :**

(क) स्पेनको सामान्य मध्यमवर्गीय परिवारमा पिकासोको जन्म हुनु

(ख) पिकासोको 'वुमन अफ अल्जियर्स' ले संसारको सबैभन्दा महँगो पेन्टिङका रूपमा विश्व कीर्तिमान राख्नु

(ग) अन्तर्राष्ट्रिय लेनिन पुरस्कारबाट पिकासो सम्मानित हुनु

(घ) पिकासोको भौतिक शरीरको अवसान हुनु

(ङ) पिकासोको परिवार ला कोरुनामा बसाइँ सर्नु

(च) पिकासोले आफ्ना चित्र प्रदर्शन गर्न र बेच्न थाल्नु

५. **दिइएको जीवनीको अंश मौन पठन गर्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

यिनै महान् प्रतिभाशाली कलाकारको योगदानको उच्च मूल्याङ्कन गर्दै उनलाई सन् १९५० र १९६१ गरी दुई पटक अन्तर्राष्ट्रिय लेनिन पुरस्कारबाट सम्मान गरिएको थियो । मध्यमवर्गीय परिवारमा जन्मेका पिकासो जीवनको पूर्वार्धमा आर्थिक तथा पारिवारिक समस्यामा परे पनि जीवनको उत्तरार्धमा आफ्ना कलाकृति बेचेरै प्रशस्त आर्थिक उपार्जन गरे। 'म धेरै पैसा कमाएर गरिबको रूपमा बाँच्न चाहन्छु' भन्ने पिकासो आखिरमा त्यस्तै साधारण जीवन बाँचे । ९१ वर्षको दीर्घ आयु बाँचेका विलक्षण प्रतिभाशाली कलाकार पिकासोको भौतिक शरीरको अवसान ८ अप्रिल १९७३ मा भयो तर पनि उनी आफ्ना अनमोल कलामार्फत अजर र अमर बनेका छन् ।

(क) पिकासोले जीवनमा कस्ता कठिनाइ सामना गर्नुपरेको थियो ?

(ख) पिकासोलाई कुन कुराले अमर बनायो ?

(ग) अनुच्छेदमा कलाकारको जीवनबारे कस्तो धारणा पाइन्छ ?

(घ) पिकासो सादा जीवन उच्च विचारका अनुयायी थिए भन्ने कुरा पुष्टि गर्नुहोस् ।

६. **दिइएको जीवनीको अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

मानव वेदनाको जीवन्त चित्रण भएका कला सिर्जनामा पिकासोले आफ्नो सम्पूर्ण जीवन समर्पण गरे । उनले कलामार्फत बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ भन्ने दसी प्रस्तुत गरे र कलामार्फत युद्धलाई खरो रूपमा व्यङ्ग्य गरे । त्यसैले त नाजीहरूले पिकासोलाई जर्मनीमा चित्र प्रदर्शन गर्न दिएनन् । उनले भिखारी, जेलमा थुनिएका, दुःख पाएका, हेपिएका र सीमान्तकृत मान्छेका साथै गम्भीर मानसिक समस्या भएका व्यक्तिका चित्रसमेत बनाए । उनले महिलाका मार्मिक र प्रेमिल चित्र पनि बनाए । उनी केबल मान्छेको बाहिरी आवरण मात्र कहाँ हो र, ती व्यक्तिका भित्री वेदना, संवेदना, संवेग, मर्म र सौन्दर्य मूर्त बनेर उनका अमूर्त चित्रभित्र चित्रित हुन्थे । जजसले ती चित्र हेर्थे ती व्यक्तिको हृदयमा करुणा, दया, माया, स्नेह, आक्रोशका भाव सलबलाउँथे र हेर्दाहेर्दै ती चित्रमा नै हराउँथे । उनका कलामा त्यस्तो जादु भएर नै उनका कला आजसम्म पनि अनमोल भएका छन् र संसारका सबैभन्दा महँगा चित्रका रूपमा उत्तिकै बेजोड छन् । आज पिकासोका कलाकृति संसारभरिका विख्यात कला सङ्ग्रहालयमा फेला पार्न सकिन्छ । सानो छँदा आमाले भनेका कुरा सम्झँदै एक पटक पिकासोले भनेका छन्, “मेरी आमाले भन्नुभएको थियो, यदि तिमी सिपाही बन्यौ भने जनरल हुने छौ, धर्मगुरु बन्यौ भने पोप हुने छौ” तर म आमाले भन्नुभएका मान्छेजत्तिकै लगनशील भएँ र पिकासो बनेँ । उनले भने झैँ हरेक बालबालिकामा विशिष्ट सिर्जना शक्ति र प्रतिभा हुन्छ, उचित अवसर पाएमा र लगनशील भएमा जीवनलाई सार्थक बनाएर संसारलाई चहकिलो ज्योति छर्न सक्छ ।

**प्रश्नहरू**

(क) पिकासोका कलाकृतिमा कस्ता विषयवस्तुले स्थान पाएका थिए ?

(ख) पिकासोका कलाकृतिमा पाइने विशेषता लेख्नुहोस् ?

७. **व्याख्या गर्नुहोस् :**

(क) हरेक बालबालिकामा विशिष्ट सिर्जना शक्ति र प्रतिभा हुन्छ, उचित अवसर र लगनशीलता भए ऊ एउटा कलाकार बन्न सक्छ, जीवनलाई सार्थक बनाउन सक्छ र संसारलाई चहकिलो ज्योति छर्न सक्छ ।

(ख) बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ ।

८. **'पाब्लो पिकासो' जीवनीको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर लेख्नुहोस् ।**

९. **दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) पिकासोको बाल्यकाल कस्तो परिवेशमा बित्यो ?

(ख) पिकासोले चित्रमा कुन कुन पक्ष समेटेका छन् ?

(ग) पिकासोले आफ्नो जीवनको लक्ष्य पूरा गर्न कस्ता सङ्घर्ष गर्नुपरेको थियो ?

(घ) पिकासोको जीवनबाट पाइने जीवनोपयोगी सन्देश उल्लेख गर्नुहोस् ।

१०. **पाब्लो पिकासोले कलाकारिताको क्षेत्रमा पुऱ्याएका योगदानको चर्चा गर्नुहोस् ।**

११. **दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् :**

प्रेरक व्यक्तित्वका जीवनका महत्त्वपूर्ण घटना समेटेर तयार पारिने गद्य विधा नै जीवनी हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्मा ख्याति प्राप्त व्यक्तित्वको जीवनीबाट विद्यार्थीले सत्प्रेरणा प्राप्त गर्छन् । जीवनीमा व्यक्तिका चारित्रिक विशेषतालाई तथ्यपरक रूपमा प्रस्तुत गरिन्छ । व्यक्तिका सङ्घर्ष वा जीवनका उतारचढाव तथा उल्लेख्य कार्यको वर्णन गरिएको हुन्छ । विद्यार्थीमा मनोबल विकास गर्नु, सच्चरित्र विकास गर्नु, जीवनको लक्ष्य निर्धारण गर्न सहयोग गर्नु आदि यसका प्रयोजन रहन्छन् । विद्यार्थीमा विभिन्न विषयक्षेत्रका शब्दभण्डार क्षमता विकास अनि भाषाका बोध र अभिव्यक्ति सिप विकास गर्नु चाहिँ जीवनी शिक्षणको भाषिक प्रयोजन हो । जीवनी पठनबाट विद्यार्थीमा सकारात्मक सोच, इमानदारिता, सामाजिक व्यवहार, मानवीय भावना आदिको समेत विकास हुन्छ । यसले असल व्यक्तित्व निर्माणका साथै सार्थक जीवनको मार्गमा अग्रसर हुन सघाउँछ ।

१२. **दिइएको नमुनाको सूचकका आधारमा तपाईँले आफ्नो व्यक्तिवृत्त तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् :**

नाम : अनु पाठक

जन्ममिति : वि.सं. २०५० मङ्सिर १०

जन्मस्थान : गण्डकी प्रदेश, पर्वत जिल्ला, कुस्मा नगरपालिका, वडा न. ५

अस्थायी ठेगाना : बाग्मती प्रदेश, काठमाडौँ

आमाबुबा: जागृति शर्मा र जगन्नाथ पाठक

राष्ट्रियता : नेपाली

सम्पर्क : ......................... .com. , मोबाइल न. ९८४१....४१

शैक्षिक विवरण :

| क्र.स. | तह | संस्था | वर्ष | मुख्य विषय | श्रेणी |
|---|---|---|---|---|---|
| १. | एस.एल.सी | विश्वज्योति मावि पर्वत | २०६६ | गणित | प्रथम |
| २. | कक्षा १२ | विश्वनिकेतन मावि, काठमाडौँ | २०६८ | जीवविज्ञान | प्रथम |
| ३. | स्नातक | अमृत साइन्स क्याम्पस, काठमाडौँ | २०७२ | जीवविज्ञान | प्रथम |
| ४. | स्नातकोत्तर | विश्वविद्यालय क्याम्पस, त्रि.वि. कीर्तिपुर | २०७५ | सूक्ष्म जीवविज्ञान | विशिष्ट |

## तालिम तथा पुरस्कार

(क) नेतृत्व विकाससम्बन्धी तीन महिने तालिम

(ख) जिल्लास्तरीय अन्तरविद्यालय वक्तृत्वकला प्रतियोगितामा प्रथम स्थान हासिल, २०६५

## अनुभव

(क) कुलेश्वर पिसिआर ल्याबमा प्राविधिकका रूपमा कार्य गरेको दुई वर्षको अनुभव

१३. **दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

समाजका सत्यतथ्य घटना र सूचना सम्प्रेषण गर्ने शसक्त माध्यम पत्रकारिता हो । यसमा समाजका राम्रा नराम्रा सबै घटनालाई समाचार बनाइन्छ । यसले राजनीतिक, आर्थिक र सामाजिक विकासक्रमलाई समेत प्रतिबिम्बित गर्छ । यसले कुनै पनि विषयको पक्ष, विपक्षमा जनमत सिर्जना गर्ने काम गर्छ । पत्रकारिता आजको सूचना र ज्ञानको सामग्रीसमेत हो र भोलिको इतिहास लेखनका लागि अभिलेख पनि हो । लोकतान्त्रिक व्यवस्थामा पत्रकारिताको भूमिका महत्त्वपूर्ण हुनुका साथै निर्णायक पनि हुन्छ । लोकतन्त्रमा जुनसुकै विषयमा पनि जनमतलाई जाँच्ने, जनमत तयार गर्ने र कुनै पनि सही वा गलत निर्णयमा जनताको अभिमतलाई प्रतिनिधित्व गर्ने माध्यम पत्रकारिता हो । लोकतन्त्रमा कार्यकारिणी, विधायिका र न्याय पालिकापछि प्रेस जगत्ले चौथो अङ्गको मान्यता पाएको हुन्छ । सुयोग्य नागरिक समाजको निर्माण गर्न, त्यसलाई प्रभावकारी र समाजलाई गतिशील बनाएर कल्याणकारी राज्यको स्थापना गर्न प्रेस जगत्को भूमिका अपरिहार्य रहन्छ । राज्य व्यवस्थालाई प्रेस जगत्ले समय समयमा खबरदारी गर्ने गर्छ तर प्रजातान्त्रिक सरकार प्रायजसो प्रेस जगत्प्रति सहानुभूतिशील हुनुपर्ने बाध्यात्मक अवस्था रहन्छ । जनताको प्रत्यक्ष मत पाएर सरकार चुनिएको हुन्छ, प्रेस जगत्ले पनि तिनै जनताबाट शक्ति आर्जन गरेको हुन्छ । प्रेस जगत्ले खास खास विषयमा जनमतसँग विमति गरेर छुट्टै मत प्रस्तुत गर्न पनि सक्छ तर जनमतलाई निरादर गर्न सक्दैन । प्रजातन्त्रमा जनता र सरकारबिच प्रत्यक्ष सम्बन्ध हुन्छ भने जनता र प्रेस जगत्बिच पनि त्यस्तै सोझो सम्बन्ध हुन्छ । वास्तवमा जनता र सरकारका बिच प्रत्यक्ष सम्पर्कको सक्रिय माध्यमका रूपमा पनि प्रेस जगत्ले काम गरिरहेको हुन्छ ।

(क) **प्रश्नहरू**

(अ) पत्रकारिता भनेको के हो ?

(आ) प्रेस जगत्ले कोबाट शक्ति आर्जन गरेको हुन्छ ?

(इ) पत्रकारिताले के काम गर्छ ?

(ई) प्रजातान्त्रिक राज्य व्यवस्थामा प्रेस जगत्को भूमिका किन अपरिहार्य हुन्छ ?

(ख) **भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :**

(अ) लेखकले भने, “पत्रकारितालाई समाजको दर्पण भनिन्छ ।” यो वाक्यलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् ।

(आ) प्रजातन्त्रमा जनता र सरकारबिच प्रत्यक्ष सम्बन्ध हुन्छ भनेर विज्ञले भने । यो वाक्यलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् ।

(इ) अनुच्छेदबाट ‘ज्ञ’ र ‘ग्य’ प्रयोग भएका एक एकओटा शब्द खोजी लेख्नुहोस् ।

१४. **दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

निमाले नेपाली गृहकार्य कापीमा ‘देशप्रेम’ शीर्षकमा कविता लेखेकी रहिछन् । शिक्षकले त्यो कविता देखेर निमालाई सोध्नुभएछ, “निमा, यो कविता कसले लेखेको हो ?” निमाले भनिछन्, “मैले लेखेकी हुँ ।” शिक्षकले भन्नुभएछ, “वाह ! कति राम्रो कविता निमा ! तिमीले त निकै राम्रो कविता लेखिछौ । तिमीले कविता लेख्दै गयौ भने पछि कवि बन्ने छौ ।” शिक्षकबाट यस्तो हौसला पाएर निमा साह्रै खुसी भइछन् र राम्रा राम्रा कविता लेख्न थालिछन् ।

कक्षामा एक जना शिक्षक र विद्यार्थी बनेर शिक्षकले विद्यार्थीलाई राम्रो पढाइबारे हौसला दिएको मौखिक प्रस्तुति कक्षामा प्रस्तुत गर्नुहोस् ।

## *सुनाइ र बोलाइ*

१. **सुनाइ पाठ १२ सुन्नुहोस् र दिइएका खाली ठाउँ भर्नुहोस् :**

(क) दसैं आउनु केही समयअगिदेखि नै लिङ्गे पिङ हालेर खेलिने चलन नेपालीको ...... परम्परा हो ।

(ख) यो संस्कृतिक परम्पराको जगेर्ना र ............ कायम राख्ने माध्यम हो ।

(ग) अहिलेका ........... लाई आफ्ना परम्परागत मान्यता, सिप र प्रविधितर्फ थप आकर्षित गर्नुपर्छ ।

(घ) आजभोलि विज्ञान र प्रविधिको युगसँगै पिङका लागि बाबियोको सट्टा नाइलन जस्ता साधनको प्रयोग गरी .....  बनाउने चलन छ ।

२. **सुनाइ पाठ १२ सुनी दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) दसैँका सन्दर्भमा कस्तो परम्परागत कथन छ ?

(ख) सुनाइ पाठअनुसार पिङ बनाउने प्रक्रिया के के हुन् ?

(ग) पिङका कुनै तीनओटा फाइदा भन्नुहोस् ।

(घ) अहिलेका पुस्ताले पिङको परम्परालाई जीवन्त राख्न के गर्नुपर्छ ?

## *भाषिक संरचना र वर्णविन्यास*

१. **'क' र 'ख' मा दिइएका अंश पढी प्रत्यक्ष र अप्रत्यक्ष कथनबारे मनन गरी साथीसँग छलफल गर्नुहोस् :**

(क) एक जना साथीले हाँसैहाँसोमा पिकासोलाई भनेछन्, "आफ्नो घरका भित्तामा आफ्ना चित्र किन नराखेको नि, के तिमीलाई आफ्ना चित्र मन पर्दैनन् ?" पिकासोले जवाफ दिएछन्, "हैन मित्र ! मलाई मेरा चित्र निकै मन पर्छन् तर ती निकै महँगोमा बिक्छन् म ती महँगा चित्र किन्न सक्दिनँ ।"

(ख) एक जना साथीले पाब्लो पिकासोलाई आफ्ना चित्र मन नपरेर आफ्ना घरको भित्तामा आफ्ना चित्र नराखेको हो र भनी प्रश्न गरेछन् । पिकासोले आफूलाई आफ्ना चित्र निकै मन परे पनि ती चित्र निकै महँगामा बिक्ने भएकाले आफूले किन्न नसक्ने हुँदा आफ्नो घरको भित्तामा नराखेको भनी जबाफ दिएछन् ।

माथिको 'क' को अंशमा वक्ताले भनेका वाक्यलाई उनले जस्तो भने त्यस्तै राखिएकाले ती प्रत्यक्ष कथनका वाक्य हुन् भने 'ख' को अंश अप्रत्यक्ष कथन हो । प्रत्यक्ष कथनबाट अप्रत्यक्ष कथनमा बदल्दा वक्ताको कथनलाई जस्ताको त्यस्तै राखिँदैन । वक्ताको कथनको आशय बुझ्ने गरी केही शब्द फेरबदल पनि गर्न सकिन्छ ।

२. **दिइएको अनुच्छेदबाट प्रत्यक्ष र अप्रत्यक्ष कथनका वाक्य पहिचान गरी लेख्नुहोस् :**

चित्रमाया बिहान १० बजेतिर पवनप्रसादको पसलमा पुगिन् । उनले भनिन्, "शङ्खधर साख्वाको यो तैलचित्रको मूल्य कति हो ?" पवनप्रसादले भने, "यो चित्रको मूल्य ७५ हजार हो ।" चित्रमायाले यो चित्र त निकै महँगो रहेछ

भनिन् । पसले पवनले यो चित्र लैजाने भए मिलाएर दिउँला भने । चित्रमायाले भनिन्, "७० हजारमा दिनुहुन्छ ?" । पवनप्रसादले भने, "हुन्छ लैजानुहोस्, बिहानको पहिलो ग्राहक भएकाले यति रकममा पाउनुभयो ।"

३. **प्रश्न नं. २ को अनुच्छेदका प्रत्यक्ष कथनका वाक्यलाई अप्रत्यक्ष र अप्रत्यक्ष कथनका वाक्यलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् ।**

४. **दिइएको मुगु र पाल्पाको फोनमा भएको कुराकानीलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**

मुगु : हेलो पाल्पाज्यू, सन्चै हुनुहुन्छ !

पाल्पा : अँ सन्चै छु, तपाईंलाई कस्तो छ ?

मुगु : मलाई सन्चै छ । अहिले के गर्दै हुनुहुन्छ ?

पाल्पा : म त पाल्पाली ढाका बुन्दै छु । तपाईं के गर्दै हुनुहुन्छ नि ?

मुगु : अँ, म पनि राडीपाखी बुन्दै छु !

पाल्पा : ए ! कति राम्रा होलान् है मुगुका राडीपाखी ?

मुगु : अँ राम्रा छन्, रारा घुम्न आउनू अनि राडीपाखी लिएर जानू ।

पाल्पा : हुन्छ, म ढाकाका कपडा लिएर आउँछु । ढाकाको टोपी, पछ्यौरा र चोली लिएर आउँछु ।

मुगु : हुन्छ आउनू, मलाई पाल्पाका ढाकाका कपडा साह्रै मन पर्छन् ।

पाल्पा : हुन्छ हजुर, भेटमा थप कुरा गरौँला, अहिलेलाई फोन राखौँ है ।

मुगु : हवस्, नमस्ते ।

५. **दिइएको अनुच्छेदलाई शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :**

ग्यानप्रसाद ज्ञालेन लिएर विग्यान ग्यवालीको पसलमा मटितेल लिन गएछन् । विग्यान सर भने गाडीको एसीमा ज्ञास सकिएर ज्ञारेजमा गएका रहेछन् । उनले मिस्त्रीलाई गाडीबारे सोधेछन् । मिस्त्रीले भनेछ, "गाडीमा ज्ञास सकिएछ । गाडी

चलाउने मान्छेमा गाडीसम्बन्धी ग्यान पनि हुनुपर्छ । अग्यानी भइयो भने दुःख पाइन्छ ।" त्यसैले ग्यानप्रसादको विग्यान ग्यवालीसँग भेट भएनछ ।

६. **'ग्य' र 'ज्ञ' प्रयोग भएका शब्द प्रयोग गरी एउटा अनुच्छेद लेख्नुहोस् ।**

## *सिर्जना र परियोजना कार्य*

१. **दिइएका बुँदाका आधारमा मोतिराम भट्टको छोटो जीवनी तयार पार्नुहोस् :**

(क) युवाकविका रूपमा नेपाली साहित्यमा परिचित

(ख) कवि, गजलकार, जीवनीकार, समालोचकका रूपमा परिचित बहुमुखी व्यक्तित्व

(ग) वि.सं. १९२३ भाद्र, काठमाडौँमा जन्म

(घ) पितामाता दयाराम भट्ट र रिपुमर्दिनी देवी

(ङ) फारसी, उर्दु, अङ्ग्रेजी, हिन्दी र संस्कृत भाषाको ज्ञान

(च) वि.सं. १९३७ मा विवाह

(छ) नेपालीमा गजल र समस्यापूर्ति कविताका आरम्भकर्ता

(ज) नेपालमा छापाखाना स्थापना, पत्रिका प्रकाशन

(झ) काठमाडौँ र वनारसमा मोती मण्डलीको स्थापना

(ञ) भानुभक्तीय रामायणको बालकाण्ड प्रकाशन

(ट) वि.सं. १९५३ मा देहावसान

२. **पुस्तकालयमा रहेका सामग्रीको सहयोग लिई वा आफूले चिने जानेका कुनै एक जना गीतकारको जीवनी तयार पार्नुहोस् ।**

पाठ १३

# पर्खनोस्



*भैरव अर्याल*

"पर्खनोस्, एउटा लेख दिउँला ।"

पर्खनोस्, उही चिरपरिचित शब्द ! उही पत्यारलाग्दो आश्वासन ! उही झुलाएर फुलाउने बोक्रे बढत्व !!!
तपाईंको कन्सिरी तातेर आयो होला, होइन ? तर डर नमान्नुहोस्, कन्सिरी जतिसुकै ताते पनि तपाईंको जिउमा आगलागी भैहाल्ने छैन । भियतनामका बौद्ध भिक्षुले झैँ तपाईंले ज्युँदै डढेर मर्नुपर्ने छैन किनभने नेपालमा रक्तकाली प्रकट भैसकेकी छिन् ।

जे होस् ल, आफ्नै कुरा गरूँ, धेरै पटक भइसक्यो, एउटा लेख तपाईंले मसित माग्नुभएको तर पटकैपिच्छे मैले 'पर्खनोस्' भन्दै आएको छु, पर्खाएको छु । सम्पादक जस्तो मान्छेले पनि जमिनदारकहाँ ऋण माग्न गएको जैरे काहिँलो झैँ पटकैपिच्छे लुत्रे कान लगाएर फर्कनुपर्दा जङ चल्नु स्वाभाविकै हो । जङ्गिँदाजङ्गिँदै जङ्गबहादुर बने पनि के लाग्छ र ? अर्काको हातबाट कुनै काम लिनु छ भने आफ्नो बाबु साक्षी राखेर तपाईंले पर्खनुपर्छ । चिल्लो शब्दमा तपाईंले धैर्य गर्नुपर्छ । अझ भनूँ भने झुल्नुपर्छ, धाउनुपर्छ, पर्खनुपर्छ । सभ्य शिक्षितहरू चिल्ला शब्द प्रयोग गर्छन् । आखिर पर्खन सबै पर्खन्छन्, सबै पर्खाउँछन् ।

बढत्व : बढी हुनाको भाव, बढप्पन

भनूँ भने, मान्छेले राम्ररी जानेका क्रिया नै पर्खनु र पर्खाउनु हो । यो के बकन्याइ छाँट्न लाग्यो भनी तपाइँ जिल्लिनुहोला तर पख्नोस्, तपाइँ आफू मात्रै पर्खिरहेको नठान्नुहोस् । तपाइँ अहिले जुन वेला मसित लेख पर्खिनुभएको छ यसै वेला यतिखेर कहाँ कहाँ, को को, के के पर्खिरहेका होलान् त ! लौ मनिटर घुमाउँदै जानोस् ।

यसै वेला यतिखेरै कपुरीकान्त कार्की कान्लामाथि बसेर माइत गएकी कर्किनीलाई पर्खंदो हो । खस्याङखुसुङ खोलाबाट खबटानन्द खतिवडा खाटमाथि पल्टेर ख्वाङख्वाङ खोक्तै डाक्टर खुकुरीराम खत्रीलाई पर्खंदो हो । गाना सुन्न गएकी गीतादेवी वेला नभैसकेकाले गजक्क परेर रेडियो भएनिर पर्खंदी हो । घटसिंह घले घट्टमा घैयाको पिठो पिँध्न गएको, पालो नपाएर उँघी उँघी पर्खंदो हो । जङ्गबहादुर डोलेलाई सुश्री नाकथोप्ली मैयाँ भऱ्याङमुनि ङिच्च मुख लगाएर पर्खंदी हो । चम्रेल बाबु चाक्सी किन्न पठाएको चतुरे चार घण्टा भइसक्यो आएन भनी पर्खंदा हुन् । छत्रजङ्ग छाता नहुनाले छत्रपाटीको छ्यापी पसलमा पानी रहला र हिँड्ुँला भनी पर्खंदा हुन् । जरसाहेबकाँ जागिर माग्न गएको जगन्नाथ जैसीदेवलको छिँडीमा उनको बाटो कुरी पर्खंदो हो । झाडा लागेको झसवीरेकी बुहारी, झटपटसाथ टट्टी गएकी भित्र अर्कै मानिस देखेर बाहिरैपट्टि पर्खंदी हो । गोरुसिङ्गे 'ञ' जस्तो लट्ठक ञचाको नाति सिद्रा बेच्न देउपाटन गएको वनकालीमा बाँदर देखेर फरक्क फर्की गौशालाको बस पर्खंदो हो । ल भन्नोस्, नाम, काम र ठामको पछि नलागेर जबाफ दिनोस्, के यी सब सम्भाव्य पर्खाइ होइनन् ? नेपालको मात्र कुरा नलिउँ भने मनमिटर अलि टाढा टाढा नै पुऱ्याइदिनोस् ।

यस वेला यतिखेरै तानाबाना भिरेर ताइपेहमा जम्मा भएका सिपाही विपक्षीको तालुमा तारो हान्न पर्खंदा हुन् । थाइल्यान्ड पुगेका थाकखोलाका थकाली अमेरिकी सैनिकको अड्डामा रिहाइको आदेश पर्खंदा हुन् । दलाई लामाका मानिस दानापुरमा दाना सिद्धिएर देवताको नाम वा दाम कमाउन देश फर्कन दाउ हेर्दै देवाधिदेवको दैलामा दण्डवत् गरी गरी पर्खंदा हुन् ।

बकन्याइ : मौखिक रूपमा बयान गर्नु, बेहोसीमै कुनै कुरा भन्नु, बरबराउनु

मनिटर : कम्प्युटरको स्क्रिन, मस्तिष्कको दृष्टि

घट्ट : कुलामा ल्याएको पानीको धारले काठको पङ्खा घुमाई पिठो पिँध्ने ठुलो खालको जाँतो जस्तो साधन, पानीघट्ट

घैया : पानी नलाग्ने खेतबारीमा रोपिने एक किसिमको धान

चाक्सी : पातलो र पहेँलो बोक्रा हुने, गुलियो गुलियो स्वाद भएको फलको एक जात

ल, अब कति भनूँ, नपुगेको भए फेरि मनमिटरलाई जता जता पर्छ, उतै उतै छोड्नोस्, यस वेला यतिखेरै पोल्यान्ड जान लागेका पाण्डेजी पालम एयरपोर्टमा पासपोर्ट जँचाएर 'पाइप' पिउँदै प्लेन पर्खंदा हुन् । फर्सीजङ्ग सुब्बा फैजावादको प्लेनफार्ममा फत्तेपुर जाने रेल पर्खंदा हुन् । बाटुली बराल्नी लाहुर गएको लोग्ने कहिले आइपुग्छ भनी पर्खंदी हो । भाटभटेनी बस्ने भुँडेकाजी भद्रकालीनिर कसैलाई पर्खंदो हो । मास्कोमा वैज्ञानिकहरू उडिरहेको स्पुतनिक मरुभूमिमा खस्ने भो भनी आँखा तानेर पर्खिरहेका होलान् ।

ओहो ! अब त मेरो एकोहोरो फतफताइ अति नै भयो । तपाईंलाई कति झर्को लाग्यो होला हगि ? साह्रै नै झर्को लागेको भए त एक चुस्की चिया पिउनुस् । तपाईं नै भन्नोस्, को पर्खेको छैन ? कहाँ पर्खाइ चल्दैन ? त्यसैले दार्शनिक जति घोत्लिइरहुन्, वैज्ञानिक जति घोट्टिरहुन् मलाई त लाग्छ, बाँच्नुको पर्याय नै पर्खनु हो । सोझै कुरा गरूँ भने पनि हेर्नोस्, दसौँ महिना आमाको गर्भमा गुँडुल्किएर नपर्खी तपाईंले सूर्यदर्शनको साइत फेला पार्नुभएन । यसरी नजन्मेदेखि पर्खंदै आउनुभएको तपाईँले सायद किशोर भएपछि विद्यालयमा शिक्षकलाई कैयौँ दिन पर्खनुभयो । बाटाको छेडामा, बारीको डिलमा या बिग्रेको पाटीमा प्रतीक्षाका गीत गुनगुनाई दिनको बाह्रौँ घण्टा पर्खनुपऱ्यो होला, आफ्ना साथीको गुलियो भाकामा । यसरी पर्खाइबाटै सुरु भएको तपाईं हाम्रो जिन्दगी यता र उता, यसलाई र उसलाई पर्खंदा आज कताबाट यहाँ आइपुगेको छ, तपाईं पर्खने र म पर्खाउने हुनुपरिरहेको छ । मान्नोस्, मैले आज लेख दिएँ तर भोलिदेखि तपाईंको पत्रिका कहिले निस्कने हो भनी मैले पर्खनुपर्छ । एक महिने भनेको चार महिनामा निस्कने नेपाली पत्रिकाको बानी नजान्ने को छैन ? भनूँ, एक न एक दिन तपाईंको पत्रिका निस्किहाल्यो तर भोलिपल्टदेखि पुरस्कार लिन आज आज भोलि भोलि भन्दाभन्दै कैयौँ दिन तपाईंले झुलाउनुहुन्छ, पर्खाउनुहुन्छ ।

आफू जुम्रा जस्तो जुम्सो छ अनि कामको सट्टा कुराले टार्न खोज्छ भनी तपाईं गिज्याउनुहोला । मुखिन्जेल नसके पनि पछाडि पक्कै उडाउनुहुन्छ । हुन पनि हो, म अचेल साह्रै जुम्सो भएको छु । बरु के तपाईं पत्याउनुहुन्छ ? यो जुम्स्याइँको जन्मदाता पनि यस्तै जङचल्दा पर्खाइ हुन् । साँच्चै भनूँ भने मेरो दुनियाँ झन् लम्स्याङलुम्सुङको छ । मेरो जमाना झन् जम्स्याङजुम्सुङको छ । मैले थाहा पाएदेखि म पर्खंदो छु । काममा गएकी आमालाई, जागिरमा गएका बाबुलाई, पाठ दिने गुरुलाई, माया दिने मान्यजनलाई, जागिर पाउने आश्वासनलाई, तलब पाइने दिनलाई, ओखती गर्ने उपचारकलाई, बिदा दिने निर्देशकलाई, पैसा दिने मालिकलाई, लुगा सिउने सूचीकारलाई ।

जुम्सो : दुब्लो, मरन्च्याँसे वा लोसो

यी सबै पर्खाइको पछिल्तिर मेरा सयौँ सपना पर्खिरहेछन्, इच्छा र आकाङ्क्षा पर्खिरहेछन् । म केही गरूँ, केही बनूँ, केही दिऊँ भन्छु तर यो असीमित इष्टसिद्धका लागि यतै पर्खनुपर्छ, उतै पर्खनुपर्छ, यतै झुल्नुपर्छ, उतै धाउनुपर्छ, दोष कसलाई ? धेर कुरा किन ? सुरुदेखि सत्य, समता र शान्ति पर्खँदै आएको मानिस झन् विषमताको विषले बौलाहिरहेछ, झन् अशान्त भइरहेछ । बुझ्नै सकिँदैन, आणविक हतियारमा प्रतिबन्ध लगाउने कुरामा किन सबैको लम्स्याङलुम्सुङ हो, भौतिक उन्नति यति तीव्र भइसक्यो तैपनि दुई गज र दुई गाँसको निम्ति जिन्दगीभर पर्खनुपर्ने । यो कस्तो जम्स्याङजुम्सुङ हो ।

अब तपाइँ मात्रै पर्खनुपऱ्यो भनेर किन पट्टाउनुहुन्छ ? जब तपाईँलाई नपर्खी सुखै छैन । त्यसैले मान्नोस्, पर्खाइदेखि डराउने पलायनवादी हो, पामर र पानीमरुवा हो । जुन आदर्श आज म तपाईँका अगाडि छाँट्तै छु, भोलि तपाइँ मेरा अगाडि छाँट्नुहुन्छ । वास्तवमा तपाइँ पनि पर्खन चाहनुहुन्न, म पनि पर्खन चाहन्नँ । हामी दुवै चाहन्छौँ एउटा त्यस्तो दुनियाँ सिर्जना गरौँ जहाँ कसैले कसैलाई कुराले मात्र टार्न नसकोस् ! झुल्याएर फुल्याउने, लर्काएर पर्खाउने यस्तो जालेमाले परम्परा नहोस् । तर समस्या त उही नै हो, जतिसुकै बलियोसँग चाहे पनि हाम्रो यो चाहना चाहनेबित्तिकै पूरा हुँदैन, पर्खनुपर्छ । त्यसैले त म लस्याङलुसुङ गरेर भए पनि घरी यता धाउँछु, घरी उता धाउँछु, घरी यता हुन्छु, घरी उता हुन्छु, जम्स्याङजुम्सुङ गरेर भए पनि पर्खिरहेछु र तपाईँलाई पनि भन्दै छु, पर्खनुदेखि पट्टाउनु पलायनवादिता हो ।

मेरो पर्खाइ पुराण त अहिल्यै के सकिन्थ्यो र ! तर अब कतिबेर पर्खाऊँ, तपाइँकी श्रीमतीज्यू घरमा तपाईँलाई पर्खिरहेकी होलिन् । आउँदै गर्नुहोला, धाउँदै गर्नुहोला, पर्खनोस्, कुनै न कुनै दिन म पनि एउटा लेख लेख्ने प्रयास गरुँला, तपाइँको पत्रिकामा छाप्न दिउँला । लौ त नमस्ते !

| | | |
|---|---|---|
| इष्टसिद्ध | : | इच्छा गरिएको काम सम्पन्न हुनु |
| गज | : | तीन फुट वा छत्तिस इन्च लम्बाइको नापो |
| पलायनवादी | : | आफ्नो सिद्धान्तमा स्थिर नरहने खालको, पलायन सिद्धान्तको अनुयायी |
| पामर | : | अविवेकी, कातर, अबुझ |

## शब्दभण्डार

१. **दिइएका अनुकरणात्मक शब्द र कार्यबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| ख्वाङख्वाङ | हाँस्नु |
| गजक्क | मुख लगाउनु |
| ङिच्च | उफ्रनु |
| लस्याङलुसुङ | पर्नु |
| जम्स्याङजुम्सुङ | गर्नु |
| | खोक्नु |
| | हुनु |

२. **'पख्नोस्' निबन्धबाट कुनै पाँचओटा पारिभाषिक शब्द खोजी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

३. **शब्दकोशको प्रयोग गरी दिइएका शिक्षा र वाणिज्य क्षेत्रका पारिभाषिक शब्दको अर्थ लेख्नुहोस् :**

शिक्षा : पाठ्यक्रम, मूल्याङ्कन, पुनर्बल, पुस्तकालय, शिक्षालय

वाणिज्य : वासलात, भौचर, फर्स्यौट, आयव्यय, बेरुजु, बजेट, निक्षेप

४. **दिइएको अनुच्छेदबाट पाँचओटा मौलिक शब्द पहिचान गरी लेख्नुहोस् :**

ओहो ! अब त मेरो एकोहोरो फतफताइ अति नै भयो । तपाईंलाई कति झर्को लाग्यो होला हकि ? तर साह्रै नै झर्को लागेको भए त एक चुस्की चिया पिउनुस् । अनि तपाईं नै भन्नोस्, को पर्खेको छैन ? कहाँ पर्खाइ चल्दैन ? त्यसैले दार्शनिक जति घोत्लिइरहुन्, वैज्ञानिक जति घोट्टिरहुन् मलाई त लाग्छ, बाँच्नुको पर्याय नै पर्खनु हो । सोझैं कुरा गरूँ भने पनि हेर्नोस्, दसौं महिना आमाको गर्भमा गुँडुल्किएर नपर्खी तपाईंले सूर्यदर्शनको साइत फेला पार्नुभएन । यसरी नजन्मेदेखि पर्खंदै आउनुभएको तपाईंले सायद किशोर भएपछि विद्यालयमा शिक्षकलाई कैयौं दिन पर्खनुभयो ।

५. **'पख्नोस्' निबन्धमा व्यङ्ग्य गर्ने क्रममा आएका निम्नलिखित टुक्कालाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

कन्सिरी तात्नु, आगलागि हुनु, पानीमरुवा हुनु, जङ चल्नु, दाउ हेर्नु

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

सम्भाव्य, आश्वासन, ऋण, दार्शनिक, जम्स्याङजुम्सुङ, बकन्याइ, पर्खाइ, आणविक, भऱ्याङ, गिज्याउनु

२. **'पख्नोस्' निबन्ध पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) निबन्धमा सबैभन्दा लामो अनुच्छेद कति वाक्यमा संरचित छ ?

(ख) पाठमा सबैभन्दा बढी प्रश्नात्मक वाक्य भएको अनुच्छेद कुन हो ?

(ग) निबन्धको कतिऔँ अनुच्छेद विस्मयसूचक शब्दबाट सुरु भएको छ ?

(घ) निबन्धका 'आउँदै गर्नुहोला', 'धाउँदै गर्नुहोला' पदावलीमा असमान संरचना भएको अक्षर कुन हो ?

४. **दिइएको निबन्धांश मौन पठन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

आफू जुम्रा जस्तो जुम्सो छ अनि कामको सट्टा कुराले टार्न खोज्छ भनी तपाइँ गिज्याउनुहोला । मुखिन्जेल नसके पनि पछाडि पक्कै उडाउनुहुन्छ । हुन पनि हो, म अचेल साह्रै जुम्सो भएको छु । बरु के तपाइँ पत्याउनुहुन्छ ? यो जुम्स्याइँको जन्मदाता पनि यस्तै जङचल्दा पर्खाइ हुन् । साँच्चै भनूँ भने मेरो दुनियाँ झन् लम्स्याङलुम्सुङको छ । मेरो जमाना झन् जम्स्याङजुम्सुङको छ । मैले थाहा पाएदेखि म पर्खँदो छु । काममा गएकी आमालाई, जागिरमा गएका बाबुलाई, पाठ दिने गुरुलाई, माया दिने मान्यजनलाई, जागिर पाउने आश्वासनलाई, तलब पाइने दिनलाई, ओखती गर्ने उपचारकलाई, बिदा दिने निर्देशकलाई, पैसा दिने मालिकलाई, लुगा सिउने सूचीकारलाई ।

(क) निबन्धांशका आधारमा म पात्रमा कस्ता कस्ता विशेषता पाइन्छन् ?

(ख) जङचल्दा पर्खाइलाई किन जुम्स्याइको जन्मदाता भनिएको हो ?

(ग) म पात्रले कुन कुन कामका लागि पर्खाइको सामना गर्नुपरेको छ ?

(घ) निबन्धांशमा भने जस्तै सबैलाई पर्खनुपर्ने अवस्थाको अन्त्य गर्न के गर्नुपर्ला ?

**५. दिइएको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

जे होस् ल, आफ्नै कुरा गरूँ, धेरै पटक भैसक्यो, एउटा लेख तपाईंले मसित माग्नुभएको तर पटकैपिच्छे मैले 'पर्खनोस्' भन्दै आएको छु, पर्खाएको छु । सम्पादक जस्तो मान्छेले पनि जमिनदारकहाँ ऋण माग्न गएको जैरे काहिँलो झैँ पटकै पिच्छे लुत्रे कान लगाएर फर्कनुपर्दा जङ चल्नु स्वाभाविकै हो । जङ्गिँदाजङ्गिँदै जङ्गबहादुर बने पनि के लाग्छ र ? अर्काको हातबाट कुनै काम लिनु छ भने आफ्नो बाबु साक्षी राखेर तपाईंले पर्खनुपर्छ । चिल्लो शब्दमा तपाईंले धैर्य गर्नुपर्छ। अझ भनूँ भने झुल्नुपर्छ, धाउनुपर्छ, पर्खनुपर्छ। सभ्य शिक्षित चिल्ला शब्द प्रयोग गर्छन् । आखिर पर्खन सबै पर्खन्छन्, सबै पर्खाउँछन् ।

**प्रश्नहरू**

(क) अनुच्छेदमा शिक्षित मानिसलाई कस्तो व्यङ्ग्य गरिएको छ ?

(ख) कसैसँग काम लिनका लागि पर्खनै पर्ने चलन हटाउन हामीले के गर्नुपर्ला ?

**६. दिइएको अनुच्छेदबाट तीनओटा बोध प्रश्न बनाई तिनको उत्तर लेख्नुहोस् :**

मानिस र वनस्पतिबिच गहिरो सम्बन्ध छ । मानिसको बाँच्ने आधार वनस्पति हो । माना, छाना र नाना जस्ता मानिसका आधारभूत आवश्यकताको प्रमुख स्रोत वनस्पति हो । उद्योगका लागि आवश्यक कच्चा पदार्थका मूल स्रोत वनस्पति हुन् । आजको विश्व अर्थतन्त्रको करिब ४० प्रतिशत अंश प्रत्यक्ष वा परोक्ष रूपमा वनस्पतिलगायतका जैविक स्रोतको उपयोगमा आधारित छ । त्यति मात्र होइन, मानिसलाई सास फेर्न र बाँच्न नभई नहुने अमूल्य तत्त्व अक्सिजनको स्रोत हरिया वनस्पति नै हुन् । हरेक वनस्पति सेवन वा अन्य प्रयोजनका लागि उपयोगी नभए पनि यिनका सबै प्रजातिले मानिसका निम्ति अपरिहार्य अक्सिजन भने निरन्तर रूपमा उत्पादन गरिरहन्छन् । मानिसका लागि काम नलाग्ने वनस्पति चाहिँ यस संसारमा कुनै पनि छैन । त्यसैले मानिसको अस्तित्वका लागि वनस्पति जगत्को महत्त्वपूर्ण योगदान रहेको हुन्छ ।

**७. 'पख्नोस्' निबन्धको अन्तिम दुई अनुच्छेदको सारांश लेख्नुहोस् ।**

**८. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) 'पख्नोस्' निबन्धको विषयवस्तुमाथि प्रकाश पार्नुहोस् ।

(ख) निबन्धको 'सत्य, समता र शान्ति पर्खंदै आएको मानिस झन् विषमताको विषले बौलाहिरहेछ, अशान्त भइरहेछ ।' भन्नुको तात्पर्य के हो ?

(ग) निबन्धमा मानिसका कस्ता कमी कमजोरीप्रति व्यङ्ग्य गरिएको छ ?

(घ) यस निबन्धबाट कस्तो सन्देश पाउन सकिन्छ ?

**९. व्याख्या गर्नुहोस् :**

(क) सबै पर्खाइको पछिल्तिर मेरा सयौँ सपना पर्खिरहेछन्, इच्छा र आकाङ्क्षा पर्खिरहेछन् ।

(ख) हामी दुवै चाहन्छौँ एउटा त्यस्तो दुनियाँ सिर्जना गरौँ जहाँ कसैले कसैलाई कुराले मात्र टार्न नसकोस् !

**१०. 'पख्नोस्' निबन्धमा हाम्रा समाजका कस्ता पक्षमाथि व्यङ्ग्य गरिएको छ, समीक्षा गर्नुहोस् ।**

**११. दिइएको चित्र वर्णन गर्नुहोस् :**



१२. **'पेट्रोलियम पदार्थको मूल्यवृद्धि' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।**

१३. **दिइएका शीर्षकमा निबन्ध तयार पार्नुहोस् :**

(क) आर्थिक समृद्धिमा पर्यटन उद्योग

(ख) मेरो जीवनको लक्ष्य

(ग) नेपालको विकासमा जलस्रोतको भूमिका

१४. **दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

समीक्षात्मक सोच भनेको कुनै पनि विषयवस्तु वा कृतिका बारेमा गुण दोष छुट्याउन गरिने विवेचनात्मक सोच हो । समीक्षात्मक सोच चिन्तनको एउटा त्यस्तो प्रक्रिया हो, जसमा आफ्नो मौलिकताको दाबीसहित तिनलाई सकारण पुष्टि गरिन्छ। शिक्षण सिकाइका क्रममा पनि यसको उपयोग गरिन्छ। विद्यार्थीले पढेका पाठको विवेचनासहित मौखिक अथवा लिखित रूपमा पुष्टि गर्दा समीक्षात्मक सोचको सार्थक उपयोग हुन्छ। शिक्षक र साथीभाइले राखेका तर्कको विश्लेषण गर्दा समीक्षात्मक सोचको उपयोग हुन्छ। समीक्षात्मक सोचले अनुसन्धानमा आधारित शिक्षण विधिलाई अगाडि सार्छ । यसबाट विद्यार्थीलाई प्रतिबिम्बात्मक रूपमा चिन्तन गर्न, आफ्नो व्यक्तिगत सिकाइको जिम्मेवारी लिन, तर्कको सङ्गति बुझ्न, ध्यान दिएर सुन्न, आत्मविश्वासका साथ बहस गर्न तथा जीवनपर्यन्त सिकाइका लागि आत्मनिर्भर बनाउँछ। समीक्षात्मक सोचले हामीलाई आफ्नो चिन्तनका बारेमा सोच्न र आफ्ना सोच पछाडिका कारणबारे सोच्न पनि मदत गर्छ। यसको अर्थ आफूले निर्णय लिने अथवा समस्या समाधान गर्ने तरिकाबारे फर्केर हेर्नु हो । यसैले कक्षाकोठामा विद्यार्थीलाई कुनै पनि विषयमा आफैँले सोच्न प्रोत्साहित गर्नुपर्छ र समीक्षात्मक सोचमा तल्लीन बनाउनुपर्छ । यसको उपयोग आधारभूत शिक्षादेखि उच्च शिक्षा अध्ययन गर्ने सबै विद्यार्थीमा हुन जरुरी छ ।

**(क) प्रश्नहरू**

(अ) समीक्षात्मक सोच भन्नाले के बुझिन्छ ?

(आ) समीक्षात्मक सोचले विद्यार्थीलाई के कुरामा आत्मनिर्भर बनाउँछ ?

(इ) समीक्षात्मक सोचको प्रयोग कसकसमा हुनु जरुरी छ ?

(ई) समीक्षात्मक सोचले के कुरामा फाइदा पुऱ्याउन सक्छ ?

**(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :**

(अ) 'विद्यार्थीलाई समीक्षात्मक सोचमा तल्लीन बनाउनुपर्छन् ।' वाक्यलाई पदसङ्गति मिलाई लेख्नुहोस् ।

(आ) 'शिक्षक र साथीभाइले राखेका तर्कको विश्लेषण गर्दा समीक्षात्मक सोचको उपयोग हुनुहुन्छ ।' वाक्यलाई पदसङ्गति मिलाई लेख्नुहोस् ।

(इ) जिम्मेवारी लिन्, समीक्षात्मक् सोच् र गुण् दोष् छुटयाउन गरिने जस्ता पदावलीका हलन्त अजन्त प्रयोगसम्बन्धी त्रुटि सच्याई लेख्नुहोस् ।

**१५ .दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

खचाखच भिँडले भरिएको बसमा रणवीर चढ्न खोजे । बसभित्रका यात्रुले भने, "ठाउँ छैन, यस्तो कोचाकोच भएको बसमा नचढ्नुहोस्, अर्को बसमा आउनुहोस् ।" रणवीरले भने, "के गर्नु हजुर हतार छ !" यात्रुले आँखा तर्दातर्दै रणवीर बसमा अटेसमटेससाथ चढे । एकैछिनमा अर्का यात्रु चढ्न खोजे । रणवीरले भने, "ठाउँ छैन, यस्तो कोचाकोच छ । अर्को बसमा चढ्नु" रणवीरको व्यवहार देखेर नजिकैको सिटमा बसेका यात्रु मुसुमुसु हाँस्दै मनमनै भने । हैट्, मान्छेको स्वभाव !

तपाईँ पनि कक्षामा अर्काको लेख रचनाको नक्कल गरी लेखक बन्न खोज्ने व्यक्तिप्रति व्यङ्ग्य गर्दै कक्षामा हास्यव्यङ्ग्यात्मक प्रस्तुति दिनुहोस् ।

## *सुनाइ र बोलाइ*

१. **सुनाइ पाठ १३ सुनी दिइएका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) सबै मानिस एकै किसिमका हुँदैनन् ।

(ख) मेरो छोरो जतातिर हुल छ, त्यतैतिर लाग्ने प्रवृत्तिको नहोस् ।

(ग) कहिलेकाहीँ आँखाबाट आँसु झार्नु लाजमर्दो कुरो हो ।

(घ) मेरो छोरो दुःख र कष्टमा प्रफुल्ल रहन सक्ने होस् ।

२. **सुनाइ पाठ १३ का आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) समाजमा कस्ता कस्ता मानिस हुन्छन् ?


(ख) छोरालाई फूलको शाश्वत रहस्य बुझ्न केही समय दिनुहोस्, भन्नुको आशय के हो ?

(ग) आगाको लप्काबाट के खारिन्छ ?

(घ) अनुच्छेदमा छोरालाई कस्तो बन्न प्रेरित गराउन खोजिएको छ ?

## *भाषिक संरचना र वर्णविन्यास*

१. **दिइएको सन्दर्भ पढी पदसङ्गतिबारे साथीसँग छलफल गर्नुहोस् :**




२. **दिइएका वाक्य पढेर उदाहरणबमोजिम तिनको वचन, पुरुष, लिङ्ग र आदर खाली कोठामा भर्नुहोस् :**

उदाहरण

| वाक्य | वचन | पुरुष | लिङ्ग | आदर |
|---|---|---|---|---|
| तैले पाठ पढिस् । | एक | तृतीय | स्त्री, पुलिङ्ग | सामान्य |
| ऊ घर जान्छ । | | | | |
| रमा घर जान्छे । | | | | |
| उहाँ धनकुटा जानुहुन्छ । | | | | |
| म खेल खेल्छु । | | | | |
| हामीहरू रारा पुग्यौं | | | | |

३. **दिइएको अनुच्छेदका वाक्यको क्रियापद सच्याएर पदसङ्गति मिलाई लेख्नुहोस् :**

कक्षाका साथीहरू वनभोज गएछ । सीता र रीता वनभोज गइनछ । गीता चाहिँ गएछ । बुबाले सबैलाई वनभोज जान अनुमति दिएछ । आमाले पनि सहमति जनाएछ । उहाँले गीतालाई ढिलो नगर्नु भनिछन् । आमाले तँ चाँडै आउ र बेलुकी घुम्न जाऔँला भनिछन् । आमाले मलाई ढिलो नगर्नु भनेको छ भने गीताले साथीलाई भनेछ । गीताले आमाको कुरा मान्नुभएछ र समयमा घर आउनुभएछ । गीता समयमा घर आएकामा आमा खुसी भइछ ।

४. **दिइएको सङ्केतअनुसार पदसङ्गति मिल्ने क्रियापद भर्नुहोस् :**

(क) पारस पाण्डे एयरपोर्ट पुगेछन् । (उच्च आदर)

(ख) खटपटानन्द खतिवडा खेततिर झरेछन् । (सामान्य आदर)

(ग) ऊ घरतिर हिँडी । (मध्यम आदर)

(घ) उनी पाठ पढ्छिन् । (द्वितीय पुरुष, सामान्य आदर)

(ङ) ऊ भोलि आउने छ । (प्रथम पुरुष, स्त्रीलिङ्ग)

(च) उनीहरू भोलि आउने छन् । (सामान्य आदर)

(छ) उनी भोलि आउने छन् । (स्त्रीलिङ्ग

५. **'पख्नोस्' निबन्धबाट हलन्त र अजन्त हुने पाँच पाँचओटा शब्द टिपोट गर्नुहोस् ।**

६. **हलन्त र अजन्तको उपयुक्त प्रयोग गरी दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

तैँले के गरिस भनेर् मलाई साथीले सोध्यो । मैले गृहकार्य गरेँ भनेपछि उस्ले मलाई भन्यो, अब् म पनि गृह्कार्य गर्छु । तँ पनि गृहकार्य गर । उमेश्, रमेश्, श्यामले पनि गृहकार्य सकेछन ।

## *सिर्जना र परियोजना कार्य*

१. **'समाजमा देखिएका विकृति' शीर्षकमा हास्यव्यङ्ग्य शैलीको छोटो निबन्ध लेख्नुहोस् ।**

२. **रेडियो, टेलिभिजन वा सामाजिक सञ्जालमा प्रसारित कुनै एउटा हास्यव्यङ्ग्य रचनाको विषयवस्तु र सन्देश लेखी कक्षामा सुनाउनुहोस् ।**

# घरको माया

*भीमनिधि तिवारी*



पात्रहरू : जमानसिंह र लालबहादुर (दुई मित)
स्थान : दरभङ्गा (बिहार)
कान्छो : गाउँले केटो
बतासे : अधबैँसे आइमाई

*(असार महिनाको बिहानीपख भए तापनि प्रचण्ड गर्मी छ । प्लेटफर्ममा लालबहादुर र जमानसिंह अल्लारे छाँटले हिँडिरहेका छन् । दुवैको एकनासे जिनको कट्टु र भिन्नाभिन्नै कपडाको बाँकटे कमिज छ । दुवै गधेपच्चिसी पार नगरेका, दुब्ला दुब्ला, मझौला कदका, काला काला वर्णका छन् । लालबहादुरको मुख चेप्टो, जमानसिंहको नाक नेप्टोभन्दा बढ्दा विशेषता अरू केही छैनन् । दुवैका जुँगाका रेखी स्पष्ट देखिन्छन् ।)*

लालबहादुर : हैन त मितज्यू, पहाडमै बसिराख्या भए यस्तो देख्न सुन्न कहाँबाट पाइन्थ्यो ? (यत्तिकैमा नेपथ्यबाट कसिएको आवाजमा "गरम गरम चाय", "मुम्फली मुम्फली" कराएको सुनिन्छ ।) छोटो कछाड कस्यो, फाटेको ठुटे र भोटो लायो, भैँसीको भकारो सोहोऱ्यो, बस्यो ।

जमानसिंह : हो त नि मितज्यू, खुबै सोख गरियो भने झुत्रो गुन्द्री, पिँढीमा बसेर पिच्चपिच्च सुर्तीको थुक आँगनमा थुक्नु, त्यत्ति न हो ।

लाल : म त सम्झन्नँ गाउँघर पनि, के सम्झनु छ र ? दुःखै सम्झनु त हो नि !

जमान : हो त नि, मेरा त झन् आमा छैनन्, बुबा छैनन्, तपाईं आमाबुबा भएकालाई त त्यस्तो छ भने मलाई झन् कस्तो ? के सम्झनु !

लाल : आमा सखारै उठ्दी हुन्, जाँतामा कोदो पिन्दी हुन्, बुबा रातमा मेलाबाट आएर अगेनाको छेउमा बसेर काँचोपात भुटेको तमाखु सोतेमा खाँदा हुन्, त्यही त हो नि । त्यो गाउँ, त्यो ठाउँ, त्यो चाला, त्यो पाखोलाई सम्झनुभन्दा बिर्सनु जाती । हैन त, मितज्यू ?

जमान : हो त नि, जहाँ भए पनि काम नगरी खान पाइने हैन । देशमै बस्नु जाती नि । एउटा गर्मी भने चर्को यहाँको, तालु नै पोल्दोरहेछ । बिहानीपख नै यस्तो । (पसिना पुछ्छ) दिन छिप्पेपछि झन् के चाहियो र !

लाल : कुरो नगर्नोस्, उहाँ पनि उस्तै हो । वैशाखजेठको महिना, फाँटमा काम गर्दा कस्तो पार्थ्यो ? काँचो मेवा करमकरम चपाउँदा पनि आँत सुकेको सुक्यै हुन्थ्यो । भारी बोकेर उकालो चढ्दा कस्तो पार्थ्यो ? बिर्सनुभो ?

जमान : त्यो त हो, जस्तै गर्मी भए पनि घाममा मात्रै हो नि ! पानी चिसो, हावा चिसो, यहाँ चाहिँ घाम पनि तातो, पानी पनि तातो, हावा पनि तातो । तीन ताताले त के चाहियो, उखुमै पार्दोरहेछ ।

लाल : उसो भए मितज्यूलाई घरको माया लाग्यो कि त ?

जमान : को छ र माया लाग्नु ?

लाल : मलाई त मितज्यू, मरे पनि यही देशमै मरूँ । पछि हंस पनि त्यो पाखामा नजाओस् जस्तो लाग्छ । (यत्तिकैमा मैलो धोती, गन्जी र थोत्रो चप्पल लाएको फेरीवाला काठको तख्तामा मालसामान राखेर घाँटीमा त्यही झुन्ड्याएर "ले पान, ...मुम्फली" कराउँदै आउँछ । मुखभित्र पानको बुजो छ । लालबहादुर र जमानसिंह त्यतैतिर हेर्छन् ।)

आँत : शरीरको भित्री भाग, अन्तःकरण

फेरीवाला : ए साथी ! पान खाएगा ?

जमान : हाम पान नहीँ खाएगा ।

लाल : लाओ पान । (पैसा दिएर पान खान्छ । फेरीवाला उस्तै प्रकारले कराउँदै जान्छ ।) मितज्यू, देशमा त पान र पानी खुब खानुपर्छ ।

जमान : मलाई त भन्नुहोला मितज्यू, साँचो कुरा गरूँ भने, देशको सबै कुरा मिठो लाग्यो, पान र पानी चाहिँ रद्दी । यहाँ त सबै जना पानै खाने, जसको मुखमा हेर्‍यो पानैको बुजो । कस्तो न होला जस्तो लाग्यो मलाई, कहिले पान मुखमा नपरेको मान्छे म, एक बिरा किनेर कत्रो रहरले मुखमा हालेर के चपाएको मात्र थिएँ मेरो त सारा जिभ्रो, चरचर, परपर परपर, झमझम झमझम, रमरम रमरम, पिर्रेको पात खाएको जस्तो, काँचो टिमुर चपाएको जस्तो, के के भो के के भो । तैपनि पछि पछि मिठो स्वाद आउने पो हो कि भनेर चपाउँदै गएँ । के सकिन्थ्यो । घाँटी नै किक्लिक्क किक्लिक पार्ला जस्तो पो भएर आउन थाल्यो र बलजफतैसित थुकिदिएँ । जिभ्रो त सबै पाछेछ, त्यस दिनदेखि पान खान दुरदुहाई ।

अनि पानी पनि नमिठो । पानी अमलाको झोल पिएको जस्तो । स्वाद नै छैन, खल्लो । हाम्रो उहाँ मूल रसाएर आएको कुवाको पानी ! ढुङ्गेधाराको पानी । अहा कस्तो !!!

लाल : मितज्यू, तपाईं त फेरि पनि नेपालै सम्झन पो लाग्नुभो । कस्तो माया नगएको ।

जमान : केको सम्झन्थैँ नाइँ । माया लाग्ने भए के भनेर छाडेर आउँथे र ? कुरामा कुरा चल्यो र कुरा गरेको सम्म पो !

लाल : म त सपनामा पनि सम्झन्नँ त्यो गाउँ, त्यो ठाउँ, ती गाउँले ।

जमान : म साँच्ची कुरा भनूँ त, मितज्यू ?

लाल : भन्नोस् न, के कुरा ? (जमानसिंह अलि दुविधामा पर्छ ।)

किन अनकनाउनुभयो ? भन्नोस् न !

रद्दी : काम नलाग्ने, गएगुज्रेको

जमान : फेरि तपाईँलाई मन नपर्ने हो कि ?

लाल : कुरै सुन्न नपाइकन .......... ।

जमान : बरु, बतासेलाई भने बराबर सम्भिmरहन्छु । कति बिर्सन खोजेँ, बिर्सन सक्दिनँ ।

लाल : को नि बतासे भनेको ?

जमान : हाम्रो गाउँकी एउटी ........... । उमेरमा त मभन्दा जेठी नै हुन् तर मुख हेर्दा मभन्दा कान्छी जस्ती देखिन्थिन् । पँधेरामा जाँदा दुवै कर्के आँखाले हेराहेर गर्थ्यौं । उनीसित त्यस्तै परेको थियो ।

लाल : त्यस्तै परेको भनेको के नि ?

जमान : अब आफैँ विचार गर्नोस् न, त्यस्तै परेको क्या, के भनूँ ! (हाँस्छ ।) (लालबहादुर पनि हाँस्छ, दुवै हाँस्छन् ।)

लाल : उसो भए त बतासेको मायाले मितज्यूलाई घरमै फर्काउँछ कि ? मलाई त शङ्का लाग्यो ।

जमान : त्यस्तो के कुरा गर्नुभएको । छाडेपछि छाडेँ छाडेँ । एउटा सम्झन्छु भन्ने कुरोसम्म पो गरेको ! (लालबहादुर नेपथ्यतिर टाढा हेर्छ । जमानसिंह पनि हेर्छ ।)

जमान : के हेर्नुभएको ?

लाल : (हेर्दै) को हो त्यो ?

जमान : (हेर्दै) को छ र ?

लाल : (हेर्दै) देख्नुभएन ?

जमान : (हेर्दै) के छ र ?

लाल : (हेर्दै) देख्नुभएन ?

जमान : (हेर्दै) हैन के ?

लाल : (हेर्दै) अझ देख्नुभएन ? ऊ दौरा लाएको पहाडी केटो यतैतिर आउँदै छ । देख्नुभयो ? हामीसितै भेट्न आएको जस्तो छ ।

जमान : ए, हो त नि । ए, त्यो त चिने चिने जस्तो पो लाग्छ । हाम्रै कान्छा त हैन ? ए हो, लौ कान्छा नै हो । कताबाट आइपुगेछ यहाँ । ऊ छोटो दौरा र कछाड, गरम भएर होला दौराको तुना फुकालेछ, टोपी फालेछ ।

लाल : गर्मी भएरै होला नि !

जमान : दुब्लाएछ बिचरो ।

हेर, हामीलाई देखेर आधार पाएको जस्तो गरेर आएको । साँझमा माउलाई देखेर जसरी बाच्छो खुसी भएर नाच्दै नाच्दै आउँछ । बिचरो १५/१६ वर्षको केटो एक्लै रहेछ, बिरानो ठाउँ, आत्तियो होला । (कराएर) ए कान्छा ! क्या हो ? कहाँबाट आइपुगिस् ? (दुवै जना उत्कण्ठाले उतैतिर हेरिरहेका हुन्छन् । यत्तिकैमा कान्छो आइपुगेर तिनीहरूको अगाडि उभिन्छ र दौराको फेरले पसिना पुछ्छ ।)

दुब्लाइछस् कान्छा, तँलाइ के भो ? त्यस्ता भकुन्डे गाला त खै । कहाँबाट आइपुगिस् ? किन गाउँ छाडेको ? एउटै छोरो, सारा खेतीपाती, घरधन्दा धान्नुपर्ने छोरो लौ यसरी पो हिँडेछ । उहाँ आमा कति रुँदी हुन् बालक छोरो, कहाँ गयो, के भयो भनेर !

बेसै गरिस् कान्छा, त्यो पाखामा बसेको भए पाखे, खरीगाँठे हुन्थिस्, बुद्धि पुऱ्याइस् बेलैमा । हाम्रा उमेरमा त बिजुली भइसक्छस् । भाग्यमा भए धन पनि कमाउलास् ।

कान्छो : जमान दाइ, म त भोकले भुतुक्क भा'को छु । दुई दिन भो क्यै खान नपाएको । उभिन पनि सक्दिनँ ।

जमान : बिचरा ! पख् है त, म बदाम किनेर ल्याउँछु । धन्दा नमान्, अब त हामीलाई भेटिहालिस् नि । हाम्रो जे गत, तेरो त्यही गत । (जान्छ)

उत्कण्ठा : उत्सुकता
बिजुली हुनु : सिपालु हुनु
गत : अवस्था

लाल : आइज उता बेन्चमा गएर बसौँ । (दुवै जना अलि पर यात्रीबेन्चमा गएर बस्छन् ।)

कान्छो : घरै जाऔँ लाल दाइ, यस्तो ठाउँमा यो गर्मी खाएर किन बस्नु ?

लाल : के कुरा गर्छस् कान्छा ? देश भनेको देशै हो । के छ र गाउँमा ? एक छाक मकै, एक छाक भोकै हुन जाने ?

कान्छो : दुवै छाक भोकै भएर भोकभोकै मर्नुपरे पनि आफ्नै गाउँमा मर्नु जाती । क्यै नभए पनि चिसो बतास त छ कि ! यो बर्खामास पन्चे बाजा बजार बादकहरू आलीमा बस्ता हुन्, रोपारहरू धान रोप्ता हुन्, लाठेहरू बाउसे गर्दा हुन्, मेरो त मनै उहीँ पुगिराख्या छ । झलक्क झलक्क त्यहीँको रमाइलो सम्झन्छु, बोल्न पनि सक्दिनँ म त लाल दाइ, भोकले पो हो कि छिन छिनमा घाँटी नै प्याकप्याक्ती सुकेर थुकको थोपासम्म पनि जिभ्रामा छैन, सम्झन्छु, रोऊँ रोऊँ जस्तो लाग्छ । के दशा लागेर अर्काको बहकाउमा परेर आ'छु नि जस्तो लाग्छ ।

लाल : धत्तेरी ! कान्छा, तेरा दुःखका दिन सकिएछन् । सुदिनले तँलाई डोऱ्याएर ल्यायो यहाँ । अब नोकरीसोकरी खोजौँला, दरबानमा तँ अलि सानो छस्, लिँदैनन्, सके हामी जस्तै कुल्ली होलास्, मोटर धुनेमा कसो होला, केही नभए पनि होटेलमा त पक्का ।

कान्छो : होटेलमा रे ? यी साराका जुठा भाँडा माझेर बस्ने मैले ? इज्जत फालेर पैसा किन कमौनुपऱ्या छ र ?

लाल : कल्ले देख्ने हो र यहाँ ? पैले पैले हामीले पनि त त्यसै गरेका हौँ नि । ऐले पो बल्ल कुल्ली हुन पायौँ ।

कान्छो : अहँ । (जमानसिंह बदाम लिएर आउँछ र कान्छालाई दिन्छ । ऊ छोडाएर खान थाल्छ तर निल्न नसकेर घाँटी किक्लिक्क किक्लिक्क पार्छ ।)

जमान : घाँटी त ज्यादै सुकेको पो रहेछ, निल्नै सकेन बिचराले । पख् है त, म पानी लिएर आउँछु । (जान्छ ।)

लाठे : रोपाइँमा कोदालीको काम गर्ने व्यक्ति

कान्छो : मलाई भोकले बोक्रैसमेत चपा'र निलूँ जस्तो भ'को छ ।

लाल : ज्यादै भोकाइस् । नेपाल फर्कने मति नलिएस् बाबै, उँभो लाग्ने छैनस् । मैले तँलाई बेलैमा भनिदिएको छु । तँ काँचो केटो, ऐले तँलाई भुटे पनि हुन्छ, पिने पनि हुन्छ । भुटे फुल उठ्लास्, पिने रोटी बन्लास् ... । (जमानसिंह पानी ल्याएर कान्छालाई दिन्छ । ऊ त्यो पानी एकै सासमा पिइसक्छ ।)

कान्छो : पानी पनि के पिउनु छ र ? एक भल्को उमाल्या जस्तो । हाम्रो घरको खोलाको क्या पानी, दर्सनढुङ्गासित लडीबुडी लडीबुडी खेलेर आ'को पानी । (कान्छो कुरुमकुरुम बदाम खाइरहन्छ । उनीहरू त्यसलाई के के मनले हेरिरहन्छन् ।)

जमान : त्यत्तिले नै अघाइस् त कान्छा ? आधा त राखिस् नि !

कान्छो : खाऊँ भने त दुई माना पनि खान सक्छु नाइँ । मैले मात्रै खा'र भ'न, उहाँ दिदी पनि म जस्तै भोकी छन् । उनलाई पनि त लगिदिनुपर्‍यो नि । ('दिदी' शब्द सुन्नासाथ जमानसिंह बसेको ठाउँबाट एक्कासि उठेर अत्यन्त आश्चर्य, हर्ष र उत्सुकताले प्लावित हुन्छ ।)

जमान : दिदी पनि आएकी छिन्, कान्छा ? हो कान्छा ? बतासे दिदी पनि ?

कान्छो : हो ।

जमान : बतासे दिदी पनि ?

कान्छो : हो ।

लाल : कहाँ छिन् त ?

जमान : कहाँ छन् त, कान्छा ? किन एक्लै छाडेर आइस् त ?

कान्छो : उता पर भुइँमा सुतिरा'की छन् ।

जमान : जाऔँ न त कान्छा, हामी पनि उहीँ ।

प्लावित हुनु : उत्तेजित हुनु

कान्छो : म हीँ डाकेर ल्याइदिन्छु नि ।

जमान : हामीले उहाँ जान हुँदैन र ?

कान्छो : हीँ आइहाल्छिन् नि, उनी पनि आधार नपा'र बगरौँ पऱ्या डुङ्गा जस्तै चल्नै सकेकी छैनन् ।

लाल : भैगो हामी यहीँ बसौँ न त । उसैले डाकेर ल्याइहाल्छ नि ।

जमान : जा त जा कान्छा, झट्टै डाकेर ले । जा । (कान्छो जान्छ । ऊ त्यसलाई टाढासम्म हेरिरहन्छ ।)

लाल : के त मितज्यू, तपाईँलाई आफ्नो घरको भन्दा बढ्ता माया बतासेको लागेको थियो, उसैलाई सम्झिरहनुहुन्थ्यो, सपनामा पनि देख्नुहुन्थ्यो होला, अब त ऊ यहीँ आइहाली । नेपाल त किन सम्झनुहोला, किन फर्कनुहोला र अब ?

जमान : साँच्ची कुरा, अब त मभरिको सुन कसैले दिन्छ भने पनि त्यो पाखामा जान्नँ, गुन्द्रुक र ढिँडो खान्नँ ।

लाल : उसलाई पनि यहीँ राख्नुपर्छ अब । कतै नोकरी लगाइदिउँला । बतासे, तपाईँकी भन्नु कुन, मेरी भन्नु कुन, हामी हित्तचित्त मिलेका मित मित, हैन त मितज्यू ? जमानसिंह सुनेको नसुन्यै गर्छ र खल्तीबाट बाटुलो ऐना झिकेर आफ्नो मुख मुन्टो घुमाई हेर्छ । त्यस्तै सानो काँगियो झिकेर कपाल कोर्छ । चिट्टे चिम्टा झिकेर त्यहीँ ऐनामा हेरी हेरी आनन्दको सुसेलीमा गीत गाई गाई दाह्रीका फाट्टफुट्ट रौँ उखेल्न थाल्छ । लालबहादुर मुसुमुसु हाँसेर उसको चेहरा हेरिरहन्छ । ऊ चाहिँ छिन छिनमा कान्छो गएको बाटातिर पनि दृष्टि दिँदै गर्छ । (एकछिनपछि नेपथ्यतिर हेरेर)

ऊ, ल्यायो कान्छाले । आई बतासे भन्ने, कस्ती अग्ली नि ! (जमानसिंह पुलुक्क उतैतिर हेरेर ऐना, काँगियो, चिम्टा खल्तीभित्र राख्छ ।)

जमान : आइमाई भएर मात्रै अग्ली देखिएकी, मान्छे त हामी जत्रै हुन् ।

चेहरा : अनुहार

लाल : पातलो जिउले पनि अग्ली भएकी होली नाइँ ।

जमान : भो, अब चुप लागौँ

लाल : भोकाएकी भए पनि हाँस्तै हाँस्तै आएकी छ, आफ्नो मान्छेलाई भेट्टाएँ भन्ने खुसीले पो हो कि !

जमान : भो भो अब चुप लागौँ । (दुवै जना उतैतिर हेरिरहन्छन् ।) बतासे र कान्छो आएर उनीहरूको नजिकै उभिन्छन् ।)

: सन्चै छ, बतासे दिदी ?

बतासे : के दिदी भन्छौ ? बैनी भन न ।

लाल : हो त नि आफूभन्दा कान्छीलाई केको दिदी भन्नु त नि ? अनुहारले नै बताउँछ, त्यस्तो कलिलो । बस्नोस्, बस् न भाइ ! (त्यही बेन्चमा जमानसिंह, लालबहादुर, कान्छो, बतासे लहरै बस्छन् । बेन्चको एक छेउमा जमानसिंह र अर्को छेउमा बतासे हुन्छन् ।)

जमान : हैन, कताबाट आयौ ? कैले आयौ ? किन आयौ ? कसरी आयौ ? कल्ले ल्याइदियो ?

बतासे : त्यही मोरो पापी पोक्चेले त हो नि । गाउँका सबै जना देश गइसके, हिँड जाऔँ हामी पनि, यो पहाडमा दुःख पाएर किन बसिरहने भनेर मलाई फकायो, बहकायो । देश गए त के के न होला, सुनकै मान्छे होइएला कि भनिठानेर भएका गहनापात बेचविखन गरेर उसैका साथ आयौँ । बाटाभरि पनि हाम्रै सामल घिच्यो, यहाँ आइपुगेर त हामी दुवैलाई यसै छाडेर कहाँ भाग्यो कहाँ । दुई दिन भो हामी दिदीभाइ अलपत्र परेका । मर्न नसकेको मोरो । (फरियाको सप्काले पसिना पुछ्छे ।)

कान्छो : ऐले गाली गर्छ्यौ ऊ वेला मलाईभन्दा बढ्ता माया गर्थ्यौ ।

बतासे : (हप्काएर) चुप लाग् ।

जमान : धामीको छोरो पोक्चे अब । गाउँभरको छट्टु त्यो ।

लाल : के भो त जाती नै भो, हामी सबै एकै ठाउँ, एकै डेरामा बस्न पायौँ । दिदीभाइलाई नोकरी खोजौँला, के भो त ?

बतासे : को बस्छ यस्तो ठाउँमा ? अघाइयो । मलाई त यहाँ जे पनि गन्हाउने पो हुन लाग्यो । खान थाल्यो भुटुन गनाउने, पिउन थाल्यो पानी गनाउने, रेल गनाउने, यो त ठाउँ नै गनाउने पो रहेछ । आफ्नो गाउँमा त भकारो कै छेउमा गुन्द्री हालेर सुत्ता पनि गनाउँदैनथ्यो, मलकै भारी बोक्दा पनि गनाउँन्नथ्यो । फेरि तातो पानी, तातो हावा, यस्तो दुःख खाएर को बस्न सक्छ यहाँ ? भोकै परे पनि बरु आफ्नै देशमा कुवाको चिसो पानी पिएर वरको चौतारीमा शीतल हावा खाएर सुतौँला नि । जमानसिंह दाइ, हिँड तिमी पनि, जाऔँ आफ्नै घर, आफ्नै देश ।

लाल : जाने भए किन आएको ? आइसकेपछि अब किन जाने ? अलि वर्ष नोकरी गरौँ, धन कमाऔँ, अनि जानुपरे पनि त्यसै वेला जाउँला ।

जमान : हो नि बतासे बैनी, बसौँ न यहीँ अलिक वर्ष ।

कान्छो : जाऔँ दिदी, जाऔँ, आफ्नै गाउँ जाऔँ । म त ह्याँ आएदेखि नै निसास्या' छु ।

बतासे : किन बस्ने यहाँ ? एक गाँस खानाको निम्ति नोकरी गर्नुपरे आफ्नै घरमा आफ्नै दाजुभाइहरूको गरौँला । जति पसिना बहाउनुपरे पनि आफ्नै घरबारीमा बहाऔँला । एक गेडा मकै भए पनि आफ्नै माटामा उब्जाउँला । यसरी सबैको हेलाहाँसो भएर म त बस्दिनँ यहाँ । साराले आफ्नै देशमा काम पाएका छन्, हामीले यसरी विदेशमा लत्येर बस्नुपर्छ र ? उहाँ आफ्नो चाडबाड, पर्वमेला, तीर्थव्रत सब छाडेर अर्काको कमारो भएर बस्ने ? जाऔँ हिँड जमान दाइ, मर्नुपरे पनि बरु आफ्नै देशमा मरौँला, आफ्नै भुइँमा लम्पसार परौँला, आफ्नै खोलाका बगरमा आफ्नै वनका काठले जलौँला । हाम्रा बाबुबाजेले आफ्नो आखिरी सास हिमालको बतासमा मिलाए, हामी पनि त्यसै गरौँला । आफ्ना पुर्खाको धर्म थामौँ । जमान दाइ, जाऔँ । आजै जाऔँ । उठ, ऐल्यै जाऔँ । गइहालौँ । नबसौँ ।

जमान : (लालबहादुरतिर हेरेर) मितज्यू, (लालबहादुर बोल्दैन) मितज्यू ! (लालबहादुर उस्तै) मितज्यू, जाऔँ ।

भुटुन : तरकारी वा अन्य चिज पकाउन प्रयोग गरिने घिउ वा तेल

भकारो : गाई, भैँसी आदि पशुको मल

कमारो : नोकर

लाल : (लामो सास फेरेर) म त जान्नँ ।

जमान : मितज्यू, जाऔँ । हाँस्तै हाँस्तै, नाच्तै नाच्तै, पहराको फूलको माला गाँस्तै गाँस्तै जाऔँ ।

लाल : (सुइ'यऽ सुस्केरा हालेर) म त जान्नँ । चुम्बकले फलामलाई तान्छ तर सुनलाई खिच्न सक्तैन । तपाइँहरू नै जानोस् ।

जमान : मितज्यू, चित्त दुखाउनुहुन्छ कि ?

बतासे : जाऔँ जाऔँ, सबै एकै जहान भएर जाऔँ । कसैले कसैको चित्त दुखाउने कुरा नै पर्दैन ।

लाल : म त जान्नँ, आएँ आएँ, जानोस् तपाइँहरू नै ।

बतासे : उठ् कान्छा, उठ जमान दाइ, (आफू पनि उठ्छे ।)

जमान : जाऊँ है त मितज्यू, फेरि आइयो भने भेटौँला नि ! (लालबहादुर जमानसिंह र सबैलाई हेर्छ र ठुस्केको मुद्राले मुन्टो फर्काउँछ ।)

बतासे : (गाएर) पसिना मेरो झट्टै पुछिदेला पिपल वरको छायाले, वनका वस्तु साँझ फर्किहाले आफ्नै घरको मायाले ।

लाल : (भित्र निमन्त्रणा भएको जस्तो चेहराले हेरिरहन्छ !!! र एकछिनपछि ....) मित त दुईचार दिनमा घर पुगिहाल्लान् । शमीको शीतल बतास, छहराको पानी, रोपाइँको रमाइलाले मलाई बिर्सिहाल्लान् । ममात्र उनलाई सम्झिरहने भएँ, फाँटमा अलमलिएको गोरु जस्तै पसिना चुहाई चुहाई बाटो नपाएर घुमिरहने भएँ, रुमल्लिरहने भएँ ।

(टाढाबाट कराएको आवाज सुनिन्छ, 'मितज्यू ! आउनोस् सँगै जाऔँ ।') (उता हेर्छ, सोच्छ, फेरि उता हेर्छ, सोच्छ) (कराएर) मितज्यू । मितज्यू । आएँ । म पनि आएँ । सँगसँगै जान आएँ । घरको मायाले आएँ । (बिस्तार बिस्तार जान्छ ।)

चित्त : मन, दिल

## शब्दभण्डार

१ **दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| सखारै | तातो, गर्मी |
| बुजो | बाटाका लागि बोकेको खाद्यवस्तु, बाटाखर्च |
| गरम | सबेरै, बिहानै |
| आली | प्राण |
| सामल | एक प्रकारको रुख |
| हंस | मुखमा टम्म राख्ने काम, बिर्को |
| | नपाकेको |
| | खेतको सिमाना छुट्याउन वा पानी अडिने बनाउन चारैतिर केही उठाइएको माटाको डिल |

२. **'घरको माया' एकाङ्कीमा गाउँघरमा मेलापात गर्दा प्रयोग गरिने शब्द प्रयोग भएका छन् । त्यस्ता शब्दको सूची बनाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

३. **दिइएका शब्दका विपरीतार्थी शब्द 'घरको माया' एकाङ्कीबाट खोजेर लेख्नुहोस् :**

वर, पछाडि, होची, उता, विपना, दुःखी, उँधो, तातो, बस, टाढै

४. **'घरको माया' एकाङ्कीबाट पाँच पाँचओटा टुक्का र अनुकरणात्मक शब्द टिपोट गरी वाक्यमा प्रयोग गर्नुहोस् ।**

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

अल्लारे, रोपाइँ, तख्ता, झलक्क, काँगियो, दाह्री, घाँटी, अलपत्र, छट्टु, भुइँ

२. **'घरको माया' एकाङ्कीमा बसिराख्या, भ'को जस्ता कथ्य स्वरूपका शब्द प्रयोग भएका छन्, यस्ता अन्य १० ओटा शब्द खोजी तिनको लेख्य स्वरूप लेख्नुहोस् ।**

३. **साथी साथी मिली 'घरको माया' एकाङ्कीका पात्रको हाउभाउसहित भूमिका प्रदर्शन गर्नुहोस् ।**

४. **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) 'घरको माया' एकाङ्कीको सुरु र अन्त्य कुन कुन घटनाबाट भएको छ ?

(ख) एकाङ्कीका मुख्य र सहायक पात्र को को हुन् ?

(ग) एकाङ्कीमा सबैभन्दा बढी पटक संवाद गर्ने पात्र को हो ?

(घ) जमानसिंहमा आन्तरिक द्वन्द्व बढ्नाको कारण के थियो ?

५. **दिइएको एकाङ्कीको अंश मौन पठन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

किन बस्ने यहाँ ? एक गाँस खानाको निम्ति नोकरी गर्नुपरे आफ्नै घरमा आफ्नै दाजुभाइहरूको गरौँला । जति पसिना बहाउनुपरे पनि आफ्नै घरबारीमा बहाऔँला । एक गेडा मकै भए पनि आफ्नै माटामा उब्जाउँला । यसरी सबैको हेलाहाँसो भएर म त बस्दिनँ यहाँ । साराले आफ्नै देशमा काम पाएका छन्, हामीले यसरी विदेशमा लत्येर बस्नुपर्छ र ? उहाँ आफ्नो चाडबाड, पर्वमेला, तीर्थव्रत सब छाडेर अर्काको कमारो भएर बस्ने ? जाऔँ हिँड जमान दाइ, मर्नुपरे पनि बरु आफ्नै देशमा मरौँला, आफ्नै भुइँमा लम्पसार परौँला, आफ्नै खोलाका बगरमा आफ्नै वनका काठले जलौँला । हाम्रा बाबुबाजेले आफ्नो आखिरी सास हिमालको बतासमा मिलाए, हामी पनि त्यसै गरौँला । आफ्ना पुर्खाको धर्म थामौँ । जमान दाइ, जाऔँ । आजै जाऔँ । उठ, ऐल्यै जाऔँ । गइहालौँ । नबसौँ ।

**प्रश्नहरू**

(क) माथिको भनाइ एकाङ्कीमा कुन पात्रले भनेको हो ?

(ख) वक्ताले व्यक्त गरेका देशभक्तिको भावना झल्काउने दुई भनाइ लेख्नुहोस् ।

(ग) 'आफ्ना पुर्खाको धर्म थामौँ' भन्नुको आशय के हो ?

(घ) एकाङ्कीको अंशको मुख्य भावसँग तपाईं सहमत हुनुका कारण उल्लेख गर्नुहोस् ।

६. **दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) 'घरको माया' एकाङ्कीमा नेपाली समाजको कस्ता विषयवस्तु देखाइएको छ, वर्णन गर्नुहोस् ।

(ख) जमान र लालमा पाइने चारित्रिक विशेषताको तुलना गर्नुहोस् ।

(ग) एकाङ्कीमा कुन कुन ठाउँको परिवेश देखाइएको छ, लेख्नुहोस् ।

(घ) 'घरको माया' एकाङ्कीबाट के सन्देश पाइन्छ ?

७. **दिइएका भनाइका वक्ता को को हुन्, 'घरको माया' एकाङ्कीका आधारमा लेख्नुहोस् :**

(क) म त सम्भन्नँ गाउँघर पनि, के सम्भनु छ र ?

(ख) पँधेरामा जाँदा दुवै कर्के आँखाले हेराहेर गर्थ्यौं ।

(ग) म त भोकले भुतुक्क भा'को छु । दुई दिन भो क्यै खान नपाएको ।

(घ) यहाँ आइपुगेर त हामी दुवैलाई यसै छाडेर कहाँ भाग्यो कहाँ ।

(ङ) रोपाइँको रमाइलाले मलाई बिर्सिहाल्लान् ।

(च) जाऊँ है त मितज्यू, फेरि आइयो भने भेटौँला नि !

(छ) आफ्नो गाउँमा त भकारोकै छेउमा गुन्द्री हालेर सुत्ता पनि गनाउँदैनथ्यो ।

(ज) उहाँ आमा कति रुँदी हुन् बालक छोरो, कहाँ गयो, के भयो भनेर !

८. **व्याख्या गर्नुहोस् :**

(क) चुम्बकले फलामलाई तान्छ तर सुनलाई खिच्न सक्तैन ।

(ख) जति पसिना बहाउनुपरे पनि आफ्नै घरबारीमा बहाऔँला । एक गेडा मकै भए पनि आफ्नै माटामा उब्जाउँला ।

९. **'घरको माया' एकाङ्कीका पात्रमा देखिएका सुख र दुःख सन्दर्भ बोध गरी त्यस्तै संवेग झल्कने छोटो संवाद तयार गर्नुहोस् ।**

१०. **'घरको माया' एकाङ्कीमा कसरी देश प्रेमको भावना प्रकट भएको छ, समीक्षा गर्नुहोस् ।**

११. **दिइएको चित्र वर्णन गर्नुहोस् :**



१२. **युवालाई विदेसिनबाट रोक्न के गर्नुपर्ला, 'घरको माया' एकाङ्कीका आधारमा प्रतिक्रिया दिनुहोस् ।**

१३. **दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

गुर्जो लहरेदार पतझर बिरुवा हो । यसको लहरा मोटो र गुदीदार हुन्छ । यसका आँख्लाबाट जरा निस्केर हावामा लहरिएका हुन्छन् । यसको बोक्रो पातलो हुन्छ र बोक्रामा सेता थोप्ला हुन्छन् । यसका पात मुटु आकारका र करिब १० से.मि. लामा हुन्छन् । गुर्जोमा भाले र पोथी गरी दुई किसिमका फूल फुल्छन् । भाले फूल झुप्पामा रहन्छन् भने पोथी फूल एक्लाएक्लै रहेका हुन्छन् । गुर्जोका फल गुदीदार हुन्छन् । ती आकारमा अण्डाकार र केराउका दाना जत्रा हुन्छन् र पाकेपछि राता हुन्छन् । नेपालको पूर्वदेखि पश्चिमसम्मको भूभागमा प्रायः यो बिरुवा पाइन्छ । त्यस्तै उत्तरपूर्वी भारत, श्रीलङ्का, म्यानमार, थाइल्यान्ड, भियतनाम, दक्षिणी चीन, मलेसियामा पनि पाइन्छ । यसको उपयोगी अङ्ग लहरा हो । यसको डाँठ कमलपित्त, दम, खोकी, मधुमेह तथा पुरानो ज्वरो आदि रोगमा उपयोग गरिन्छ । यो जस्तोसुकै माटामा पनि हुर्कन सक्छ । खासगरी गर्मी ठाउँमा राम्ररी हुर्कन्छ । यसलाई कलमी वा बिउबाट

सार्न सकिन्छ । डाँठको कलमीबाट नै यसका बिरुवा तयार गरिन्छन् । यसका आँख्लासहितका करिब एकफिट जति लामा हाँगा काटेर माटो र बालुवा मिसाएको ड्याङमा रोपेर नर्सरीमा बिरुवा तयार गरिन्छ । फागुन चैत्रतिर यसरी हाँगा काटी अलिकति भाग जमिनमाथि पारेर सुताएर राखिन्छ र पानी दिइन्छ । यो बिरुवा सारेको जमिनमा पानी जम्नु हुँदैन किनकि यसको काण्ड गुदीदार हुने भएकाले कुहिने डर रहन्छ । यसरी नर्सरीमा राखिएका बिरुवा असार साउनमा सार्न तयार हुन्छन् । यसका हाँगा सोभै जमिनमा गाडे पनि हुन्छ । असार र साउन महिना यो बिरुवा सार्नका लागि उचित समय मानिन्छ । यसको फल असोजदेखि मङ्सिरसम्ममा पाक्छ । पाकेका राता फल टिपेर बाहिरी गुदी हटाएर केही दिन राम्ररी सुकाएपछि बिउ तयार हुन्छ । सङ्कलन गरेको बिउ तत्कालै छरे पनि हुन्छ अथवा सङ्कलित बिउलाई राम्ररी भण्डारण गरेर फागुन वा चैत्रतिर उमारेर पनि बेर्ना तयार गर्न सकिन्छ । नर्सरीमा तयार गरिएका बेर्ना खास गरी कुनै रुखको छेउमा लगाइन्छ किनकि यो रुखको सहारामा हुर्कने लहरेदार बिरुवा हो ।

**(क) प्रश्नहरू**

(अ) गुर्जोलाई लहरेदार बिरुवा मान्नुको कारण के हो ?

(आ) गुर्जो कस्तो भूभागमा पाइन्छ ?

(इ) गुर्जोको उपयोगिता लेख्नुहोस् ।

(ई) गुर्जोका बिरुवा तयार पार्ने तरिका के के हुन् ?

**(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :**

(अ) अनुच्छेदमा प्रयोग भएको एउटा करण वाक्य टिपी अकरणमा वाक्यान्तरण गर्नुहोस् ।

(आ) 'डाँठको कलमीबाट नै यसका बिरुवा तयार गरिन्छन् ।' वाक्यलाई भूत र भविष्यत् कालमा वाक्यान्तरण गर्नुहोस् ।

(इ) अनुच्छेदबाट चन्द्रबिन्दु प्रयोग भएका दुईओटा शब्द टिप्नुहोस् ।

१४. **दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

मान्छेको मनमा उत्पन्न सुख, दुःख आदि मानवीय संवेग हुन् । सुनितामा पनि ती संवेग छन् । उनलाई घुम्न जान असाध्यै रहर छ तर उनका आमाबुबाले घुमाउन लाने समय निकाल्न सक्नुभएको छैन । आफूले घुम्न चाहेका ठाउँमा जान नपाएर सुनिता पनि दुःखी छिन् । एक दिन बुबाले उनलाई थाहा नदिई पोखरा घुम्न जाने कुरा गर्दै त्यहाँ जानका लागि टिकट ल्याएको कुरा गर्नुभयो । त्यसपछि उनी निकै खुसी भएर रमाइन् अनि आमालाई अँगालो मार्दै खुसी साटिन् ।

माथिको सन्दर्भमा जस्तै तपाईंको परिवारका कुनै सदस्यले एक दिन तपाईंले सोच्दै नसोचेको उपहार ल्याइदिनुभयो, त्यो उपहार देखेर तपाईं खुसी हुनुभयो । यो खुसीको क्षण प्रस्तुत गर्दै कक्षामा मौखिक प्रस्तुति दिनुहोस् ।

## *सुनाइ र बोलाइ*

१. **सुनाइ पाठ १४ सुन्नुहोस् र दिइएका खाली ठाउँ भर्नुहोस् :**

(क) सङ्गीतले मावन हृदयलाई ............. तुल्याउँछ ।

(ख) तीमध्ये नौमती बाजा ............ समाजमा बढी प्रचलित बाजा हो ।

(ग) समाजका हरेक .............. मा यस किसिमका बाजा बजाइने गरिन्छ ।

(घ) काठबाट निर्मित त्यस्ता वाद्यवादनमा हाम्रा नेपालीको .......पोखिएको हुन्छ ।

२. **सुनाइ पाठ १४ का आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) सङ्गीत भनेको के हो ?

(ख) सङ्गीतका दुई भाग कुन कुन हुन् ?

(ग) नौमती बाजामा के के पर्छन् ?

(घ) नौमती बाजा कस्तो अवसरमा बजाइन्छ ?

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएको तालिका पढ्नुहोस् र साथीसँग छलफल गर्नुहोस् :**

| | | |
|---|---|---|
| लिङ्ग | | स्त्रीलिङ्ग |
| वचन | | एकवचन |
| पुरुष | | तृतीय पुरुष |
| काल | विविषा मिहिनेती छन् । | वर्तमान काल |
| पक्ष | | सामान्य पक्ष |
| भाव | | सामान्यार्थ |
| वाच्य | | कर्तृवाच्य |
| करण अकरण | | करण |

२. **कोष्ठकमा दिइएको निर्देशनअनुसार वाक्यान्तरण गर्नुहोस् :**

(क) बहिनी बिहानै उठ्छिन् । उनी नृत्य सिक्न बजारसम्म पुग्छिन् । आमाले एक महिनादेखि यस तालिम केन्द्रमा भर्ना गरिदिनुभएको छ । उनले यो कुरा खुसी हुँदै ठुली माइजूलाई सुनाइन् । (लिङ्ग)

(ख) उनीहरू सँगसँगै घर फर्के । उनीहरूले घर आउँदा गाउँलेका लागि कोसेली पनि किने । मोटा मान्छेका लागि भनेर चिनी नभएको मिठाई झोलामा राखे । घर पुग्नै लाग्दा उनीहरूलाई सेता पहाडले स्वागत गर्न लागे झैँ आभास भएछ । (वचन)

(ग) म कर्मशील हुन नेपाल आएँ । आफ्नै बारीमा पसिना बगाउन थालेँ । मिहिनेतको कारण मैले राम्रै कमाइ गरेँ । घरखर्चबाहेकको आम्दानीलाई बैङ्कमा लगेर जम्मा गरेँ । (द्वितीय पुरुष)

(घ) तँ आफ्नो काम आफैँ गर् । तँ आफ्नो काम अरूलाई नलगा । तँ स्वावलम्बी बन् । तँ देशलाई योगदान गर (उच्च आदर)

(ङ) आमा सखारै उठ्ती हुन्, जाँतामा कोदो पिन्दी हुन्, बुबा रातमा मेलाबाट आएर अगेनाको छेउमा बसेर काँचोपात भुटेको तमाखु सोतेमा खाँदा हुन्, त्यही त हो नि । (अभ्यस्त पक्ष)

३. **'घरको माया' एकाङ्कीबाट फरक फरक काल र पक्षका दुई दुईओटा वाक्य टिपी तिनलाई करण भए अकरण र अकरण भए करणमा रूपान्तरण गर्नुहोस् ।**

४. **दिइएको अनुच्छेद पढी चन्द्रबिन्दु र शिरबिन्दु प्रयोग भएका शब्द टिपी तिनको उच्चारण गर्नुहोस् :**

संयोग घाँस काट्न खरबारीमा गए । उनीसँगै म पनि गएँ । त्यहाँ संहिता, संहृत् र संरचना पनि पुगेका थिए ।

५. **'घरको माया' एकाङ्कीबाट चन्द्रबिन्दु र शिरबिन्दु प्रयोग भएका शब्द खोजेर छुट्टाछुट्टै सूची बनाउनुहोस् ।**

६. **दिइएको अनुच्छेदलाई शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :**

सम्योग भोली आउला । सम्बिधानको पुस्तक ल्याउला । म त्यो पुस्तक पढुला । मैंले देस को कानुन जान्नु पर्च । कानुन अनुषार हामी सबै चल्यौं भने मात्रै मुलुक बन्छ ।

## *सिर्जना र परियोजना कार्य*

१. **कुनै एउटा ऐतिहासिक घटनालाई विषयवस्तु बनाएर संवाद लेख्नुहोस् ।**

२. **पुस्तकालय वा विद्युतीय सामग्रीको उपयोग गरी कुनै एउटा एकाङ्की खोजेर त्यसको विषयवस्तु कक्षामा प्रस्तुत गर्नुहोस् ।**

# गाउँमाथि एउटा कविता

दिनेश अधिकारी

सेताम्य कपाल फुलेकी बुढीका थोता दाँतहरू झैँ
टक्रक्क यता एउटा
टुक्रुक्क उता एउटा
र यदाकदा अङ्गुरका झुप्पाहरूकै भाँतिमा
धेरै पराले र थोरै ढुङ्गे छानाको टोपी लगाएर
एकै ठाउँमा गुजमुजिएका केही घरहरू छन्
घरभित्र
अन्धविश्वासलाई विश्वास मानेर उग्राइरहेका
केही मान्छेहरू छन्
समय, जहाँ घडीले हैन कुखुराको भालेले बताउने गर्छ
परदेश गएकाहरूको कुशल मङ्गल
जहाँ अगेनामा नुन पड्काएर अन्दाज गर्न सकिन्छ
विज्ञानको पनि बेग्लै ढङ्ग छ गाउँमा
र आङमा घाम लाग्ने नलाग्ने कुराको ठेगान
बारीको उब्जाउ हेरेर यकिन गर्न सकिन्छ
यो मेरो देशको सुदूर पूर्वको गाउँ !
यो मेरो देशको सुदूर पश्चिमको गाउँ !
छिमेकी अगेनाबाट आगो ओसारेर सुरु हुने यहाँको दिन
गोठमा, वस्तुभाउलाई घाँसपात हालेर केटाकेटी हुन्छ



थोता : दाँत पूरै वा खण्ड रूपमा नभएको
भाँति : कामको तौरतरिका, पद्धति, किसिम
उग्राइ : गाई, भैसी आदि पशुले निलिसकेको घाँस, पराल आदि फेरि मुखमा फर्काई चपाउने काम

खेतमा गोरु नारेर तन्नेरी हुन्छ
र बेग्लाबेग्लै मान्छेका ओठहरू भएर
दिनभरि फलाकिरहन्छ
दिनभरि हतारिरहन्छ
आज जन्त जानुपर्छ, दलबिरेको बिहे छ
आज पर्म जानुपर्छ, घिसिङको छानो छाउनु छ
आज धामी बसाउनुपर्छ, हिरेको छोरो सिकिस्त छ
आज माइलीलाई नचाउनुपर्छ, भरे जात्रा छ
राम ! राम !! जिम्दार बुढाको प्राण गएछ ।

जहाँको चपरी त्यहीँको दुवाली मरेर के लानु छ...
एउटै इनार छ सम्पूर्ण गाउँमा
र पनि कसैले पानी पिउन नपाएको गुनासो छैन
मेलापात जानुपर्छ
काखको नानीलाई मजेत्रोले पिठिउँमा बाँधेर
निस्कन तयार छे जो कुनै पनि आमा
आफ्नै सन्तान पनि भार हुन सक्छ भन्ने उसलाई थाहा छैन
छ भने सबैलाई
भकारो सोहोर्ने शैली थाहा छ
अनौ समात्ने तरिका थाहा छ

पर्म : आफू आफूमा आलोपालो गरी एकले अर्काको काम गरिदिने चलन
धामी : तन्त्रमन्त्र गरी झारफुक गर्ने व्यक्ति, झाँक्री
जिम्दार : जमिनदार, भूपति, जिम्मावाल
मजेत्रो : महिलाले टाउकामा ओढ्ने एकसरो कपडा, पछ्यौरा
भकारो : गाई, भैँसी आदि पशुको मल, गोबरको थाप्रो
अनौ : हलाको हातो वा मुठ

कोदालो अर्जाप्ने कुरा थाहा छ
बाली लगाउने र भित्र्याउने याम थाहा छ
भाकल चढाउने दिन थाहा छ
कुलो लगाउने पालो थाहा छ
न चुनावले रोक्छ यसलाई
पट्याँस ! पट्याँस !!
नाङ्लो भएर यो अहिले पनि कनिका निफनिरहेकै छ ।
प्रिय सम्पादक !
फेरि कुन देशको कल्पना गरेर छापिरहनुभएको छ तपाईँ
बम वर्षाका खबरहरू
बालिग मताधिकारका कुराहरू
साहित्यिक आन्दोलनका इतिहासहरू
अन्तरिक्ष यानका गतिविधिहरू
तपाईँले गर्व गर्ने सगरमाथालाई काँधमा बोकेर उभिएको यो गाउँ !
तपाईँलाई नागरिकताको प्रमाणपत्र बाँड्ने देशको जन्मदाता यो गाउँ !

अहिले पनि यो
ढिकीच्याउँ ! ढिकीच्याउँ !!
एउटा खुट्टो उचालेर ढिकीमा उभिइरहेकै छ
घुर्र ! घुर्र !!
अहिले पनि यो

अर्जाप्ने : हतियारमा साँध लगाउनु, धारिलो पार्नु
बालिग : बाल्यावस्था पार गरेको, उमेरदार, जवान
अन्तरिक्ष : पृथ्वी तथा ग्रह, नक्षत्र आदिका बिचको वा दुई ग्रह र ताराका बिचको खाली स्थान
ढिकीच्याउँ : खुट्टा खोच्याएर हिँड्ने
ढिकी : मान्छेले खुट्टाले थिचेर उचाल्दै छोड्दै गरी धान, चिउरा आदि अन्न कुट्ने काठको चार पाटे यन्त्रविशेष

जाँतामा टाउको अड्याएर निदाइरहेकै छ
के गर्नु चुनावका घोषणापत्रहरू ?
सिँगान पुछ्ने कागजभन्दा बढी कामयाब हुन सक्तैन यो यिनीहरूलाई
के पढ्नु अन्तरिक्ष यानका गतिविधिहरू ?
दन्त्यकथाकै सिलसिला जोड्नुभन्दा बढी केही अर्थ छैन यसको पनि यिनीहरूलाई ।

कामयाब : सफलता प्राप्त भएको, इच्छा पूरा भएको, सफल

## शब्दभण्डार

१. **दिइएका शब्द र तिनका अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| चपरी | लोकले युगौँदेखि संरक्षित गर्दै आएका कथा |
| दुवाली | उद्देश्यप्रति सत्यता वा वचनबद्धता घोषित गर्ने पत्र विशेष |
| भाकल | दुबो, झार आदिसमेतको माटाको चोइलो |
| घोषणापत्र | माछा मार्न वा जाल थाप्न बनाइएको खोलाको साँघुरो मुहानमा गाडिने छेका वा बार |
| दन्त्यकथा | जन्मदेखि मृत्युसम्म गरिने लोकसम्बद्ध व्यवहार |
| | जुनसुकै प्राणीको तरुण अवस्था |
| | आफ्नो इच्छा सिद्ध होस् भनेर गरिने पूजा |

२. **दिइएको अनुच्छेदबाट युग्म शब्द पहिचान गरी लेख्नुहोस् :**

हामीलाई आकस्मिक आपत्विपत् पर्दा छिटोछरितो गरी छरछिमेकीको सरसहयोग लिन हारगुहारसमेत गर्नुपर्छ । गाउँठाउँ र सहरबजारमा जहाँ रहे पनि सानोतिनो कुरामा एकआपसमा झैझगडा गरेर एकअर्कालाई दोष लगाउने काम गर्नुहुँदैन । चाडवाड र मेलापर्व जस्ता मौकामा साथीभाइसँग भेटघाट गर्नु अनि मेलमिलाप गर्दै रमाइलो गर्नुपर्छ ।

३. **दिइएका युग्म शब्द प्रयोग गरी एउटा अनुच्छेद लेख्नुहोस् :**

छिटोछरितो, हाँसखेल, गाह्रोसाह्रो, पानीपधेँरो, नुहाइधुवाइ, सफासुग्घर, साथीसङ्गी, कुराकानी, हित्तचित्त, सोचविचार

४. **दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

कनिका, मेलापात, कोदालो, अगेनो, भकारो, अनौ, जाँतो, गोठ

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

आङ, अङ्गुर, पिठिउँ, गुनासो, अर्जाप्नु, उब्जाउ, अन्दाज

२. **'गाउँमाथि एउटा कविता' कवितालाई गति, यति मिलाई लयवाचन गर्नुहोस् ।**

३. **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) 'गाउँमाथि एउटा कविता' कविताबाट तीन जोडी अन्त्यानुप्रास मिलेका शब्द पहिचान गरी भन्नुहोस् ।

(ख) कविताको सबैभन्दा छोटो पङ्क्ति कति शब्दले बनेको छ, भन्नुहोस् ।

(ग) कवितामा 'सगरमाथालाई काँधमा बोकेर उभिएको' भन्ने सन्दर्भअगि र पछि कुन कुन प्रसङ्ग आएका छन् ?

(घ) 'दन्त्यकथा .... यिनीहरूलाई' यो कथनभन्दा अगिको सन्दर्भ के हो ?

४. **'गाउँमाथि एउटा कविता' कविताका हरफलाई व्याकरणिक पदक्रममा रूपान्तरण गर्नुहोस् :**

(क) फेरि कुन देशको कल्पना गरेर छापिरहनुभएको छ तपाईं

(ख) विज्ञानको पनि बेग्लै ढङ्ग छ गाउँमा

(ग) न चुनावले रोक्छ यसलाई

(घ) एउटै इनार छ सम्पूर्ण गाउँमा

(ङ) निस्कन तयार छे जो कुनै पनि आमा

(च) सिँगान पुछ्ने कागजभन्दा बढी कामयाब हुन सक्तैन यो यिनीहरूलाई

(छ) दन्त्यकथाकै सिलसिला जोड्नुभन्दा बढी केही अर्थ छैन यसको पनि यिनीहरूलाई

५. **दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

यो, मेरो देशको सुदूर पूर्वको गाउँ !

यो, मेरो देशको सुदूर पश्चिमको गाउँ ।

छिमेकी अगेनाबाट आगो ओसारेर सुरु हुने यहाँको दिन
गोठमा, वस्तुभाउलाई घाँसपात हालेर केटाकेटी हुन्छ
खेतमा, गोरु नारेर तन्नेरी हुन्छ
र बेग्लाबेग्लै मान्छेका ओठहरू भएर
दिनभरि फलाकिरहन्छ
दिनभरि हतारिरहन्छ ।

**प्रश्नहरू**

(क) गाउँका मानिसले कस्तो पेसा व्यवसाय अपनाएका छन् ?

(ख) कवितांशमा केटाकेटी र तन्नेरीले के के काम गर्ने उल्लेख छ ?

६. **दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) 'गाउँमाथि एउटा कविता' कविताले समेटेको मुख्य विषयवस्तु के हो ?

(ख) यस कविताले नेपाली समाजमा कस्तो सन्देश प्रवाह गर्न खोजेको छ, चर्चा गर्नुहोस् ।

(ग) कविताले सम्पादकलाई कसरी सचेत गराएको छ ?

(घ) कवितामा व्यक्त भएको मूलभाव लेख्नुहोस् ।

७. **व्याख्या गर्नुहोस् :**

(क) तपाईंले गर्व गर्ने सगरमाथालाई काँधमा बोकेर उभिएको यो गाउँ !

(ख) जहाँको चपरी त्यहीँको दुवाली मरेर के लानु छ ...।

८. **'गाउँमाथि एउटा कविता' कविताका आधारमा ग्रामीण परिवेशबारे साथीबिच छलफल गरी निष्कर्ष लेख्नुहोस् ।**

९. **'गाउँमाथि एउटा कविता' कविताको आधार लिई गाउँघरको जीवनस्तर माथि उठाउन कसरी सम्भव होला, कल्पना गरी लेख्नुहोस् ।**

**१०. आगामी पाँच वर्षपछि तपाईँको गाउँ वा टोलमा के के परिवर्तन आउलान्, अनुमान गरी लेख्नुहोस् ।**

**११. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

हरेक धर्मले शुद्ध आचार वा सदाचारलाई परम धर्म मानेको पाइन्छ । सदाचारले मानिसलाई नैतिकताको मार्गमा अग्रसर गराउँछ । यसको अभावमा मानिस भौतिक सम्पन्नताले भरिपूर्ण भए पनि मनुष्यत्वका दृष्टिले जीर्ण वा कमजोर हुन्छ । हरेक मानिसभित्र सत् र असत् विचार हुन्छन् । सदाचारले नै मानिसका असत वा खराब विचारलाई नियन्त्रण गर्न सक्छ । सदाचारका लागि शरीर र मन दुवै पवित्र हुनुपर्छ । सदाचारका पनि आफ्नै नियम छन् । सदाचारी बन्नका लागि सत्य अनि मधुर वचन बोल्नुपर्छ । आफूभन्दा उमेरले ठुलालाई आदर र सम्मान एवम् सानालाई स्नेह र सम्मान गर्न जान्नुपर्छ । सकेसम्म अरूको भलाइमा मन लगाउनुपर्छ, नसके कसैको पनि कुभलो सोच्न पटक्कै हुँदैन । सबैले आआफ्ना कर्म र पेसाप्रति निष्ठावान् हुनुपर्छ । उदाहरणका लागि विद्यार्थीले पढाइमा एकाग्र र लगनशील बन्नु, कसैसँग शत्रुता नराख्नु, माता, पिता र गुरुको आज्ञाकारी बन्नु, असल मित्रको सङ्गत गर्नु, शाकाहारी र सन्तुलित भोजनमा जोड दिनु जस्ता कुरा नै सदाचारका आचरण हुन सक्छन् । यिनै सदाचार नै हाम्रा सत्कर्म हुन् । सत्कर्मको पालनाबाट मात्र जीवन सार्थक पार्न सकिन्छ । संस्कृतमा भनाइ छ, 'काक चेष्टा, बको ध्यान, स्वान निद्रा तथैव च' अल्पाहारी, गृहत्यागी विद्यार्थी पञ्च लक्षण अर्थात् कागको जस्तो चनाखोपन, बकुल्लाको जस्तो ध्यान वा एकाग्रता, कुकुरको जस्तो तुरुन्तै जाग्न सक्ने सचेत निद्रा, थोरै भोजन गर्ने र पढ्नका लागि घरभन्दा टाढा रहने जस्ता विद्यार्थीले पालना गर्नुपर्ने पाँच लक्षण मानिएको छ । यसको आशय विद्यार्थीले पढाइमा एकचित्त भएर पढ्नु नै उसको असल लक्षण हो ।

**(क) प्रश्नहरू**

(अ) सदाचारलाई किन परम धर्म भनिएको हो ?

(आ) सदाचारका नियमको सूची बनाउनुहोस् ।

(इ) सदाचारका लागि शरीर र कस्तो हुनुपर्छ ?

(ई) विद्यार्थीका पञ्च लक्षण के के हुन् ?

**(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :**

(अ) अनुच्छेदको पहिलो वाक्यलाई आलङ्कारिक पदक्रममा बदल्नुहोस् ।

(आ) अनुच्छेदको अन्तिम वाक्यलाई दुईओटा वाक्यमा टुक्र्याउनुहोस् ।

(इ) अनुच्छेदबाट पञ्चम वर्ण प्रयोग भएका दुईओटा शब्द लेख्नुहोस् ।

**१२. दिइएको अनुच्छेद पढी तोकिएको कार्य गर्नुहोस् :**

छठ पर्व विशेष गरी तराईमा मनाइने राष्ट्रिय पर्व हो । एउटै पोखरी या जलाशयको किनारमा सयौँ श्रद्धालुले सूर्यको पूजा गर्ने चलन जातीय समन्वय र सद्भावको ज्वलन्त उदाहरण पनि हो । अहिले यस पर्वमा तराई समुदायका साथै अरू समुदायका श्रद्धालु पनि सहभागी हुने क्रम बढ्दो छ । यस पर्वमा तराई समुदायका मानिसले अरू समुदायका मनिसलाई समेत आमन्त्रण गरी रमाइलो गर्दै सामाजिक सद्भावको नमुना प्रस्तुत गरेको पाइन्छ । हाल तराईका साथै पहाड र राजधानीका विभिन्न स्थानमा बसोबास गर्ने समुदायका मानिस मिलेर छठ पर्व मनाउँदा सबैको जीवनमा समानता, एकता र सद्भावको सन्देश प्रवाह भएको पाइन्छ ।

विभिन्न जातजातिका मानिस सहभागी भई कुनै चाडपर्व मनाएको सद्भावपूर्ण कुराकानीको नमुना अभिनयसहित कक्षामा प्रस्तुत गर्नुहोस् ।

## *सुनाइ र बोलाइ*

**१. सुनाइ पाठ १५ सुन्नुहोस् र उपयुक्त विकल्प छनोट गरी भन्नुहोस् :**

(क) मानिसमा सामाजिक गुण कहिलेदेखि विकास हुन्छन् ?

(अ) विवाहपछि (आ) बाल्यावस्थादेखि

(इ) युवावस्थादेखि (ई) जन्मदेखि

(ख) समाजमा योग्य नागरिक हुनाका लागि मानिस कस्ता कुरासँग परिचित हुनुपर्छ ?

(अ) नैतिक चरित्र र मधुर वाणी (आ) सामाजिक मूल्य र आदर्श

(इ) मानसिक वृद्धि र विकास (ई) आपसी मेलमिलाप र सहयोग

(ग) सामाजिकीकरणबाट बालबालिकाको कस्तो क्षमता विकास गर्न सहयोग पुग्छ ?

(अ) शारीरिक विकास (आ) व्यक्तित्व विकास

(इ) आर्थिक विकास (ई) संवेगात्मक विकास

(घ) मानिस कस्तो प्राणी हो ?

(अ) सामाजिक (आ) राजनीतिक

(इ) शिक्षित (ई) भावनात्मक

२. **सामाजिकीकरणबाट व्यक्तिलाई कस्ता फाइदा पुग्छन्, सुनाइ पाठ १५ का आधारमा भन्नुहोस् ।**

## *भाषिक संरचना र वर्णविन्यास*

१. **दिइएको अनुच्छेदबाट व्याकरणिक र आलङ्कारिक पदक्रम भएका वाक्य छुट्याएर लेख्नुहोस् :**

काला बादलले नपाएको दुख पाउने गरी फस्यो रने नराम्रोसँग । श्रीमतीले ढिकीच्याउँको कुरा नभनेको भए पनि हुन्थ्यो । रने नरिसाएको भए पनि हुन्थ्यो । रनेले ढिकीच्याउँ किरालाई नमारेको भए पनि हुन्थ्यो । नखाएको विष लाग्यो धनेका जिन्दगीमा । कोही पनि नपरोस् यस्तो परिबन्दमा बरै !

२. **दिइएको अनुच्छेदलाई आलङ्कारिक पदक्रममा बदल्नुहोस् :**

बालक परेवाको हुलनिर पुग्यो । सेता परेवा भुर्र उडे । बालक पनि सेता परेवासँग भुर्र उड्न खोज्यो । परेवा परको रूखमा गएर बसे । बालकले परेवालाई हेर्‍यो । परेवा माकुरघुर गरी कराए । परेवाले बालकलाई बाइ बाइ भने होलान् । बालकले हात उठाएर परेवालाई बोलाएको इसारा गर्‍यो । परेवाले भोलि आउँला है भने ।

३. **'गाउँमाथि एउटा कविता' कविताबाट कुनै तीनओटा आलङ्कारिक पदक्रमका वाक्य टिपी तिनलाई व्याकरणिक पदक्रममा रूपान्तरण गर्नुहोस् ।**

४. **दिइएको उदाहरणलाई आधार मानी ङ, ञ, ण, न, म जस्ता पञ्चम वर्ण र शिरबिन्दु प्रयोग भएका चार चारओटा शब्द लेख्नुहोस् र तिनको शुद्ध उच्चारण**

**गर्नुहोस् :**

(क) क, ख, ग, घ वर्णको अगि ङ आउने शब्द, जस्तै : मङ्गल, ....................

(ख) च, छ, ज, झ वर्णको अगि ञ आउने शब्द, जस्तै : व्यञ्जन, ..................

(ग) ट, ठ, ड, ढ वर्णको अगि ण आउने शब्द, जस्तै : पण्डित, .....................

(घ) त, थ, द, ध वर्णको अगि न आउने शब्द, जस्तै : सन्तोष, ......................

(ङ) प, फ, ब, भ वर्णको अगि म आउने शब्द, जस्तै : स्तम्भ, ...........................

(च) य, र, ल, व, श, ष, स, ह, ज्ञ अगि शिरबिन्दु आउने शब्द, जस्तै : संरक्षण,.....

५. **'गाउँमाथि एउटा कविता' कविताबाट पञ्चम वर्ण प्रयोग भएका शब्द टिपोट गर्नुहोस् ।**

६. **दिइएको अनुच्छेदलाई शिरबिन्दु प्रयोग भएका ठाउँमा पञ्चम वर्ण (ङ्, ञ्, ण्, न्, म्) र पञ्चम वर्ण प्रयोग भएका ठाउँमा शिरबिन्दु बनाएर शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :**

पंकज, शंकर, संजय, संचित, कंटकनाथ, पंडित, संतोष, पंफा, खेलकुद प्रतियोगिताबारे छलफल गर्दै थिए । त्यसै वेला सम्योग, सम्रचना, सम्लग्न, सम्शय, संहिता आए । उनीहरूले सम्वाद गर्न थाले ।

## *सिर्जना र परियोजना कार्य*

१. **'मानव' शीर्षकमा एउटा कविता रचना गर्नुहोस् ।**

२. **पुस्तकालयबाट एउटा बाल कविता खोजी त्यसको मूलभाव कक्षामा प्रस्तुत गर्नुहोस् ।**

पाठ १६

# आयाम

*बिना थिङ*



सहरको त्यो व्यस्त चोकको मध्यभागको दृश्य मेरो कार्यालयको झ्यालबाट लगभग पुरै देख्न सकिन्थ्यो । त्यहाँबाट अनेक रङ, अनेक आकृति मात्र होइन, थरी थरीका गतिविधिसमेत मेरा आँखामा वेला वेला ठोक्किन आइपुग्थे । कुनै दृश्य निकै लोभलाग्दा हुन्थे त कुनै दृश्य बिछट्टै पट्यारलाग्दा ! कम्प्युटरको स्क्रिनलाई छलेर वेला वेला मेरा चञ्चले आँखा झ्यालतिर हुत्तिन्थे । मलाई थाहा थियो ! आजभोलि मलाई मेरा आँखा निकै लोभी हुन थालेका छन् ।

मेरा लोभी आँखाले कोठाको भित्तामा टाँगिएको वृत्ताकार घडी हेरे । त्यहाँ हरियो पृष्ठभूमिमा सेता सुई आआफ्नै लयमा सामूहिक नृत्यमा मस्त थिए । घडीका सुईको त्यो नीरस नाचले न त मेरो मनमा कुनै तरङ्ग ल्यायो न त कुनै उमङ्ग नै । हृदयमा कसैले मेरो बोझिलो दैनिकीको सुन्दर तर हलुङ्गो फूलको बुकी राखिदिए जस्तो मात्र आभास भयो ।

'शुभकामना, याङ्जी ! आज तिम्रो जन्मदिन । भरे साँझको भान्छा केही विशेष बनाउँछु । छिट्टै घर आऊ है !' घरबाट निस्कँदानिस्कँदै आमाले भन्नुभएको थियो ।

आमा हुनुहुन्थ्यो करिब ४९ वर्षकी बाटुलो मुखाकृतिकी । उहाँको अनुहारमा चिउँडाको चुच्चो कतै हराए जस्तै देखिन्थ्यो । गोलै जोर आँखाको बिचमा डल्लो आकारको नाक थपक्क बसेको थियो । सेतो चिमालो फूलको रङ झैँ लाग्ने नरम छाला जिउभरि ओढेकी । भाग्यलाई आमन्त्रित गरिएको हो कि झैँ लाग्ने सिनित्त परेको निधार । आँखाका चेप भने केही असजिलोसँग खुम्चिएका छन् र हाँस्दा ती अझै खुम्चन्छन् । उमेरभन्दा निकै ढिला

आभास : भान, झझल्को

सिनित्त : केही नरहने गरी हटाइएको, समाप्त गरिएको

हिँडिरहेको जस्ता देखिने छोटा छोटा, मोटा मोटा र पुटुक्कका हातगोडा ।

घरमा आमा र म मात्रै थियौँ । आमा र म दुवै जागिरे थियौँ । म निजी कार्यालयमा काम गर्थें भने आमा सरकारी कार्यालयमा । म बिहान आठ बजे निस्कन्थेँ; आमा नौ बजे निस्कनुहुन्थ्यो । पदको प्रकृति र कदका दृष्टिले मेरोभन्दा अलिक होलो थियो उहाँको जागिर । म बिहानको चियाखाजा बनाउँथेँ; साँझको खाना आमा तयार पार्नुहुन्थ्यो । भान्छा, बरन्डा, आँगन, बगैँचामा मेरोभन्दा बेसी आमाका हात चल्थे ।

"कति चल्छ्यौ कमलकी आमा तिमी ? याङ्जीलाई पनि अह्राऊ न ! यसो घरधन्दा, बारीमा याङ्जीलाई सघाउन भन !" आमाको हैरानी र धपेडी देखेर हुनुपर्छ । छिमेकी काकी आमालाई यसो भन्नुहुन्थ्यो ।

"म अहिल्यै बुढी भइसकेँ भन्ने ठानेको ? यति काम गर्न सक्दिनँ सोचेछ । हातगोडा तगडै छन् । याङ्जीलाई कामको धपेडी छ । म कामबाट अलिक छिटो आइपुग्छु । मलाई फुर्सद भएरै गरेकी हुँ ।" यसो भन्दाभन्दै मानौँ आमाका अनुहारमा बाबर पाक्थ्यो । यसो भनेर आमा अनुहारमा बाबर पकाउनुहुन्थ्यो । सेतो, फराकिलो, नरम र स्वादिलो बाबर ।

आमाको अनुहार जस्तै हृदय पनि उज्यालो थियो । मैले आमालाई अँधेरो रङमा कहिल्यै देखिनँ । अपवादमा एक पटक बाहेक । सायद एउटा विषादपूर्ण समय थियो त्यो । त्यस यता आमा पर परसम्म फैलिएको निलो आकाश झैँ सफा र शान्त देखिनुहुन्थ्यो । आमालाई देख्दा मेरो हृदयको क्षोभ एक एक गरेर मरेर जान्थ्यो । आमा मेरो उत्प्रेरणाको केन्द्रबिन्दु हुनुहुन्थ्यो ।

पहिले म बढारकुढार, सरसफाइ र पकाइतुल्याइ मात्र गर्ने एकदम घरेलु महिला थिएँ । मैले गर्ने काम त्यति नै थिए । दराजमा स्नातक तहको प्रमाणपत्र सुरक्षित राखेकी थिएँ । दराजबाट ती प्रमाणपत्र झिकेर दरखास्त हाल्न मलाई आमाले नै उत्प्रेरित गर्नुभएको थियो ।

त्यस वेला म २५ वर्षकी युवती थिएँ तर मेरो दैनिकीबाट भने आमा आत्तिनुभएको थियो । मेरा लागि हताश समय थियो त्यो । त्यो उमेरमा पनि म साथीसँगीबाट टाढा, आफन्तबाट टाढा र छिमेकीबाट पनि टाढा । त्यतिमात्रै कहाँ हो र ? म आफैँबाट पनि टाढा थिएँ । कौसीमा घन्टौँ अडिन सक्थेँ । घामको आकार हेरेर, क्षितिजको रङ हेरेर नियालेर घन्टौँ हराउन सक्थेँ । सीमित दायराभित्र थियो मेरो असीमित एकाकीपन । सायद मेरो यही

धपेडी : काम वा अत्यधिक परिश्रमबाट हुने थकान

क्षितिज : पृथ्वी र आकाश जोडिएको जस्तो देखिने स्थान

स्वभाव नै आमाको टाउको दुखाइको विषय बनेको थियो ।

"तिमीले अब जागिर वा व्यवसाय गर्नुपर्छ याङ्जी, यसरी घोत्लिएर हुँदैन ।" आमाले मेरो हातै समाएर भन्नुभएको थियो; नरमसँग र मायालु स्वरमा !

आमा मलाई कतै कुनै काममा व्यस्त राख्न चाहनुहुन्थ्यो । उहाँको हातमा पत्रिका थियो । त्यसको तेस्रो पृष्ठको पुछारमा जागिरका लागि दरखास्त आह्वान गरिएको थियो । घरेलु कामदार व्यवस्थापनको कार्यालयमा सहायक व्यवस्थापक पदको विज्ञापन रहेछ त्यो ।

"त्यहाँ विभिन्न मानिस आउँछन्, कामको खोजीमा । मान्छे घर घरमा काम खोज्न हिँड्दैनन् अचेल । यस्तै कार्यालयबाट सम्पर्क गर्ने हो । जस्तो कि हाम्रो घरमा काम गर्ने मान्छे राख्नु छ भने हामीले त्यस्तो कार्यालयमा सम्पर्क गर्नुपर्छ। उनीहरूले समय, सेवा सुविधाअनुसारको मान्छे पठाइदिन्छन् । त्यसबापत कमिसन लिन्छन् ।" आमाले त्यस कार्यालयको कामको प्रकृति र जिम्मेवारीबारे बुझाउनुभएको थियो । त्यसपछि निकै विश्वस्त भएर मलाई कामका लागि निवेदन लेख्न भन्नुभएको थियो ।

... ... ... दुई वर्षअगि

कार्यालय रहेको भवन चोकको दाहिने मोडमै थियो । जम्माजम्मी चार तलाको खरानी रङको भवन थियो त्यो । जागिरका लागि निवेदन र प्रमाणपत्र बोकेर म दोस्रो तलाको एउटा कोठामा पुगेँ । मूल ढोकाबाट प्रवेश गर्नेबित्तिकै प्रतीक्षा कक्ष थियो । त्यससँगै अरू तीनओटा कोठा थिए ।

त्यस दिन मैले हरियो रङको कुर्थासलवार लगाएकी थिएँ । कपालको जुरो फुकाएकी थिएँ । अगाडिको स्यागी कपाललाई अनुहारमा छरिन दिएकी थिएँ । यो शैलीले मेरो चेप्टो अनुहार लाम्चो देखिन्थ्यो । म आफूलाई विश्वस्त देखाउन चाहन्थेँ ।

"के म भित्र आउन सक्छु सर ?" मैले सक्दो नरम आवाजमा अनुमति मागेँ ।

सुरज कुमार, प्रमुख व्यवस्थापक ।

ढोका अलिकति घचेडेँ ।

"आउनुहोस् !" भित्रबाट भद्र आवाज आयो । म भित्र पसेँ ।

निलो रङका भित्ता छन् ! पूर्वपट्टिको भित्तामा चकलेटी खापा भएको झ्याल छ र त्यसले बैजनी तर पारदर्शी पर्दा ओढेको छ । उत्तरपट्टिको भित्तामा घडी छ र त्यस घडीको

देब्रेतर्फ मनमोहक चित्र टाँगिएका छन् । त्यहाँ भएका झरना, ढुङ्गा, घाँस आदिका चित्र निकै कलात्मक थिए । तिनै चित्रको ठिक मुनि खरानी रङको पाइन्ट र निलो चेक सर्टमा सजिएका भेटिए व्यवस्थापक । भर्खरै अमिलो पसाउन लागेका भोगटे जस्तै पुक्क परेका उनका गाला । उनका चिम्सा आँखा भने गहिरो खाडलभित्र पसेका जस्ता देखिन्थे । उनको बडेमाका निधार र दुई हातले एकसाथ सोहोरेर पछाडि हुत्याए जस्तो शैलीको कालो कपाल छ । मध्यम आकारको दुई फक्लेटा परेको चिउँडो छ र कोदाको पिठो जस्तो अनुहारको छालाको रङ छ ।

"कमल पनि यस्तै शैलीमा कपाल राख्थ्यो । चिउँडाको बुनोट र आँखाका आकार लगभग मिल्दा रहेछन् ।" क्षणभरलाई म एकोहोरिएछु ।

"बस्नुहोस् !" म उभिएको देखेर व्यवस्थापकले अनुरोध गरे ।

धन्यवाद !

नाम ?

याङ्जी ।

बसाइ ?

सल्लेरीटार ।

हामीबिच करिब १५ मिनेट संवाद भयो । त्यसै दिन थाहा भयो, सुरज सञ्चालक पनि हुन् र व्यवस्थापक पनि । भोलिपल्टदेखि मैले सहव्यवस्थापकको जिम्मेवारी सम्हाल्ने भएँ । मैले अनुहारमा जति सक्दो गुलाफ फुलाएँ ।

अब मेरो दिनचर्याको अनुहार बदलियो । मेरो दैनिकी छाँटियो । बिहानको नास्ता गरेर म कार्यालय निस्कन्थेँ । पकाउने काम पूर्णतया आमाको भागमा पऱ्यो । म कामबाट फर्किंदा साँझ अबेर हुन्थ्यो । शरद र शिशिरका दिनमा रात नै पर्थ्यो । कार्यालयमा सुरज सर, भाइ, मलगायत अन्य कर्मचारी थियौँ । त्यो भाइले कार्यालयको ढोका खोल्थ्यो, कोठा सफा गर्थ्यो, पानी तताउँथ्यो ।

कार्यालयमा घरेलु कामका लागि मानिस सम्पर्कमा आउँथे । म तिनीहरूको व्यक्तिगत विवरण लिन्थेँ । कम्प्युटरमा डाटा राख्थेँ, डकुमेन्ट बनाउँथेँ र सुरज सरलाई जानकारी गराउँथेँ । सहरमा कामदारको माग बढ्दै गएको थियो भने विश्वासिलो कामदारको आपूर्ति हाम्रो जिम्मेवारी थियो । सुरज सर यस विषयमा एकदम सचेत हुनुहुन्थ्यो । कामदारको

माग गर्ने घरधनीका बारेमा उत्तिकै सचेत र गम्भीर पनि ।

एक पटक एक जना महिला कामको खोजीमा कार्यालयमा आएकी थिइन् । निलो ओठ भएकी, कपाल घुमुर्किएर काँधमै हराएको जस्तो र कचौरा जस्तै कान एकदमसँग खुम्चिएका । शरीरको छाला चुन जस्तो निक्खर सेतो र फुस्रो देखिन्थ्यो । गहिरो तलाउ जस्ता हरिया आँखा थिए । गालाका हाड घोच्लान् जस्ता पटुस्स उक्सिएका ।

"तपाईँको नाम ?"

"शन्तमाया ।" दुई हात जोडेर नमस्कार भावमा जबाफ दिइन् ।

"यहाँ कसले भनेर आउनुभएको ?"

"सुनमायाले भनेकी, मेरी साथी । पहिले हामीसँगै ज्यामी काम गरेका । उसले राम्रो घरभित्र काम गारेको मोइले थाहा पायो । त्यस्तै घर पायो भने मो नि गार्छु । बाहिर ता डार लाग्छ, घामको, पानीको, ठेक्दारको । उसैले ता हो यता जाऊ भानेको । जासारी भाए नि मोलाई काम मिलाइदिनु मिस ।" पात जसरी हल्लिरहेको थियो शन्तमायाको शरीर ।

शन्तमाया २३ वर्षको हुँदा उनको श्रीमान् बितेका रहेछन् । श्रीमान् बितेको १३ दिनदेखि ज्यामी काममा हिँडेकी रहिछिन् । उफ् कठैबरा ! उनी शारीरिक रूपले अत्यन्तै कमजोर देखिन्थिन् ।

मैले शन्तमायाको व्यक्तिगत विवरण बनाएँ ।

नाम : शन्तमाया तामाङ

उमेर : ३० वर्ष

सन्तान : एक छोरा, एक छोरी

ठेगाना : भोर्ले गाउँपालिका, ३

एक हप्तापछि शन्तमायाले काम गर्न थालिन् । उनले काम गर्ने घर सेवानिवृत्त डाक्टर दम्पतीको थियो । घरमा दम्पती मात्रै थिए । दुई भाइ छोरा देशबाहिर गएका थिए । फराकिलो कम्पाउन्ड र बगैँचा । साढे दुईतले घर । ती दम्पतीलाई घर व्यवस्थापनमा सकस थियो । बगैँचामा चल्ने मिहिनेती हातको खाँचो थियो । भान्छामा, बाथरुममा, कौसीमा जतातनै चल्ने छरिता पैतालाको आवश्यकता थियो । समग्रमा इमानदारिताका

सकस : सास्ती, दुःख

साथ काम गरिदिने कामदारको आवश्यकता थियो । हाम्रो अफिसमा दम्पती नै आएका थिए । उनीहरूले महिला कामदारलाई प्राथमिकता दिएका थिए । शन्तमायाको व्यक्तिगत विवरण हेरेर उनीहरू खुसी भएका थिए । शन्तमायाले बिहान सात बजेदेखि साँझ पाँच बजेसम्म त्यही घरमा काम गर्न थालेकी थिइन् । उनी पनि डाक्टर दम्पतीले उपलब्ध गराएको पारिश्रमिकमा खुसी थिइन् । त्यसमाथि पनि चाडबाडमा थप रकम र कपडा पाउन थालिन् शन्तमायाले ।

एक पटक शन्तमाया हाम्रो कार्यालयमा आएकी थिइन् । उनको अनुहारमा चिल्लोपन बढेको थियो । शरीरमा हेर्नु हुने गरी मासु पसेको थियो । गालाका हाड पुरिन लागेका थिए । निधारमा बडेमाको कालो मखमली टीका लगाएकी थिइन् ।

“याङ्जी तिमीलाई हरियो कुर्था र टीका खुब सुहाउँछ ।” कुनै दिन सुरज सरले भनेका थिए ।

त्यस दिन मैले आफूलाई निकै हलुका महसुस गरेकी थिएँ । जीवनमा सानो घटनाले पनि अथाह खुसी दिन सक्दोरहेछ । मैले त्यस दिन आभास गरेकी थिएँ ।

“अहो ! तपाईं त झन् राम्री देखिनु भएछ ।” मैले जिस्कँदै भनेँ ।

शन्तमाया थोरै लजाइन् । ओढिरहेको पछ्यौराको छेउ गाँठो पार्न थालिन् ।

“मोइले ब्या गारेँ मिस । उसले मोलाई धेरै माया गार्छ । मो काम गार्ने घरमै ड्राइभर काम गार्छ ।” शन्तमायाले आधा घण्टामा वर्ष दिनको घटना अगाडि पछाडि गरेर सुनाइन् ।

खुसी हुनुको कारण अर्को पनि थियो । डाक्टर दम्पतीका ड्राइभर रहेछन्, नुवाकोटका सानु तामाङ । उनी ४१ वर्षका रहेछन् । सानु तामाङकी श्रीमती तीन वर्षअगि बितेकी रहिछन् । दुई छोरीका बाउ सानुसँग शन्तमायाले बिहे गरिछिन् । व्याकरण नमिले पनि शन्तमायाको प्रस्तुतिमा लय मिलेको थियो, जीवनको लय । एक्लो हुँदाको अनुभव, हैरानी र अभावका छन्द भङ्गका बिच अहिलेसँगै हुँदाको अनुभवको सुरिलो लय । सानुसँगको संसर्गले दिएको चिरन्तन खुसी । कहिलेकाहीँ हुने खटपटले दिएको क्षणिक पीडा । कहिले स्वादिलो छेडखानी त कहिले गहिरो मायापिरती । यस्तै यस्तै .... ।

पारिश्रमिक : परिश्रम वा कुनै काम गरेबापत दिइने धन, ज्याला
अथाह : धेरै, अगाध
चिरन्तन : प्राचीन कालदेखिको, पुरातन

पुसको महिना, घाम दिउँसो मात्र क्षितिजमा झुत्ती खेल्न पुग्छ । साँझ हुँदा नहुँदै झमक्क रात पर्छ । कार्यालयको भित्तामा समय लगातार उकालो उक्लिरहेको थियो । अगिपछि त्यो उक्लेर पाँचमा पुग्दा पनि मलाई हतारो लाग्दैन थियो तर आज चार बजेर पन्ध्र मिनेट हुँदा म अधैर्य भएँ । म जुरुक्क उठेँ । सुरज सरको कोठाको ढोका ठेलेँ ।

"याङ्जी, डिनरमा जाने होइन ?" सुरज सरले हाँस्दै सोधे ।

"उम ।" मैले टाउको हल्लाएँ । दुई पटक चिउँडाले छाती छोउँला झैँ गरी । म सुरज सरको टेबलअगाडि ठिङ्ग उभिएकी थिएँ ।

"तिमीले आज आमालाई भनिनौ ? साँझ बाहिर खाना खाएर आउँछु भनेर ।" यो प्रश्न सोधिरहँदा सुरज सरको अनुहारमा हैरानी देखिन्थ्यो ।

"वर्ष दिन भइसक्यो । तिमीले अब खुलस्तसँग आमालाई भन्नुपर्छ । हाम्रो सम्बन्धलाई निकास त दिनैपर्छ ।"

पछिल्लो दुई महिनादेखि सुरज सर लगातार यसै भनिरहेका थिए तर मेरो मनमा आतङ्कको तुवाँलो मडारिरहेको थियो । आमाले कति विश्वासले जागिर खान पठाउनुभएको छ । म भने सुरजसँग प्रेममा छु । आमालाई कसरी भन्ने यस्तो कुरा ? भनिहालेँ भने के सोच्नुहोला ? कसरी सामना गर्ने त्यो परिस्थितिको ? यही रिले सोचाइले मेरो टाउको रिङ्गाइरहेको थियो ।

"आज भन्छु । जसरी पनि ।" मैले छोटोमा उत्तर दिएँ । सुरजको अनुहारमा गुलाफी रङ छरियो ।

सुरज र म नजिकैको रेस्टुराँमा खाना खाएर फर्कियौँ ।

घर पुग्दा रातको साढे आठ बज्यो । बरन्डामा स्कुटी पार्क गरेँ र घरभित्र पसेँ ।

आमा बैठक कोठामा हुनुहुन्थ्यो । उहाँको हातमा टिभीको रिमोट थियो । दाहिने हातको बुढीऔँलाले किचिक्किचिक पारेर रिमोट थिचिरहनुभएको देखेँ । म एक पटक फिस्स हाँसेँ तर आमा एक पटक अलिकति पनि हाँस्नुभएन । म सरासर सुत्ने कोठामा पसेँ । कपडा परिवर्तन गरेँ, बाथरुम पसेँ र हातमुख धोएर निस्किएँ । आमाको हातको औँलो अझै टिभी रिमोट थिच्न व्यस्त थियो ।

“आमा, रिसाउनुभयो ? आज साथीहरूले साह्रै कर गरे । उनीहरूसँगै बाहिरै जन्मदिन मनाउन बाध्य भएँ, क्षमा गर्नुहोला !” रिमोट समाइरहेको आमाको हात च्याप्प समाएर मैले भनेँ ।

“तिम्रो जन्मदिन भनेर मैले मिहिनेतले भान्छा तयार गरेँ । आज मात्रै होइन तिमीले धेरै पटक यस्तो गरिसक्यौ ।” आमाका आँखाका परेला पर्लकपर्लक भए । आँसुका ससाना ढिक्का देखिए ।

“आमा, मैले निकै दिनदेखि तपाईंसँग झुट बोलिरहेँ । साँच्चै भन्नुपर्दा म प्रेममा छु, कसैसँग । आज ऊसँगै खाना खाएर फर्किएकी हुँ । ऊ मसँग बिहे गर्न चाहन्छ ।” मैले एकै सासमा भनेँ । भएभरको साहस बटुलेर ।

आँखाहरू भने लज्जाबोध गर्दै भुइँमा झरिहाले । आमाको अनुहार कस्तो देखियो ? मैले हेर्नै सकिनँ । अब आमाले के भन्नुहुन्छ ? मेरो उकुसमुकुस बढेर आयो । निकासका लागि मेरा आँखा बग्न थाले ।

आमाले हठात् मेरो हातबाट आफ्नो हात छुटाउनुभयो । रिमोट थिचेर टिभी बन्द गर्नुभयो । कोठामा हामी दुईको सुक्कँसुँक्क टड्कारो सुनियो । त्यसपछि कोठामा निकैबेर शून्यता छायो । बिस्तारै आमाले टाउको उठाउनुभयो । मेरो चिउँडो उचाल्नुभयो । आमाका आँखा भने एकाग्रताका साथ भित्तामा टाँसिएका थिए । भित्तामा हाँसिरहेको फोटो थियो कमलको ।

“याङ्जी, त्यो दुर्घटनामा कमल नबितेको भए तिमी मेरो बुहारी नै रहन्थ्यौ । अहिले तिमी मेरो छोरी हौ । म महसुस गर्न सक्छु एक्लो बाँच्न कति सकस हुन्छ भनेर । मैले कमलको बुबाबिना बिताएको यो १९ वर्षले बोध गराएको छ । म बुझ्छु तिम्रो मनस्थिति । तिमी ऊसँग भावी जीवन बिताउन तयार छ्यौ भने मैले रोक्ने कुरै छैन । तर, एउटा सर्त छ ।” आमाले अगिपछि भन्दा मसिनोसँग भन्नुभयो । निकैबेरसम्म मेरो टाउकामा आमाका हात सल्बलाइरहे ।

यो अप्रत्यासित परिस्थितिले म अवाक् भएँ ।

कमल मेरो अमूल्य रत्न थियो । जो मैले हेर्दा हेर्दै विलीन भएर गयो, सपना जस्तो । एक झमक निदाएर बिउँझदा मसँग कमल थिएन । उसको यादले मेरो छाती गह्रुङ्गो भएर आयो ।

त्यो दिन मेरो जीवनको सबैभन्दा भयानक दिन थियो । त्यो आँधिबेहरी र हुरी जस्तो समय। अचानक कताबाट चल्यो। मेरो सुन्दर संसार तहसनहस पाऱ्यो। कमल कार्यालयबाट फर्कँदा भएको त्यो मोटरसाइकल दुर्घटना । उफ् ! ऊसँग मैले छोटो समय व्यतीत गरेँ। छोटो समयमै गहिरो माया दिएर ऊ गयो। कमलको अनुपस्थितिले दिएको छटपटी असह्य थियो ।

निकैपछि मैले सुरजमा कता कता कमलको प्रतिछाया भेटेँ। सुरज मेरो प्यारो कमलको आभास लिएर जीवनमा आए। मभित्र कतै फेरि एक पटक बाँच्ने चाहना जागृत भएको छ।

"म सारा सर्त मान्छु आमा।" म भक्भकाएँ।

"तिमी दुई जना बिहेपछि पनि मसँगै बस्नुपर्छ। यो बुढेसकालमा आमालाई छाडेर जान पाउन्नौ।" आमाले मेरो चिउँडो उचाल्दै भन्नुभयो। उहाँका आँखा ओभाएका थिए।

खुसी घाँटीमा अड्किए जस्तो भयो। बोल्नै गाह्रो भयो। मैले आमालाई गम्ल्याङ्ङ अँगालो हालेँ। आमाको छातीबाट न्यानो प्रसार भएर मेरो भित्र हृदयमा पुग्यो। म निकै बेरसम्म अँगालोमै बेरिइरहेँ। मेरो हिक्क झन् झन् बढेर आयो।

आमासँगको मातृवात्सल्यको अभिनव आयाममा म प्रेमको महासागरमा डुबिरहेकी थिएँ।

अभिनव : नवीन, आलो

## शब्दभण्डार

१. **दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
| --- | --- |
| अपवाद | अति ठुलो |
| क्षोभ | दिक्दारी |
| लबज | निराश |
| बडेमा | नियमसँग नमिल्ने |
| हैरानी | असन्तोष |
| हताश | बोली |
| | स्वाभाविक |
| | आपत्तिजनक व्यवहार आदिबाट उत्पन्न हुने व्याकुलतासहितको रिस |

२. **दिइएका उखान टुक्काका अर्थबारे कक्षामा छलफल गर्नुहोस् । तीनओटा उखान र तीनओटा टुक्का प्रयोग गरी अनुच्छेद लेख्नुहोस् :**

अल्छीको ओठमा आहानको झुप्पा, आफू भलो त जगतै भलो, उचालेको कुकुरले मृग मार्दैन, एक हातले ताली बज्दैन, के निहुँ पाऊँ ? कनिका बुकाऊँ, शोक न सुर्ता भोक न भकारी, डाँडो काट्नु, झुत्ती खेल्नु, कानमा तेल हाल्नु, बलेको आगामा घिउ थप्नु, घाँटी हेरी हाड निल्नु, लङ्का हाँक्नु

३. **उदाहरण दिइए झैँ अनुच्छेदबाट समावेशक र समावेश्य शब्द पहिचान गरी लेख्नुहोस् :**
पाञ्चायन शर्माले सुनकोसी र तामाकोसीको सङ्गमस्थल खुर्कोटनजिक आफ्नै खेतमा फलफूल खेती गरेका छन् । उनले आँप, मेवा, कटहर, केरा, जुनार जस्ता फलफूलका बिरुवा लगाएका छन् । त्यससँगसँगै काउली, मुला, गाँजर, आलु आदि तरकारी र रायो, तोरी, चम्सुर, पालुङ्गाको साग पनि कलकलाउँदो बनाएका छन् । नेपालीको महान् चाड तिहारमा फूलको बढी माग हुने कारण सयपत्री,

मखमली, गोदावरी, बाबरी आदि फूल पनि प्रशस्त फुलाएका छन् । उनले यसैबाट पर्याप्त आर्यआर्जन गरी आफ्नो जीविकोपार्जन गरेका छन् ।

उदाहरण

| समावेशक | समावेश्य |
|---|---|
| फूल | सयपत्री, मखमली, लालीगुराँस, .... |

४. **'आयाम' कथामा तामाङ भाषाबाट प्रभावित शब्द आएका छन्, तिनलाई टिपेर नेपाली भाषाको मानक रूप लेख्नुहोस् ।**

५. **दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

तरङ्ग, आमन्त्रण, उत्प्रेरणा, बगैँचा, पारिश्रमिक, पारदर्शी, सम्पर्क, क्षीतिज, असीमित

## *बोध र अभिव्यक्ति*

१. **दिइएका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

अत्यन्तै, एकाकीपन, व्यवस्थापन, गह्रुङ्गो, उकुसमुकुस, असह्य, मातृवात्सल्य

२. **'आयाम' कथा पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) 'आयाम' कथाको प्रारम्भ र अन्त्य कुन कुन घटनाबाट भएको छ ?

(ख) 'खुसी हुनुको .... यस्तै यस्तै .... ।' अनुच्छेदको मुख्य घटना के हो ?

(ग) कथामा मुख्य र सहायक भूमिका भएका पात्रको नाम भन्नुहोस् ।

(घ) कथामा सहरी परिवेश झल्काउने कुरा के के हुन् ?

४. **'आयाम' कथाको 'निलो रङका .... रङ छ' कथांश मौन पठन गर्नुहोस् र हरेकले आफूलाई पढ्न लागेको समय शिक्षकलाई बताउनुहोस् ।**

५. **दिइएको कथांश पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

एक हप्तापछि शन्तमायाले काम गर्न थालिन् । उनले काम गर्ने घर सेवानिवृत्त डाक्टर

दम्पतीको थियो । घरमा दम्पती मात्रै थिए । दुई भाइ छोरा देशबाहिर गएका थिए । फराकिलो कम्पाउन्ड र बगैँचा । साढे दुईतले घर । ती दम्पतीलाई घर व्यवस्थापनमा सकस थियो । बगैँचामा चल्ने मिहिनेती हातको खाँचो थियो । भान्छामा, बाथरुममा, कौसीमा जताततै चल्ने छरिता पैतालाको आवश्यकता थियो । समग्रमा इमानदारिताका साथ काम गरिदिने कामदारको आवश्यकता थियो । हाम्रो अफिसमा दम्पती नै आएका थिए । उनीहरूले महिला कामदारलाई प्राथमिकता दिएका थिए । शन्तमायाको व्यक्तिगत विवरण हेरेर उनीहरू खुसी भएका थिए । शन्तमायाले बिहान सात बजेदेखि साँझ पाँच बजेसम्म त्यही घरमा काम गर्न थालेकी थिइन् । उनी पनि डाक्टर दम्पतीले उपलब्ध गराएको पारिश्रमिकमा खुसी थिइन् । त्यसमाथि पनि चाडबाडमा थप रकम र कपडा पाउन थालिन् शन्तमायाले ।

### प्रश्नहरू

(क) शन्तमायाले कसकामा काम गर्न थालिन् ?

(ख) डाक्टर दम्पतीले कस्तो कामदारको अपेक्षा गरेका थिए ?

(ग) शन्तमाया खुसी हुनुको कारण के थियो, तर्क गर्नुहोस् ।

(घ) 'मिहिनेती हात' भन्नुको आशय के हो ?

६. **कथामा सुरुदेखि अन्तिमसम्म कस्ता कस्ता घटना घटेका छन्, तिनलाई टिपोट गरी कथासार लेख्नुहोस् ।**

७. **'आयाम' कथाको 'आमा हुनुहुन्थ्यो .... हातगोडा' अनुच्छेदबाट चारओटा बोध प्रश्न निर्माण गरी तिनको उत्तरबारे साथीसँग छलफल गर्नुहोस् ।**

८. **दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) 'आयाम' कथाको मुख्य विषयवस्तु के हो ?

(ख) कथामा रहेका याङ्जी र शन्तमाया पात्रको चारित्रिक विशेषताको तुलना गर्नुहोस् ।

(ग) कथामा उल्लेख भएको सामाजिक परिवेशको वर्णन गर्नुहोस् ।

(घ) कथाबाट के सन्देश पाइन्छ, उल्लेख गर्नुहोस् ।

९. **सासु र बुहारीका रूपमा रहेका आमा र याङ्जीबिचको सम्बन्धलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ, 'आयाम' कथाका आधारमा लेख्नुहोस् ।**

१०. **व्याख्या गर्नुहोस् :**

(क) आमा मेरो उत्प्रेरणाको केन्द्रबिन्दु हुनुहुन्थ्यो ।

(ख) जीवनमा सानो घटनाले पनि अथाह खुसी दिन सक्दोरहेछ ।

११. **'आयाम' कथाका आधारमा याङ्जी र शन्तमायाले जीवनमा भोगेका सङ्घर्षको वर्णन गर्नुहोस् ।**

१२. **'आयाम' कथाले नेपाली समाजको कस्तो विषयवस्तु उठान गरेको छ ? तपाईँलाई त्यो कस्तो लाग्यो, चर्चा गर्नुहोस् ।**

१३. **दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

बालबालिकाका निम्ति लेखिएको र बालबालिकाद्वारा रचिएको साहित्य बालसाहित्य हो । बालसाहित्यको विषयवस्तु छनोट गर्दा बालकको उमेर, रुचि, आवश्यकता, मनोविज्ञान आदिलाई विशेष ध्यान दिनुपर्छ । बालबालिकामा घुमफिर, खेलकुद, संस्कृति, सहयोग, मायाममता, मेलमिलाप, सम्मान, पुरस्कारका प्रसङ्ग समेटिएका विषय तथा घटनाले कौतुहल सिर्जना गर्छ । बालपरिवेशका घटनाका रोचक प्रस्तुतिले बालबालिकालाई आफ्नै जीवन तथा क्रियाकलाप पढे जस्तो अनुभूति गराउँछ र मनोरञ्जन प्रदान गर्छ । विभिन्न विषयक्षेत्रसँग सम्बन्धित तथ्य समावेश भएका रचनाले बाल जिज्ञासाको समाधान गर्न सक्छ । बालसाहित्यले बालबालिकालाई सिर्जनात्मक क्षमता अभिवृद्धि गर्न मदत गर्छ । यसले बालबालिकामा आत्मविश्वासको भावना बढाउन, राष्ट्रप्रेमको भावना जागृत गराउन मदत गर्छ । विविध कला, संस्कृति, परम्परामा भएका विशिष्ट मूल्यमान्यता तथा लोकसंस्कृतिको हस्तान्तरण गर्न, शब्दभण्डार तथा भाषिक क्षमताको अभिवृद्धि गर्न सहयोग गर्छ । पाठ्यक्रमले निर्देश गरेका सिकाइ उपलब्धि हासिल गराउनका लागि सन्दर्भ सामग्रीका रूपमा पनि बालसाहित्यको उपयोग गर्न सकिन्छ । त्यसैले विद्यालयको पुस्तकालयमा बालसाहित्यका पुस्तक पर्याप्त मात्रामा हुनु जरुरी छ । सूचनाको ज्ञान तथा सिर्जन सिपको प्रवर्धन गर्दै बालबालिकामा अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्न बालसाहित्यको आवश्यकता पर्छ ।

(क) प्रश्नहरू

(क) बालसाहित्यको विषयवस्तु छनोट गर्दा के कुरामा ध्यान दिनुपर्छ ?

(ख) कस्ता विषयले बालबालिकामा कौतुहलता सिर्जना गर्छ ?

(ग) बालसाहित्यको आवश्यकता किन पर्छ ?

(घ) बालसाहित्यका विशेषता के के हुन ?

(ख) **भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :**

(अ) अनुच्छेदको पहिलो र दोस्रो वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् ।

(आ) अनुच्छेदको अन्तिम वाक्यलाई तीनओटा सरल वाक्यमा विश्लेषण गर्नुहोस् ।

(इ) अनुच्छेदबाट 'र' को फरक प्रयोग भेटिने दुईओटा शब्द टिपी तिनलाई अनुच्छेदको भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् ।

१४. **दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

आमाले एक्कासि छोरा सन्जयको क्रिकेटको ब्याट समाउनुभयो र रिसाउँदै भान्साकोठातिर हान्निनुभयो । आमाले त्यसरी ब्याट समाएको र भान्सातिर गएको देखेपछि सन्जयले आत्तिँदै सोध्यो, "आमा ! मेरो ब्याट किन भान्सामा लिएर जाँदै हुनुहुन्छ ?" आमाले सन्जयतिर हेर्दै नहेरी जबाफ दिनुभयो, "दाउरा सकियो आज यही ब्याट बालेर भात पकाउँछु ।" सन्जय आत्तियो र भन्न थाल्यो, आमा आज तपाईँलाई के भयो ? मेरो ब्याट किन बाल्ने नि ?" आमा फरक्क फर्केर सन्जयतिर हेर्दै भन्नुभयो, "तिमीहरूले हिजो क्रिकेट खेल्दा छिमेकीको घरको सिसा फुटायौ र होहल्ला पनि गर्‍यौ । खेल खेल्दा खुला चउरमा खेल्नुपर्छ । घर भएका ठाउँमा खेलेर होहल्ला गर्नुहुँदैन र कसैको सम्पत्तिको नाश गर्नुहुँदैन । तिमीले पनि मैले भनेको पटक्कै टेर्दैनौ ! अब म पनि तिमीलाई टेर्ने बनाउने तरिका खोज्दै छु । मेरो माग पूरा गर्छु अब ।" सन्जयले आमासँग माफी माग्दै भन्यो, "भो आमा म अब कसैलाई असर नपर्ने गरी खुला चउरमा खेल्छु र कसैको सम्पत्तिको नोक्सानी कहिल्यै गर्दिनँ ।" त्यसपछि आमाले ब्याट जहाँको त्यही ल्याएर राखिदिनुभयो ।

माथिको सन्दर्भको समस्या समाधान गर्ने शैलीभन्दा फरक तरिकाबाट एक जना आमा र अर्को एक जना छोरो बन्नुहोस् र संवादात्मक रूपमा कक्षामा प्रस्तुत गर्नुहोस् ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ १६ सुन्नुहोस् र दिइएका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक भन्नुहोस् :**

(क) भाषाको स्वाभाविक सुन्दरता, सशक्तता, साहित्यिक उच्चता र लेखकको योग्यताबाट शैलीको जन्म हुन्छ ।

(ख) साहित्यिक कृतिमा शैलीको महत्त्व हुँदैन ।

(ग) शैलीलाई वर्णनात्मक, आत्मकथनात्मक, हास्यमय, व्यङ्ग्यमय आदिमा विभाजन गरेको पाइन्छ ।

(घ) शैली सौन्दर्यबोधक तत्त्व पनि होइन ।

२. **सुनाइ पाठ १६ का आधारमा दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) शैली भनेको के हो ?

(ख) शैली कस्तो तत्त्व हो ?

(ग) शैलीका दुई प्रकार के के हुन् ?

(घ) शैलीको जन्म कसरी हुन्छ ?

## भाषिक संरचना र वर्णविन्यास

१. **दिइएका अंश पढ्नुहोस् र कक्षामा छलफल गर्नुहोस् :**

(क) सफल बिहानै उठेर शौचालय गई नित्यकर्म सकेर नास्ता लिई लेख्न बसेको देखेर उसकी आमा खुसी हुनुभयो ।

(ख) सफल बिहानै उठे । सफल शौचालय गए । सफलले नित्यकर्म गरे । सफलले नास्ता खाए । सफल लेख्न बसे । सफलकी आमाले देख्नुभयो । सफलकी आमा खुसी हुनुभयो ।

२. **दिइएको संश्लेषण र विश्लेषणसम्बन्धी अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

धेरै सरल वाक्य जोडेर एउटै छरितो वाक्य बनाउने कार्य वाक्य संश्लेषण हो । वाक्य विश्लेषण वाक्य संश्लेषणको ठिक विपरीत हुन्छ । यसमा जोडिएका वाक्य टुक्र्याइन्छ । वाक्य संश्लेषण र विश्लेषणको अभ्यासबाट कुनै पनि लेख रचनाका लागि उत्कृष्ट वाक्य बनाउन सकिन्छ । यसको अभ्यास गरिरहनुपर्छ । यस्तो बानीले भाषामा राम्रो नियन्त्रण रहन्छ । यसबाट थोरै शब्दमा आफ्ना भाव अभिव्यक्त गर्न सकिन्छ । लेखाइमा द्रुतता आउँछ । दुई वा सोभन्दा बढी सरल वाक्यलाई एक सरल, मिश्र वा संयुक्त वाक्यमा रूपान्तरण गर्ने यस्तो प्रक्रियामा भाषाका ज्ञानको आवश्यकता हुने वाक्यमा मुख्य क्रियाको चयन गर्नुपर्ने, पूर्वकालिक वा असमापिका क्रियाको चयन गर्नुपर्ने, विशेषण, नाम र क्रियापदावलीको निर्माण गर्नुपर्ने, आवश्यकताअनुसार उपसर्ग, प्रत्यय र समास विग्रहको प्रयोग गर्नुपर्ने अनि आवश्यकताअनुसार नयाँ शब्दको पनि प्रयोग गर्नुपर्ने हुन्छ ।

(क) अनुच्छेदको पहिलो वाक्यबाट दुईओटा वाक्य बनाउनुहोस् ।

(ख) अनुच्छेदको दोस्रो र तेस्रो वाक्य मिलाई एउटै वाक्य बनाउनुहोस् ।

(ग) अनुच्छेदको चौथो वाक्यबाट दुईओटा वाक्य बनाउनुहोस् ।

(घ) अनुच्छेदको पाँचौँ, छैटौँ र सातौँ वाक्यलाई मिलाई एउटै वाक्य बनाउनुहोस् ।

(ङ) यस अनुच्छेदको अन्तिम वाक्यबाट पाँचओटा वाक्य बनाउनुहोस् ।

३. **'आयाम' कथाको 'त्यो दिन .... थियो' अनुच्छेदबाट चारओटा सरल वाक्य टिपी तिनलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् ।**

४. **दिइएको कथांशबाट लेख्य चिह्न टिपी तिनको नाम लेख्नुहोस् । तिनको प्रयोग भिन्नताबारे कक्षामा छलफल गर्नुहोस् :**

"म अहिल्यै बुढी भइसकेँ भन्ने ठानेको ? यति काम गर्न सक्दिनँ सोचेछ । हातगोडा तगडै छन् । याङ्जीलाई कामको धपेडी छ । म कामबाट अलिक छिटो आइपुग्छु । मलाई फुर्सद भएरै गरेकी हुँ ।" यसो भन्दाभन्दै मानौँ आमाका अनुहारमा बाबर पाक्थ्यो । यसो भनेर आमा अनुहारमा बाबर पकाउनुहुन्थ्यो । सेतो, फराकिलो, नरम र स्वादिलो बाबर ।

५. **पूर्णविराम, अल्पविराम, अर्धविराम, प्रश्नवाचक, उद्गार, कोष्ठक, निर्देश, उद्धरण चिह्न, विकल्पबोधक चिह्नमध्ये कुनै पाँचओटा लेख्य चिह्नको प्रयोग गरी 'महिला सहभागिता' विषयमा एउटा अनुच्छेद रचना गर्नुहोस् ।**

६. **दिइएको अनुच्छेदबाट 'र' का विविध रूप प्रयोग भएका पद टिपी प्रयोगमा देखिने विविधताबारे छलफल गर्नुहोस् :**

दुर्गा, सूर्य, धर्म, पूर्ण र कर्ण मिली बडो हर्षपूर्वक बसमा चढी वनभोज गएछन् । बसलाई ट्रक र ट्रेनले बाटो छेकेछ । ट्रेनमा ड्रम रहेछन् । ट्रकमा ड्रामा देखाउने सामान पनि रहेछन् । त्यति वेला दुर्गाका प्रिय मान्छेले खद्दरको दौरा सुरुवाल लगाएर प्रगतिचोकमा रहेको सहिदको सालिकमा सहिदप्रति श्रद्धाञ्जलि चढाउँदै रहेछन् । त्यही वेला बाटामा कुन्नि कसको ऱ्यएली रहेछ । त्यहाँ मानिस ऱ्याप गाना गाउँदै खुब हल्लाखल्ला गर्दै थिए । वनभोज जाने टोली वनभोज स्थल पुग्दा दिउँसोको दुई बजेको थियो ।

७. **पाठबाट 'र' को फरक फरक रूप प्रयोग भएका कुनै पाँचओटा शब्द टिपोट गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

## *सिर्जना र परियोजना कार्य*

१. **तपाईँलाई मन परेको शीर्षकमा एउटा कथा लेख्नुहोस् ।**

२. **पुस्तकालयबाट कुनै एउटा कथा खोजेर ल्याउनुहोस् र कक्षामा सुनाउनुहोस् ।**

# सन्दुक रुइत



विश्वको मानचित्र पल्टाएर हेर्ने हो भने नेपाल भौगोलिक हिसाबले सानो देखिन्छ तर यहाँको कला, साहित्य र संस्कृति विशिष्ट छ। बाह्रै महिना हिउँ पर्ने उच्च हिमशृङ्खला, पहाड, तराई, मधेस र उपत्यका भूपरिवेष्टित देश नेपालका आफ्ना विशिष्टता हुन् । यही विशिष्टता बोकेको नेपाली माटामा समय समयमा महान् व्यक्ति जन्मेका छन् । तिनले नेपाल र नेपालीको गौरवलाई विश्वसामु चिनाएका छन् । तीमध्ये सन्दुक रुइत एक हुन् । उनको जन्म वि. सं. २०११ भदौ १९ गतेका दिन ताप्लेजुङ जिल्लाको ओलाङ्चुङगोलामा भएको थियो। पिता सोनाम रुइत र माता केसाङ रुइतबाट जन्मिएका सन्दुक रुइतको नाम बौद्ध परम्पराअनुसार लामाले राखिदिएका थिए। सन्दुकको अर्थ आकाशमा गड्याङगुडुङ गराउने सर्प हो, जसले धर्तीमा पानी पार्छ र पृथ्वीलाई हराभरा बनाउँछ। रुइत उनको थर हो । उनका पुर्खा पाँचछ सय वर्षअगि तिब्बतको रुतोक क्षेत्रबाट नेपालमा बसाइँ सरेका थिए । त्यही आधारमा उनको थर रुइत भएको हो । ताप्लेजुङ जिल्लाको सदरमुकामदेखि कम्तीमा चार दिन हिँडेपछि बल्ल पुगिने दुर्गम गाउँमा जन्मिएका सन्दुक रुइत आँखाका प्रख्यात डाक्टर हुन् । उनी विश्व विख्यात सरल र कम लागतमा मोतीबिन्दुको चिकित्सा पद्धति 'रुइतेक्टोमी' का सुरुआतकर्ता हुन् । यही चिकित्सा पद्धति अहिले नेपाली प्रविधिका रूपमा विश्वभर चर्चित छ । त्यति मात्र नभएर पछिल्लो समयमा अन्तरिक्षमा पत्ता लागेको उल्काको नामसमेत उनकै नामबाट नामकरण गरिएको छ । अहिले उनी धर्तीदेखि आकाशसम्म चर्चाको शिखरमा छन् ।

*मानचित्र : नक्सा, पृथ्वीका सम्पूर्ण महादेश तथा महासागरको चित्र*
*हिमशृङ्खला : हिमालय पर्वतका पङ्क्ति, हिमालयका श्रेणी*
*भूपरिवेष्टित : चारैतिर अरू देशको भूभागबाट घेरिएको वा समुद्री मार्ग नभएको*
*मोतीबिन्दु : आँखाको नानीमा जालो पर्ने एक रोग, मोतिया बिन्दु*
*रुइतेक्टोमी : सन्दुक रुइतले पत्ता लगाएको आँखाको उपचारसम्बन्धी विशेष प्रविधि*
*अन्तरिक्ष : पृथ्वीको वा अन्य ग्रहको वा नक्षत्रको गुरुत्वाकर्षण शक्तिभन्दा बाहिरको क्षेत्र*

ओलाङचुङगोलाको सुन्दर प्रकृतिको काखमा उनको बाल्यकाल बित्यो । चीनसँग सिमाना जोडिएको ओलाङचुङगोला तमोर नदीको सिरानमा पर्छ तर उनको घर भने अलि खोचमा थियो । त्यही होचो ठाउँबाट उनी प्रत्येक बिहान डाँडापाखामा रातै फुलेका गुराँसका फूल हेरेर मुग्ध हुन्थे र सेताम्मे देखिने हिमाल हेरेर रमाउँथे । उनको बाल्यकाल असाध्यै रमाइलो र लोभलाग्दो थियो ।

दुर्गम भूगोल र अविकसित क्षेत्र भए पनि रुइत मध्यम वर्गीय व्यापारिक घरानामा जन्मिएका थिए । गुम्बामा सामान्य लेखपढ गरेका बुबा सोनाम ओलाङचुङगोलाका स्थानीय व्यापारी थिए । उनका बुबा सोनाम नेपाल तिब्बतबिच नुन, चामल, उन र खाद्यान्न व्यापार गर्थे । पिता सोनाम आफ्ना सन्तान शिक्षित भएको हेर्न चाहन्थे तर नजिकमा कहीँ कतै विद्यालय थिएनन् तापनि छोरालाई पढाउने सोनामको सपनालाई दुर्गम भूगोलले छेक्न सकेन । उनले आफ्नो सात वर्षको छोरा सन्दुकलाई दार्जिलिङ लगेर भए पनि पढाउने निधो गरे । शिक्षाप्रति राम्रो सुझबुझ भएका सोनामले छोरा सन्दुकलाई पढाउन भनेर भारतको दार्जिलिङ पढाउने सुर कसे । ओलाङचुङगोलाबाट दार्जिलिङ पुग्न १५ दिनको पैदल यात्रा पार गर्नुपर्थ्यो । उनकी आमा आफ्नो सानो छोरालाई त्यति टाढा बिरानो ठाउँमा पठाउन चाहन्नथिन् । सन्दुक पनि आफ्नी आमाको न्यानो काखमा रमाएर बाल्यकाल बिताउन चाहन्थे तर बुबाको योजना अगाडि आमाछोराको केही लागेन । हिँड्ने वेला सन्दुककी आमा खुब रोइन् । सन्दुक पनि आमाको पाङ्देन समातेर घुँक्कघुँक्क गरिरहे तर पनि आमाको स्नेह र ममताले भरिएको साथ छाडेर बुबाको हातको औँलो समाती उनी विद्यालय जान तयार भए । अहिले जस्तो ठाउँ ठाउँमा त्यो वेला होटल थिएनन्, गाडी पनि थिएनन् । पैदल हिँड्दै र ओडारमा बास बस्दै १५ दिनपछि उनी दार्जिलिङ पुगे ।

बाल्यकालमा सन्दुक निकै चञ्चले स्वभावका थिए तर त्यहाँको बसाइले उनको जीवन सङ्घर्षशील बन्न पुग्यो । उनी जन्मेदेखि कहिल्यै लामो यात्रामा निस्किएका थिएनन् । त्यसैले घरबाट धेरै टाढा आफन्त कोही नभएका ठाउँमा बस्नुपर्दा उनलाई निकै नरमाइलो लाग्यो । उनले अनेक पीडा र अभावको सामना पनि गर्नुपर्‍यो । त्यहाँ बस्दा संसारमा आफू एक्लो भएको र आफन्तजति सबै सकिएका हुन् कि जस्तो महसुस गरे । वर्षमा दुईपल्ट १५/१५ दिनका लागि विद्यालयमा बिदा त हुन्थ्यो तर घरमा आउन १५/१६ दिन

खोच : दुई पहाडका बिचको गहिरो र साँघुरो ठाउँ

ओडार : पहाडको पाखा भित्तामा मानिस वा अन्य जीवजन्तु बस्न हुने किसिमले बनेको खोपो आकारको खाली ठाउँ, गुफा

*सङ्घर्षशील : सङ्घर्षमा लागेको, सङ्घर्षमै जीवन बिताएको, सङ्घर्षै सङ्घर्षले भरिएको*

लाग्ने हुनाले चारपाँच वर्षसम्म उनको घर परिवारसँग सम्पर्क हुन सकेन । अहिले जस्तो सञ्चारको सुविधा पनि त्यो समयमा थिएन । वर्ष दिनमा एकपल्ट उनलाई भेट्न पुग्ने बुबासँगै आमाले पठाइदिएका कोसेली पातको पोकामा सायद उनी आफ्नी आमाको अनुहार देख्थे । बुबालाई भेट्न पाउँदा उनको खुसीको कुनै सीमा हुँदैनथ्यो । जसरी भए पनि अनेक समस्या भोल्दै उनी दार्जिलिङको सेन्ट रोवर्टस स्कुलमा पढ्दै थिए । यसै वेला चीन र भारतबिच सीमा युद्ध भयो । युद्धसँगै त्यहाँका सबै विद्यालय बन्द भए अनि सन्दुक रुइत पनि नेपाल फर्के ।

सन्दुक अध्ययनशील तथा जिज्ञासु प्रवृत्तिका बालक थिए । त्यसैले उनका बुबाले काठमाडौँ ल्याए र सिद्धार्थ वनस्थली स्कुलमा भर्ना गरिदिए । यसै वेला सन्दुककी बहिनीको उपचार नपाएर क्षयरोगका कारण दुःखद निधन भयो । आफूभन्दा एक वर्ष मात्र कम उमेरकी बहिनीको निधनले उनलाई निकै भावुक बनायो । बहिनी याङ्ला सिकिस्त बिरामी हुँदा उनलाई बारम्बार दाइ तपाईँ राम्रो पढेर केही बन्नुपर्छ र त्यो खुबी तपाईँसँग छ भनी भन्ने गर्थिन् । बहिनीको दुःखद निधनपछि उनले अब म मेरी बहिनी जस्ता नेपाल आमाका लाखौँ बिरामीका लागि चिकित्सा शिक्षा पढेर केही गर्छु भनी सिद्धार्थ वनस्थली स्कुलबाटै वि. सं. २०२५ मा प्रवेशिका परीक्षा उत्तीर्ण गरी त्रिचन्द्र कलेजबाट आइएस्सी पूरा गरे । पारिवारिक सदस्यको बिछोडले उनको जीवनमा पीडामाथि पीडा थपिदियो तर पनि साहस र आत्मबलका साथ अध्ययनलाई निरन्तरता दिइरहे ।

डाक्टर बन्ने सपना बोकेका रुइतले वि. सं. २०२९ मा एमबिबिएस पढ्न भारतको लखनउस्थित किङ्ग जर्जेज मेडिकल कलेजमा छात्रवृत्ति पाए । त्यहाँबाट एमबिबिएस पास गरेपछि उनको डाक्टर बन्ने सपना पूरा भयो । उनी नेपाल फर्केर वीर अस्पतालमा मेडिकल अफिसरका रूपमा तीन वर्ष काम गरे । यसै समयमा उनको सङ्गत रामप्रसाद पोखेल र नवीनचन्द्र राई जस्ता आँखाका डाक्टरसँग भयो । उनीहरूकै मातहतमा बसेर काम गर्ने सिलसिलामा नेपालगञ्जमा भएको आँखा शिविरमा डाक्टर राईसँगै रुइत पनि गए । आँखा शिविरमा उपचार गर्ने क्रममा उनले एकै परिवारका पाँचछ जना बच्चा आँखा देख्न नसक्ने भएर शिविरमा उपचारका लागि आएको पनि देखे । आँखाका

*क्षयरोग : फोक्सोमा विशेष किसिमका कीटाणुले प्रवेश गर्नाले घाउ भई बिस्तारै रोगी गल्दै जाने प्रसिद्ध रोग, टी.बी., सुकेनाश*

*प्रवेशिका : उच्च शिक्षा प्रवेश गर्नुभन्दा पहिले लिइने उच्च माध्यमिक तहको परीक्षा, एस.एल.सी., म्याट्रिक*

*शिविर : कुनै काम सम्पन्न गर्नका लागि अस्थायी रूपमा पाल टाँगेर बनाइएको बस्ने ठाउँ*

बिरामीको यो भयावह अवस्था देखेर उनी दुःखी भए । उनको ध्यान आँखा रोगीतर्फ आकृष्ट भयो । त्यही समयमा केही घण्टाको अपरेसनपछि आँखा रोगीले संसार देख्न पाए । बालबालिकामा एकसाथ फर्किएको आँखाको ज्योति अनि त्यसले उनीहरूका अभिभावकलाई दिएको खुसी उनले नजिकबाट हेर्ने मौका पाए । मानिसलाई खुसी पार्ने र छोटो समयमै उनीहरूको मुहारमा उज्यालो छर्ने कुनै बाटो छ भने त्यो आँखाको उपचार नै हो भन्ने उनलाई लाग्यो । त्यही दिन डाक्टर सन्दुकले आँखाको उपचारमा लाग्ने अठोट गरे । एकै घरका पाँचछ जना बालबालिकाले संसार देखेको खुसीको त्यो क्षणले रुइतको जीवनमा नयाँ मोड ल्याइदियो ।

रुइत 'मेडिकल अफिसर' त छँदै थिए तर उनी आँखाको उपचारसम्बन्धी विशेष ज्ञान हासिल गर्न चाहन्थे । त्यसै वेला उनले अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्स कलेजमा छात्रवृत्ति पाए र एम. डी. पढ्न थाले । तीन वर्ष पढेपछि उनी वि. सं. २०४१ मा नेपाल फर्किए र त्रिपुरेश्वरमा आँखा अस्पतालमा जागिरे भए । उनले त्यस अस्पतालमा आठ वर्षसम्म काम गरे । यसै समयमा विश्व स्वास्थ्य सङ्गठनका तर्फबाट अस्ट्रेलियाली नेत्र चिकित्सक फ्रेड हलोज परामर्शदाताको रूपमा छनोट भई नेपाल आएका थिए । उनी नेपाल आउँदा रुइत आँखा रोगीको उपचारमा व्यस्त थिए । त्यसै वेला रुइतको परिश्रमी स्वभाव देखेर उनी निकै प्रभावित भए । डा. फ्रेड हलोजले रुइतलाई वि. सं. २०४३ मा आँखा उपचारमा थप विशेषज्ञता हासिल गर्न अस्ट्रेलिया आमन्त्रण गरे । यस्तो स्वर्णिम अवसरलाई उपयोग गर्दै उनी अस्ट्रेलिया पुगे । अस्ट्रेलिया रहँदा उनले आँखाको शल्यक्रियाका क्षेत्रमा विशेष दक्षता हासिल गरे । नेपालमा पनि आँखा उपचारलाई सहज र सर्वसुलभ बनाउन सहयोग जुटाउने उद्देश्यले नेपाल आँखा कार्यक्रम, अस्ट्रेलियाको स्थापना गरेपछि यो संस्था फ्रेड हलोज फाउन्डेसनका रूपमा रूपान्तरण भयो । उनको विशिष्ट प्रतिभा देखेर अस्ट्रेलियन सरकारले उनलाई त्यहीँ बस्ने प्रस्ताव गऱ्यो । उनी आफ्नै देशमा केही गर्नुपर्छ भन्ने सोचेर स्वदेश फर्किए र पुनः त्रिपुरेश्वर आँखा अस्पतालमा रहेर काम गर्न थाले ।

सन्दुक रुइतले वि. सं. २०४३ मा नन्दा श्रेष्ठसँग अन्तरजातीय विवाह गरे । उनका एक छोरा र दुई छोरी गरी तीन सन्तान छन् । वैवाहिक जीवनपछि उनले गाउँ गाउँमा डुलेर आँखाको उपचारलाई तीव्रता दिए । सुरुमा आँखाको डाक्टर भइसकेपछि दृष्टिविहीन हुनाको मुख्य कारण मोतीबिन्दु भएकाले यसको शल्यक्रियामा उनी सक्रिय भए । शल्यक्रिया गर्ने पद्धति पुरानै थियो । जुन प्रविधिबाट मोतीबिन्दुको उपचार गरिन्थ्यो त्यसबाट बिरामीलाई पीडाबोध मात्र नभई रोग बल्झिने समस्या पनि हुन्थ्यो । आँखामा लेन्स राख्ने पद्धति निकै महँगो थियो । बिरामीले उपचार र शल्यक्रियापछि पनि बाक्लो सिसा

भएको चस्मा लगाउनुपर्थ्यो । रुइत एउटा सरल र सस्तो पद्धतिबाट आँखा रोगीको उपचार गर्न चाहन्थे । त्यसैले समूह बनाएर ठाउँ ठाउँमा पुगेर आँखा उपचारमा सहभागी हुँदै शल्यक्रिया र अनुसन्धान गर्दै जाँदा उनले नयाँ प्रविधिको आविष्कार गरे । उनले आविष्कार गरेको प्रविधि सबैभन्दा सस्तो र भरपर्दो सावित भयो । यही प्रविधि अन्तर्राष्ट्रिय जगत्मा नेपाली प्रविधि अर्थात् रुइतेक्टोमीको रूपमा विश्वभरि चर्चित छ ।

रुइतले पहिलेदेखि नै नेपालमा एउटा सुविधा सम्पन्न आँखा उपचार केन्द्रको सपना देखेका थिए । उनको सपनालाई साकार पार्न अस्ट्रेलियास्थित फ्रेड हलोज फाउन्डेसन, नेपालका वरिष्ठ समाजसेवी, कलाकार, उद्यमी तथा साहित्यकार लगायतले साथ दिए । सबैको सामूहिक प्रयासबाट वि. सं. २०५१ मा तिलगङ्गा आँखा केन्द्रको स्थापना भयो जुन केन्द्र अहिले उत्कृष्ट अन्तर्राष्ट्रिय आँखा उपचार तथा मानव संसाधन तालिम केन्द्र बनेको छ । उनले नेपालमा रहँदा मात्र होइन अस्ट्रेलियामा हुँदासमेत आँखाको रोगसम्बन्धी विभिन्न खोज तथा अनुसन्धान गरे । उनले लामो समयको खोज र अनुसन्धानपछि आधुनिक मोतिबिन्दुको प्रभावकारी सरलीकरण र न्यून मूल्यको विश्व स्तरीय 'इन्ट्राओकुलर लेन्स' बनाए । उनले पत्ता लगाएको नयाँ, सुलभ पद्धतिअनुसार शल्यक्रियामा 'इन्ट्राओ कुलर लेन्स' बिरामीको आँखामा लगाइन्छ र बिरामी आफ्नै आँखाबाट संसार देख्छन् । यो विश्वस्तरीय लेन्स नेपालमा न्यून मूल्यमा उत्पादन भएपछि आधुनिक मोतिबिन्दुको शल्यक्रियाको दायरा एवम् उपचार पद्धति विश्वभरका करोडौँ सीमान्तकृत व्यक्तिको पहुँचमा पुग्न सफल भयो ।

सन्दुक रुइतले आफ्नो उपचार पद्धतिबाट लाखौँ मानिसको सफल शल्यक्रिया गरिसकेका छन् । यसबाट दृष्टि प्राप्त गर्ने विश्वभरका मानिसले उनलाई 'दृष्टिका देवता' मानेका छन् । नेपालको नवीन प्रविधि 'रुइतेक्टोमी' का रूपमा यो उपचार पद्धति एसिया, दक्षिण अमेरिका, अफ्रिकालगायत विभिन्न देशमा प्रयोगमा छ । यो प्रविधि संसारभर गुणस्तरीय र प्रशंसनीय बन्दै गइरहेको छ । उनले मोतीबिन्दुको शल्यक्रिया भिडियो मार्फत र सम्भव भएसम्म आफैँ उपस्थित भएर संसारभरिका डाक्टरलाई सिकाउँदै आएका छन् । उत्तर कोरियामा उनले गरेको काम नेसनल जियोग्राफिकले एउटा वृत्तचित्रका रूपमा प्रसारण गरेको थियो । उनले पुऱ्याएको योगदानस्वरूप तिलगङ्गा आँखा उपचार केन्द्र अहिले तिलगङ्गा आँखा प्रतिष्ठानका रूपमा स्थापित छ । यसमार्फत उनले पुऱ्याएको

इन्ट्राओकुलर लेन्स : मोतीबिन्दुका कारण काम नलाग्ने भएको प्राकृत लेन्सको ठाउँमा प्रत्यारोपण गरिने कृत्रिम लेन्स

मानवीय सेवाको उच्च मूल्याङ्कन गर्दै विश्वका प्रसिद्ध समाचार माध्यमले यसको प्रचार प्रसार गरेका छन् ।

मोतीबिन्दु, दृष्टिदोष, मधुमेह, बालदृष्टिविहीनता, जलबिन्दु, उच्च रक्तचाप र चोटपटकका कारण आँखाको दृष्टिशक्ति हराउँछ र मानिसमा दृष्टिविहीनता देखापर्छ । आँखाको दृष्टिशक्तिलाई बचाइराख्न खानपान र आहारविहारमा एवम् जीवनशैलीमा ध्यान दिनुपर्छ । हरियो सागसब्जी, फलफूल, गेडागुडी, दुध आदि खाद्यपदार्थले आँखालाई फाइदा गर्छन् । चुरोट र रक्सीले हाम्रो आँखालाई हानि पुऱ्याउँछ । नयाँ प्रविधिको अत्यधिक प्रयोगबाट आँखामा सुख्खापन र मानसिक दबाब पर्न सक्छ । तिलगङ्गा आँखा प्रतिष्ठान विश्व स्वास्थ्य सङ्गठनको सहयोगी केन्द्रका रूपमा स्थापित छ । उनले यसलाई भविष्यमा आँखाको विश्वविद्यालयका रूपमा रूपान्तरण गर्ने सपना बुनेका छन् । उनको नेतृत्वमा रहेको तिलगङ्गाको समूहले नेपालका अन्य अस्पताल तथा देश विदेशमा समेत घुम्ती शिविर सञ्चालन गरेर पनि सेवा दिइरहेको छ । हाल नेपालले गर्वका साथ आँखाको लेन्स र आँखाको नानीमा आत्मनिर्भर भई विश्वभर नेपालको प्रतिष्ठा बढाइरहेको छ । आगामी दिनमा उनी अन्य देशमा पनि तिलगङ्गा जस्तै आँखा अस्पताल र अनुसन्धान शाखा खोल्ने योजनामा छन् ।

तिलगङ्गा आँखा अस्पतालको स्थापना हुनुभन्दा पहिले नेपालमा कुल जनसङ्ख्याको करिब ०.८ प्रतिशत मानिसमा दृष्टिविहीनताको समस्या थियो भने अहिले ०.३५ प्रतिशतमा झरेको छ । तिलगङ्गा आँखा प्रतिष्ठान र अन्य अन्धोपन निवारण कार्यमा लागेका संस्थाको संयुक्त प्रयासले नेपालले आँखा उपचारको पहुँच ठाउँ ठाउँमा पुऱ्याएको छ भने आँखा स्वस्थ राख्न जनचेतना फैलाउने काम पनि गरेको छ । जति वेला रुइत र उनको टोलीले नयाँ प्रविधिको आविष्कार गरेर उपचार थालेको थियो त्यति वेला कतिपयले यिनीहरूको माथा सट्केछ पनि भने । उनका नजिकका साथीले पनि निकै आलोचना गरे तर पनि स्वदेशी तथा विदेशी डाक्टरको सिर्जनशील दिमाग र हातका कारण रुइत सफल हुँदै गए । यस कार्यमा रुइतकी पत्नी नन्दा रुइतको पनि उत्तिकै योगदान छ । यी सबैको साथ र सहयोग पाएर नै रुइत विश्वका चर्चित र सफल डाक्टर बनेका हुन् ।

नेपालको एउटा दुर्गम ठाउँमा जन्मिएका रुइत अहिले विश्वभर चर्चाको शिखरमा छन् । उनको जीवनीमा आधारित भएर धेरै वृत्तचित्र बनेका छन् । वि. सं. २०६८ मा इटालियन निर्देशक स्टिफानो लेभीले 'आउट अफ डार्कनेस' नामक वृत्तचित्र रुइतको जीवनीका आधारमा बनाएका थिए । उनको सम्मानमा न्युयोर्क टाइम्सले "पाँच मिनेटमै आँखा

नदेख्नेलाई आँखा देखाउने डाक्टर" भनेर लेखेको थियो । उनलाई अस्ट्रेलियन सरकारले 'अर्डर अफ अस्ट्रेलिया' कदरले सम्मान गरेको छ भने उनले वि. सं. २०६३ मा एसियाको नोबेल पुरस्कार भनिने विश्व प्रसिद्ध रोमन म्यागासेसे पुरस्कार पाएका छन् । अहिले उनको नेतृत्वमा तिलगङ्गा आँखा प्रतिष्ठानले बनाएका लाखौँलाख लेन्स विदेशमा निर्यात भइरहेका छन् । नेपाल सरकारले पनि उनको योगदानको उच्च मूल्याङ्कन गर्दै वि. सं. २०६९ मा उज्ज्वल कीर्तिमय 'राष्ट्रदीप' पदकले विभूषित गरेको छ । आँखाको ज्योति गुमाएका संसारभरका मानव जातिका लागि अत्यन्त सस्तो र सुलभरूपमा सेवा पुऱ्याउने प्रविधिका जनक महान् व्यक्तित्व सन्दुक रुइतको जीवनी पुस्तक अङ्ग्रेजी भाषामा पनि प्रकाशित भइसकेको छ । यसलाई अस्ट्रेलियन प्रकाशन गृह 'एलेन एन्ड अनविन' ले प्रकाशन गरेको थियो ।

यस्ता महान् व्यक्तित्व सन्दुक रुइतले उच्च सम्मानस्वरूप सन् २०२३ मा १० लाख अमेरिकी डलर अर्थात् १३ करोड नेपाली रुपियाँ बराबरको विश्वकै प्रतिष्ठित अन्तर्राष्ट्रिय स्तरको इसा अवार्ड प्राप्त गरेका छन् । उनलाई अन्धोपन न्यूनीकरण गरी मानव कल्याणमा गरेको योगदानस्वरूप यो पुरस्कार प्रदान गरिएको हो ।

सादा जीवन, उच्च विचार र मानव सेवामा समर्पित भएका कारण रुइत आफ्ना सपना पूरा गर्न सफल भएका हुन् । सफल  र लोकप्रिय बन्न विदेशै जानुपर्छ भन्ने सोचलाई रुइतले गलत सावित गरिदिएका छन् । नेपालमै बसेर संसारभरिका मानिसको सेवा गर्न र जीवनलाई सार्थक बनाउन सकिन्छ भन्ने कुराका लागि  रुइतको जीवनी अनुपम दृष्टान्त हो । धैर्य, साहस, दृढ इच्छाशक्ति र सङ्घर्षबाट मानिस आफ्नो लक्ष्यमा पुग्न सक्छ भन्ने कुराको प्रेरणा उनको जीवनीबाट पाउन सकिन्छ ।

दृढ : अचल, अडिग, बलियो, दरो

## शब्दभण्डार

१. **दिइएका शब्द र तिनका अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
| --- | --- |
| विख्यात | शिर |
| शोकाकुल | कठिन |
| मातहत | सहज उपलब्ध |
| मोतीबिन्दु | अधीन |
| सर्वसुलभ | विशिष्टता |
| माथा | शोकको पीडाले छटपटाएको |
| | आँखाको नानीमा जालो पर्ने एक रोग |
| | प्रसिद्ध |

२. **दिइएका पद पदावलीको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् :**

घराना, घुँक्कघुँक्क गर्नु, जनरल फिजिसियन, दृष्टिविहीनता, शिविर

३. **दिइएको अनुच्छेदबाट प्राविधिक शब्द पहिचान गरी अनुच्छेदमा प्रयोग गरिएको भन्दा अलग वाक्य निर्माण गर्नुहोस् :**

सन्दुक रुइतले आफ्नो उपचार पद्धतिबाट लाखौँ मानिसको सफल शल्यक्रिया गरिसकेका छन् । यसबाट दृष्टि प्राप्त गर्ने विश्वभरका मानिसले उनलाई 'दृष्टिका देवता' मानेका छन् । नेपालको नवीन प्रविधि 'रुइतेक्टोमी' का रूपमा यो उपचार पद्धति एशिया, दक्षिण अमेरिका, अफ्रिका लगायत विभिन्न देशमा प्रयोगमा छ । यो प्रविधि संसारभर गुणस्तरीय र प्रशंसनीय बन्दै गइरहेको छ । उनले मोतीबिन्दुको शल्यक्रिया भिडियोमार्फत र सम्भव भएसम्म आफैँ उपस्थित भएर संसारभरिका डाक्टरलाई सिकाउँदै आएका छन् । उत्तर कोरियामा उनले गरेको काम नेसनल जियोग्राफिकले एउटा वृत्तचित्रका रूपमा प्रसारण गरेको थियो । उनले पुऱ्याएको यो गदानस्वरूप तिलगङ्गा आँखा उपचार केन्द्र अहिले तिलगङ्गा आँखा प्रतिष्ठानका रूपमा स्थापित छ । यसमार्फत उनले पुऱ्याएको मानवीय सेवाको उच्च मूल्याङ्कन गर्दै विश्वका प्रसिद्ध समाचार माध्यमले यसको प्रचारप्रसार गरेका छन् ।

## बोध र अभिव्यक्ति

१. **दिइएका शब्दलाई शुद्ध उच्चारण गर्नुहोस् :**

भूपरिवेष्टित, शृङ्खला, हृदय, सङ्कीर्ण, रुइतेक्टोमी, इन्ट्राओकुर लेन्स

२. **'सन्दुक रुइत' जीवनी पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

३. **'सन्दुक रुइत' जीवनी पढी त्यसको संरचनाबारे सोधिएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) 'सन्दुक रुइत' जीवनी कति अनुच्छेदमा संरचित छ ?

(ख) इन्ट्राओकुलर लेन्सको प्रसङ्ग कुन अनुच्छेदमा छ ?

(ग) रुइतेक्टोमीको विकासबारे कुन अनुच्छेदमा वर्णन गरिएको छ ?

(घ) जीवनीको तेस्रो अनुच्छेदको सार के हो ?

४. **दिइएको अनुच्छेद मौनपठन गर्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

डाक्टर बन्ने सपना बोकेका रुइतले वि. सं. २०२९ मा एमबिबिएस पढ्न भारतको लखनउस्थित किङ्ग जर्जेज मेडिकल कलेजमा छात्रवृत्ति पाए । त्यहाँबाट एमबिबिएस पास गरेपछि उनको डाक्टर बन्ने सपना पूरा भयो । उनी नेपाल फर्केर वीर अस्पतालमा मेडिकल अफिसरका रूपमा तीन वर्ष काम गरे । यसै समयमा उनको सङ्गत रामप्रसाद पोखेल र नवीनचन्द्र राई जस्ता आँखाका डाक्टरसँग भयो । उनीहरूकै मातहतमा बसेर काम गर्ने सिलसिलामा नेपालगञ्जमा भएको आँखा शिविरमा डाक्टर राईसँगै रुइत पनि गए । आँखा शिविरमा उपचार गर्ने क्रममा उनले एकै परिवारका पाँचछ जना बच्चा आँखा देख्न नसक्ने भएर शिविरमा उपचारका लागि आएको पनि देखे । आँखाका बिरामीको यो भयावह अवस्था देखेर उनी दुःखी भए । उनको ध्यान आँखा रोगीतर्फ आकृष्ट भयो । त्यही समयमा केही घण्टाको अपरेसनपछि आँखा रोगीले संसार देख्न पाए । बालबालिकामा एकसाथ फर्किएको आँखाको ज्योति अनि त्यसले उनीहरूका अभिभावकलाई दिएको खुसी उनले नजिकबाट हेर्ने मौका पाए । मानिसलाई खुसी पार्ने र छोटो समयमै उनीहरूको मुहारमा उज्यालो छर्ने कुनै बाटो छ भने त्यो आँखाको उपचार नै हो भन्ने उनलाई लाग्यो । त्यही दिन डाक्टर सन्दुकले आँखाको उपचारमा लाग्ने अठोट गरे । एकै घरका पाँचछ जना बालबालिकाले संसार देखेको खुसीको त्यो क्षणले रुइतको जीवनमा नयाँ मोड ल्याइदियो ।

प्रश्न

(क) रुइतले वीर अस्पतालमा कति वर्ष काम गरे ?

(ख) उनको ध्यान आँखाका बिरामीतिर जानुको कारण के थियो ?

(ग) उनले बालबालिकाको आँखाको ज्योति फर्किएपछि कस्तो अनुभव गरे ?

(घ) उनको जीवनमा नयाँ मोड कसरी सिर्जना भयो ?

**५. दिइएका घटनाको क्रम मिलाएर लेख्नुहोस् :**

- अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्स कलेजबाट एम. डी गर्न छात्रवृत्ति पाउनु
- काठमाडौँ आएर विद्यालयमा भर्ना हुनु
- रोमन म्यागासेसे पुरस्कार पाउनु
- एमबिबिएस पढ्न भारतको लखनउ जानु
- प्रवेशिका परीक्षा उत्तीर्ण हुनु
- ओलाङचुङगोलाबाट १५ दिन लगाएर दार्जिलिङ पुग्नु

**६. व्याख्या गर्नुहोस् :**

(क) मानिसलाई खुसी पार्ने र छोटो समयमै उनीहरूको मुहारमा उज्यालो छर्ने कुनै बाटो छ भने त्यो आँखाको उपचार नै हो ।

(ख) धैर्य, साहस, दृढ इच्छाशक्ति र सङ्घर्षबाट मानिस आफ्नो लक्ष्यमा पुग्न सक्छ ।

**७. छोटो उत्तर दिनुहोस् :**

(क) रुइतको बाल्यकाल कसरी बित्यो, लेख्नुहोस् ।

(ख) रुइतेक्टोमीबाट आँखाको उपचार कसरी गरिन्छ ?

(ग) सन्दुक रुइतको जीवनीबाट के प्रेरणा पाउन सकिन्छ ?

**८. सन्दुक रुइतले आाखाको उपचारमा पुऱ्याएका योगदानको चर्चा गर्नुहोस् ।**

९. **'सन्दुक अध्ययनशील....निरन्तरता दिइरहे ।' अनुच्छेदबाट चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् ।**

१०. **'सन्दुक रुइत' जीवनीको सार पक्ष के हो, लेख्नुहोस् ।**

११. **सन्दुक रुइतले अन्तर्राष्ट्रिय स्तरको छवि बनाएर आफ्नो जन्मभूमिको उचाइका लागि गरेका कार्यबाट तपाईँमा के कस्ता भाव उत्पन्न भए, लेख्नुहोस् ।**

१२. **तल दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

चलचित्र कला प्रदर्शनीको महत्त्वपूर्ण माध्यम हो । विश्वभरका मानिस यसका दर्शक हुन सक्छन् । त्यसैले धेरैभन्दा धेरै मानिसका बिचमा आफ्ना अनुभव, भावना र विचारको सम्प्रेषण गर्न चलचित्र ज्यादै उपयोगी हुन्छ । शिक्षण सिकाइ क्रियाकलापदेखि लिएर विश्वभरिका अनेक संस्कृतिको आदानप्रदानमा यसबाट फाइदा लिन सकिन्छ । भाषा, संस्कृति र परम्पराको संरक्षण तथा संवर्धनका लागि चलचित्र सबैभन्दा उपयुक्त र सजिलो माध्यम हुन सक्छ । त्यसरी नै संसारका ठुला उद्योगमा चलचित्र उद्योगको पनि गणना हुन्छ । चलचित्र रोजगारीको राम्रो अवसर भएको उद्योग हो । एउटै चलचित्रमा पटकथा लेखक, सम्पादक, कलाकार, प्राविधिक, हल सञ्चालक, मजदुरसमेत गरी सयौँले रोजगार पाउँछन् । चलचित्रमार्फत देशका प्रकृति, संस्कृति, सम्पदा, इतिहास, गौरव आदिको प्रचार प्रसार भई पर्यटक बढ्छन् र यसले रोजगारका अरू अवसर पनि सिर्जना गर्छ । पर्यटकको आगमनसँगै विदेशी मुद्रा आर्जन हुन गई देशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्छ । चलचित्रको विकाससँगै मुलुकका प्रतिभाको पनि विकास हुन्छ । देशका सम्पदाको प्रवर्धनमा सहयोग पुग्छ । चलचित्रबाट प्राप्त हुने शिक्षा, मनोरञ्जन र अभिप्रेरणाले मुलुकको चौतर्फी विकास हुन्छ । यो प्रविधि हो, ज्ञानको भण्डार हो र कुनै पनि राष्ट्र, जाति र भाषाको गौरव पनि हो । समाजशास्त्री, भाषाशास्त्री, मानवशास्त्री, इतिहासकार, साहित्यकार, राजनीतिज्ञ वा अनेक विषयका वैज्ञानिकका लागि चलचित्रले ठुलो सहयोग पुऱ्याउँछ ।

(क) प्रश्नहरू

(अ) चलचित्रका दर्शक को हुन सक्छन् ?

(आ) चलचित्रलाई उद्योग मान्नुको कारण के हो ?

(इ) चलचित्रले के कस्ता विज्ञलाई सहयोग गर्छ ?

(ई) चलचित्रले देशको अर्थतन्त्रमा पार्ने कुनै दुई सकारात्मक प्रभाव लेख्नुहोस् ।

(ख) भाषिक संरचना र वर्णविन्यास पहिचान गर्नुहोस् :

(अ) 'यसले रोजगारका अरू अवसर सिर्जना गर्छ' वाक्यलाई वाच्यमा परिवर्तन गर्नुहोस् ।

(आ) अनुच्छेदबाट एउटा कर्तृवाच्य पहिचान गरी त्यसलाई कर्मवाच्यमा परिवर्तन गर्नुहोस् ।

(इ) 'यो प्र विधि हो, ज्ञानको भण्डा र हो रकुनै पनिराष्ट्र, जाति र भाषा कोगौ रव पनि हो' यस वाक्यलाई पदयोग र पदवियोग मिलाई लेख्नुहोस् ।

**१३. दिइएको सन्दर्भ पढ्नुहोस् र तोकिएको कार्य गर्नुहोस् :**

गाउँमा हरिमायाका आमाबुबा भाइरल ज्वरोले थला पर्नुभयो । हरिमाया आमाबुबाकी एक्ली छोरी थिइन् । आमाबुबा बिरामी परेकाले हरिमाया रोइरहेकी थिइन् । त्यत्तिकैमा पल्लो गाउँ घर भएका चिकित्सा शिक्षा अध्ययन गर्दै गरेका हिमलाल थापा त्यही बाटो भएर अस्पताल जाँदै थिए । डाक्टर हिमलाल हरिमायाको घरमा पसे । उनले आमाबुबालाई जाँचे । उनले झोला खोले र औषधी निकालेर खान दिए । हरिमायालाई औषधी खुवाउने तरिका बताए । तातोपानी खुवाउने र झोलिलो खानेकुरा खुवाउन भनी सिकाए । हरिमायाले ती डाक्टरले आफ्ना घरमा पसेर निस्वार्थ सेवा गरेको देखेर आफू पनि भविष्यमा डाक्टरै बन्ने अठोट गरिन् ।

माथिको अनुच्छेदमा डाक्टरले गरेको उपचारबाट हरिमाया प्रभावित भए जस्तै तपाईं पनि कसको के कार्यबाट प्रभावित हुनुभएको छ, त्यो सिकाइबाट तपाईं आफ्नो जीवनमा के गर्नुहुन्छ ? कक्षामा सुनाउनुहोस् ।

## *सुनाइ र बोलाइ*

**१. सुनाइ पाठ १७ सुन्नुहोस् र दिइएका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) मनाङ जिल्लामा प्रवेश गरेपछिको पहिलो गाउँ कुन हो ?

(ख) चामेमा रहेको कुण्डको नाम के हो ?

(ग) तिलिचो ताल कति उचाइमा रहेको छ ?

(घ) मनाङ जिल्लाका प्रसिद्ध तीनओटा हिमाल कुन कुन हुन् ?

२. **मनाङ जिल्लालाई किन हिमालपारिको जिल्ला भनिएको होला ?**

## *भाषिक संरचना र वर्णविन्यास*

१. **तलको अनुच्छेदलाई कर्तृवाच्यमा परिवर्तन गर्नुहोस् :**

पढ्ने वेला पढियो । खेल्ने वेला खेलियो । अरूलाई घोचपेच गरिएन । कसैलाई दुर्वचन बोलिएन । कसैको कुभलो चिताइएन । कहिलै अल्छी गरिएन । सधैँ जोसिलो भइयो । सधैँ जाँगर चलाइयो । त्यसैले जीवनमा असफलता भोगिएन । गरेका काममा धेरै सफलता पाइयो । केही केही काममा असफल पनि भइयो । सफलता र असफलता एउटै सिक्काका दुई पाटा हुन् भनिन्छ ।

२. **कोष्ठकमा दिएको सङ्केतका आधारमा वाच्य परिवर्तन गर्नुहोस् :**

(क) एलिनाले उपन्यास लेखिन् । (कर्मवाच्य)

(ख) अशोक विज्ञान पढ्दै छन् । (कर्मवाच्य)

(ग) इमानले हामीलाई हँसाए । (भाववाच्य)

(घ) निर्मला राम्ररी नाचिन् । (भाववाच्य)

(ङ) अब्दुलद्वारा धेरै पढियो । (कर्तृवाच्य)

(च) सङ्गीताद्वारा गीत गाइयो । (कर्तृवाच्य)

३. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

रामसिंह राजवंशी झापामा बस्नुहुन्छ । उहाँ सामुदायिक विद्यालयमा पढाउनुहुन्छ । त्यस विद्यालयमा पहिले ५०० छात्रछात्रा पढ्थे । अहिले बढेर १००० पुगे । उहाँका छोरा त्यही विद्यालयमा अध्ययन गर्छन् । उहाँकी छोरी पनि त्यही अध्ययन गर्छिन् । रामसिंहकी श्रीमती अन्जना राजवंशी अस्पतालमा नर्स हुनुहुन्छ । अन्जना बिरामीको उपचारमा खुब ध्यान दिनुहुन्छ । रामसिंह र अन्जनालाई त्यहाँको समाजले असाध्यै जाती मान्छ ।

(क) यस अनुच्छेदमा प्रयोग भएका कर्तृवाच्यका क्रियापद कापीमा टिप्नुहोस् ।

(ख) अनुच्छेदबाट टिपेका क्रियापदलाई कर्मवाच्य वा भाववाच्यमा बदल्नुहोस् ।

**४. तलको अनुच्छेदमा भएका वर्णविन्यासगत त्रुटि सच्याई पुनर्लेखन गर्नुहोस् :**

अत्यन्त नीर्बीकार शहज मन लियर बाबूषाहेब मन्त्रीज्युको जलपान समा रोह स्थलमा पुग्नेबित्तीकै साराका आँखा उनको कोटमा टाँस्सिए । बिष्फारीत नेत्रले सवै उनीलाई हेरी रहे । अनि पछि एउटा दबेको मुस्क्याइ सबैको ओठमा फक्रे पनि को हि बोलेनन् ? बाबुसाहेबले पनि यस कुरोको लक्ष्य गरे तर आज उनले छोभ, कोरध इत्यादि जस्ता कुराको कत्ती अनूभूति लिएनन् । आज उनि कुनै यश्तो माथिल्लो मानसिक इस्तरमा गएका थिए ।

## *सिर्जना र परियोजना कार्य*

**१. दिइएका बुँदाका आधारमा जीवनी तयार पार्नुहोस् :**

नाम : सर्वजित विश्वकर्मा

जन्म : १९५० साल चैत्र १२ गते, गैरीगाउँ ठाडास्वाँरा बाग्लुङ, हाल बाग्लुङ नगर पालिका ७

मातापिता : लालुमाया र गोथे सुनार

### शिक्षा र योगदान

सानै उमेरदेखि शिक्षा र वैदिक शास्त्रको ज्ञान हासिल गर्ने कुरामा जिज्ञासु स्वभावका

पढाइदिन अनुरोध गर्दा एक जना पुरोहितले "पढ्न र धर्मशास्त्रका कुरा बुझ्न ब्राह्मणको छोरा भएर जन्मनुपर्छ" भनेका कुराले उनको पढ्ने र वैदिक शास्त्रको ज्ञान आर्जन गर्ने इच्छालाई अझ सुदृढ पार्नु

राणा शासनले शिक्षाको अवसरलाई खुम्च्याएको अवस्था र दलितले पढ्नहुँदैन भन्ने विकृत सामाजिक मान्यताले पढ्ने अवसर नपाउनु

२० वर्षको उमेरमा वि.सं. १९७० मा कसरी पढ्ने, कसरी ज्ञान आर्जन गर्ने भन्ने सोँचले भारतको बनारस प्रस्थान गर्नु

उनको पढाइप्रतिको तीव्र रुचि, लगनशीलता, अदम्य साहस, त्याग र जीवनका पीडा बुझेर मानव उपकारी महात्मा धर्मगुरुको सहारा पाएर शास्त्र अध्ययन गर्न सफल हुनु

पक्षपाती चलनको इखले भारत पसेका रगरगे (गाउँमा बोलाउने नाम) सुनार शिक्षा आर्जनपछि भारतमा नै भगत सर्वजित विश्वकर्माको नामले प्रख्यात हुनु

भारतीय स्वतन्त्रता सङ्ग्राममा सहभागी हुँदै मुक्तिसेनाका सिपाही भएर अग्रेजसँग लड्नु

सर्वजितको ध्यान मुक्ति आन्दोलनतिर खिचिनु

उनले माहात्मा गान्धी, सुभाषचन्द्र बोस र भगतसिंहबारे अध्ययन गर्नु

भारतीय जनता आफ्नो राष्ट्रिय स्वाधीनताका लागि जागेका देख्दा उनलाई आफ्नै देशभित्र दासत्व स्वीकार गरी जीवन बिताउन बाध्य आफ्नो जाति र समुदायको मुक्तिको चेतले घचघच्याउनु

वेद, उपनिषद, पुराण आदिको गहन अध्ययन गरेपछि मानिसमा विभेद सिर्जना शास्त्रले नभई मानिसले गरेको निष्कर्षमा पुग्नु

यही प्रमाण अगि सारेर दलित समाजलाई जगाउने दायित्व आफ्नो भएको कुरा मनन गर्नु

'जन्मना जायते शुद्र संस्कारात् द्विज उच्यते' अर्थात् कोही पनि जन्मदा शूद्र भएर जन्मने र आचार, संस्कार सुधार गरेपछि ऊ ब्राह्मण बन्न सक्ने शास्त्र प्रमाणलाई लिएर गाउँ गाउँमा सचेतना कार्यक्रम सञ्चालन गर्नु

राणा शासक जङ्गबहादुरले वि. सं. १९९२ मा मुलुकी ऐन पाँचौँ भागमा ठुलो जात र सानो जात तोकेर भिन्न भिन्न जातले पालना गर्नुपर्ने विभेदपूर्ण धर्मकर्म किटान गरेको बखतमा जातीय भेदभाव र छुवाछुत विरुद्ध आन्दोलनमा उत्रनु

१९९७ सालमा नै नेपालको पहिलो दलित सङ्गठन "विश्व सर्वजन सङ्घ" को स्थापना गर्नु र सोको संस्थापक हुनु

वि. सं. २००० सम्ममा बाग्लुङ वरपरका १३ गाउँका दलित समुदायलाई भेला गरी जातीय हकबारे दीक्षित गर्नु

'मानिसबिच भेदभाव र छुवाछुत प्रथा बनाएका धूर्त पाखण्डीले हो, धर्मशास्त्रमा कतै नभएको विभेदकारी प्रथाको विरुद्ध डटेर लड्ने जनमत तयार गर्न सफल हुनु

सर्वजन सङ्घमार्फत बाबियोको ठुलो र लामो डोरीमा नाङ्ला, मान्द्रा, थर्की, चकटी आदि झुन्ड्याई त्यसमा हामी साना जात होइन, विश्व निर्माण गर्ने विश्वकर्मा हौँ भन्ने नारा लेखेर सार्वजनिक स्थलमा राख्ने अभियान सञ्चालन गर्नु

सर्वजितले नयाँ राजनीतिक रूपमा आरनको टुडो भाँच्ने आन्दोलन घोषणा र माग पूरा नभएसम्म हड्ताल सुरु गर्नु

सर्वजितले विभिन्न आरोपमा १७ महिनाभन्दा बढी जेल जीवन बिताउनु

"शास्त्रीय प्रमाणअनुसार कहीँ कतै जातीय विभेद र छुवाछुतलाई स्थान नदिएकाले विभेद गर्न नपाइने जिकिर गर्दै सर्वजितद्वारा शास्त्रार्थका लागि चुनौती प्रस्तुत गर्नु र सरकारले बनारसबाट पनि विद्वान झिकाई शास्त्रार्थ गरेको तर सर्वजितको तर्क बलियो सावित हुनु

मुद्दा जिते पनि समाजमा छुवाछुत नहटेकाले राजालाई भेटेर "समान हकको लालमोहर" लगाउन १३ दिन पैदल हिँडेर प्रतिनिधिमण्डल काठमाडौँ पुगी श्री ३ सरकारलाई ७ हात लामो बिन्तीपत्र चढाउनु

प्रधानमन्त्री मोहनशमशेरले सर्वजितको प्रतिनिधिमण्डललाई विश्वकर्माले जनै लाउन पाउने, आइन्दा उनीहरूलाई खड्का क्षेत्री भनिने "हुकुम" सुनाउनु र गोलझारा रकम पनि तिर्न नपर्ने गरी लालमोहर लगाउनु

विभेद अन्त्य गर्न शिक्षाको प्रचार गर्नुपर्ने कुरा महसुस गरी गाउँको माझमा पर्ने हिलेपानी भन्ने ठाउँमा प्राथमिक पाठशाला स्थापना गर्नु

वि.स. २०१२ चैत्र महिनामा ६२ वर्षको उमेरमा भारतमा उनको देहावसान हुनु

सम्मान/पुरस्कार

उनले स्थापना गरेको विद्यालय हाल विश्वकर्मा माविका नामले सञ्चालन हुनु

बाग्लुङ र बुटवलमा सर्वजित स्मृति प्रतिष्ठान सञ्चालन गर्नु

नेपाल सरकारले उनको तस्बिर अङ्कित हुलाक टिकट मुद्रण गर्नु

नेपाल सरकार संस्कृति मन्त्रालयबाट सञ्चालन हुने गरी २०७२ देखि वार्षिक ३ लाखको भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कारको स्थापना हुनु

भगत सर्वजित शिल्प उत्थान तथा विकास कार्यक्रम बजेट वक्तव्यमा समावेश हुनु

२. **पत्रपत्रिकाबाट भाषा, साहित्य वा गीतसङ्गीतका क्षेत्रमा योगदान दिने व्यक्तिको जीवनीसम्बद्ध विषयवस्तु खोजी गरी कक्षामा सुनाउनुहोस् ।**